# हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य

तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१०को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध


शोधार्थी

उमादेवी गुरागाईं

दर्शनाचार्य तह, तेस्रो सत्र

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७७

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तह तेस्रो सत्रकी विद्यार्थी उमादेवी गुरागाईंले *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्न सिफारिस गर्दछु ।

मिति : २०७७/ ०५/२८

...................................

प्रा.डा. रमेशप्रसाद भट्टराई

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिकशास्त्र सङ्काय
# नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहकी छात्रा उमादेवी गुरागाईंले पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका लागि तयार पारेको *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
|---|---|
| १. **प्रा.डा. कृष्णप्रसाद घिमिरे** | .......................... |
| (विभागीय प्रमुख) | |
| २. **प्रा.डा. रमेशप्रसाद भट्टराईं** | .......................... |
| (शोधनिर्देशक) | |
| ३. **प्रा.डा. ताराकान्त पाण्डेय** | ......................... |
| (आन्तरिक परीक्षक) | |
| ४. **प्रा.डा. महादेव अवस्थी** | .......................... |
| (बाह्य परीक्षक) | |

मिति : २०७७

ख

# कृतज्ञताज्ञापन

*हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरु प्रा.डा. रमेशप्रसाद भट्टराईंको प्राज्ञिक सल्लाह तथा कुशल निर्देशनमा तयार पारेकी हुँ । यस शोधप्रबन्धको तयारीका क्रममा उचित मार्गनिर्देशन गर्नुहुने आदरणीय गुरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई यो शोधकार्य तयारी गर्दा परेका समस्या समाधान गर्न मार्गदर्शन गर्नुहुने विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद घिमिरे र आदरणीय गुरुहरू प्रा.डा महादेव अवस्थी, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल तथा प्रा. डा. ताराकान्त पाण्डेयप्रति म हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी दर्शनाचार्य अध्ययनका क्रममा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिएर सत्मार्गतर्फ प्रेरित गर्ने सम्पूर्ण गुरुहरूप्रति म सधैं ऋणी छु ।

मलाई शैक्षिक उन्नयनका लागि सधैं प्रेरित गर्ने भाइ बद्रीकुमार गुरागाईं र सामग्री सङ्कलन कार्यमा सहयोग पुऱ्याउने भदैनी मोनालिसा गुरागाईंप्रति म आभार प्रकट गर्दछु । मेरो अध्ययनकार्यका बारेमा जिज्ञासा राख्ने छोरा स्पन्दन सुवेदी र भदैनी मोनिका गुरागाईंका साथै अध्ययन कार्यमा सदा उत्प्रेरित गर्ने भानिजभाइ दिलीप सुवेदीप्रति म कृतज्ञ छु । मलाईं शोधप्रबन्ध तयारीका लागि बेलाबेला घचघच्याइरहने बुबा दलबहादुर र आमा हर्कमाया गुरागाई, सानाबा रुद्रबहादुर खड्का, भाइबुहारी राजकुमार र मीना गुरागाईंप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

दर्शनाचार्य अध्ययन गर्ने वातावरण सृजना गर्ने सुकुना बहुमुखी क्याम्पसप्रति म सदा ऋणी छु । यो कार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय र आर्थिक सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरप्रति पनि म कृतज्ञता ज्ञापन गर्दछु । दर्शनाचार्य अध्ययनका कममा विभिन्न समय र अवस्थामा सहयोग गर्ने मित्रहरू राधिका गुरागाईं, शुष्मा तिमिल्सना, अमृता भट्टराईं, चन्द्रकला अधिकारी र मेनका वाग्लेलाईं म विशेष धन्यवाद दिन्छु ।

अन्त्यमा यस शोधप्रबन्धलाई शुद्ध र छिटोछरितो गरी टङ्कन गर्न सहयोग गर्नुहुने ब्रिस राहुल सर र धर्मेन्द्र दुलाल भाइलाई म विशेष धन्यवाद दिन्छु ।

......................

उमादेवी गुरागाईं
दर्शनाचार्य तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रि.वि.कीर्तिपुर, काठमाडौं

शैक्षिक सत्र : २०७४/२०७५
कमाङ्क : १२

# विषयसूची


**पहिलो परिच्छेद : शोधपरिचय** **१**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य १०

१.६ शोधको सीमाङ्कन १०

१.७ शोधविधि ११

१.७.१ सामग्री सङ्कलन विधि ११

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा ११

१.८ शोधप्रबन्धको रूपरेखा १३

**दोस्रो परिच्छेद : हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान** **१५-७१**

२.१ विषयप्रवेश १४

२.२ लैङ्गिक प्रतिनिधित्व र पहिचानसम्बन्धी सैद्धान्तिक स्वरूप १४

२.३ *स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान १९

२.३.१ नारी पात्रको प्रतिनिधित्व र पहिचान २०

२.३.१.१ मुख्य नारी पात्रको प्रतिनिधित्व र पहिचान २०

२.३.१.२ सहायक नारी पात्रको प्रतिनिधित्व र पहिचान २५

२.३.२ पुरुष पात्रको प्रतिनिधित्व र पहिचान ३६

२.३.२.१ मुख्य पुरुष पात्रको प्रतिनिधित्व र पहिचान ३६

२.३.२.२ सहायक पुरुष पात्रको प्रतिनिधित्व र पहिचान ४१

२.४ *एक चिहान* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान ४८

२.४.१ नारी पात्रको प्रतिनिधित्व र पहिचान ४८

२.४.१.१ मुख्य नारी पात्रको प्रतिनिधित्व र पहिचान ४८

२.४.१.२ सहायक नारी पात्रको प्रतिनिधित्व र पहिचान ५२

२.४.२ पुरुष पात्रको प्रतिनिधित्व र पहिचान ५७

२.४.२.१ मुख्य पुरुष पात्रको प्रतिनिधित्व र पहिचान ५७

२.४.२.२ सहायक पुरुष पात्रको प्रतिनिधित्व र पहिचान ६२

२.५ निष्कर्ष ७०

**तेस्रो परिच्छेद : हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध** **७२-१०६**

३.१ विषयप्रवेश ७२

३.२ लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी सैद्धान्तिक स्वरूप ७२

३.३ *स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध चेतना ७४

३.३.१ पुरुषद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध ७४

३.३.२ नारीद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध ८९

३.३.३ नारीद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध ९४

३.४ *एक चिहान* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध ९६

३.५ निष्कर्ष १०६

**चौथो परिचछेद : हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध** **१०७-१३३**

४.१ विषयप्रवेश १०७

४.२ लैङ्गिक प्रभुत्व र शक्तिसम्बन्धी सैद्धान्तिक स्वरूप १०७

४.३ *स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ११०

४.३.१ नारी-पुरुषबीचको शक्तिसम्बन्ध १११

४.३.२ पुरुष-पुरुषबीचको शक्तिसम्बन्ध ११९

४.३.३ नारी-नारीबीचको शक्तिसम्बन्ध १२१

४.४ *एक चिहान* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध १२५

४.४.१ नारी-पुरुषबीचको शक्तिसम्बन्ध

४.४.२ पुरुष-पुरुषबीचको शक्तिसम्बन्ध १२९

४.५ निष्कर्ष १३२

**पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष १३४-१४१**

५.१ विषयप्रवेश १३४

५.२ सारांश १३४

५.३ निष्कर्ष १३५

**सन्दर्भसामग्री सूची १४२-१४६**

## पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधप्रबन्धको शीर्षक *हृदयचन्द्रसिंह प्रधानको उपन्यासमा लैङ्गिकता* रहेको छ । हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) ले नेपाली साहित्यका निबन्ध, कथा, कविता, उपन्यासजस्ता विभिन्न विधामा कलम चलाएका छन् । आधुनिक नेपाली उपन्यासको प्रगतिवादी तथा यथार्थवादी धाराबाट देखापरेका प्रधानका *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) गरी जम्मा दुईवटा उपन्यास प्रकाशित छन् । उनले आफ्ना उपन्यासका विषयवस्तुको स्रोत समाजलाई नै बनाएका छन् । *स्वास्नीमान्छे* उपन्यास नेपाली समाजमा नारीले भोग्नु परेको लैङ्गिक उत्पीडन एवम् त्यसको निराकरणका सन्दर्भमा केन्द्रित देखिन्छ भने *एक चिहान* उपन्यास लैङ्गिक तथा वर्गीय विभेदजस्ता विविध सामाजिक समस्यामा केन्द्रित देखिन्छ । नेपाली समाजमा प्रचलित सामाजिक एवम् सांस्कृतिक संरचनाले निर्माण गरेको सङ्कीर्णता व्यक्त यी उपन्यास प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाका दृष्टिले समेत महत्त्वपूर्ण देखिन्छन् । समाजमा विद्यमान् लैङ्गिक र आर्थिक असमानताका साथै त्यसले सृजना गरेको सांस्कृतिक प्रभुत्व र त्यसका विरुद्धमा सीमान्तीकृत समुदायमा पैदा भएको प्रतिरोध चेतनाको स्थितिलाई समेत यी उपन्यासमा उठान गरिएको पाइन्छ । ज्ञान र शक्तिको स्रोतमा आफ्नो हैकम लागु गर्न चाहने पितृसत्ता र सामाजिक, आर्थिक, राजनीतिक आदि विविध सन्दर्भबाट सीमान्त अवस्थामा पुऱ्याइएका समुदाय बीचको अन्तरालको प्रस्तुति नै दुवै उपन्यासको भावभूमि हो, जसले लैङ्गिकतालाई पनि समेटेको छ । तसर्थ, यी दुवै उपन्यासलाई लैङ्गिक अध्ययनका कोणबाट विश्लेषण गर्नु उपयुक्त ठानिएको छ ।

लैङ्गिक अध्ययन नारीवादी आन्दोलनको एउटा मुख्य विषयका रूपमा पश्चिमबाट सन् १९६० को दशकपछि आरम्भ भई विश्वभरि फैलिएको वैचारिक मान्यता हो (भट्टराई, २०६८, पृ. २६०) । लैङ्गिक अध्ययनअन्तर्गत लिङ्ग र लैङ्गिकता पर्दछन् । लिङ्ग र लैङ्गिकतालाई एकै अर्थमा प्रयोग गर्ने प्रचलन रहे पनि यिनीहरू भिन्नभिन्न अर्थमा प्रयोग हुने शब्द हुन् (आचार्य, २०७४, पृ. १) । यिनीहरू क्रमश : अङ्ग्रेजी भाषाका सेक्स र जेन्डर शब्दका नेपाली रूपान्तरणका रूपमा रहेका छन् । लिङ्ग जैविक आधारमा देखापर्ने नारी र पुरुषबीचको भिन्नता

हो भने लैङ्गिकता सामाजिक, सांस्कृतिक निर्मितिका कारण सृजना भएको नारीपुरुषबीचको भिन्नभिन्न भूमिका हो । नारी र पुरुषको यो भिन्नतामा जैविक तत्त्वको कुनै भूमिका हुँदैन तर समाजको परिवेश र विचारधाराले निर्धारण गरेको हुन्छ (भट्टराई, २०७७, पृ. १०७) । लैङ्गिकताको तात्पर्य महिला र पुरुषको शारीरिक भूमिका तथा विशेषता नभई तिनको सामाजिक-सांस्कृतिक भूमिका र विशेषताको बोध गराउनु भन्ने हुन्छ (पाण्डे, २०६९, पृ. ३) । तसर्थ, जैविक आधारमा यो महिला यो पुरुष भनेर छुट्याउने आधार लिङ्ग हो भने लिङ्गका आधारमा समाजद्वारा नारी र पुरुषबीच गरिने सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि विभेदलाई लैङ्गिकता भनिन्छ । लैङ्गिक अध्ययनले समाजमा लिङ्गका आधारमा नारी र पुरुषबीच हुने विभेदको विरोधी चेतना प्रकट गरी पहिचानको खोजी गर्दछ । यसमा लैङ्गिक प्रतिनिधित्व, पहिचान, प्रतिरोध, उत्पीडन, शक्तिसम्बन्ध, लैङ्गिकताप्रति लेखकको दृष्टिकोण तथा भाषा प्रयोगजस्ता सैद्धान्तिक मान्यताका आधारमा कृतिको विश्लेषण गर्न सकिने भए तापनि यस शोधमा लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध तथा शक्तिसम्बन्धी मान्यताका आधारमा मात्र हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

हृदयचन्द्रसिंह प्रधानका उपन्यास प्राज्ञिक अध्ययनका दृष्टिले गहन, मौलिक र अनुसन्धेय विषय हुन् । उनका उपन्यासहरूको समाजशास्त्रीय अध्ययनका विभिन्न कोणबाट व्याख्या विश्लेषण गर्ने कार्य भए तापनि लैङ्गिक चेतनाको केन्द्रीय विषयमा आधारित भई दुवै उपन्यासको अध्ययन अनुसन्धान हुन नसकेकाले प्रस्तुत विषयक्षेत्रमा प्राज्ञिक रिक्तता देखिन्छ । यस रिक्तताको परिपूर्तिका लागि यो शोध गरिएको हो । प्रस्तुत अनुसन्धानमा प्रधानका उपन्यासमा केन्द्रित रही लैङ्गिकताको विधिसम्मत विश्लेषण र मूल्याङ्कनसँग सम्बद्ध प्राज्ञिक समस्याको समाधानका निम्ति तयार पारिएका शोध प्रश्नहरू निम्नलिखित छन् :

(क) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचानको अवस्था केकस्तो रहेको छ ?

(ख) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था के कस्तो रहेको छ ?

(ग) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था केकस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

लैङ्गिकता सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासको अध्ययन तथा विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यस शोधकार्यको मुख्य उद्देश्यसँग सम्बद्ध अन्य उद्देश्यहरू निम्नानुसारका छन् :

(क) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचानको विश्लेषण गर्नु,

(ख) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको विश्लेषण गर्नु,

(ग) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

हृदयचन्द्रसिंह प्रधान आधुनिक नेपाली साहित्यको प्रगतिवादी फाँटका एक सशक्त उपन्यासकार हुन् । लैङ्गिक विभेदीकरणको सामाजिक समस्यालाई उपन्यासको विषयवस्तु बनाउने प्रधानले आफूलाई लैङ्गिक समानताका पक्षमा प्रस्तुत गरेका छन् । प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासको अन्य विभिन्न कोणबाट अध्ययन भए तापनि लैङ्गिकतालाई आधार मानेर दुवै उपन्यासको अध्ययन गरेको देखिँदैन । समालोचनाका विविध पक्षबाट उनका उपन्यासका बारेमा भएका चर्चा परिचर्चा कुनै न कुनै रूपमा यस शोधको शीर्षकसँग मेल खाने देखिन्छन् । त्यही आधारमा हृदयचन्द्रसिंहका उपन्यासका बारेमा गरिएको पूर्वकार्यलाई यहाँ कालक्रम अनुसार प्रस्तुत गर्दै तिनको समीक्षा प्रस्तुत गरिएको छ ।

वंशी श्रेष्ठ (२०३०) ले 'स्वास्नीमान्छे : केही टिप्पणी' शीर्षकको लेखमा "हृदयचन्द्रसिंहज्यू यस उपन्यास 'स्वास्नीमान्छे'मा प्रगतिवादी, सुधारवादी अझ भनौं क्रान्तिकारी विचार लिएर आउनु भएको छ । यस उपन्यासमा लेखकले नारीको स्वतन्त्रताको आह्वान गरेका छन् अनि नारी जातिको स्वतन्त्रता र समानताको वकालत तर्कसङ्गत र न्यायपूर्ण ढङ्गमा गरेका छन्" भन्दै स्वास्नीमान्छे उपन्यासको चर्चा गरेका छन् । श्रेष्ठले यस लेखमा त्यस वेलाको समाजको यथार्थ चित्रण, विशेष गरेर रण्डी कोठीको वर्णनद्वारा समाजको

भित्री नग्नरूपतालाई प्रधानले *स्वास्नीमान्छे* उपन्यासमार्फत पाठकसमक्ष राखेर नारी उत्पीडनको अन्त्य गर्न चाहेको निष्कर्ष निकालेका छन् ।

श्रेष्ठको उक्त लेखमा नेपाली समाजमा नारीमाथि भएको लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध उनीहरूमा आएको प्रतिरोध चेतनाको अवस्था प्रस्तुत गरिएको छ । यसमा लैङ्गिकताका कोणबाट अध्ययन नगरे तापनि नारी उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा प्रस्तुत भएकाले यस अध्ययनको लैङ्गिक उत्पीडन र प्रतिरोधको विश्लेषण गर्न प्रस्तुत पूर्वकार्य आंशिक सहयोगी भएको छ ।

ऋषिराज बराल (२०४८) ले *प्रगतिवादी नेपाली उपन्यासका मूलप्रवृत्ति* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा *स्वास्नीमान्छे* उपन्यासमा नारीमाथि हुने शोषण, अन्याय, अत्याचारका विरुद्ध उनीहरू स्वयम् एकजुट भई प्रतिकार गर्दा आफ्नो हकअधिकार प्राप्त गर्न सफल भएकाले *स्वास्नीमान्छे* उपन्यासलाई नारी स्वतन्त्रताको पहिलो उद्घोष भनी टिप्पणी गरेका छन् । उनले *एक चिहान* उपन्यासमा जमिनदार र सामन्त वर्गको शोषणबाट किसानहरू शोषित भएका र त्यस विरुद्ध उनीहरू जागृत हुँदै गएको चेतनालाई प्रमुख प्रवृत्ति बनाउने उपन्यासकारका रूपमा प्रधानलाई लिँदै पहिलो प्रगतिशील उपन्यास भनी यसको चर्चा गरेका छन् ।

बरालको उक्त विश्लेषणमा उत्पीडित नारीहरूले उत्पीडनका विरुद्ध सङ्गठित भएर प्रतिरोध गरेका र आफ्नो हकअधिकार प्राप्त गर्न सफल भएका धारणा व्यक्त गरिएको छ, जसमा लैङ्गिकताका कोणबाट अध्ययन नभए तापनि लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा प्रस्तुत भएकाले यस अध्ययनका लागि यो पूर्वकार्य उपयोगी भएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०५२) ले 'हृदयचन्द्रसिंह प्रधान' शीर्षकको लेखमा *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासको विश्लेषण गरेका छन् । यसक्रममा उनले प्रधानको उपन्यास वैचारिक पृष्ठभूमिमा सृष्टि भएका, सामाजिक अनैतिकता र बुढिरुढिका विरुद्ध प्रगतिशील दृष्टिकोण अँगालेर निर्माण भएको उल्लेख गरेका छन् । प्रधानले *स्वास्नीमान्छे* उपन्यास आफूलाई भोग्या, दयनीय र कमारी बनाएर वेश्या हुन बाध्य पार्ने परिस्थितिका विरुद्ध स्वास्नीमान्छेमा देखा परेको आक्रोशको प्रतिशोधात्मक प्रतिक्रिया हो भनी टिप्पणी गरेका छन् । उनले *एक चिहान* उपन्यासलाई

परम्परागत, सामाजिक, धार्मिक, व्यावहारिक मान्यताका विरुद्ध आवाज उठाउने कृतिका रूपमा चर्चा गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानको यस लेखको प्राप्ति भनेको नारीलाई वासनापूर्तिको साधन ठानी वेश्या बन्न बाध्य बनाउने पितृसत्तात्मक सामन्ती संरचनाविरुद्ध उनीहरूमा आएको प्रतिरोध चेतना नै हो भन्ने स्पष्ट भएको छ । प्रधानले लैङ्गिक कोणबाट विशिष्ट अध्ययन नगरे तापनि नारी उत्पीडन र प्रतिरोधका बारेमा गरिएको यस अध्ययनले प्रधानका उपन्यासमा लैङ्गिकताको उपस्थिति रहेको देखिन्छ । त्यसैले प्रस्तुत लेख यस शोधको लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

इन्द्रबहादुर राई (२०५८) ले 'स्वास्नीमान्छे प्रगतिशीलता' शीर्षकमा प्रधानका दुई उपन्यास प्रगतिशीलताका प्रतिनिधि कृतिहरू हुन् भनेका छन् । उनले *स्वास्नीमान्छे* उपन्यासमा प्रधानले समाजको एक आग्नेय पक्ष, नारीसम्बन्धी धारणामा तीक्ष्णाग्र परिवर्तन डाक्नु भएको कुरा उल्लेख गरेका छन् । सती भएर पनि वेश्या बन्न बाध्य भएका स्वास्नीमान्छे रोइरहेकाले नै आज संसारमा प्रगति रोकिरहेको तर्क गर्दै राईले समाजको आर्थिक अधोगतिले स्वास्नीमान्छेलाई वेश्या बन्न बाध्य बनाएको सङ्केत गरेका छन् । त्यस्तै समाज सुधारकै स्वरूपमा *स्वास्नीमान्छे* भन्दा *एक चिहान* धेरै अगाडि भएको धारणा प्रस्तुत गरेका छन् ।

राईको उक्त लेखमा पितृसत्तात्मक सामन्ती आर्थिक व्यवस्थाका कारण उपन्यासमा नारीको प्रतिनिधित्व सतीका रूपमा भए पनि पहिचान वेश्याका रूपमा हुन पुगेको प्रस्ट भएको छ । त्यसैले उनको लेख लैङ्गिक प्रतिनिधित्व र पहिचानको अध्ययनका लागि उपयोगी रहेको छ । यद्यपि लैङ्गिकताकै कोणबाट भने अध्ययन भएको छैन ।

कमलबहादुर खत्री (२०५८) ले *एक चिहान उपन्यासको कृतिपरक अध्ययन* शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधकार्यमा कथावस्तु, चरित्रचित्रण, परिवेश, उद्देश्य आदि पक्षबाट *एक चिहान* उपन्यासको विश्लेषण गरेका छन् । उनले तत्कालीन समाजमा व्याप्त रुढिवादी परम्परा, कुरीति, कुसंस्कार, शोषण, अन्याय, अत्याचार तथा नारी शोषणका विरुद्ध प्रतिकार गरी समतामूलक समाजको निर्माण गर्न प्रस्तुत उपन्यास सक्षम रहेको उल्लेख गरेका छन् ।

खत्रीको उक्त शोधबाट नारी उत्पीडनका विरुद्ध प्रतिरोध गरी उनीहरूलाई स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न *एक चिहान* उपन्यास सफल भएको प्रष्ट भएको छ । यसमा लैङ्गिकताकै कोणबाट अध्ययन नभए पनि नारी उत्पीडन र प्रतिरोधको अवस्था उल्लेख भएकाले यस अध्ययनको लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणाको विश्लेषण गर्न यसको प्रयोग गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०५८) ले 'आधुनिक उपन्यासको विकास' शीर्षकको लेखमा प्रधानलाई शोषण, अन्याय अत्याचार, अन्धविश्वास र रुढिवादी धारणाको विरोध गर्ने तथा नारीसमस्या उजागर गर्ने उपन्यासकार हुन् भन्दै उनका उपन्यासमा अनमेल विवाह, बहुविवाह, किसानहरूको दुर्दशा, अन्तरजातीय विवाह तथा नारी उत्पीडनलाई मार्मिक रूपमा चित्रण गरिएको हुन्छ भन्ने अभिव्यक्ति दिएका छन् ।

कृष्णचन्द्रसिंह प्रधानको उक्त लेखमा लैङ्गिक दृष्टिबाट अध्ययन नभए पनि नारी समस्यामा केन्द्रित भएकाले यसमा लैङ्गिक उत्पीडनको उपस्थिति रहेको देखिन्छ । त्यसैले यस शोधमा लैङ्गिक उत्पीडनको विश्लेषण गर्न मात्र प्रस्तुत पूर्वकार्यको प्रयोग गरिएको छ ।

हीरामणि शर्मा पौडेल (२०६१) ले 'हृदयचन्द्रसिंहका औपन्यासिक विशेषता' शीर्षकको लेखमा *स्वास्नीमान्छे* पितृसत्तात्मक समाजमा पुरुषको अन्याय-अत्याचार, दमन र शोषणबाट नारीलाई मुक्ति दिलाउने उद्देश्य लिएर लेखिएको उपन्यास हो भनी टिप्पणी गरेका छन् । उनका अनुसार उपन्यासमा निहित पात्रका माध्यमबाट विद्रोहशील नारीहरूको प्रतिनिधित्व गराई सङ्गठित रूपमा नारी मुक्तिका लागि अत्याचारी पुरुषविरुद्ध सङ्घर्ष गर्न प्रेरित गरिएको छ ।

पौडेलको उक्त लेखमा नारी शरीरमाथि भएका शोषण, अन्याय, अत्याचार तथा दमन र त्यसको प्रतिकारको अवस्था उल्लेख गरिएको छ । पितृसत्तात्मक सोचले ग्रस्त पुरुषप्रति घृणा र विद्रोह गरिनाले नारी लैङ्गिक विभेदमा परेको स्पष्ट देखिन्छ । त्यसैले प्रस्तुत शोधमा यस पूर्वकार्यलाई लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणाको निर्माण गर्न उपयोग गरिएको छ । तर उनको लेखमा लैङ्गिकताकै कोणबाट भने अध्ययन भएको देखिँदैन ।

ऋषिराज बरालले *उपन्यासको सौन्दर्यशास्त्र* (२०६३) पुस्तकमा *एक चिहान* उपन्यासले समाजमा हुने शोषणविरुद्ध सङ्घर्षको आह्वान गरेको उल्लेख गरेका छन् । बरालको प्रस्तुत

विश्लेषणमा हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासले समाजमा विद्यमान् अन्याय, अत्याचार, शोषण, दमन तथा उत्पीडनका विरुद्ध प्रतिरोध गरेको स्पष्ट भएको छ । बरालको उक्त पूर्वकार्य प्रस्तुत शोधको शीर्षकसँग प्रत्यक्ष रूपमा सम्बद्ध नभए पनि यस शोधको लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

कमला उप्रेती (२०६३) ले *स्वास्नीमान्छे उपन्यासको कृतिपरक अध्ययन* शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधकार्यमा पुरुषप्रधान सामन्ती संरचनाद्वारा दबाइएका तथा वेश्या बन्न बाध्य बनाइएका नारीहरूलाई मुक्त गरी महिला अधिकार प्रधान गर्नु अनि एउटा छुट्टै सुधारिएको तथा प्रगतिशील समाजको स्थापना गर्नु नै *स्वास्नीमान्छे* उपन्यासको उद्देश्य रहेको कुरा उल्लेख गरेकी छन् ।

उप्रेतीको उक्त विश्लेषणको प्राप्ति भनेको पितृसत्तात्मक सामन्ती संरचनाद्वारा लैङ्गिक उत्पीडनमा पर्न बाध्य भएका नारीहरूलाई मुक्त गरी उनीहरूको हकअधिकार स्थापित गर्नु भन्ने नै रहेको छ । उप्रेतीको उक्त शोधमा लैङ्गिकताका कोणबाट अध्ययन भएको पाईंदैन तापनि नारी उत्पीडन र प्रतिरोधको अवस्थाले लैङ्गिकताको सङ्केत गरेको छ । त्यसैले यस अध्ययनको नारी उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा निर्माण गर्न यस पूर्वकार्यलाई उपयोग गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) ले 'नारीवादी नेपाली उपन्यासहरू' शीर्षकमा प्रधानका *स्वास्नीमान्छे र एक चिहान* उपन्यासको विश्लेषण गरेका छन् । उनीहरूले *स्वास्नीमान्छे* उपन्यासमा नारीमाथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई चुनौती दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा दिइएको, समाजमा रहेका शोषक-सामन्तको छद्म क्रियाकलापलाई उदाङ्गो पारी नारी शोषणको अन्त्य गर्न आवाज उठाइएको तथा वेश्यासम्बन्धी सामाजिक धारणामा परिवर्तन हुनुपर्ने कुरामा जोड दिइएको अभिव्यक्ति दिएका छन् । *एक चिहान* उपन्यासमा नारीलाई यौनतृप्तिको साधन ठान्ने डाक्टर गोदत्तप्रसादजस्ता जाली, फटाहा पुरुषका विरुद्ध उसकै पत्नी रञ्जनादेवी लाग्नु र नानीथकुंलाई आफ्ना पतिका लैलैमा नलाग्न सम्झाउनुजस्ता पात्रका क्रियाकलापले नारी चेतनशील भई आफूमाथि भएका अन्यायका विरुद्धमा प्रतिकार गर्न एकजुट भएको निष्कर्ष निकालेका छन् ।

बराल र एटमको उक्त समालोचनात्मक लेखमा लैङ्गिकताका कोणबाट अध्ययन नगरे तापनि उनीहरूले नारीमाथि भएको उत्पीडन र त्यसका विरुद्ध पीडितमा आएको प्रतिरोध चेतनको अवस्था विशलेषण गरेका छन् । त्यसैले प्रस्तुत शोधको लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी अवधारणा निर्माणमा यस लेखलाई सहायक सामग्रीका रूपमा ग्रहण गरिएको छ ।

अमृतप्रसाद आचार्य (२०६९) ले 'आख्यानकार हृदयचन्द्रसिंह प्रधान : लैङ्गिक समानताका प्रवक्ताका रूपमा' शीर्षकको लेखमा *स्वास्नीमान्छे* र *एक चिहान* जस्ता आख्यानात्मक कृतिका माध्यमबाट प्रधानले लैङ्गिक समानता प्राप्तिका लागि नारी जागरण अभियान नै चलाएको बताएका छन्। उनले नारीहरू अबला, काँतर र पुरुष अधीनस्थ नभएकाले आफूमाथि गरिने सबै प्रकारका थिचोमिचो विरुद्ध डटेर लड्न सक्छन् भन्ने सन्देश *स्वास्नीमान्छे* उपन्यासले दिएको छ भने आफूभित्र रहेको अजेय शक्तिको पहिचान गर्न नसकेर दुःख पाइराखेका नारीलाई आफ्नो अस्तित्व बोध गराउन *एक चिहान* सफल भएको उल्लेख गरेका छन् ।

आचार्यले लैङ्गिक कोणबाट प्रधानका दुवै उपन्यासको अध्ययन गरेको भए तापनि लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध तथा शक्तिसम्बन्धका आधारमा विस्तृत अध्ययन गरेको देखिँदैन । त्यसैले उक्त कार्य पूरा गर्न प्रस्तुत शोधमा यस लेखको उपयोग गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* नामक पुस्तकमा हृदयचन्द्रसिंह प्रधानलाई समाजवादी यथार्थवादी उपन्यासकारका रूपमा चिनाएका छन् । उनका अनुसार प्रधानको *स्वास्नीमान्छे* उपन्यास पितृसत्तात्मक सामन्ती संस्कारका विरुद्ध नारी अधिकार र नारीमुक्तिका लागि नारीलाई नै सङ्गठित र जागरुक बनाउन सक्षम उपन्यास हो भने *एक चिहान* पनि दुई भिन्न वर्गका (जमिनदार र किसान वा शोषक र शोषित) बीचको अन्तर्सङ्घर्षका रूपमा प्रस्तुत छ । उपन्यासमा रुढिवादी प्रचलन हटाउन, आर्थिक शोषणको अन्त्य गर्न, साहुहरूबाट ऋण नलिन र उनीहरूको प्रलोभनमा नपर्न आग्रह गरी शोषणलाई हटाउन सङ्घर्ष गर्ने चुनौती दिइएको छ । लुइटेलले उपन्यासमा सामाजिक समानताका लागि नारी उत्पीडनको अन्त्य गरी उनीहरूको सम्मान गर्न आग्रह, साम्प्रदायिकता हटाउन

अन्तर्जातीय सम्बन्ध बढाउने सुझाउ, शोषक वर्गको जालझेल र षड्यन्त्रबाट सचेत रहने उत्प्रेरणा जस्ता समाजवादी वा प्रगतिवादी विचार प्रस्तुत गरेको उल्लेख गरेका छन् ।

प्रस्तुत कृतिमा प्रधानका दुवै उपन्यास समाजवादी यथार्थवादी उपन्यासका रूपमा परिचित छन् । उपन्यासका विषयवस्तु समाजबाटै ग्रहण गरेर समाजमा विद्यमान् समस्यालाई केलाइएको छ । यसमा पितृसत्तात्मक सामन्ती संस्कारका विरुद्ध नारी अधिकार र नारी मुक्तिको आवाज उठाएर सामाजिक समानता कायम गर्ने अथवा समतामूलक समाज निर्माण गर्ने विचार व्यक्त गरिएको छ, जुन समाजशास्त्रीय अध्ययनअन्तर्गत पर्ने नारीवादसँग सम्बन्धित छ । यसमा लैङ्गिकताकै कोणबाट अध्ययन नगरिए तापनि लैङ्गिकताकै एउटा आधार नारीवादी दृष्टिबाट उपन्यासको अध्ययन गरिएकाले प्रस्तुत शोधको अध्ययनका लागि यस पूर्वकार्यलाई सन्दर्भ सामग्रीका रूपमा ग्रहण गरिएको छ ।

ज्ञानू पाण्डे (२०६९) ले 'स्वास्नीमान्छे उपन्यासको लैङ्गिक विश्लेषण' शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासमा प्रयुक्त नारी तथा पुरुष पात्रमा केन्द्रित भएर अध्ययन गरेको देखिन्छ । यसै सन्दर्भमा उनले *स्वास्नीमान्छे* उपन्यासलाई लैङ्गिक विभेदीकरणले उब्जाएको सामाजिक समस्याप्रति गम्भीर चिन्ता व्यक्त गर्ने पहिलो नमुना नेपाली उपन्यासका रूपमा चर्चा गरेकी छन् । उनले पितृसत्तात्मक मूल्यमान्यताका त्रुटिहरू पहिल्याउँदै पुरुषलाई सत् चरित्र धारण गर्न र महिलालाई सशक्त बन्न प्रेरित गर्ने उपन्यास भनेकी छन् । पाण्डेले नारीमुक्तिको विषयलाई केवल नारी मात्रको स्वार्थको कुरा नठानी त्यो सिङ्गो समाज विकासको सन्दर्भमा जोडिएको विषय हो भनी टिप्पणी गरेकी छन् । पाण्डेले पितृसत्तात्मक सामन्ती सोच भएका पुरुषबाट नै नारी उत्पीडनमा परेका साथै पितृसत्ताले नै पुरुषछविलाई विद्रुप तुल्याउन सघाउ पुऱ्याइरहेको सङ्केत गरेकी छन् ।

पाण्डेको उक्त विश्लेषणमा पितृसत्ताले नारीलाई मात्र उत्पीडनमा पारेको छैन, स्वयम् पुरुषको छवि पनि विद्रुप बनाउन सहयोग पुऱ्याइरहेको छ भन्ने धारणा प्रस्तुत भएको छ । यसबाट पाण्डेको उक्त लेख लैङ्गिक उत्पीडनमा मात्र होइन, लैङ्गिक प्रतिनिधित्व र पहिचानको अवस्थाको अध्ययनमा पनि केन्द्रित भएको देखिन्छ । यसरी पाण्डेले लैङ्गिक प्रतिनिधित्व, पहिचान तथा उत्पीडनका कोणबाट *स्वास्नीमान्छे* उपन्यासको सामान्य अध्ययन गरे पनि *एक चिहान* बाँकी नै छ । त्यसैले दुवै उपन्यासको लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध तथा शक्तिसम्बन्धका दृष्टिले विस्तृत अध्ययन गर्न यस लेखको उपयोग गरिएको छ ।

सुधा त्रिपाठी (सन् २०१२) ले 'स्वास्नीमान्छे उपन्यासको नारीवादी प्रवृतिको विश्लेषण' शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासलाई नारीवादी कोणबाट विश्लेषण गरेकी छन् । त्रिपाठीले पुरुषलाई बहुविवाह गर्न समाजले नै छुट दिनु, पुरुषको स्वेच्छाचारितालाई समाजले मान्यता दिनु, नारीको आर्थिक हैसियतहीनता, श्रीमान्बाट पाएको पीडा र यातनालाई नारीले आफ्नै कर्मको फल सम्झन बाध्य हुनु, वेश्यावृत्ति समाजको कलङ्क हो भन्ने थाहा पाउँदापाउँदै पनि नारीले त्यसलाई आयआर्जनको माध्यम बनाउन विवश हुनु तथा लैङ्गिक चेतनाको अभावले नारी स्वयम् नारीको विरोधी हुनुपरेकाले उपन्यासमा नारी उत्पीडनको चरम अवस्था भएको निष्कर्ष निकालेकी छन् ।

त्रिपाठीको उक्त लेखमा पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारी लैङ्गिक उत्पीडनमा पर्न बाध्य भएको प्रस्ट भएको छ । लैङ्गिक कोणबाट अध्ययन नभए पनि त्रिपाठीको विश्लेषणमा लैङ्गिक उत्पीडनसम्बन्धी अवधारणा प्रस्तुत भएकाले प्रस्तुत शोधमा लैङ्गिक उत्पीडनसँग सम्बद्ध शोधप्रश्नको आंशिक विमर्शका लागि यस पूर्वकार्यलाई सन्दर्भसामग्रीका रूपमा उपयोग गरिएको छ ।

राजेन्द्र खनाल 'सौरभाभि' (२०७५) ले 'पूर्ववर्ती नेपाली उपन्यास' शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासको चर्चा गरेका छन् । उनले उपन्यासकी प्रमुख नारी पात्र मोतीमायाको जीवनलाई केन्द्रविन्दु बनाएर उसले भोगेका पीडालाई प्रस्तुत गरी लैङ्गिक चेतना र सशक्तीकरणको आह्वानमा क्रान्ति र परिवर्तनको परिणतिमा पुगेको उपन्यास भनी टिप्पणी गरेका छन् । खनालले पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारीहरू वेश्या बन्न बाध्य पारिएका घटनाहरू प्रस्तुत गर्दै लैङ्गिक हिंसा तथा अन्यायको अन्त्यका लागि वेश्यावृत्ति जस्तो पेसालाई पनि रचनात्मक र क्रान्तिकारी ढङ्गले उपयोग गरी समानतामूलक समाज निर्माण गर्नु पर्ने आशय उपन्यासको भएको उल्लेख गरेका छन् ।

खनालको उक्त विश्लेषणमा पितृसत्तात्मक सामन्ती आर्थिक व्यवस्थाका कारण वेश्याका रूपमा चिनिन बाध्य भएका नारीहरूले त्यही वेश्यावृत्तिलाई रचनात्मक रूपमा उपयोग गरी आत्मनिर्भर बनेका र समाज परिवर्तनमा सहयोग पुऱ्याउन सफल भएको प्रस्ट भएको छ । समाजले अवैध ठानेको पेसालाई नारीले आत्मनिर्भर बन्ने आधार बनाउनु र त्यसले समाज परिवर्तनमा सहयोग पुग्नु भनेको पक्कै पनि पितृसत्तात्मक सामन्ती आर्थिक व्यवस्थाले निर्माण गरेको उत्पीडनकारी संस्कृतिप्रति नारीहरूले गरेको प्रतिरोधको अवस्था हो । यसरी

खनालको उक्त विश्लेषणमा *स्वास्नीमान्छे* उपन्यासको लैङ्गिक उत्पीडन तथा प्रतिरोधका कोणबाट सामान्य अध्ययन भए पनि *एक चिहान* बाँकी नै छ। त्यसैले प्रधानका दुवै उपन्यासको लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध तथा शक्तिसम्बन्धका दृष्टिले विश्लेषण गर्न प्रस्तुत शोधमा यसको विशेष प्रयोग गरिएको छ।

माथि उल्लिखित पूर्वकार्यहरूलाई नियाल्दा विभिन्न विद्वान् तथा समालोचकहरूले हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासका बारेमा विभिन्न उद्देश्यले अध्ययन गरी आ-आफ्ना मत तथा दृष्टिकोण प्रस्तुत गरेका छन्। केही पूर्वकार्यहरू लैङ्गिक अध्ययन अन्तर्गतकै एउटा आधार नारीवादसँग सम्बन्धित छन् भने केही पूर्वकार्यहरू लैङ्गिकतासँग नै सम्बन्धित छन्। लैङ्गिकताका बारेमा सामान्य चर्चा गरे तापनि लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध तथा शक्तिसम्बन्धी सिद्धान्तको आधारमा प्रधानका उपन्यासको विस्तृत विवेचना र मूल्याङ्कन गर्ने कार्यको अभाव रहेको कुरा माथिको पूर्वकार्यको समीक्षाबाट प्रस्ट भइसकेको छ। यही अभाव पूर्तिका लागि उक्त पूर्वकार्यहरूलाई आधार मानेर प्रस्तुत अध्ययनमा लैङ्गिकताका सिद्धान्तको आधारमा प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* दुवै उपन्यासको अध्ययन गरिएको छ।

## १.५ शोधको औचित्य

सांस्कृतिक अध्ययनभित्रको एउटा नवीन समालोचनात्मक सैद्धान्तिक अवधारणा लैङ्गिकता हो। समालोचनाको यस सैद्धान्तिक अवधारणाका आधारमा नेपाली आख्यानको अध्ययन विश्लेषण गर्दा यस क्षेत्रमा थप नयाँ र रचनात्मक कार्य हुने देखिन्छ। यस शोधप्रबन्धमा निर्धारण गरिएका शोधप्रश्नहरू आफैमा प्राज्ञिक दृष्टिकोणले महत्त्वपूर्ण छन्। अनि तिनको सम्यक् समाधान अहिलेसम्म भइनसकेको तथ्यलाई पूर्वकार्यको समीक्षाले प्रस्ट पारिसकेको छ। प्राज्ञिक जिज्ञासाको यो पक्ष पूर्वाध्ययनको अभावका रूपमा रहेको परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्यले त्यो अभाव पूर्ति गर्ने र नेपाली साहित्यको अनुसन्धानको क्षेत्रमा यसले मौलिक ज्ञानको निर्माण गर्ने भएकाले यो शोध औचित्यपूर्ण छ।

## १.६ शोधको सीमाङ्कन

*हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको प्रस्तुत शोधकार्यमा *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासलाई लैङ्गिक अध्ययनअन्तर्गत प्रतिनिधित्व, पहिचान, प्रतिरोध, उत्पीडन, शक्तिसम्बन्ध, लैङ्गिक विभेदप्रति लेखकीय दृष्टिकोण तथा भाषा प्रयोगजस्ता सैद्धान्तिक मान्यताका आधारमा कृतिको विश्लेषण गर्न सकिने भए तापनि यी उपन्यासमा लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध र शक्तिसम्बन्धका आधार बढी भएकाले यसैमा सीमित रही प्रधानका उपन्यासको विश्लेषण गरिएको छ । यही नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । यी दुवै पक्षका बारेमा क्रमशः तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधमा उठाइएका समस्याहरूको प्रामाणिक समाधानका लागि उपयुक्त तथ्य वा सामग्रीहरूको सङ्कलन पुस्तकालयीय अध्ययनबाट गरिएको छ । यसक्रममा प्राथमिक र द्वितीयक गरी दुई किसिमका स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीमा हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यास रहेका छन् भने द्वितीय सामग्रीका रूपमा साहित्यको समाजशास्त्रीय सिद्धान्तका बारेमा, हृदयचन्द्रसिंह प्रधानका बारेमा तथा लैङ्गिक अध्ययनका बारेमा लेखिएका पुस्तकहरू, उनका उपन्यासका बारेमा गरिएका अनुसन्धान, समीक्षा, समालोचना, विश्लेषण, टिप्पणी आदि रहेका छन् ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

यस शोधकार्यको मुख्य सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययन पद्धति हो । सांस्कृतिक अध्ययन पद्धतिका आधारमा लैङ्गिक अध्ययन गरिएको यस शोधकार्यमा प्रतिनिधित्व, पहिचान, प्रतिरोध, शक्तिसम्बन्ध, विचारधारा, पितृसत्ता, लैङ्गिक उत्पीडन एवम् प्रभुत्वलाई यहाँ विश्लेषणको आधार बनाइएको छ । प्रस्तुत शोधकार्यमा *स्वास्नीमान्छे* र *एक चिहान*

उपन्यासको लैङ्गिक अध्ययन गर्न मुख्य तीनवटा आधार निर्माण गरिएको छ। ती हुन् : लैङ्गिक प्रतिनिधित्व र पहिचान, लैङ्गिक उत्पीडन र प्रतिरोध तथा लैङ्गिक शक्तिसम्बन्ध। यिनका आधारमा कृति विश्लेषण गर्नका निम्ति सांस्कृतिक अध्ययन अन्तर्गतका विभिन्न पद्धति र प्रवृत्तिहरूको उपयोग गरिएको छ। नारी र पुरुषको प्रतिनिधित्व र पहिचान, नारी तथा पुरुषसम्बन्धी ऐतिहासिक सामाजिक मान्यता र पुरुषसत्ता, फ्रान्सेली दार्शनिक फुकोको शक्तिसम्बन्धी मान्यता, लुइस आल्थुसरको विचारधारासम्बन्धी मान्यता र ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यतालाई मुख्य रूपमा उपयोग गरिएको छ। आवश्यकतानुसार यहाँ सबाल्टर्न अध्ययन पद्धतिको पनि आंशिक उपयोग गरिएको छ। गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस शोधकार्यमा उपन्यास विश्लेषणका क्रममा विश्लेषणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ। माथि समस्याकथनमा उल्लेख गरिएका शोधसमस्याको समाधान गर्न निम्न किसिमको ढाँचा तयार गरिएको छ :

समस्या नं. (क) को विश्लेषण निम्नलिखित ढाँचाका आधारमा गरिएको छ :

(अ) मुख्य नारी पात्रको प्रतिनिधित्व र पहिचान

(आ) सहायक नारी पात्रको प्रतिनिधित्व र पहिचान

(इ) मुख्य पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

(ई) सहायक पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

समस्या नं. (ख) को विश्लेषण निम्नलिखित ढाँचाका आधारमा गरिएको छ :

(अ) पुरुषद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

(आ) नारीद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

(इ) नारीद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

समस्या नं. (ग) को विश्लेषण निम्नलिखित ढाँचाका आधारमा गरिएको छ :

(अ) नारी-पुरुषबीचको शक्तिसम्बन्ध

(आ) पुरुष-पुरुषबीचको शक्तिसम्बन्ध

(इ) नारी-नारीबीचको शक्तिसम्बन्ध

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधलाई व्यवस्थित बनाउनका लागि निम्नानुसार संरचना भएको शोधप्रबन्धको रूपरेखा तयार पारिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान |
| तेस्रो परिच्छेद | : | हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध |
| चौथो परिच्छेद | : | हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध |
| पाँचौ परिच्छेद | : | सारांश र निष्कर्ष |

उपर्युक्त परिच्छेदअन्तर्गतका मूल शीर्षकहरूलाई अध्ययनको सरलताका लागि आवश्यकतानुसार विभिन्न उपशीर्षकहरूमा पनि विभाजन गरिएको छ ।

### दोस्रो परिच्छेद

# हृदयचन्द्रसिंह  प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान

## २.१ विषयप्रवेश

प्रस्तुत शोधको यो परिच्छेद हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचानको अध्ययनमा केन्द्रित रहेको छ। यसमा लैङ्गिक प्रतिनिधित्व र पहिचानसम्बन्धी सैद्धान्तिक मान्यताको परिचय दिई प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा लैङ्गिक दृष्टिले शोषित पीडित भएर सीमान्तीकृत बन्न पुगेका नारी पात्रका साथै प्रभुत्वशाली तथा अधीनस्थ समुदायका पुरुष पात्रले केकसरी आफ्नो प्रतिनिधित्व र पहिचान कायम गरेका छन् भन्ने कुराको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## २.२ लैङ्गिक प्रतिनिधित्व र पहिचानसम्बन्धी सैद्धान्तिक स्वरूप

लैङ्गिक अध्ययनअन्तर्गत लिङ्ग र लैङ्गिकता पर्दछन् । नेपाली भाषामा लिङ्ग र लैङ्गिकता शब्दलाई अङ्ग्रेजीको 'सेक्स' र 'जेन्डर' शब्दको अनुवादका रूपमा प्रयोग गरेको पाइन्छ। लिङ्ग र लैङ्गिकतालाई एकै अर्थमा प्रयोग गर्ने प्रचलन रहे पनि यी दुवै भिन्नभिन्न अर्थमा प्रयोग हुने शब्द हुन् (आचार्य, २०७४, पृ. १) । लिङ्ग प्राकृतिक हुन्छ र जैविक विशेषता आनुवंशिक रूपले नै निर्धारित हुन्छ । जैविक कारणले नारी र पुरुषका यौनाङ्गहरूमा भिन्नता पाइन्छ । यही आधारमा यसलाई प्राकृतिक भनिएको हो र सामाजिक प्रक्रियाभन्दा विपरीत अर्थमा  (बिल्टन र अन्य, सन् १९९६, पृ २०३)  लिइएको हो। जेन्डरको अवधारणा लिङ्गको विपरीत अवधारणा हो  । यसले सामाजिक सांस्कृतिक सन्दर्भमा नारी र पुरुषको भूमिकालाई विश्लेषण गर्छ। यो व्यक्तिको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष हो जसको निर्माणमा प्राकृतिक वा जीववैज्ञानिक तत्त्वको कुनै प्रकारको सम्बन्ध र भूमिका हुँदैन। (भट्टराई, २०७७, पृ. १०७) । यसरी लिङ्ग जैविक आधारमा देखापर्ने महिला र पुरुषबीचको भिन्नता अनि लैङ्गिकता सामाजिक सांस्कृतिका कारण नारी र पुरुषबीच सृजना भएको भिन्नभिन्न भूमिका हो भन्ने विचार उल्लेख भएको छ। नारी र पुरुषको यो भिन्नतामा जैविक तत्त्वको कुनै भूमिका नरहेको तर सामाजिक परिवेश र विचारधाराले प्रभाव पारेको प्रस्ट भएको छ। त्यसैले लिङ्ग प्राकृतिक हो भने लैङ्गिकता कृत्रिम कुरा हो ।

सामान्यत प्रकृतिले मानवलाई दुई किसिमको शारीरिक संरचना दिएको हुन्छ जसलाई मानवले महिला र पुरुष भनेर नामकरण गरेको छ । प्रत्येक समाजमा रहेका व्यक्तिहरूलाई जब जैविकीय रूपमा यो महिला, यो पुरुष भनेर सम्बोधन गरिन्छ भने त्यसलाई लिङ्ग भनिन्छ । लिङ्ग छुट्याउने आधार पनि सबै समाजमा एकै किसिमको हुन्छ (आचार्य, २०७४, पृ. २) । यस्तो भिन्नता शारीरिक पक्षसँग सम्बद्ध हुन्छ । महिलाको शरीरमा मासिक स्राव, गर्भधारण र स्तनपानको क्षमता हुनु तथा पुरुषको शरीरमा वीर्य उत्पादन गर्ने क्षमता हुनु महिला र पुरुषबीच देखिने प्राकृतिक भिन्नता हो । यसबाहेक  महिला र पुरुषमा शारीरिक रूपमा कुनै भिन्नता पाईंदैन (भट्टराई, २०६८, पृ. २६०) । तर महिला र पुरुषको शारीरिक बनावटको आधारमा समाजले भिन्नभिन्न सामाजिक-साांस्कृतिक भूमिका निर्माण गरेको हुन्छ । यसैलाई लैङ्गिकता भनिन्छ । तसर्थ, लिङ्ग सार्वभौमिक र जैविक विषय हो भने लैङ्गिकता सामाजिक-सांस्कृतिक सन्दर्भमा निर्मित विषय हो ।

समाजले महिला र पुरुषका बीचमा निर्धारित गरेका मूल्यमान्यता, अवधारणा, संस्कार, व्यवहार आदिको समष्टि रूपलाई लैङ्गिकता शब्दले जनाउँछ । लैङ्गिकताले सामाजिक सम्बन्धका आधारमा निर्माण भएको सामाजिक संरचनामाथि नियन्त्रण गर्ने सांस्कृतिक अवधारणा र अभ्यासलाई बुझाउँछ (बार्कर, सन् २००८, पृ. ४८०, उद्धृत गुरागाईं, २०७०, पृ. १२) । लिङ्गगत भिन्नताका आधारमा समाजले पुरुष र महिलाका लागि जेजस्ता सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, सांस्कृति तथा पारिवारिक भूमिका निर्धारित गरिदिएको हुन्छ, ती सबैलाई लैङ्गिकताअन्तर्गत राख्न सकिन्छ (खनाल, २०७५, पृ. १) । लिङ्ग प्राकृतिक वा जैविक विषय भएकाले सबैतिर एकनासको हुन्छ भने लैङ्गिकता मानव निर्मित अवधारणा भएकाले भिन्न-भिन्न समाजमा भिन्न-भिन्न खालको हुन्छ ।

लैङ्गिक अध्ययन नारीवादी अध्ययनको पृष्ठभूमिबाट विकसित भएको देखिन्छ । महिला र पुरुषबीचको विभेदकारी मान्यता, व्यवहार र संस्कृतिका विरुद्धमा आवाज उठाउँदै नारीका हकहितका पक्षमा गरिएको  आन्दोलनको नाम नै नारीवाद हो (ढकाल, २०७०, पृ. ३३१) । नारी आन्दोलन सन् १८४८ मा अमेरिकाबाट सुरु भएको हो (त्रिपाठी, २०६८, पृ. १५५) । महिला आन्दोलनका रूपमा विकसित नारीवाद लैङ्गिकतासम्बन्धी अध्ययनको प्रमुख आधार बनेको देखिन्छ । नारीवादले नारीत्व र पुरुषत्वलाई सांस्कृतिक निर्मिति मान्छ र लैङ्गिक अध्ययनलाई त्यस अध्ययनको आधारका रूपमा स्वीकार गर्छ (कार्टर, सन् २०००, पृ. २१७)

। लैङ्गिकताभित्र महिला र पुरुषको प्राकृतिक भिन्नताको नभएर सामाजिक सांस्कृतिक भिन्नताको अध्ययन गरिन्छ। समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ, समाजले महिला र पुरुषलाई कस्तो भूमिका प्रदान गरेको छ र तेस्रो लिङ्गीको पहिचान र भूमिका कस्तो छ, जस्ता विषयको लैङ्गिकतामा अध्ययन गरिन्छ (भट्टराई, २०६८, पृ. २६१)। लैङ्गिकताका बारेमा स्पष्ट हुन सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक तथा जैविकीय पक्षसँग सम्बन्धित विषयहरूको अध्ययन गर्नु पर्दछ।

लैङ्गिकतासम्बन्धी अध्ययनको मूल विषय समाजमा महिला र पुरषबीच रहेको भिन्नता प्राकृतिक हो वा निर्मित हो भन्ने नै हो। महिला र पुरुषबीच जे-जति भिन्नता देखिन्छ। त्यो प्रकृतिप्रदत्त हो वा पितृसत्ताले निर्माण गरेको हो, के पुरुष पूर्ण, शक्तिशाली र ज्ञानी हुने अनि महिला अपूर्ण, कमजोर र अज्ञानी हुने हो भन्ने जस्ता प्रश्नलाई लैङ्गिक अध्ययनले आफ्नो विषय बनाएको देखिन्छ (उपाध्याय, २०७४, पृ. ३७)। यसमा लैङ्गिक दमन, हिंसा, महिलामाथि पुरुषको दुर्व्यवहार, विचारधारा, प्रतिनिधित्व, पहिचान, प्रतिरोध आदि विषयका बारेमा अध्ययन गरिन्छ। तसर्थ, साहित्यिक कृतिमा लैङ्गिकतासम्बन्धी विचार कुन रूपमा आएको छ, त्यससम्बन्धी लेखकको दृष्टिकोण कस्तो छ आदिको अध्ययन लैङ्गिकतामा गरिन्छ।

लैङ्गिक अध्ययनको एक महत्त्वपूर्ण अवधारणा प्रतिनिधित्व हो। प्रतिनिधित्वको सामान्य अर्थ कुनै व्यक्ति वा वस्तु वा घटनाको प्रतिनिधित्व गर्नु वा उपस्थिति जनाउनु भन्ने हुन्छ। यसले सामाजिक रूपमा स्वतन्त्र अस्तित्वबोध गर्ने कुनै व्यक्ति, समुदाय वा वर्गलाई सङ्केत गर्दछ। प्रतिनिधित्वको मुख्य विषय सामाजिक संरचनाको निर्माण कसरी भएको छ र त्यसमा व्यक्ति वा समूहको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुरालाई केलाएर हर्नु हो (भट्टराई, २०७०, पृ. ३३६)। सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण विषयका रूपमा रहेको प्रतिनिधित्व लैङ्गिक अध्ययनको विषय पनि हो। प्रसिद्ध स्वीस भाषाशास्त्री फर्डिनान डि ससुरले प्रतिनिधित्वलाई भाषिक उपस्थितिसँग जोडेर व्याख्या गरेका छन् भने स्टुअर्ट हलले प्रतिनिधित्वलाई भाषाका माध्यमबाट गरिने अर्थको उत्पादन हो भनेका छन् (गिरी, २०७०, पृ. २८)। उत्तरसंरचनावादी सबाल्र्टन अध्येता गायत्री स्पिवाकले सबाल्र्टनले आफ्नो प्रतिनिधित्व आफैँ गर्न नसक्ने हुनाले बौद्धिक वर्गले लेखेर उनीहरूको प्रतिनिधित्व गराउनुपर्छ (उप्रेती, २०६९, पृ. २८७) भन्ने तर्क गरेकी छन्। पाठमा तत्कालीन विमर्शात्मक संरचनामा रहेका मूलधार वा परिधीय वर्गको प्रतिनिधित्व कति मात्रामा गराइएको छ, पाठमा कुन वर्गलाई महत्त्व दिइएको छ, समाजमा

रहेका जाति, वर्ग, धर्म, लिङ्ग आदि समुदायका मानिसको आर्थिक, शैक्षिक, सामाजिक अवस्था कस्तो छ, समाजमा कुन वर्गको प्रभुत्व स्थापित छ, तीमध्ये लेखकले कुनलाई प्राथामिकता दिएको छ जस्ता कुराको खोजी प्रतिनिधित्वअन्तर्गत गरिन्छ (गुरुङ, २०७०, पृ. १०७) । खासगरी लैङ्गिक अध्ययनमा सामाजिक संरचनामा महिला वा पुरुष वा तेस्रो लिङ्गीको प्रतिनिधित्व कसरी भएको छ त्यसलाई हेर्नु हो ।

साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा संस्थाहरू तथा अर्थतन्त्रको आधारमा गरिन्छ (भट्टराई, २०७०, पृ. ३३६) । प्रतिनिधित्वले साहित्यमा अभिव्यक्त अर्थ पक्षको प्रस्तुतीकरण कसरी भएको छ भनी खोजी गर्दछ । प्रतिनिधित्व मूलतः कृतिमा प्रयुक्त अर्थ, भाषा र संस्कृतिसँग जोडिन्छ । यसरी प्रतिनिधित्वलाई विभिन्न सन्दर्भबाट हेर्न सकिने भए तापनि लैङ्गिक अध्ययनमा सामाजिक सांस्कृतिक दृष्टिले हेर्नु उपयुक्त हुन्छ । सामाजिक सन्दर्भसँग अनिवार्य रूपले राजनीतिक अर्थ जोडिएको हुन्छ । सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वमा मूल संस्कृतिभन्दा परिधीय संस्कृतिसँग सम्बद्ध दमित, सीमान्तीकृत, उपेक्षित, लिङ्ग, वर्ग, जाति, भूगोल आदि विषयवस्तुहरूको महत्त्वका साथ खोजी गरिन्छ । प्रतिनिधित्वका आधारमा खास सामाजिक श्रेणीका राजनीतिक, सांस्कृतिक पहिचानका बारेमा विश्लेषण गर्ने प्रयास गरिन्छ (गिरी, २०७०, पृ. २८) । विभिन्न सामाजिक श्रेणीहरूले साहित्यमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग प्रतिनिधित्वले सम्बन्ध राख्छ । लैङ्गिक प्रतिनिधित्वले लैङ्गिक समूहको उपस्थितिलाई जनाउँछ । यसले कुनै पनि कृतिभित्र कुन लिङ्गलाई केन्द्रमा राखिएको छ, भाषा, समय र भूगोलले कहिले, कहाँ र कुन कुराको प्रतिनिधित्व कसरी गरेको छ, इतिहासबाट अपहेलित वा उपेक्षित नारी वा पुरुष वा तेस्रो लिङ्गीको अवस्था कस्तो छ, उनीहरूको अनुभूतिको प्रतिनिधित्व भएको छ कि छैन भन्ने कुराको खोजी गर्दछ । प्रस्तुत शोधकार्यमा नेपाली समाजमा लैङ्गिक रूपमा सीमान्तीकृत बनेका नारी वा पुरुषको प्रतिनिधित्व हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा कसरी भएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

सामान्य अर्थमा पहिचानलाई व्यक्ति तथा समुदायको परिचयका रूपमा लिइन्छ । पहिचानको सन्दर्भ व्यक्ति र समुदायका लागि महत्त्वपूर्ण ठानिन्छ । यो व्यक्ति र समुदायको निजत्वसँग जोडिन्छ । पहिचान भन्नाले कुनै पनि व्यक्तिको सामाजिक हैसियत, वैयक्तिक गुण, दोष, स्वभावसम्बद्ध समष्टिगत विशेषता भन्ने बुझिन्छ (उपाध्याय, २०७४, पृ. ३१) । लैङ्गिक

अध्ययनमा पहिचानको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । व्यक्ति तथा समुदायका पहिचानहरू सांस्कृतिक, राजनीतिक र सामाजिक सन्दर्भ मै बन्छन्, बिग्रिन्छन् र परिवर्तन भइरहन्छन् । यसमा भाषा, धर्म, लिङ्ग, जात, राष्ट्र आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । हरेक व्यक्तिको पहिचान निर्माणमा त उसले बोल्ने भाषा, उसले अँगाल्ने धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय र उसको व्यावहारिक सम्बन्धका आधारहरूले प्रभाव पार्दछ (गिरी, २०७०, पृ. ३१) । पहिचान संस्कृति र राजनीति निर्मित हुन्छ । यो सामाजिक सांस्कृतिक संरचनाले निर्माण गर्ने कुरा हो । त्यसैले व्यक्ति वा समुदायका पहिचानहरू स्थिर नभई परिवर्तन भइरहन्छन् । सामाजिक तथा राजनीतिक सम्बन्ध बदलिँदा त्यससँगै व्यक्ति वा समुदायका पहिचान पनि बदलिन्छन् ।

पहिचानले लिङ्ग, जाति, वर्ग, भाषा, धर्म, व्यवसाय, स्थान र राष्ट्रको व्यापक सेरोफेरोलाई समेट्छ (चैतन्य, २०७०, पृ. ३१) । प्रभुत्वशाली र सीमान्तीकृत वर्गलाई कुन रूपमा कृतिभित्र चिनाइएको छ, त्यसमा लेखकको कसप्रति सहानुभूति र कसप्रति वक्रदृष्टि छ, त्यस पक्षको खोजी पहिचानमा गरिन्छ (गुरुङ, २०७०, पृ. १०७) । लैङ्गिक अध्ययनमा पहिचानका पक्षहरू अत्यन्तै उल्लेखनीय हुन्छन् । लैङ्गिक पहिचानअन्तर्गत स्त्रीत्वको पहिचानले समाजमा नारीप्रतिको दृष्टिकोण र व्यवहारलाई बुझाउँछ । यसले महिलाको पहिचान, भूमिका र सामर्थ्यलाई जनाउँछ (आचार्य, २०७४, पृ. ३४) । महिलाको व्यवहार, भूमिका पुरुषकोभन्दा फरक हुन्छ जुन महिलाको पहिचान हो । पितृसत्ताद्वारा सबाल्टर्न (सीमान्तीकृत) बनाइएका महिला समुदायको अस्तित्वको खोजी गर्नु नै लैङ्गिक पहिचानको विषय हो ।

लैङ्गिक अध्ययनमा पुरुष लिङ्गका व्यवहारहरूलाई एकीकृत रूपमा सम्बोधन गर्ने अवधारणाका रूपमा पुलिङ्गतासम्बन्धी मान्यता विकसित भएको पाइन्छ । सामाजिक लिङ्ग भेदले पुरुष र महिला दुवैको समानताको विषयलाई उठाउने हुँदा पुलिङ्गतालाई पनि सामाजिक लिङ्गभेद अन्तर्गत समेट्ने मान्यता सन् १९८० को दशकपछि देखा पऱ्यो (भट्टराई, २०६९, पृ. २६८) । त्यसैले लैङ्गिक अध्ययनमा महिला मात्र होइन, कतिपय समाजमा पुरुष पनि सामाजिक र सांस्कृतिक विभेदमा परेका छन् भने तिनीहरूको पहिचानको खोजी गरिन्छ ।

समाजमा आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा विचारधारात्मक व्यवस्थाले लैङ्गिक विभेदको सृजना गरेको हुन्छ । यस्तो विभेदले समाजमा पछाडि पारिएका समुदाय र व्यक्तिहरू लैङ्गिक उत्पीडनमा परेका हुन्छन् । यसरी उत्पीडनमा पारिएकाहरूको पहिचानको

विश्लेषण गर्नु लैङ्गिक अध्ययनको मुख्य विषय हो । लिङ्गका आधारमा निर्माण गरिएको भूमिकालाई लैङ्गिक पहिचानका रूपमा लिन सकिन्छ । महिला र पुरुषको शारीरिक बनावट, समाजमा उनीहरूले गर्ने कार्य, अपनाउने धर्म, संस्कृति आदिका आधारमा उनीहरूको पहिचान भिन्न-भिन्न रहेको देखिन्छ। कृतिभित्र प्रतिनिधित्व गराइएका लैङ्गिक उत्पीडित पात्रहरूको पहिचान कुन रूपमा भएको छ भन्ने कुराको अध्ययन यसमा गरिन्छ। कृतिभित्र उनीहरूको प्रतिनिधित्व गराएर मात्र उनीहरूप्रति उपकार गरेको मान्न सकिँदैन। कृतिभित्र उनीहरूलाई कुन स्तरको पहिचान दिएको छ भन्ने कुरा हेर्नु पर्दछ। नेपाली समाजमा स्थापित विमर्शका आधारमा महिला पुरुषका तुलनामा कमजोर, शक्तिहीन व्यक्तित्वका रूपमा परिचित छन्। यही नै महिलाको पहिचान हो। प्रधानका उपन्यासमा महिला र पुरुषबीच निर्माण भएको यस प्रकारको पहिचान र त्यसले पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ।

सामान्य अर्थमा पितृसत्ता भन्नाले पिताको शासन भन्ने बुझिए पनि खास अभिप्राय चाहिँ सम्पूर्ण स्रोत र साधनमाथि पुरुषको स्वामित्व रहेको देखिन्छ। लैङ्गिक अध्ययनका सन्दर्भमा पितृसत्ता भन्नाले संस्थागत रूपमै महिलाहरू पुरुषद्वारा दमित भएको अवस्था हो। जसका परिवारमा पुरुष मुख्य हुन्छ, उसकै अधीन चल्छ र ऊ उच्च स्थानमा रहन्छ ( बार्कर, २००१, पृ. ३८८) । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली हुन्छन्। बढी इज्जतदार तथा साधनस्रोतले सम्पन्न हुन्छन्। उनीहरूलाई महिलामाथि आफ्नो वर्चस्व कायम गर्न वा दमन गर्न छुट हुन्छ (पाण्डे, २०६९, पृ. ११)। त्यसैले पितृसत्तात्मक समाजमा पिता, पति, छोरो, दाजुले माता, पत्नी, बहिनी छोरीलाई आफ्नो अधीनमा राखेका हुन्छन्। पितृसत्ताकै वर्चस्वलाई स्वीकार गर्दै कतिपय नारीहरूले स्वयम् नारीमाथि नै शोषण गरिरहेका हुन्छन्। पितृसत्तालाई समाजमा यसरी संस्थागत गरिएको हुन्छ कि दमन गर्ने स्वयम्लाई पनि बोध नहुन सक्छ (भट्टराई, २०७७, पृ. १३०)। इटालियन दार्शनिक अन्तोनियो ग्राम्चीका अनुसार पितृसत्ताले आफ्नो शासन सत्ताको प्रभुत्व कायम राख्न बलको मात्र प्रयोग गर्दैन वार्ता र सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छ (श्रेष्ठ, २०६८, पृ. ३९-४०)। यसरी सहमति वा दमन जुनसुकै नीति अपनाएर भए पनि पितृसत्ता समाजमा शक्तिशाली भएको देखिन्छ। प्रस्तुत शोधमा पितृसत्ताका यिनै विभिन्न स्वरूपका आधारमा प्रधानका *स्वास्नीमान्छे* र *एक बिहान* उपन्यासको अध्ययन गरिएको छ।

## २.३ *स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान

*स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक दृष्टिकोणले सीमान्तीकृत बनेका नारी पात्रका साथै प्रभुत्वशाली तथा अधीनस्थ संस्कृतिका पुरुषहरूको प्रतिनिधित्व र पहिचान केकसरी भएको छ त्यसको विश्लेषण विभिन्न उपशीर्षकमा गरिएको छ ।

## २.३.१ नारी पात्रको प्रतिनिधित्व र पहिचान

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक दृष्टिकोणले सीमान्तीकृत बनाइएका नारी पात्रको प्रतिनिधित्व र पहिचानको अवस्थाको अध्ययन गरिएको छ। उपन्यासमा उपस्थित नारी पात्रहरू आर्थिक रूपले सम्पन्न र विपन्न दुवै खाले छन् भने शैक्षिक दृष्टिले पनि शिक्षित र अशिक्षित दुवै प्रकृतिका देखिन्छन् । आर्थिक र शैक्षिक दुवै रूपले सम्पन्न र विपन्न वा शिक्षित र अशिक्षित जुनसुकै वर्गका भए पनि उनीहरू समाजमा कुनै न कुनै रूपले पुरुषद्वारा उत्पीडित भएका छन् । प्रधानको उपन्यासमा तिनै उत्पीडित नारी पात्रहरूलाई मुख्य र सहायक नारी पात्रका रूपमा विभाजन गरी तिनीहरूको प्रतिनिधित्व र पहिचानको अध्ययन गरिएको छ ।

## २.३.१.१ मुख्य नारी पात्रको प्रतिनिधित्व र पहिचान

*स्वास्नीमान्छे* उपन्यासमा मुख्य नारी पात्रको भूमिकामा रहेकी मोतीमायाले लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गरेकी छे। उपन्यासको प्रारम्भमा नै लोग्नेद्वारा हेला गरिएर कष्टकर जीवन भोगेकी मोतीमाया नाबालक छोरोसहित आफ्नै घरको एउटा कोठाभित्र कोचिएर निरीह जीवन गुजार्न विवश देखिन्छे। एउटा छोरोसमेत भएकी मोतीमायामाथि उसको लोग्ने प्रमोदले सौता हालेपछि ऊ लोग्नेद्वारा मानसिक र शारीरिक उत्पीडनको सिकार भएकी हो । सौताका कुरा सुनेर लोग्नेले उसलाई चरित्रहीन नारीको संज्ञा दिँदै नानाभाँति गाली गरेर कुटपिट गर्दा पनि ऊ प्रतिकार गर्न सक्तिन । उपन्यासमा ऊ लैङ्गिक हिंसा सहन बाध्य देखिन्छे। ऊ लोग्नेद्वारा उत्पीडनमा परेको प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : एकदम झम्टेर प्रमोदले भने, “के भनिस्, च्यातिदिऊँ तेरो मुख ! लाज छैन बेस्से तँलाई बोल्न ? (तकियामुनिबाट चिठ्ठी झिकी देखाएर) कसले लेखेको यो चिठ्ठी लौ भन्, लौ भन् रण्डी (चुल्ठो समातेर भकाभक लत्याउँदै) कसले लेखेको यो चिठ्ठी ?” (पृ. १३)

माथि वर्णित यस प्रसङ्गबाट मोतीमाया लोग्ने प्रमोदद्वारा मानसिक र शारीरिक हिंसामा परेको प्रस्ट हुन्छ । छोरोसमेत भइसकेपछि लोग्नेले आफूमाथि सौता हालेर ज्यादती गर्दा पनि ऊ प्रमोदलाई कति पनि दोषी ठान्दिन, बरु आफ्नै भाग्यको दोष ठानेर आँसुको सागर वहाउँदै निरीह भएर बाँच्न विवश हुन्छे । नारी जातिलाई परनिर्भतामा बाँच्न बाध्य पार्ने पितृप्रधान सामन्ती मानसिकताका कारण मोतीमाया विनाकारण आफुमाथि अन्याय, अत्यचार गर्ने प्रमोदका विरुद्ध प्रतिरोध पनि गर्न सक्तिन । त्यही मानसिकताको प्रभावले ऊ चेतनशून्य भएर बाँच्न बाध्य देखिन्छे ।

पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषले महिलालाई महिला भएकै आधारमा उसमाथि मानसिक, शारीरिक, यौनिक हिंसा गरी शोषण गरेको देखिन्छ । महिला भएर जन्मेकै कारण उसलाई शक्ति एवम् अधिकारबाट विमुख गरी विभिन्न किसिमका हिंसा गर्न पुरुषहरू पछि पर्दैनन् । समाजमा पुरुषहरूले नारीलाई विनाकारण यातना दिई पीडित गर्ने गरेको पाइन्छ । तर नारीले त्यसका विरुद्ध प्रतिकार गर्न सकेको देखिँदैन । यस उपन्यासकी प्रमुख नारी पात्र मोतीमायालाई पनि उसको लोग्ने प्रमोदले विनाकारण सौता हालेर मानसिक र शारीरिक यातना दिएको देखिन्छ । तर उसले लोग्ने प्रमोदका विरुद्ध आवाज उठाउन सकेकी छैन । आफूमाथि जस्तोसुकै नराम्रो व्यवहार गरे पनि सहेकी मोतीमायाले जब पाँच वर्षको नाबालक छोरो विनोदलाई समेत भातभान्साबाटै अलग गरी भोकभोकै पार्छन् तब उसको धैर्यताको बाँध टुट्छ र ऊ बाध्य भएर छोराको भोक टार्नको लागि छिमेकी हीराज्यानकहाँ पैसा सापट माग्न गएकी छ । हीराज्यानले ऊ आउनुको कारण थाहा पाएपछि लोग्नेका विरुद्ध मुद्दा हालेर आफ्नो हक अधिकार प्राप्त गर्न सल्लाह दिएकी छ । तर श्रीमान्का विरुद्ध जाँदा पाप लाग्ने भन्दै उसले त्यसो नगर्ने अभिव्यक्ति दिएकी छ । ऊ पीडित भए पनि त्यसका विरुद्ध आवाज उठाउन नसकेको प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "विनोदलाई हिजो बेलुकादेखि केही ख्वाउन पाएको छैन, त्यसैले मलाई रुपियाँको खाँचो भएको हो ।"
> "तपाईंले नि ?"
> "अहँ ।"
> "तपाईं भनेको मान्नुहुन्न, ठोकिदिनुस् न भने नालेस आजै अनि बाबुको बिहे देख्लान् तिनीहरूले ! मर्नै नपर्ने पापीहरू ! लातका मानिस बातले बुझ्दैनन्

बुझ्नुभयो बहिनी ! ठोकिदिनुस् नालेस ! अंश लिएर तपाईं आमा छोराले डकारी-डकारी दुध, भात, मासु खान पाउनुहुनेछ ।"

"नाई हीराज्यान दिदी ! मलाई यस्तो अर्ती नदिनुहोला । म यस्तो उपदेश पालन गर्न सक्तिनँ । आफूलाई जेसुकै गरुन्, जे भए पनि पोइ हुन्, आफूले आफ्नो कर्तव्य पुऱ्याउन सक्नुपर्छ । पोइसँग लडेर नरक जाने हिम्मत ममा छैन । पोइ परमेश्वर, यही विश्वासमा म मर्न चाहन्छु, चाहे आफूले जतिसुकै सङ्कट भेल्नुपरोस् ।" (पृ. २७-२९)

पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् भएको समाजमा पुरुषहरूले विभिन्न भ्रम फिँजाएर महिलालाई आफू अनुकूल प्रयोग गरिरहेका हुन्छन् । पुरुषले महिलालाई जतिसुकै दुःख दिए पनि उनीहरू पुरुषको विरुद्धमा जाँन सक्दैनन् । परिवारभित्र बाबु, दाजु, भाइ तथा लोग्नेले भनेको आमा, बहिनी, बुहारी तथा स्वास्नीले मान्नुपर्ने हुन्छ । उनीहरूको विरुद्धमा जाँन हुँदैन भन्ने भ्रमका कारण नारी पीडित भइरहेका हुन्छन् । माथिको साक्ष्यमा पनि मोतीमायामाथि उसको लोग्नेले सौता ल्याएर हेला र तिरस्कार गरेको छ । सौता ल्याएपछि उसको लोग्नेले मोतीमायालाई मात्र होइन, उसको नाबालक छोरालाईसमेत भातभान्साबाटै अलग गरेपछि नाबालक छोराको पेट भर्नकै लागि ऊ छिमेकी हीराज्यानकहाँ सापट माग्न गएकी छ । छिमेकी हीराज्यानले ऊ आउनुको कारण थाहा पाएपछि लोग्नेलाई मुद्धा हालेर आफ्नो अधिकार प्राप्त गर्ने सल्लाह दिएकी छ । तर मोतीमाया लोग्नेका विरुद्ध मुद्धा हालेर आफू नरक जान नसक्ने अभिव्यक्ति दिन्छे । पितृसत्तात्मक सामन्ती संस्कृतिले महिलाको चेत यस्तो ग्रसित बनाएको छ कि त्यसबाट उनीहरू बाहिर निस्कनै सक्दैनन् । लोग्ने भनेका पतिपरमेश्वर हुन् । उनीहरूको खुट्टा धोएर पानी पिउँदा स्वर्ग पुगिन्छ भन्ने भ्रामक संस्कृतिमा हुर्केकी मोतीमायाले लोग्ने प्रमोदलाई मुद्धा हालेर आफ्नो अधिकार प्राप्त गर्ने कार्य सोच्न पनि सक्तिन । यो सबै पितृसत्तात्मक उत्पीडनकारी संस्कृतिकै प्रभाव हो । लोग्ने प्रमोदद्वारा प्रताडित भएर पनि उसैलाई भगवान् ठान्दै उससँग लडेर नरक जाने सामर्थ्य आफूमा नभएको भाव व्यक्त गर्छे । मोतीमाया पुरुषसत्तात्मक सामन्ती संस्कृतिकै कारण भ्रमवश त्यसैलाई  नै सत्य ठानेर त्यसैको पक्षपोषण गरिरहेकी छे ।

लोग्नेले आफूलाई मात्र नभएर छोरो विनोदलाई समेत दुर्व्यवहार गर्दा पनि मोतीमाया उसको अनुत्तरदायी चरित्रप्रति कुनै प्रश्न गर्न सक्तिन । बरु ऊ भगवान्का सरणमा गएर

दुःखलाई सहन गर्ने शक्ति प्राप्त होओस् भन्ने कामना गर्छे। मोतीमाया कमजोर भएको अवस्थालाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "हे प्रभु, दुःखभञ्जक, मेरो आँसु पुछ्ने यो संसारमा कोही छैन ! हे अनाथका नाथ, दुःख सागरमा डुबिरहेकी यस अबलालाई उतार ! हे सर्वान्तर्यामी करुणानिधान ! तातो फलामबाट पोलाइरहेका यस असहायमाथि पनि दृष्टिपात गर। हे भगवान्, मेरो बालक छोरालाई बचाउन पाउनलाई जस्तै दुःख-कस्टमा पनि मलाई बाँच्न सक्ने बल देऊ !" (पृ. १)

माथिको साक्ष्यमा मोतीमायाको अवस्था अत्यन्त दयनीय देखिन्छ। उसलाई सहयोग गर्ने यस संसारमा कोही नभएकाले निर्जीव भगवान्सामू सरण परेकी छे। आफूमा दुःखलाई सहन सक्ने शक्ति मिलोस् भन्दै कामना गरेकी छ। तर आफूमाथि अन्याय गर्नेका विरुद्ध आवाज उठाउन सकेकी छैन। लोग्ने भनेको परमेश्वर हो र स्वास्नी उसकी दासी हो भन्ने पितृसत्तात्मक सामन्ती सोचले मोतीमायाको चेत ग्रसित भएको छ। लोग्नेको यातना सहन नसकेर आत्महत्या गर्ने सुरले घरबाट बाहिरिसक्दा पनि बिदाका वेला लोग्नेको दर्शन गर्नु आफ्नो कर्तव्य ठान्छे र त्यही घर फर्केर आएकी छ।

प्रमोदको ज्यादती खेप्नै नसकेपछि मोतीमाया नाबालक छोरोलाई कोठामा एक्लै छोडी फेरि आत्महत्या गर्ने सोचले घरबाट निस्कन्छे। छोरोप्रतिको मातृत्व वात्सल्यले विह्वल मोतीमाया पासो चढ्न ठिक्क परिसकेपछि मोहनबहादुरले देखेको छ र उसलाई बचाएको छ। मोतीमायाको कतै जाने ठाउँ नभएकाले स्वार्थी मोहनबहादुरको घर जान बाध्य भएकी छ। बहिनी बनाएर राख्ने र आफ्नो छोरालाई पनि भेटाइदिने वाचा गरेकाले मोतीमायाले मोहनबहादुरको विश्वास गर्छे। तर छली मोहनबहादुरले प्रेमको नाटक गरी उसलाई स्वास्नी बनाएरै छाड्छ। मोतीमायालाई केही समय भोगिसकेपछि अर्की युवतीतिर लाग्छ र उसलाई अनेक लान्छना लगाएर कुट्दै मध्यरातमा घरबाट निकाल्छ। मोतीमाया मोहनबहादुरबाट पनि लैङ्गिक हिंसामा परेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> मोहनबहादुरले आगो भएर कुकुर चुटेझैँ चुटी मोतीमायालाई घिसार्दै, पछार्दै घरबाट निकालिदिए। कोही मानिसले पनि रोक्न सकेनन्। ढोका बाहिर पुऱ्याएर पनि मोहनबहादुर अझ कुट्दै थिए। मोतीमाया क्वाँ-क्वाँ रुँदै थिइन्।

> छिमेकहरूतिर हेरेर मोहनबहादुरले भने, "स्वास्नी तब मात्र स्वास्नी हो, जबसम्म लोग्नेको भलाइ चाहेर भक्ति गर्छे, जो पनि गुण्डालाई पनि अँगालिरहन्छे भने के त्यस वेला पनि स्वास्नी स्वास्नी हुन्छे ? यसको चरित्रको बारेमा म तपाईंहरूलाई के भनूँ, लाजले कुरा घाँटीमै अड्छ।" (पृ. ८८)

माथिको साक्ष्यमा मोहनबहादुरले पनि मोतीमायामाथि अत्याचार गरी घरबाट निकालिदिएको छ । ऊ एकपछि अर्को पुरुषबाट प्रताडित भएकी छ । मोतीमायामाथि प्रमोद र मोहन दुवैको पुरुष दम्भको विकृत रूप प्रदर्शन भएको देखिन्छ । नारीको चरित्रमा प्रश्न उठाई उसप्रति ज्यादती गर्न सक्ने पुरुष आफू स्वयम् चाहिँ चरित्रवान् हुनु नपर्ने पुरुषप्रधान समाजको विकृति उजागर भएको देखिन्छ । पितृसत्तात्मक समाजको हैकमवादी प्रवृत्ति नै नारीमाथि हुने यौनिक शोषणको मूल कारण हो भन्ने विषयलाई माथिका साक्ष्यले पुष्टि गरेको छ । लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गर्ने मोतीमाया यस अवस्थामा आइपुग्दा साच्चै नै शक्तिहीन भएर पहिचानविहीन हुन पुगेकी छ ।

मोहनबहादुरबाट तिरस्कृत भएर सडकमा फालिइएकी मोतीमाया गुण्डाको सिकार हुनबाट जोगिने उपाय खोज्ने क्रममा पहिलो चोटि अनजानमा मिस्रीदिदी र दोस्रो चोटि जानीजानी मैयाँनानीको वेश्या कोठीमा सरण लिन पुगे पनि उसले त्यहाँ वेश्याको जस्तो व्यवहार गर्न नमानेको कुरा यसरी प्रस्तुत गरिएको छ : अफसोसको आवाजमा हात जोर्दै मोतीमायाले भनिन् "मेरो जनी गर, बिन्ती छ, रण्डी भएर बाँचिरहन चाहन्नँ, मलाई यहाँबाट बिदा गरिदिनुस् !" (पृ. १०५)

माथिको साक्ष्यमा मोतीमाया बाध्य भएर वेश्याको कोठीमा पुगे पनि वेश्या भएर बाँच्न नचाहेको अभिव्यक्ति दिएकी छ । आफूलाई त्यस ठाउँबाट बिदा गरिदिनका लागि अनुरोध गरेकी छ । समाजका दृष्टिमा मोतीमाया वेश्या ठहरिए पनि वास्तवमा ऊ वेश्या नभएको पुष्टि भएको छ । ऊ लैङ्गिक हिंसा भोग्न बाध्य भएकी छ । लोग्नेले आफूमाथि जस्तोसुकै क्रूर व्यवहार गरे पनि त्यसको प्रतिकार गरेकी छैन बरु आफै दोषी भएको ठहर गर्दै उसका विरुद्ध आवाज उठाउनु पाप सम्झेकी छे । उपन्यासमा मोतीमायाको अवस्थालाई अध्ययन गर्दा पितृसत्तात्मक सामन्ती संस्कृतिले नारीलाई एउटा शरीर बाहेक अरु केही नठान्ने भएकाले उसप्रति पुरुषले मनपरी गर्न सकेको यथार्थलाई प्रस्तुत गरिएको छ । यही उत्पीडनकारी

सामाजिक संस्कृतिका कारण मोतीमाया पहिचानहीन भएकी छ । मोतीमायाको माध्यमबाट उपन्यासकारले पितृसत्तात्मक सामाजिक संस्कृतिका कारण महिला प्रतिनिधित्व र पहिचानविहीन भएर बाँच्न विवश भएको सामाजिक यथार्थलाई प्रस्तुत गरेका छन् ।

उपन्यासको अन्त्यमा मोतीमाया छोरो विनोद र मैयाँनानीको सहयोगमा घर फर्कन सफल भएकी छे । उसमाथि अन्याय गरी घरबाट निकाल्ने उसको लोग्ने प्रमोद र सौता कमलालाई मैयाँनानीले गोली हानी हत्या गरेपछि ऊ आफ्ना घरमा फर्किन सकेकी हो । त्यसपछि भने ऊ सामुदायिक भूमिकामा देखिएकी छे । उसमाथि अत्याचार गर्ने उसको लोग्ने प्रमोद र सौता कमलाको हत्या गरी उसलाई सामुदायिक भूमिकामा ल्याइएको सन्दर्भलाई यी साक्ष्यबाट पुष्टि गर्न सकिन्छः "प्रमोद र कमलालाई मार्नमा म एकदम साबित छु, मार्नैपरेर मैले मारेकी हुँ ।" मैयाँनानीले भनिन् (पृ. १४४) । विनोदले आफ्नो घर 'मैयाँ-मन्दिरको नामले, आफ्नी आमा मोतीमायाको अध्यक्षतामा 'मैयाँ-महिला संघ' स्थापना गराई त्यही संघलाई अर्पण गरिदिए । (पृ. १४७)

माथिको साक्ष्यमा मोतीमायालाई घर छोड्न बाध्य पार्ने लोग्ने प्रमोद र सौता कमलालाई मैयाँनानीले समाप्त गरेर उसलाई घर फर्कने वातावरण तयार गरिदिएको देखिन्छ । त्यसपछि ऊ आफ्नो छोरो विनोदसँगै रहेकी र छोरो विनोदले आफ्नो घर 'मैयाँ-महिला संघ'का नाममा रूपान्तरित गरी त्यसको अध्यक्षमा आमा मोतीमायालाई स्थापित गरेपछि भने ऊ सामुदायिक भूमिकामा देखिएर नयाँ पहिचान बनाउन सफल भएकी छ । उत्तरसंरचनावादी सबाल्टर्न अध्येता गायत्री स्पिवाकले सबाल्टर्नले आफ्नो प्रतिनिधित्व आफै गर्न नसक्ने हुनाले उनीहरूको प्रतिनिधित्व बौद्धिक वर्गले गर्नुपर्छ (उप्रेती, २०६९, पृ. २८७) भन्ने मान्यता राखेको देखिन्छ । यसै मान्यता अनुरूप उपन्यासमा विनोद र मैयाँनानीले वैचारिक र व्यावहारिक दुवै तरिकाले प्रतिनिधित्व गरिदिएर मोतीमायालाई सहयोग गरेका छन् । त्यसैले उसले आफ्नो अधिकार प्राप्त गर्न सफल भएकी छे । तर मोतीमाया स्वयम्को भने कुनै रचनात्मक भूमिका देखिँदैन । पितृसत्तात्मक सामन्ती संस्कृतिका कारण लैङ्गिक विभेदमा पर्न विवश नारी समुदायको प्रतिनिधित्व गर्ने मोतीमाया छोरो विनोद र मैयाँनानीको सहयोगमा आफ्नो अधिकार प्राप्त गरी सामुदायिक भूमिकामा देखिए पनि मूलतः उसले पुरुषअधीनस्थ नारीका रूपमा नै आफ्नो पहिचान कायम गरेकी छ ।

### २.३.१.२ सहायक नारी पात्रको प्रतिनिधित्व र पहिचान

*स्वास्नीमान्छे* उपन्यासमा कमला, मैयाँनानी, हीराज्यान, चम्पा, मिस्रीदिदीजस्ता सहायक नारी पात्रहरूमध्ये उल्लेखनीय सहायक नारी पात्रका रूपमा उपस्थित कमलाले प्रभुत्वशाली नारी समुदायको प्रतिनिधित्व गरेकी छ । उपन्यासको प्रमुख पुरुष पात्र प्रमोदकी कान्छी श्रीमतीको भूमिकामा देखापरेकी कमलाले हुँदैनभएको आरोप लगाएर सौता मोतीमायालाई पटकपटक मानसिक हिंसा गरेकी छ । मोतीमायालाई वेश्या भनाउन उसले कमल भन्ने व्यक्तिका नाममा आफै प्रेमपत्र लेख्नसमेत पछि परेकी छैन । चरित्रवती सौताको निर्लज्जतापूर्वक चरित्रहत्या गर्ने कमला कलुषित महिलाहरूको प्रतिनिधि पनि हो । कमलाले मोतीमायामाथि दुर्व्यवहार गरेको प्रसङ्ग तलका साक्ष्यमा प्रस्तुत गरिएको छ :

> तिम्रो चिट्ठी पाएँ । प्रार्थना गर्नमा त मैले निकै साहस गर्न सकेकी थिएँ, तर आशा गर्नमा म पछि हटिरहेको थिएँ । मैले साहस गर्न सके अनुसार सुन्दर फल पनि पाएँ ।
>
> यो केवल तिम्रो निगाह मात्र हो । तिम्रो यो असीम अनुग्रहको निम्ति म कुन शब्दले धन्यवाद दिऊँ । जस्तै भाव बोकेर शब्द भज्याउँदा पनि तिम्रो अभिनन्दन र सम्मानको निम्ति योग्य जँच्दैन, न त्यसमा तिम्रो गुण उचाल्न सक्ने तौल छ । त्यसैले तिम्रो कृपाको कदर गर्नलाई म आफ्ना तनमन अर्थात् सारा अस्तित्व बिछ्याएर स्वागत गरिरहेको छु । आशा छ आशा गर्न डराएको मनले हरहमेशा अँगाल्नु साहस गर्नमा प्रेरणा पाउन सकोस् । प्रियतमे, धेरै के लेखूँ, म भोलि राति १२ बजे जरुर आज्ञा शिरोपर गर्न आउने छु, । विशेष भेटमा आजलाई बिदा पाऊँ । नमस्कार । तिम्रो स्नेही कमल । (पृ. ९)

आफू स्वयम् एउटी नारी भएर अर्की नारीमाथि दुर्व्यवहार गर्ने कमलामा वर्गीय चेतनाको अभाव देखिन्छ । कान्छी स्वास्नी लोग्नेकी प्यारी हुने सामाजिक परम्पराका कारण लोग्ने प्रमोदको आडमा उसले सौता मोतीमायामाथि हदैसम्मको दुर्व्यवहार गरेको बुझिन्छ । लोग्नेको यौनसुख एकलौटी भोग गर्ने मनोविज्ञान भएकी कमला जसरी भए पनि मोतीमायालाई घरबाट निकाल्न चाहन्छे । उसले आफ्नो स्वार्थ पूरा गर्न मोतीमायाका विरुद्ध प्रमोदलाई भए

नभएका कुरा लगाएकी छ । कमलको नाममा आफै चिठ्ठी लेखेर उसले निर्लज्जापूर्वक मोतीमायाको चरित्रहत्या गरेकी  छ । यसरी छोरासमेत भएकी श्रीमती हुँदाहुदै कान्छी बनेर आउने, लोग्नेको यौनसुख एक्लै भोग गर्न खोज्नेजस्ता कमलाको मनोविज्ञानबाट उसमा पितृसत्तात्मक मानसिकताको छाप परेको प्रस्ट हुन्छ ।

कमलाका कारणले गर्दा नै मोतीमाया आत्महत्या गर्नेसम्मको निर्णय गर्न पुगेकी हो । श्रीमान्लाई आफ्नो मात्र बनाई एकलौटी सुख भोग गर्ने मनोविज्ञान भएकी कमलालाई लोग्ने (प्रमोद) को चम्पाप्रतिको विश्वास पनि शङ्कास्पद भएको कुरालाई तलका साक्ष्यद्वारा प्रस्ट पारिएको छ : “तर चम्पाले त्यस्तो बदमाशी गर्ली जस्तो मलाई लाग्दैन कमला !” अलि विश्वस्त भावमा प्रमोदले भने । “चम्पा-चन्द्रको अगाडि भोलि पर्सि कमला जूनकिरी हुन पनि बेर छैन । यही देख्छु म त ।” भन्दै कमला गइन् । (पृ. ७४)

लोग्ने (प्रमोद) ले चम्पालाई विश्वास गर्दा कमला त्रसित भएको स्पष्ट हुन्छ । लोग्नेको यौनसुख आफूले मात्र प्राप्त गर्ने मनोविज्ञान भएकी कमला पितृसत्तात्मक मानसिकता भएकी पात्र हो । कमलाका दृष्टिमा प्रमोद उसको लोग्ने मात्र नभएर एउटा पुरुष पनि हो । पितृसत्तात्मक सामन्ती समाजमा पुरुष नै शक्तिको स्वरूप ठहरिन्छ । पुरुषले चाहे जे पनि गर्न सक्छन् । उसले गलत कार्य नै गरे पनि समाजले प्रश्न गर्न सक्दैन भन्ने मानसिकता कमलाको देखिन्छ । त्यसैले हिजो प्रमोदले छोरोसमेत भएकी स्वस्थ स्वास्नी मोतीमाया हुँदाहुँदै आफूलाई कान्छी पत्नी बनायो भने भोलि चम्पालाई पनि त बनाउन सक्छ भन्ने सोचले उसप्रति आशङ्का गरेको बुझिन्छ । उसले मोतीमायामाथि गरेको षड्यन्त्र होस् वा नोकर्नी चम्पाप्रति गरेको शङ्का होस्, त्यो सबै उसको व्यक्तिगत चरित्रको दोष नभई पितृप्रधान समाजको मानसिकताले नारीमनमा उत्पन्न गरेको त्रासको अभिव्यक्ति हो भन्न सकिन्छ । मोतीमाया र चम्पामाथि गलत व्यवहार गर्न कमलालाई पितृप्रधान सामन्ती संस्कृतिले नै प्रेरित गरेको प्रस्ट हुन्छ । उसले अनजानमै पितृसत्तात्मक सामन्ती संस्कृतिको प्रतिनिधित्व गरेको बुझिन्छ ।

उपन्यासमा कमला पनि पितृसत्तात्मक सामाजिक संस्कृतिद्वारा निर्मित उत्पीडनकारी व्यवस्थाको सिकार भएको देखिन्छ । कमलाको श्रीमान् प्रमोदले छोरोसमेत भइसकेकी स्वस्थ श्रीमती मोतीमायालाई त्यागी कान्छी पत्नीका रूपमा कमलालाई भित्रियाएको छ । ग्राम्चीले भनेझैं वार्ता र सहमतिकै माध्यमबाट प्रमोदले कमलाबाट आफ्ना यौनचहाना पूरा गरेको छ । बच्चा भइसकेपछि अपेक्षाकृत यौनचहाना पूरा नहुने ठान्ने पुरुषप्रधान समाजको मानसिकताका

कारण प्रमोदले मोतीमायामाथि सौता हालेको र कमलाबाट बच्चा पनि नजन्माएको देखिन्छ । कमला केवल प्रमोदको यौनदाषी मात्र भएकी छ । उपन्यासमा उसको कुनै रचनात्मक भूमिका देखिँदैन । उपन्यासको अन्त्यतिर मैयाँनानीले “यो काण्डकी नायिका, समाजकी कलङ्किनी तिमी हौ (पृ. १४०) ।” भन्दै कमलाको हत्या गरी उसको जीवन समाप्त गरेकी छ । यसरी हेर्दा उपन्यासको प्रारम्भमा प्रभुत्वशाली  नारी समुदायको प्रतिनिधित्व गर्ने कमला उपन्यासभरि प्रमोदको यौनदाषीमा परिणत भएकाले ऊ पहिचानविहीन भएर बाँच्न विवश भएकी छ । तर आफूमाथि भएको अन्यायको उसले बोधसम्म गर्न सकेकी छैन ।

*स्वास्नीमान्छे* उपन्यासमा अर्की सहायक नारी पात्र चम्पाको उपस्थिति प्रमोदकी नोकर्नीका रूपमा भएको देखिन्छ । अर्काका घरमा काम गर्न बसेकी चम्पाले विपन्न समुदायको प्रतिनिधित्व गरेकी छ । प्रमोदको घरायसी काममा सघाउने चम्पाले मोतीमाया र प्रमोदको छोरो विनोदको हेरविचार गर्ने जिम्मा पाएकी छ । कमला र प्रमोदको आँखा छलेर बेला बेला विनोदलाई उसकी आमा मोतीमायासँग भेट गराई आमा-छोराबीचको सम्बन्ध प्रगाढ बनाउने चम्पा उपन्यासमा सत् पात्रका रूपमा परिचित छ । जवान भइसकेकी चम्पाको रूप र यौवनमा आकर्षित भएको मालिक प्रमोदले विभिन्न प्रलोभन देखाएर उसको यौनशोषण गर्न खोजेको कुरालाई यसरी प्रस्तुत गरिएको छ : ”चिया बाँकी छ ? भैगो तँ खा, जा !” अलि लस्सिएको भावमा प्रमोदले भने । “कमला भात खान लागेकी वेला एक चोटि आइज न है, तँलाई भनेर मैले एउटा राम्रो फरिया ल्याइराखेको छु ।” मुसुक्क हाँसेर प्रमोदले भने  । (पृ. ७५)

ग्राम्चीले उनको प्रभुत्वसम्बन्धी मान्यतामा प्रभुत्वशाली वर्गले समाजमा वार्ता र सहमतिको आधारमा नै आफ्नो वर्चस्व कायम गरेका हुन्छन् (पाण्डेय, २०७३, पृ. ६४) भन्ने मत राखेका छन् । यस उपन्यासको प्रमुख पात्र प्रमोदले पनि नोकर्नी चम्पामाथि सम्झौता र सहमतिमा नै आफ्नो वर्चस्व कायम गरेको देखिन्छ । प्रमोदले माया गरेको नाटक गरी बाँकी रहेको चिया पनि तँ खा भन्दै फरियाको लोभ देखाएर कमलाको अनुपस्थितिमा भेटेर यौनशोषण गर्न खोजेको बुझिन्छ । यहाँ चम्पा पुरुषप्रधान मानसिकताको सिकार भएकी छे । उसको माध्यमबाट लेखकले लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गराएका छन् ।

चम्पा आफ्ना श्रीमान्सँग नजिकिन थालेको अनुभव गरेकी कमला चम्पालाई मानसिक र शारीरिक हिंसा गर्न पनि तत्पर भएकी छ । कमलाद्वारा चम्पा शारीरिक र मानसिक उत्पीडनमा परेको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ - “मालिकलाई चिया टक्र्याउन आएकी

होस् कि मुलुकभरका हावभाव-कटाक्ष गरेर मालिकको अगाडि मेनका बन्न आएकी ?" भन्दै कमलाले चम्पाको गालैगालामा ठटाइन् । (पृ. ७५)

चम्पा मालिक प्रमोदबाट मात्र होइन, मालिक्नी कमलाबाट पनि लैङ्गिक हिंसाको सिकार भएको कुरा माथिको साक्ष्यबाट प्रस्ट भएको छ । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा पुरुषमा मात्र नभई महिलामा पनि पितृसत्तात्मक विचारधारा निर्माण भएको हुन्छ (भट्टराई, २०७७, पृ. १३०) । त्यसैले समाजमा महिलाद्वारा नै महिला हिंसामा परेका देखिन्छन् । यस उपन्यासमा पनि एउटी महिला चम्पा अर्की महिला कमलाद्वारा नै उत्पीडनको सिकार भएकी छ । पितृसत्तात्मक मानसिकताले ग्रसित कमलामा लैङ्गिक चेतनाको अभाव देखिन्छ । त्यसकै प्रभाव माथिका साक्ष्यमा परेको प्रस्ट भएको छ । विनाकारण कमलाको दुर्व्यवहार सहन बाध्य चम्पाले प्रतिकार गर्न सकेकी छैन । ऊ निर्दोष भएर पनि समलैङ्गिक र विषमलैङ्गिक दुवै खालको हिंसा सहन बाध्य भएकी छ । उसको अवस्थालाई अध्ययन गर्दा लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गर्ने चम्पा पहिचानविहीन भएर बाँचेको देखिन्छ ।

उपन्यासमा प्रमोदकी छिमेकीका रूपमा देखापरेकी सहायक नारी पात्र हीराज्यानले पितृसत्ताकै प्रतिनिधित्व गरेकी छ । उसले आफू स्वयम् एउटी नारी भएर अर्की नारीलाई समस्यामा पार्ने खालको भूमिका खेलेकी छ । उसले प्रमोदको नजिक हुन मोतीमायाले भन्दै नभनेको गलत कुरा प्रमोदलाई सुनाएर मोतीमायालाई दोषी देखाएकी छ । हीराज्यानले मोतीमायाका विरुद्ध प्रमोदलाई उकासेको प्रसङ्ग यसरी प्रस्तुत गरिएको छ :

> "अँ, कस्ती अज्ञानी मूर्ख, नालेस ठोक्छु पो भनी । लोग्नेलाई स्वास्नीले नालेस दिने सुन्दै पनि अपराधको कुरा, उही पनि सीताकै मुलुककी स्वास्नीमान्छेले । त्यही सल्लाह गर्न पो मकहाँ आएकी, तर प्रमोदकाजी, धन्दा मान्नु पर्दैन, बेस्करी झाँटेर पठाइदिएकी छु मैले ।" (पृ. ३१)

माथिको साक्ष्यमा हीराज्यान पितृसत्ताकै पक्षमा बोलेकी छे । लोग्नेले स्वास्नीलाई जस्तोसुकै नराम्रो व्यवहार गरे पनि स्वास्नीले सहनु पर्छ । उसका विरुद्धमा जानु हुँदैन । लोग्नेका विपक्षमा नालेस दिने कुरा सुन्दा नै पाप लाग्ने भन्दै त्यस्तो कार्य गर्न नहुने आशय हीराज्यानको देखिन्छ । पितृप्रधान सामन्ती समाजमा महिलाले जस्तोसुकै अन्याय पनि सहनु

पर्छ। उसले त्यसको विरोध गर्नु हुँदैन। यदि विरोधमा उत्रिए पाप लाग्ने  भन्ने भ्रामक मनगडन्ते  विचार प्रवाह गरिएको हुन्छ। त्यही विचारलाई महिलाले सत्य ठानेर आत्मसात गरिरहेकाले हीराज्यानले पनि मोतीमायाले सहनु पर्छ। लोग्नेका विरुद्ध जान हुँदैन भन्ने अभिव्यक्ति दिएकी हो। यो उसको नितान्त व्यक्तिगत विचार नभएर पुरुषप्रधान समाजले सदियौँसम्म लगाएर निकालेको नारीप्रतिको दृष्टिकोणको निष्कर्ष पनि हो। लोग्ने र घरपरिवारबाट हेला र तिरस्कार गरिएका नारीलाई समाजमा पनि राम्रो व्यवहार नगरेको देखिन्छ । हीराज्यानमा पनि त्यसकै प्रभाव परेको कुरालाई माथिको साक्ष्यले प्रस्ट पारेको छ। उसमा लैङ्गिक चेतनाको अभाव भएकाले नै उसले पितृसत्तात्मक सोचका व्यवहारको परिचालन गरेको देखिन्छ। नारीवादीहरूले भनेका छन्।-"पितृसत्तात्मक समाजको संरचना र त्यस समाजमा कानुनको तर्जुमा पुरुषहरूले मात्र गरेका छैनन्, त्यसमा नारीहरूको पनि सहभागिता छ। कयौं नारीले पितृसत्ताका मान्यतालाई अन्तरीकरण गरी त्यसैअनुरूप बाँच्दै र बोल्दै आएका छन् (उप्रेती, २०६९, पृ. १७५)।" यस उपन्यासमा हीराज्यानले पनि पितृसत्ताका मान्यतालाई स्वीकार गरेकी छे। यसरी पितृसत्तात्मक संरचनाको प्रतिनिधित्व गर्ने हीराज्यानको आफ्नो अस्तित्व भने समाप्त भएको छ। उपन्यासमा ऊ पहिचानविहीन भएर बाँच्नु परेको छ।

*स्वास्नीमान्छे* उपन्यासमा मिस्री सहायक स्त्री पात्रका रूपमा देखापरेकी छ। यौनव्यवसाय चलाएर जिँउन बाध्य मिस्रीदिदीले उपन्यासमा लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गरेकी छे। कुनै पनि नारीले रहरले वेश्यावृतिजस्तो निकृष्ट पेसा अपनाउँदैनन्। बाध्यात्मक परिस्थितिमा मात्र अपनाउने हुँदा मिस्री सीमान्त पात्र हो भन्ने प्रस्ट भएको छ। ऊ आफ्नो पेसाप्रति निकै चिन्तित् पनि देखिन्छे। कतै पेसा धरापमा परे कसरी जीवन गुजार्ने भन्ने समस्याबाट विचलित भएकी छे। ऊ चिन्तित् भएको प्रसङ्गलाई  यसरी प्रस्तुत  गरिएको छ :

"मरेँ बाबा ! मरेँ पोल्यो नि पोल्यो। कसरी चहरिएर आयो नि ! लौननि !
पङ्खा एकबाजि हम्किदेऊ !" कराउन थालिन्।
"के कराएकी राँडी, चूप लाग।"
"बसी नसक्नु भो मिस्री दिदी, भतभती पोलेर आयो।"
"पोल्छ त सहन सक्नुपर्छ। बेसोमती।"
"तेरो बाबुको छाला हम्कन पङ्खा, राँडीकी छोरी। कहिले कोही

जजमानले सुने फर्केर पनि कोही आउला यहाँ ?" (पृ. ९१-९२)

माथिको साक्ष्यमा आफ्नो कोठीमा काम गर्ने यौनकर्मी पीडा खप्न नसकेर चिच्याउँदा मिस्रीले उल्टै गाली गरेको देखिन्छ। त्यस यौनकर्मीमाथि उसले गरेको दुर्व्यवहारले ऊ वास्तवमा मानवीय सम्वेदनाहीन पात्र हो भन्ने सबैलाई लाग्छ । तर सूक्ष्म दृष्टिले नियाल्दा ऊ स्वयम् पीडित भएको बुझिन्छ । पितृसत्तात्मक समाजमा महिलालाई दोस्रो दर्जाको नागरिक ठानी आर्थिक, सामाजिक लगायत सबै अधिकारबाट विमुख गरिएको हुन्छ । उनीहरूले घरभित्रै दाषीका रूपमा पीडित भएर जीवन निर्वाह गर्नुपर्ने हुन्छ । त्यति मात्र होइन, पुरुषले आफ्नो इच्छा अनुसार जुनसुकै वेला घरबाट निकालिदिन पनि सक्छ । त्यसमा समाजले औंला उठाउन सक्दैन । पितृसत्तात्मक सामन्ती समाजमा पुरुषनै शक्तिको स्रोत भएकाले महिला शक्तिहीन भएर बाँच्नुपर्ने हुन्छ । आर्थिक स्रोतमाथि पुरुषकै नियन्त्रण हुनेहुँदा र महिलाले बाँच्ने आधार केही नहुँदा बाध्य भएर वेश्यावृतिजस्तो निकृष्ट पेसा पनि महिलाले अपनाएको देखिन्छ । यो उनीहरूको रहर नभएर बाध्यता हो । यस उपन्यासका अधिकांश वेश्यावृति गर्ने नारीहरू लोग्नेले विभिन्न आरोप लगाएर घरबाट निकालेका नै देखिन्छन् । मिस्रीदिदी पनि त्यही प्रकृतिकी नारी भएकीले ऊ यो पेसा अपनाउन बाध्य देखिन्छे । त्यसैले आफ्नो जिउँने आधारका रूपमा रहेको यो पेसा पनि भोलि धरापमा पऱ्यो भने कसरी बाँच्नु भन्ने चिन्ताले ऊ पीडित भएको बुझिन्छ । एकातिर घरबाट निकालिदाको पीडा छ भने अर्कातिर आफूले अपनाएको पेसा पनि समाप्त भयो भने कसरी जिउँने भन्ने चिन्ताले उसलाई सताएको देखिन्छ । त्यसैले पनि उसले त्यस यौनकर्मीको घाउमा मलम लगाउन नसकेकी हो । उसलाई अपशब्द प्रयोग गर्दै गाली गरेको प्रसङ्ग पक्कै पनि उसको व्यक्तिगत चरित्रको अभिव्यक्ति नभएर पितृसत्तात्मक सामाजिक संरचनाले नारीमनमा गाडिदिएको त्रासको अभिव्यक्ति हो भन्न सकिन्छ । लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गर्ने मिस्रीदिदी समाजले गलत ठानेको वेश्यावृतिजस्तो निकृष्ट पेसा अँगाल्न बाध्य भएकीले पहिचानहीन भएर बाँच्न विवश भएको देखिन्छ ।

*स्वास्नीमान्छे* उपन्यासमा मैयाँनानी उल्लेखनीय सहायक नारी पात्रको रूपमा देखापरेकी छ । उसले शोषित-पीडित नारी समुदायको प्रतिनिधित्व गरेकी छ । पितृसत्तात्मक समाजका पुरुषहरूबाट लैङ्गिक हिंसाको सिकार भएकी मैयाँनानी वेश्याका रूपमा परिचित

पीडित पात्र हो । मैयाँनानी पीडित भएको सन्दर्भलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> “म पनि आफ्ना जमानामा सतीत्व र स्त्रीत्वको निकै घमण्ड भएकी आइमाई थिएँ, तिमीलाई जस्तै मलाई पनि मेरा पोइले ममाथि दानवहरूले पनि नगर्ने अत्याचार गरे । सबभन्दा सजिलो उपाय परपुरुषसित हाँसिरही भन्ने शङ्काको निहुँ थापी चुट्दै उनले मलाई कुकुर निकालेभैंँ निकालिदिए । पोइबाट पर भएर पनि उनको धर्ममा बस्न मैले निकै कोशिश गरेँ । ‘फलाना ठाउँमा एउटी चरी छ’ भन्दै गुण्डाहरू वैरिन लागे । ‘धर्म त म केही गरेर पनि नष्ट गर्न दिन्नँ’ भन्ने ह्याउ गरी मेरो पालि जोगिनी भएर पशुपतिको एउटा पाटीमा बसेर भिक्षाटन गरेर जिन्दगीको दिन गन्न लागेँ । म बसेको ठाउँमा जोगी र जोगिनीहरूकै बस्ती थियो । गुण्डा लोग्नेमानिसहरू जोगीको भेषमा लुकेर पनि सिकार ताकिरहँदा रहेछन् । आँखा नलाग्नु पर्ने वैरागी भेषले छोपेर बस्दा गुण्डाहरूले मेरो गालामा रगत देखिहाले । अनि फसाउन खोजिहाले । तैपनि धेरैबाट त बचिरहेकै थिएँ, एक बदमाशले त मौका छोपेर जबर्जस्तीको व्यवहार गरिहाल्यो । के लाग्यो ? कहाँ जाने ? सहेर बसिरहेकै थिएँ । जोगिनी नै बनिरहेकी थिएँ । हुँदाहुँदा त्यो एकजनाले मात्र होइन अरू २-४ जनाले पनि मेरो सतीत्व भङ्ग गरिदिए ।” (पृ. १०८)

माथिको साक्ष्यमा मैयाँनानी सज्जन भएर पनि दुर्जन बनाइएकी छे । उसमा सतीत्व र स्त्रीत्वको बोध हुँदाहुँदै पनि ऊ वेश्या बनाइएकी छे । पुरुषप्रधान समाजले नारीलाई न घरभित्र न घर बाहिर न गृहस्थी गरेर बस्दा न सन्यासी रूप धारण गर्दा कतै पनि सुरक्षित भएर बाँच्न दिइएको छैन । नारीलाई पुरुषको वासनातृप्तिको साधन बनाएर निरीह जीवन बाँच्न बाध्य पारिएको छ । मैयाँनानी जोगिनी भएर हिँड्दा पनि जोगीकै भेष धारण गर्ने पुरुषहरूबाट यौनहिंसाको सिकार भएकी छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा प्रभुत्वशाली पुरुषहरूले विभिन्न बाहनामा महिलालाई मानसिक, शारीरिक एवम् यौनिक हिंसा गरेर शोषित-पीडित बनाउँछन् । मैयाँनानीलाई पनि जोगीकै रूप धारण गर्ने पुरुषहरूले नै यौनिक हिंसा गरेर पीडित बनाएका छन् । उपन्यासमा मैयाँनानी पुरुषहरूबाट प्रताडित लैङ्गिक सीमान्तीकृत  नारीहरूको प्रतिनिधि हो भन्ने स्पस्ट भएको छ ।

मैयाँनानी लोग्नेले घरबाट निकालेपछि जोगिनी भएकी छे । तर ऊ त्यहाँ पनि सुरक्षित भएकी छैन । भिक्षा माग्न गएको घरभित्रकै गुण्डाबाट बलात्कृत भएपछि त्यसैलाई लोग्ने स्वीकार्न विवश देखिन्छे । त्यसबाट एक छोरी पनि जन्मेपछि उसले अर्की आइमाई पट्याएको छ र उसलाई बुढी गाई धपाएझैँ धपाइदिएको छ । जोगिनी हुँदा पनि मैयाँनानी लैङ्गिक उत्पीडनमा पर्न विवश भएको कुरा तलका साक्ष्यबाट पुष्टि भएको छ :

> “भिक्षाटनको वृत्ति थियो । एक दिनमा द्यौपाटन शहरमा भिक्षा माग्न गएकी थिएँ । मलाई थाहा थिएन, म एउटा गुण्डाको घरमा पसिछु । त्यसलाई जोगिनी पनि मन परिराखेको रहेछ किनकि उसले कोही सिकार नपाइराखेको रहेछ । अनि मेरा गालामा उसले पानी देख्यो । जबर्जस्ती गरी उसले त मलाई माथि लगि आफ्नै बनाइदियो । मलाई कराउनसम्म पनि लाज भयो, डर भयो, बस उसलाई सत्र परिहाल्यो । त्यस बेलादेखि मेरो जोगिनी भेषले गृहस्थीको भेषमा काँचुली फेऱ्यो ।”

> “४-५ वर्ष म उसकी जोडी भएर बसेँ । गुण्डालाई के छ र अघाइसकेको र अर्की एउटी सिकार भेटिएको, बस मलाई बुढी गाई धपाएझैँ धपाइदियो । त्यसको तर्फबाट मेरी एउटी छोरी पनि छ । छोरी उसकहाँ नै छ । छोरीलाई सम्झेर बेग्लै मेरा आँखा आँसु खसाइरहन्छन् ।” (पृ. १०९)

पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा पुरुषले नारीलाई शारीरिक, मानसिक एवम् यौनिक शोषण गरी पीडित बनाएको पाइन्छ । यहाँ पनि मैयाँनानी एकपछि अर्को पुरुषबाट मानसिक, शारीरिक एवम् यौनिक रूपमा शोषित भएकी छे । उसको अवस्था अत्यन्त दयनीय देखिन्छ । ऊ यस परिवेश र पहिचानसम्म आइपुग्दा साच्चिकै शक्तिहीन बन्न पुगेकी छ । ऊ नारी भएकै कारणले पितृसत्तात्मक सामाजिक समाजका प्रभुत्वशाली पुरुषहरूद्वारा लैङ्गिक हिंसाको सिकार भएको देखिन्छ ।

मैयाँनानीले पुरुषप्रधान सामाजिक संरचनाका कारण आफूले धेरै शारीरिक र मानसिक प्रताडना खेप्नु परेको भए तापनि अन्तत : उसले त्यही पीडालाई हतियार बनाएर जीवनमा सशक्त ढङ्गले विद्रोहको पाइला उचालेकी छ । यसक्रममा लैङ्गिक र यौनिक व्यभिचारको अन्त्य गर्न यौनकर्मीकै रूपमा भए पनि क्रान्ति तथा विद्रोह गर्ने संस्थाको स्थापना गर्न सक्षम

भएको देखिन्छ । समाज र देशमा जागृति ल्याउनका लागि सबभन्दा पहिला महिला समाज तथा नारी जातिको नै उन्नति हुनुपर्ने, लैङ्गिक सचेतना अधिकार तथा स्वतन्त्रताका लागि विद्रोह र क्रान्ति आवश्यक हुने भएकाले मैयाँनानी त्यसतर्फ अग्रसर भएकी छे । उपन्यासको सुरुमा मैयाँनानीले लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गरे पनि अन्त्यमा चेतनशील, विद्रोही एवम् क्रान्तिकारी नारीका रूपमा आफ्नो पहिचान कायम गरेकी छे । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> "समाज खाने कीरालाई जिउँदो राख्नु पाप हो" बोल्दै मैयाँनानीले प्रमोदलाई ताकेर हानिदिइन् । छातीमै लागेर प्रमोद ढलिहाले, ढल्नासाथै खतम कमलाले चिच्याउनसम्म पनि पाएकी थिइनन् "यो काण्डकी मुख्य नायिका, समाजकी कलङ्किनी तिमी हौ" भनेर मैयाँनानीले कमलालाई पनि पेस्तोल छाडेर खतम गरिदिइन् । (पृ. १४०)

माथिको साक्ष्यमा मोतीमाया र विनोद दुवैलाई अन्याय गर्ने प्रमोद र कमलालाई मैयाँनानीले गोली हानी हत्या गरेकी छ । समाजका कलङ्कका रूपमा रहेका ती दुवैलाई बाँच्ने अधिकार नभएको ठहर गर्दै उसले त्यस्तो कार्य गरेको देखिन्छ । मोतीमायालाई वेश्याको कोठीमा पुऱ्याउने वातावरण तयार गर्ने प्रमोद र कमला समाज खाने कीरा भएकाले उनीहरूलाई जिउँदो छोड्न नहुने धारणा मैयाँनानीको देखिन्छ । तसर्थ, समाजका लैङ्गिक समस्याका कारकतत्त्व प्रमोद र कमला दुवैलाई खत्तम गरेर सगर्व जेल जाने साहस भएकी मैयाँनानीलाई क्रान्तिकारी पात्रका रूपमा लिन सकिन्छ । आफ्नै आँखा अगाडि एउटी महिलामाथि पुरुषले लोग्ने भएको नाताले उसमाथि अन्याय गरेको र उसको बचाउ गर्न खोज्नेलाई समेत मार्न खोजेको घटना दृश्यलाई उसले मूकदर्शक बनेर हेर्न सकिनँ । बरु त्यसका विरुद्धमा उसले तुरुन्त कडा कदम उठाएकी छ । यो घटनाले 'घरेलु हिंसा कसैको निजी मामला नभएर सार्वजनिक विषय भएको र त्यसको प्रतिकारमा आवाज उठाउनु सबैको कर्तव्य हो' भन्ने नारी अभियन्ताहरूको स्वरलाई आत्मसात गरेको देखिन्छ । नारीले हिंसामुक्त जीवन जिउँन पाउनु पर्छ । साथै समाजका कुनै पनि अपराधीलाई टाउको उठाउन नसक्ने गरी निर्मुल पार्नु पर्छ भन्ने आशय मैयाँनानीको देखिन्छ । महिलामाथि हुने गरेका हिंसाका विरुद्ध सङ्गठित भएर आवाज उठाउनु पर्छ भन्ने चेतनाको विकास मैयाँनानीमा आइसकेको देखिन्छ । त्यसैले ऊ मोतीमायामाथि अन्याय गर्नेका विरुद्ध क्रान्तिकारी कदम उठाउन तयार

भएकी छे। महिलामाथि शोषण गर्ने पितृसत्तात्मक सामन्ती संरचनाका विरुद्ध शक्तिशाली कदम उठाउने मैयाँनानीले चेतनशील, विद्रोही तथा क्रान्तिकारी नारीका रूपमा आफ्नो पहिचान कायम गरेकी छे।

वेश्या बन्नु राम्रो र गर्वको विषय नभए पनि समाज सुधारका लागि आर्थिक सङ्कलनको कुनै उपाय नभएको र पितृसत्तात्मक समाजले महिलालाई हिंसाजन्य व्यवहार, यौनिक उपभोग तथा अधीनमा मात्र राख्ने गरेकाले मैयाँनानीले वेश्यावृत्तिजस्तो निकृष्ट पेसा आफूले अपनाउन बाध्य भएको बताएकी छ। आम नारीलाई वेश्या नबनाएको तर वेश्या बनिसकेका नारीलाई मात्र यो पेसामा समलग्न गराएर आर्थिक उपार्जन गरी समाज विकासका लागि खर्चेको  अभिव्यक्ति दिएकी छ। यस प्रसङ्गलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "हामी रण्डी जरुर हौँ, तर रण्डी हुनाको निम्ति रण्डी भएका होइनौँ, सती हुने हाम्रो गर्व र गौरव बलात्कारका कारणले चूर्ण भई रण्डी भइसकिएका हुनाले पनि रण्डी बनिरहेका हौँ। तर रण्डी भएर पनि हाम्रो ध्येय र उद्देश्य समाज सिंगार्नु छ। समाज सुधारको निम्ति अर्थको पनि जरुरत छ, त्यो पूर्ति गर्न हामीले अरू कुनै उपायबाट पनि सकेनौँ। पैसा कमाउने व्यवस्था हाम्रो निम्ति समाजमा बिल्कुलै नभएको, सबै कुराबाट सारा दृष्टिबाट तपाईंको समाजमा हामी नालायक, नगण्य ठहरिएका छौँ अनि केलाग्यो ? विवश भएर हामीले रण्डी भएरै पनि कमाऔँला र समाजलाई ठीक गरौँला भनेर पलेँटी कस्यौँ किनभने हामी त्यसै पनि जर्बजस्ती रण्डी भइसकेका थियौं।" (पृ. १३२)

माथिको साक्ष्यबाट पितृसत्तात्मक सामन्ती समाजले निर्माण गरेको उत्पीडनकारी आर्थिक संस्कृतिप्रति मैयाँनानीले विद्रोह गरेको प्रस्ट भएको छ। महिलालाई वेश्या हुन बाध्य पार्ने पितृसत्तालाई उसले चुनौती दिएकी छे। त्यसैले समाजले निकृष्ट ठानेको वेश्यावृत्तिलाई आपनाएर आर्थिक सङ्कलन गरी समाज विकासको अपेक्षा गरेकी छे। वेश्या हुन कसैलाई रहर नभएको तर पितृसत्ताले नै नारीलाई वेश्या बन्न बाध्य बनाएको बताउने मैयाँनानी वेश्या भएर पनि समाज परिवर्तनको पक्षमा उभिएकी छ। वेश्या  पेसाबाट कमाएको पैसा महिला हिंसाका विरुद्ध खर्च गरेकी छ। वेश्यालय खोलेर बसे पनि व्यक्तिगत स्वार्थका लागि त्यसको आमदानी खर्च नगरेर हिंसामा परेका महिलाहरूको उत्थानका लागि प्रयोग गरेको देखिन्छ।

मैयाँनानीको संस्थामा वेश्या नभएकालाई बनाउने नभएर भएकालाई नै त्यस कार्यमा संलग्न गराइएको र कसैलाई जबर्जस्तीमा त्यो पेसा अपनाउन जोड दिएको छैन। मोतीमायालाई पनि उसको संस्थामा गायन क्षेत्रमा संलग्न गराइएको देखिन्छ। उसको संस्थाको उद्देश्य नै नारी उत्थान रहेको छ। नारीको उन्नति नभई समाज अनि देश विकास नहुने सम्झी नारी हक अधिकारको पक्षमा वकालत गरेको देखिन्छ। यस अर्थमा ऊ परिवर्तनको संवाहक भएको प्रमाणित हुन्छ। उपन्यासमा उसले आफूलाई लैङ्गिकताका पक्षमा उभ्याएकी छ। सुरुमा लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गरेकी मैयाँनानीले अन्त्यमा चेतनशील, विद्रोही एवम् क्रान्तिकारी नारीका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ।

उपन्यासमा जुईनानी, लीला, वासन्तीजस्ता पात्रहरू पनि लोग्नेबाट तिरस्कृत भई घरबाट निकालिएपछि वेश्यावृति गर्न बाध्य भएका देखिन्छन्। उनीहरू पुरुषबाट लैङ्गिक हिंसा सहन विवश सीमान्तीकृत नारी समुदायका प्रतिनिधि हुन्। उनीहरूले पनि मैयाँनानी कै संस्थामा आबद्ध भएर आफूमाथि भएको उत्पीडनका विरुद्ध प्रतिकार गरेकाले चेतनशील नारीका रूपमा आफ्नो  पहिचान कायम गर्न सफल भएका देखिन्छन्।

## २.३.२ पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा पुरुषको प्रभुत्व रहे तापनि आर्थिक, सांस्कृतिक तथा लैङ्गिकताका कारण कोही पुरुष प्रभुत्वशाली र कोही अधीनस्थ बनेका देखिन्छन्। यस उपशीर्षकमा उपन्यासमा उपस्थित पुरुषहरूले के-कस्तो सामाजिक, सांस्कृतिक पृष्ठभूमिलाई प्रतिनिधित्व गरेका छन् र उनीहरूको पहिचान कस्तो बनेको छ भन्ने विषयमा अध्ययन गरिएको छ।

### २.३.२.१ मुख्य पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

*स्वास्नीमान्छे* उपन्यासमा मुख्य पुरुष पात्रका रूपमा उपस्थित भएको प्रमोदले प्रभुत्वशाली पुरुष समुदायको प्रतिनिधित्व गरेको देखिन्छ। छोरोसमेत भएकी सुन्दरताकी प्रतिमूर्ति मोतीमायाजस्ती जीवनसंगिनी पाएर पनि प्रमोद उससँग सन्तुष्ट नभई कमला भन्ने अर्की आइमाईसँग सम्बन्ध गाँस्न पुगेको छ। कान्छी श्रीमतीको प्रेममा अन्धो भएको प्रमोदले जेठी श्रीमती मोतीमायालाई विभेद र अन्यायपूर्ण व्यवहार गरेको छ। ऊ मोतीमायालाई गलत सावित गर्न कमलाले आफै कृत्रिम चिठी लेखेको, आफैं मूल ढोका खोलेर मोतीमायालाई कोही

भेट्न आउँदो रहेछ भन्ने बनाएको, बुइँगलमा खासखास खुसखुसको आवाज आउँछ भनेर झुटो कुरा गरेको थाहा पाउँदैन र मोतीमायालाई नै गलत सम्झी उसैलाई कुटपिट गर्न पुग्छ । प्रमोद लैङ्गिक हिंसामा सामेल भएको प्रसङ्गलाई तलका साक्ष्यले पुष्टि गरेका छन् :

> "कसले लेखेको यो चिट्ठी लौ भन्, लौ भन् रण्डी (चुल्ठो समातेर भकाभक लत्याउँदै) लौ भन् फुँडी ! कसले पठाएको यो चिट्ठी । नत्र आज तेरो ज्यान नलिइकन छोड्दिनँ म !" रुँदै मोतीमायाले खालि यति नै भनिरहिन्, "मलाई के थाहा छ, कसले पठएको कसले ?" माथिबाट ओहर्लेर कमला आफ्नो कोठामा पसिन् । पोइलाई साविकै रूपमा सुतिरहेको देखेर विस्तारै उनी तल छिँडीमा पुगेर फेरि एक चोटि सलाई कोरेर हेरिन् । कसैलाई नदेखेर साहससँगै मूल ढोका खोलिन् अनि माथि सरासर आएर बिछ्याउनामा पल्टिन् । "तल मानिसको जस्तै आवाज पनि सुनिन्छ ।" वेडस्वीच खोल्दै भयभावनामा कमलाले भनिन् । (पृ. ३- १३)

माथिको साक्ष्यमा कमलाले षड्यन्त्रपूर्वक लेखेको चिट्ठीलाई आधार बनाएर सत्य तथ्य नबुझी मोतीमायालाई मानसिक र शारीरिक यातना दिनु लैङ्गिक हिंसाको चरम नमुना मान्न सकिन्छ । आफू स्वयम् व्यभिचारी चरित्रको भएर पनि प्रमोदले मोतीमायाको चरित्रमाथि औंला उठाउने धृस्टता गरेको देख्दा ऊ पुरुषले जे गरे पनि मान्य हुन्छ भन्ने पितृसत्तात्मक सामन्ती सोचले ग्रस्त भएको स्पष्ट हुन्छ । केवल शङ्काको भरमा उसले मोतीमायालाई शारीरिक र मानसिक यातना दिएको छ । लोग्ने (आफू) जस्तो चरित्रको भए पनि आफ्नी स्वास्नी चाहिँ सधै उसैका(लोग्नेकै) सतमा बस्नुपर्छ भन्ने पितृसत्ताले सदियौं लगाएर निकालेको निष्कर्षलाई प्रमोदले पनि आत्मसात गरेको देखिन्छ, जसले गर्दा ऊ आफैले परित्याग गरिसकेकी स्वास्नीमाथि पनि पूर्ण अधिकार जताउँदै निरन्तर निगरानी राख्छ । निर्दोष श्रीमतीमाथि अनेकौं लान्छना लगाउँदै उसमाथि आफ्नो लोग्नेत्व प्रमाणित गर्न खोज्छ ।

प्रमोदले मोतीमायालाई गरेको दुर्व्यवहार देख्दा ऊ साच्चै क्रूर एवम् महिला पीडक हो कि जस्तो लाग्छ । तर सूक्ष्म दृष्टिले नियाल्दा उसले मोतीमायाप्रति गरेको व्यवहार केवल प्रमोदको व्यक्तिगत दोषको अभिव्यक्ति नभएर पितृप्रधान सामन्ती समाजको मानसिकताले उसको मनमा पारेको प्रभावको अभिव्यक्ति हो भन्न सकिन्छ । पितृप्रधान सामाजिक संरचना विद्यमान् भएको समाजमा पुरुष शक्तिशाली हुने र उनीहरूले महिलालाई आफू अनुकूल प्रयोग

गर्न सक्ने भएकाले महिला शक्तिहीन भएर निरीह बन्नु पर्ने अवस्था देखिन्छ । महिलाले त्यसको विरुद्ध प्रतिकार गर्ननै सक्दैनन् किनभने महिलाले आफूमाथि अन्याय भएको छ भन्ने कुराको बोध गर्न सकिरहेका हुँदैनन् । त्यसैले पनि पुरुष आफ्नो जन्मसिद्ध अधिकार सम्भ्फी महिलामाथि शोषण गरिरहेका हुन्छन् । त्यस्तो समाजमा धेरै श्रीमती ल्याउन सामाजिक रूपमा नै पुरुषलाई छुट गरिएको हुन्छ । त्यस कार्यमा कसैले प्रश्न गर्नै सक्दैनन् । धेरै स्वास्नी ल्याउनु, जेठीलाई हेला गर्नु, उसप्रति निगराानी बढाउनु, सन्तानप्रतिको दायित्व बोध नगर्नुजस्ता कार्य पितृसत्तात्मक सामाजिक संरचना भएका ठाँउमा सामन्य मानिन्छ । त्यसैले आफूले त्यागी सकेकी श्रीमतीमाथि प्रमोदले बारम्बार निगरानी गरिरहेको छ । यसरी उपन्यासमा उसले पितृसत्तात्मक सामन्ती समाजको प्रभुत्वशाली पुरुषको रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ ।

पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा पुरुषले धेरै श्रीमती ल्याउने, जेठीपटिका सन्तानलाई बेवास्ता गर्ने, छोराछोरीलाई उसकी आमा गलत भएको सावित गर्न विभिन्न लान्छना लगाउने र आफू सही भएको विचार प्रवाह गर्ने गरेको देखिन्छ । समाजमा पुरुषले महिलालाई विभिन्न किसिमका आरोप लगाएर आफ्नो हकअधिकारबाट विमुख गरिरहेका हुन्छन् । उपन्यासमा प्रमोदले पनि उसकी जेठी श्रीमती मोतीमाया र छोरो विनोदलाई विभिन्न बाहानामा पीडा दिइरहेको देखिन्छ । स्वास्नीको रिसले छोरालाई समेत भोकभोकै राखेको छ । नाबालक छोराको अगाडि ऊ मोतीमायालाई जथाभावी गाली गर्दै कुटपिट गर्न पुग्छ । उसले स्वास्नीप्रति गरेको दुर्व्यवहारले छोराको बालमस्तिष्कमा नराम्रो असर पर्छ भन्ने हेक्का राख्दैन । छोराप्रति कुनै दायित्व वहन गर्दैन । उसले छोरो सानो छँदा मात्र होइन ठूलो भएपछि पनि उसप्रति नराम्रो व्यवहार गरेको छ । आफूले भनेको नमान्दा उसले छोरालाई कहिले कलकत्ता पठाउने, कहिले अंशबाट अलग गर्ने, कहिले विवाह गरिदिने त कहिले मार्ने भनी बेलाबेला धम्क्याइरहन्छ । आफूले लत्याएर घरबाट निकालेकी स्वास्नीलाई विनोदले आमा भनेर भेटेको ऊ सहन सक्दैन । विनोदलाई उसकी आमाबाट टाढा पार्न मोतीमायाका बारेमा गलत कुरा भनिरहन्छ । तर केही गरे पनि विनोद आफ्नी आमाको निर्दोषिता प्रमाणित गर्न लागि परेपछि ऊ विनोदमाथि गोली प्रहार गर्न पनि पछि पर्दैन । आफ्नो आदेशलाई छोरो विनोदले पालना नगरेपछि बाबु प्रमोदले फेरि छोरो विनोदलाई धम्क्याउदै श्रीमती कमला र विनोदसँग भनेका कुरालाई तलका साक्ष्यहरूले पुष्टि गरेका छन् :

साक्ष्य १ :

> "लौ यो पाजीलाई भोलि नै कलकत्ता पठाउने इन्तजाम गर । यसलाई यहाँ राख्न भएन । लाठे जवान भइसकेर पनि रण्डी आमा भेट्न गएर मलाई हा हा गराइरहेछ, शत्रु हँसाइरहेछ । आफूलाई पनि त अलि लाज हुनुपर्छ । ४ जनाले के भन्लान् भन्ने विचार पनि त हुनुपर्छ । कस्तो बुद्धि भएको, गधाको ! त्यसैले यो पशुलाई भोलि नै कलकत्ता पठाइदेऊ अनि मलाई सञ्चो हुन्छ ।"
>
> "त्यसो भए अबदेखि रण्डी आमा भेट्न जान्नँ भन्ने कबुल गर्, फेरि भेट्न गएको थाहा पाएमा म तेरो ज्यान लिन्छु ।" अलि सम्हालेको भावमा प्रमोदले भने । (पृ. ८३)

साक्ष्य २ :

> "लौ वेदीमा बलि होस् पशु" भन्दै प्रमोदले विनोदको खुट्टामा ताकेर फायर छाडिहाले । (पृ. १४०)

पुरुषप्रधान सामाजिक संरचना भएको समाजमा प्रभुत्वशाली पुरुषले आफ्ना स्वास्नी, छोराछोरीलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न चाहान्छन् । यदि उनीहरूले भनेको मानेन् भने उनीहरूप्रति जस्तोसुकै कठोर कदम पनि उठाउन सक्छन् । प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र प्रमोदले पनि जेठी श्रीमती मोतीमायामाथि मात्र होइन, छोरो विनोदमाथि पनि कठोर कदम उठाएको कुरा माथिको साक्ष्यबाट प्रस्ट भएको छ । उपन्यासमा प्रभुत्वशाली पुरुषहरूको प्रतिनिधित्व गर्ने प्रमोदले एक क्रूर, हैकमवादी, पीडक, पितृसत्ताको प्रतिनिधिका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ । पुरुषले आफ्नै सन्तानको बेवास्ता गरी यौनिक आनन्दमा रमाउने गरेको र दायित्व बोध गर्न नसकेको कुरा प्रमोदको "यी पूर्वजन्मका साहुहरूले हामीलाई कहिल्यै सुखको सास फेर्न दिँदैनन् (पृ. ५) ।" भन्ने अभिव्यक्तिबाट स्पष्ट भएको छ ।

उपन्यासमा प्रमोदको उपस्थितिले पितृसत्तात्मक सामन्ती समाजको प्रतिनिधित्व गरेको देखिन्छ । बहुपत्नी प्रवृत्ति पितृसत्ताको एक विशेषता मानिन्छ । यसमा प्रमोदका बहुपत्नी हुनु पनि पितृसत्ताकै प्रभाव हो भन्न सकिन्छ । प्रमोदले नारीलाई केवल वासनापूर्तिको साधन

मानेको छ । त्यसैले मोतीमायाको कोखबाट विनोद जन्मेपछि दोस्री पत्नीका रूपमा कमलालाई भित्रयाउँछ भने फेरि पछि कमलाका आँखा छलेर नोकर्नीसँग ख्यालठट्टा गर्न पुग्छ । प्रमोदले चम्पामाथि यौनशोषण गर्न खोजेको कुरा निम्नलिखित साक्ष्यले प्रमाणित गरेको छ : मुसुक्क हाँसेर प्रमोदले भने "कमला भात खान लागेकी बेला एकचोटि आइज न है, तँलाई भनेर मैले एउटा राम्रो फरिया ल्याइराखेको छु ।" "चिया बाँकी छ ? भैगो तँ खा, जा !" अलि लस्सिएको भावमा प्रमोदले भने । (पृ. ७५)

पितृसत्तात्मक सामन्ती समाजमा प्रभुत्वशाली पुरुषले नारीलाई केवल वासनापूर्तिको साधन ठानी त्यस अनुरूपको व्यवहार गर्दै आएको पाइन्छ। त्यस्तै सन्तान जन्मेपछि महिलाहरूबाट अपेक्षाकृत यौनसन्तुष्टि प्राप्त नहुने ठानी दोस्रो विवाह गर्ने तथा बाहिर यौनकर्मी राख्ने गरेको पनि देखिन्छ । प्रमोदले पनि मोतीमाया हुँदै कमलालाई विवाह गर्नु, कमलाका अनुपस्थितिमा चम्पालाई भेट्न खोज्नु पक्कै पनि पितृसत्ताकै दोष हो, उसको व्यक्तिगत चारित्रिक दोष होइन, पुरुषप्रधान मानसिकताले उसको मनमा पारेको प्रभावको अभिव्यक्ति हो भन्न सकिन्छ । पितृसत्ताकै आडमा उसले महिलालाई यौन सन्तुष्टिको माध्यम सम्झी एकपछि अर्की नारीलाई आफ्नो जालमा फसाएको छ । उसका यस्ता कार्यमा पितृसत्ताको प्रभाव स्पष्ट देखिन्छ । उपन्यासमा प्रमोदले पितृसत्तात्मक सामन्ती सोचले ग्रसित कामपिपासु पुरुषहरूका रूपमा आफ्नो पहिचान कायम गरेको छ ।

नोकर-चाकरसहित सिकार खेल्न जाने प्रमोद प्रभुत्वशाली वर्गको प्रतिनिधि भएको थाहा हुन्छ । यस कुरालाई प्रस्ट पार्न निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ : ढुकुरको माला नोकरलाई बोकाई दुईटा कुकुर पछि लाउँदै सिकारबाट फर्किरहेका प्रमोद दैलो नाघेर भित्र पुगेको देख्नसाथ भुईं वैठकको झयालबाट हेरी कमलाले ख्याल गर्दै भनिन् । (पृ. १३५)

पितृसत्तात्मक सामन्ती समाजमा प्रभुत्वशाली वर्गका पुरुषहरू सौखका लागि नोकरचाकरसहित सिकार खेल्न जाने गरेको देखिन्छ । माथिको साक्ष्यमा प्रमोद पनि कुकुर लिएर नोकर-चाकरसहित सिकार खेल्न गएको बुझिन्छ । सिकारमा ढुकुरको माला नोकरलाई बोकाएर घर फर्किएको देखिन्छ । यसबाट पनि ऊ सामन्ती संस्कारमा बढेको व्यक्ति हो भन्ने सङ्केत पाइन्छ ।

सांरसमा भन्नुपर्दा धेरै पत्नी बटुल्नु, नारीलाई वासनातृप्तिको साधन मान्नु, घरमा पत्नी हुँदाहुँदै दोस्री पत्नी ल्याउनु, नोकर्नीसँग जिस्कनु, घरमा नोकर-चाकर राख्नु, नोकर र कुकुरसहित सिकार खेल्न जानुजस्ता प्रमोदका क्रियाकलापले ऊ प्रभुत्वशाली वर्गको प्रतिनिधि हो भन्ने प्रमाणित भएको छ । प्रमोदले उपन्यासमा श्रीमती र छोरो विनोदप्रति गरेको दुर्व्यवहारले गर्दा उसको पहिचान क्रूर, पितृसत्तात्मक सामन्ती सोचले ग्रस्त कामपिपासु व्यक्तिहरूका रूपमा भएको देखिन्छ ।

## २.३.२.२ सहायक पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

*स्वास्नीमान्छे* उपन्यासमा उल्लेखनीय सहायक पुरुष पात्रको रूपमा विनोद देखापरेको छ। ऊ प्रमोद र मोतीमायाको छोरो हो । बाबु प्रमोदले दोस्री पत्नीका रूपमा कमलालाई अपनाएपछि ऊ प्रमोद र कमलाबाट प्रताडित हुन पुगेको छ । उसले उपन्यासमा उत्पीडित बालक (पुरुष)हरूको प्रतिनिधित्व गरेको देखिन्छ । प्रमोद र कमलाले दिएको यातना सहन नसकी मोतीमायाले घर छाडेपछि विनोद झन पीडित बनेको पाइन्छ । मोतीमाया मोहनबहादुरसँग बस्न थालेपछि मोहनबहादुर र चम्पाका सहयोगले विनोदले आमासँग भेट गर्ने अवसर पाएपछि भने विनोदलाई राहत महसुस भएको बुझिन्छ । तर विनोदले आमालाई भेट्न नपाउँदा ऊ पीडाले छटपटाएको देखिन्छ । विनोद आमाका अनुपस्थितिमा पीडित भएको सन्दर्भलाई निम्नलिखित उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

> आँखामा वेदना बोकेर सुस्केराले बराबर छिनालिरहेको स्वरमा विनोदले भने, “आमा ! आज मैले बल्ल तपाईको दर्शनको सौभाग्य पाएछु, योभन्दा अगि तीनपल्ट त अँध्यारोमा हराएर आँसुले रुझदै फर्किसकेँ । ढोकाको दैलोसम्म पनि मैले कुल्चन पाइनँ आमा । तपाईको दर्शन बराबर नगरीकन मेरो मात्र मन कहाँ रहन्थ्यो ? किन मान्थ्यो ?” (पृ. ७८)

पितृसत्तात्मक सामन्ती समाजमा पुरुषले धेरै श्रीमती ल्याउने, दोस्री ल्याएपछि पहिलीकीलाई यातना दिएर घरबाट निकाल्ने अनि उसका सन्तानलाई पनि मातृत्वविहीन बनाएर पीडित बनाउने गरेको पाइन्छ । समाजमा पुरुषले विभिन्न बाहानामा महिलामाथि अन्याय गर्दा त्यसको सिकार उसका सन्तान पनि हुने गरको देखिन्छ । माथिको साक्ष्यमा विनोदको बाबाले पनि दोस्री स्वास्नी ल्याएर उसकी आमालाई घरबाट निकालेपछि विनोद

मातृत्वविहीन भएर छटपटाएको देखिन्छ । ऊ आमालाई भेट्न चाहन्छ । तर भेट्न सक्दैन । आमा भाको ठाउँमा जाँदा पनि उसलाई भेट्न दिइएको छैन । आमासँगको वियोगले विनोद पीडित भएको बुझिन्छ । ऊ आमासँग बस्न चाहन्छ तर बाबु प्रमोदले आमालाई घरबाट निकालेपछि ऊ त्यो अवसरबाट बन्चित भएको देखिन्छ । ऊ आमालाई भेट्न जाँदा तीन-तीन पटक मोहनबहादुरद्वारा फर्काइएको छ तर पनि ऊ प्रयासरत देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचनाको उत्पीडनकारी संस्कृतिका कारण विनोद उत्पीडनमा परेको देखिन्छ ।

आमाको दर्शन बराबर गर्न चाहने विनोद मातृभक्त भएको पाइन्छ । विनोदले आमासँग भेट गरेको थाहा पाएर प्रमोदले उसमाथि दुर्व्यवहार गरेको देखिन्छ । प्रमोदले मोतीमायाका विरुद्ध नानाथरी भनेर विनोदलाई आफूप्रति आकर्षित गर्न खोजे पनि आमाप्रतिको उसको दृष्टिकोण प्रष्ट भएकाले ऊ बाबुसँग डराउँदैन । आमासँग भेट गरे अंशबाट बन्चित हुने भन्ने कागज गराइएपछि पनि आमाको मायाका अगाडि त्यस भौतिक सम्पतिलाई तुच्छ ठान्दै ऊ आमालाई भेट्न जाने अभिव्यक्ति दिन्छ । यस प्रसङ्गलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> “बाबुको नातामा तपाईले दिनुभएको जे पनि सजायको निम्ति शिर थाप्दछु , तपाईको लातलाई टाउकोले स्वागत गर्दछु , तपाईको बातलाई हृदयले पूजा गर्दछु, तर आमाको नातामा म आमालाई बराबर दर्शन गरिरहन्छु, भेटिरहन्छु । मलाई तपाईको सम्पति-अंशको पनि पर्वाह छैन, त्यसको लोभ छैन । कसैको निम्ति केही भए मेरो निम्ति आमा नआमा हुनु भएको छैन, हुनुभएको देख्तिनँ । म आमा होइन र छैन भन्न पनि सक्तिनँ, हो र छ भने मैले मान्नै पर्दछ ।” ( पृ. १२४)

माथिको साक्ष्यमा विनोद मातृभक्त भएको पुष्टि भएको छ । आमाप्रतिको विनोदको आस्थाका अगाडि प्रमोदको कुनै पनि लान्छना बलियो साबित हुन सकेको देखिँदैन । कसैका लागि आमा केही भए पनि मेरा निम्ति आमा नआमा हुनु भएको छैन भन्दै आमाले मोहनबहादुरसँग विवाह गर्नुपर्ने विवशता भएको सङ्केत गरेको छ । पितृसत्तात्मक सामन्ती समाजमा मोतीमायाले कुनै गल्ती नै नगरे पनि परिबन्धले उसलाई वेश्या बनाएको हो भन्ने उसले बुझेको छ । त्यसैले उसले आमाको मायामा कुनै कमी गरेको देखिँदैन । ऊ आमालाई अधिकार दिलाउन प्रयासरत देखिन्छ । विनोदले आमाका माध्यमबाट उत्पीडनमा परेका सिङ्गो

नारी समुदायका पक्षमा आवाज उठाएको पाइन्छ । उपन्यासमा उसले बाबु र सौतेनी आमाद्वारा उत्पीडनमा परी घर छोड्न बाध्य भएकी आमा मोतीमायालाई आफ्नो हकअधिकार दिलाउन सफल भएकाले उसले लैङ्गिकताको पक्षधरका रूपमा आफ्नो पहिचान निर्माण गरेको देखिन्छ ।

विनोदले जब आमाले मोहनबहादुरलाई पनि छाडेर वेश्यालयमा नै बसेको कुरा बाबु प्रमोद र सानिमा कमलाबाट थाहा पाउँछ, तब उसको मातृभक्तिमा चोट लागेको देखिन्छ । आमा साच्चै गलतै पो हो कि भन्ने उसलाई भान भएको छ । त्यसैले ऊ खुकुरी लिएर आमा भएको ठाउँ गएको देखिन्छ । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> “तँलाई खबर छ गधा, तेरी आमा मोहनबहादुरलाई पनि छाडेर अर्को कलिलो पठ्ठो अँगाल्न गइसकी ! दोस्रो पोइलाई पनि लत्याएर कोठीकी रण्डी बन्न गइसकी !” कमलाले भनिन्, “हो विनोद पक्का हो, । पोइ छोडेर, छोरो फ्याँकेर पोइल जाने हजार छन्, तर पनि तिम्री आमाजस्ती इज्जत बिकाउने आइमाई कमै होलान् । कति नराम्रो कुरा लौ ! कोठीमा प्रत्यक्षै रण्डी भएर बसिदिइसकी ।” यो कुराले विनोदको शिर निहुर्‍यो । एक शब्द पनि तिनले बोलेनन् । भित्रभित्र आमादेखि विनोद आगो पनि भइसके । तत्क्षणात् केही पनि नबोलीकन विनोद गए । बाबुको कोठाबाट गएर विनोद सरासरै आफ्नो कोठामा बसे । एकछिन बिछ्याउनामा चित्ता परे,तत्क्षणात् जुरुक्क उठी एउटा खुकुरी बोकी विनोद सरासर बाहिर लम्के । (पृ. १२७)

आमा मोहनबहादुरकहाँ छउनजेल सबैसँग जुधेर भेट्न गइरहने विनोद जब आमा त्यहाँबाट पनि वेश्यालयमा पुगेको कुरा थाहा पाउँछ तब उसको मातृभक्तिमा लीन पुरुषचेत तिल्मिलाउन पुग्छ । के कारणले मोतीमाया त्यस ठाउँमा पुगी भन्ने कुराको उसले खोजी नगरी एक्कासी खुकुरी लिएर आमामाथि जाइलागेको देख्दा विनोद पनि पितृसत्तात्मक सामन्ती समाजकै प्रतिनिधि हो भन्ने संकेत मिल्छ ।

उपन्यासमा विनोदले मैयाँनानीबाट मोतीमाया (आमा)का बारेमा सत्य कुरा थाहा पाएपछि भने ऊ आमाप्रति झन नजिक हुन पुगेको देखिन्छ । जसरी भए पनि आफ्नी आमाको निर्दोषिता प्रमाणित गरेर आमाको अधिकार दिलाउन तत्पर विनोद अपठ्यारो परिस्थितिसँग

पनि डराएको छैन । विनोद आमाको अधिकार दिलाउन बाबु प्रमोदसँग पनि सङ्घर्ष गर्न तयार भएको कुरालाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "बासितै पनि सङ्घर्ष गरुँला । अहिले मैले आमालाई खालि आमा भनेर मात्रै आदर गरिरहेको होइन, सत्यको पूजा गरिरहेको हुँ, त्यसैले सत्यको निम्ति, कर्तव्यको निम्ति तपाईले रण्डी भएर संसार उठाउन खोज्नुभएजस्तै मैले बाबुलाई खतम गरेर पनि सत्यको पूजा गरुँला ।" (पृ. १३३)

माथिको साक्ष्यमा विनोदले आफ्नी आमालाई केवल आमा मात्र भएर होइन, सत्य भएकाले जस्तोसुकै चुनौतीलाई सामना गरेर भए पनि सत्यको पक्षमा लड्ने भाव व्यक्त गरेको पाइन्छ । मोतीमायामाथि भएको लैङ्गिक हिंसाका विरुद्ध लडेर आमाको अधिकार दिलाउने कार्यमा आफू प्रतिबद्ध भएको अभिव्यक्ति दिने विनोद लैङ्गिकताको पक्षधर भएको पुष्टि हुन्छ । स्वतन्त्रता, सम्मान र अधिकार स्थापनाका लागि आफ्नै बासँग पनि सङ्घर्ष गर्न पछि नहट्ने विनोदले आमालाई सम्मान दिएर सत्यको पूजा गर्ने अठोट गरेको देखिन्छ । उसको यो अभिव्यक्तिबाट आमाको माध्यमबाट समग्र नेपाली नारीको जीवन स्थितिको विश्लेषण गर्दै त्यसको पक्षधर भएको सङ्केत मिल्छ । पितृसत्तात्मक समान्ती समाजको उत्पीडनकारी व्यवस्थाका विरुद्ध आवाज उठाउने विनोदको पहिचान विद्रोही, सचेत एवम् चेतनशील पुरुषका रूपमा भएको छ ।

पितृसत्तात्मक सामाजिक संरचनामा प्रभुत्वशाली पुरुषले विभिन्न बाहानामा महिलालाई घरबाट निकालेका हुन्छन् । उनीहरू बेसाहारा भएर वेश्यालयमा पुगेर निकृष्ट काम गर्न बाध्य हुन्छन् । यसमा महिलाको कुनै दोष हुँदैन । तर पनि समाजका नजरमा महिलानै दोषी ठहरिन्छन् । उपन्यासमा विनोदको बाबाले पनि आमा मोतीमायालाई विनाकारण घरबाट निकालेपछि आमा वेश्यालयमा पुग्न बाध्य भएकी हो भन्ने विनोदले बुझेको छ । त्यसैले बाबु प्रमोदलाई चुनौती दिँदै विनोद आमालाई निर्दोष सावित गर्न लागि परेको देखिन्छ । विनोदकी आमा निर्दोष भएको कुरालाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "मेरी आमा द्यौता हुनुहुन्छ, सती हुनुहुन्छ, देवी हुनुहुन्छ । मोहनसित मेरी आमा पोइल जानुभएको होइन, बरु तपाईंलाई रण्डी अँगाल्न परेकोले मेरी आमालाई तपाईले अनेक निहुँ, बहाना झिकी चुटेर, पिटेर लत्याएर

निकाल्नुभो । तपाईंको सतीत्वमा अझ आमा आत्महत्या गर्न तयार भइसक्नुभएको थियो अनि धूर्त गुण्डा मोहनबहादुरले भेट्टाई मानवताको आडमा आफ्नो पञ्जा र कब्जामा पारी विवश र बाध्य गरेर आमालाई त्यसले फसाएको हो । त्यसको जवाफदेही तपाईं हुनुहुन्छ । मेरी आमालाई तपाईं रण्डी मान्नुहुन्छ भने रण्डी बनाउने तपाईं नै हुनुहुन्छ । तपाईंले जबर्जस्ती सतीलाई रण्डी बनाइदिनुभयो । तपाईंले मेरी आमाको जीवन नष्ट गर्नुभयो । तपाईंले .... धमिल्याइरहनुभएको छ ।" (पृ. १३७)

माथिको साक्ष्यमा मोतीमायालाई परिबन्धले वेश्या बनाएको हो भन्ने पुष्टि भएको छ । ऊ सत्य हुँदाहुँदै पनि प्रमोदलाई वेश्या चाहिएकाले सतीलाई वेश्या बनाइएको हो भन्ने अभिव्यक्ति विनोदको देखिन्छ । मोतीमायालाई शारीरिक र मानसिक हिंसा गरेर घरबाट ननिकालेको भए उसले मोहनबहादुरजस्तो गुण्डाको जालमा फस्नु पर्ने थिएन न त मिस्रीको कोठीमा नै पुग्नु पर्ने थियो । मोतीलाई वेश्या बनाउने वातावरण स्वयम् प्रमोदले नै तयार गरेको हो भन्दै विनोद बाबुसित आक्रोशित भएको देखिन्छ । पितृसत्ताका आडमा प्रमोदले जबर्जस्ती मोतीमाया (सती) लाई वेश्या बनाई उसको जीवन नष्ट गरेकाले उसले प्रमोदलाई दोषी ठहऱ्याउँछ । उसले मोतीमायालाई मात्र होइन समाजलाई फलाउने, फुलाउने, हुर्काउने नारीजातिलाई समेत अपमान गर्ने प्रमोद गलत भएको अभिव्यक्ति दिएको छ ।

विनोदका यी भनाइमा मातृत्वप्रतिको उसको उच्च आस्था मात्र होइन, समाज परिवर्तनको आकाङ्क्षा पनि प्रकट भएको पाइन्छ । समाजमा विनाकारण नारीलाई गलत सावित गर्ने पितृसत्तात्मक सामन्ती समाजका विरुद्धमा विनोद उभिएको देखिन्छ । नारीलाई हेप्ने गलत संस्कृतिलाई निरन्तरता दिइरहनु भनेको केवल नारीलाई मात्र पछि पार्नु होइन, सिङ्गो समाजलाई नै पछि पार्नु हो भन्ने आशय व्यक्त गर्ने विनोद महिलामैत्री समाजको पक्षधर भएको बुझिन्छ । ऊ आमा मोतीमायाको माध्यमबाट सिङ्गो महिला समाजको पक्षमा उभिएको देखिन्छ । यसरी सुरुमा उत्पीडित पुरुष समुदायको प्रतिनिधित्व गर्ने विनोदले अन्त्यमा लैङ्गिकताको पक्षमा उभिन सफल शक्तिशाली पुरुषका रूपमा आफ्नो पहिचान कायम गरेको छ ।

समाजमा व्याप्त लैङ्गिक हिंसाका विरुद्ध आवाज उठाउने विनोदले लैङ्गिक सचेतनायुक्त क्रान्तिकारी पुरुषका रूपमा आफूलाई परिचित गराएको छ । समाजमा व्याप्त अन्धविश्वास र

विभेदकारी परम्परालाई हटाउनु पर्ने आवाजसहित अगाडि बढेको विनोदले नारीलाई देशका देवी र संसारका नेत्री मान्नु पर्ने धारणा व्यक्त गरेको देखिन्छ। आफू र आफ्नी आमा मोतीमायालाई त्यति विघ्न अत्याचार गर्ने प्रमोदलाई मैयाँनानीले गोली हानी हत्या गरेकोमा पनि ऊ खुशी देखिँदैन। ऊ बाबु प्रमोदको मृत्युमा दुःखी भएको छ। "पिताजीलाई तपाईंले मार्न नपर्ने, तपाईंले हक नभएको काम गर्नु भयो (पृ. १४०)।" भन्दै विनोद मैयाँनानीसँग रोएको देखिन्छ। यसबाट ऊ पुत्र हुनाको उत्तरदायित्वबोध र मानवताका पक्षधर भएको पुष्टि हुन्छ। अन्तत : पितृसत्तात्मक सामन्ती समाज र मनोवृतिका कारण उत्पीडित बनेर वेश्यावृत्तिमा संलग्न भई लैङ्गिक हिंसाको अन्त्य गर्न नारी हक र अधिकारका पक्षमा आफूलाई समर्पित गर्ने मैयाँनानीलाई समर्थन गर्दै आफ्नो घर समेत 'मैयाँ-मन्दिर'का नाममा रूपान्तरण गर्न ऊ पछि परेको छैन। यसरी पितृसत्तात्मक समाजको अन्त्य गरी समतामूलक समाजको निर्माणमा योगदान गर्ने विनोदले लैङ्गिकताको पक्षधरको रूपमा आफ्नो पहिचान निर्माण गरेको देखिन्छ।

*स्वास्नीमान्छे* उपन्यासकी प्रमुख नायिका मोतीमायाको दोस्रो लोग्नेका रूपमा रहेको सहायक पात्र मोहनबहादुरको उपस्थितिले प्रभुत्वशाली पुरुष समुदायकै प्रतिनिधित्व हुन पुगेको छ। प्रमोदले मोतीमायालाई घरबाट निकालेपछि ऊ आत्महत्या गर्न लोगेकी हुन्छे। त्यही अवस्थामा उसलाई मोहनबहादुरले भेटेर सम्झाईबुझाई आफ्ना घर लगेको देखिन्छ। पहिले बहिनी बनाउने सर्तमा लगे पनि केही समयपछि भावनात्मक नियन्त्रण र सहयोग गरेजस्तै गरी आफ्नो कब्जामा पारेर यौनान्द लिने काम गरेको छ। मोतीमायालाई लामो समयसम्म भोगेपछि अर्की नवयुवती भेटेको र उसलाई थारी गाई धपाएझैँ धपाइदिएको छ। उसको व्यवसाय नै यस्तै भएको प्रसङ्ग तल यसरी प्रस्तुत गरिएको छ :

> मोहनबहादुरले यस्तै धुर्त्याईं र बदमाशी गरेर अरू तीन सिधीसाधी नवयुवतीहरूको जीवन धुलोमा मिलाइदिइसकेका थिए। तर मोतीमायाले यतिका वर्ष मोहनबहादुरबाट हदै प्रणय सुख भोगिरहन पाएकी छन्।
>
> बीस नाघ्यो कि स्वास्नी मानिसहरूमा मोहनबहादुर यौवन पङ्चर भएको देख्थे। उनको लेखा सोह्रदेखि बीसैसम्म मात्र आइमाई युवती हुन्। २५ पुग्यो कि त उनी एकदम बुढी नै मान्दथे र हेल जातिले थारी गाई धपाइपठाएझैँ धपाइहाल्थे। (पृ. ८५)

पितृसत्तात्मक सामन्ती संरचना विद्यमान् रहेको समाजमा पुरुषले नारीलाई नारी भएकै आधारमा उसमाथि मानसिक, शारीरिक एवम् यौनिक हिंसा गरी शोषण गरेको देखिन्छ । नारीलाई कमजोर ठानी उनीहरूलाई हक अधिकारबाट बन्चित गरी विभिन्न तरिकाले उनीहरूमाथि शोषण गर्न पुरुष पछि पर्दैनन् । समाजमा पुरुषले महिलालाई विभिन्न बाहानामा तिरस्कृत गर्दै घरबाट निकाल्ने सम्मका गैरजिम्मेवारपूर्ण काम गरेको देख्न सकिन्छ । यहाँ मोहनबहादुरले पनि मोतीमायालाई अघाउची भोगीसकेपछि घरबाट निकालेको छ । उसले यसभन्दा अगाडि पनि तीन-तीन वटी युवतीलाई केही समय भोगेपछि  मोतीमायालाई जस्तै घरबाट निकालेको देखिन्छ । उसको यस्तो कार्यमा कसैले प्रश्न गर्न सकेको देखिँदैन । उसले नारीलाई केवल वासनापूर्तिको साधन ठानी एकपछि अर्कीलाई आफ्नो चङ्गुलमा फसाएको देखिन्छ । अर्की नवयवुती नभेटेर मात्र उसले मोतीमायालाई लामो समयसम्म श्रीमतीका रूपमा स्वीकारेको छ । १६ देखि २० वर्षसम्मका महिलालाई मात्र युवती ठान्ने मोहनबहादुरले २५ वर्ष पुगिसकेकालाई यौवन रित्तिएको ठानी गलहत्याएको देखिन्छ । ऊ नारीलाई एउटा शरीरबाहेक अरू केही पनि देख्दैन । प्रभुत्वशाली पुरुष समुदायको प्रतिनिधित्व गरेको मोहनबहादुरले यौनपिपासु व्यक्तिका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ ।

लैङ्गिक उत्पीडन खप्न नसकेर मोतीमाया घर छोड्न विवश भएकी छ । घरबाट हिंडेपछि पनि जाने ठाउँ कतै नभएकाले ऊ मृत्युलाई आत्मसात गर्न तयार भएको देखिन्छ । त्यही वेला उसलाई मोहनबहादुरले भेटेर उसका बारेमा सबै पत्ता लगाएको छ । उसले मोतीमायालाई फसाउने षड्यन्त्र गर्दै बडो भावुक भएर  भनेको छ -"त्यसो भए हिँड मेरो घरमा । बहिनी बनाएर म तिम्रो सकेको सेवा गरिराख्छु । म तिम्रो छोरालाई चोरेर ल्याएर पनि बराबर भेटाइराख्छु (पृ. ४३)" । ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यताको आधारमा प्रभुत्वशाली वर्गले वार्ता वा सहमतिमानै आफ्नो वर्चस्व कायम गरेका हुन्छन् भन्ने मतानुसार उपन्यासको यस प्रसङ्गमा पनि मोहनबहादुरले लोग्नेबाट त्यागिएर आत्महत्या गर्न ठिक परेकी मोतीमायालाई बहिनी बनाउने सर्तमा सहमतिमा नै आफ्ना घर लगेको छ । त्यहाँ प्रेमको नाटक गर्दै स्वास्नी बनाएको र केही समय भोगिसकेपछि मोतीमायालाई शारीरिक र मानसिक यातना दिएर घरबाट निकालेको छ, जुन कार्य लैङ्गिक हिंसाको पराकाष्ठा मानिन्छ । उसले मोतीप्रति गरेको अत्याचार हेर्न नसकेर छिमेकीहरूले सम्झाउँदा उल्टै मोतीमायाको चरित्रमाथि

प्रश्न गर्दै मोहनबहादुरले छिमेकीहरूसँग भनेको कुरालाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "स्वास्नी तब मात्र स्वास्नी हो, जबसम्म लोग्नेको भलाइ चाहेर भक्ति गर्छे, जो पनि गुण्डालाई पनि अँगालिरहन्छे भने के त्यस बेला पनि स्वास्नी स्वास्नी हुन्छे ? यसको चरित्रको बारेमा म तपाईंहरूलाई के भनुँ, लाजले कुरा घाँटिमै अड्छ, 'कहे त बाप कुत्ता खाए' भने जस्तो मलाई भइरहेछ ।" (पृ. ८८)

मोहनबहादुर स्वयम् व्यभिचारी चरित्रको भएर पनि उसले मोतीमायाकै चरित्रमाथि प्रश्नचिह्न खडा गरेको देखिन्छ । माथिका साक्ष्यबाट ऊ पुरुषले जे गरे पनि सही हुन्छ भन्ने पितृसत्तात्मक सामन्ती सोचले ग्रस्त भएको स्पष्ट हुन्छ । मोतीलाई अघाउजी भोगिसकेपछि अर्की पत्नी भेटेको र उसलाई हुँदैनभएको आरोप लगाएर घरबाट निकालेको देख्दा उसको यौन उपभोग गर्ने प्रवृत्ति प्रष्ट भएको देखिन्छ । ऊ नारीलाई वासनापूर्तिको साधन ठान्दै एकपछि अर्कीलाई उपभोग गर्ने अनि पहिलीकीलाई अनेकौं लान्छना लगाएर कुटपिट गर्दै घरबाट निकाल्ने अत्यन्त क्रूर व्यक्तिका रूपमा चिनिएको छ । यसरी उपन्यासको सुरुमा प्रभुत्वशाली पुरुष समुदायको प्रतिनिधित्व गरेको मोहनबहादुरले अन्त्यमा पितृसत्तात्मक सामन्ती सोचले ग्रसित कामपिपासु व्यक्तिहरूका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ ।

## २.४ *एक चिहान* उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान

*एक चिहान* उपन्यासमा लैङ्गिक दृष्टिले प्रभुत्वशाली र सीमान्तीकृत बनेका नारी तथा पुरुष पात्रहरूको प्रतिनिधित्व र पहिचान कसरी भएको छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

### २.४.१ नारी पात्रको प्रतिनिधित्व र पहिचान

*एक चिहान* उपन्यासमा लैङ्गिक दृष्टिले सीमान्तीकृत बनेका नारी पात्रहरूलाई मुख्य र सहायक नारी पात्रको रूपमा विभाजन गरी विभिन्न उपशीर्षकमा तिनीहरूको प्रतिनिधित्व र पहिचानको अध्ययन गरिएको छ ।

#### २.४.१.१ मुख्य नारी पात्रको प्रतिनिधित्व र पहिचान

*एक बिहान* उपन्यासमा मुख्य नारी पात्रको भूमिकामा देखापरेकी नानीथकुंले लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधित्व गरेको देखिन्छ । पुरुषप्रधान सामाजिक संरचना भएको समाजमा प्रभुत्वशाली पुरुषको षड्यन्त्रमा परी ऊ लैङ्गिक हिंसाको सिकार भएकी छ । आर्थिक अवस्था कमजोर भएकाले उसले शिक्षा आर्जन गर्न सकेकी छैन । रूप र सुन्दरताले भरिएकी नानीथकुंको त्यही आर्थिक कमजोरीकै कारण विवाह गर्ने उमेर भएर पनि समयमा विवाह हुन सकेको छैन । उसको दाजु शिवनारांले बालबच्चासँग "जडाउरी मागेर होइन, यसपाली घरमा सबैलाई एक-एक जोर नयाँ लुगा पनि हालिदिनेछु । बाली त काटौं (पृ. २२८) !" भन्ने प्रसङ्गले पनि ऊ विपन्न परिवारमा हुर्किएकी नारी हो भन्ने स्पष्ट भएको छ । उसको बाबु अष्टनारां विरामी हुँदा उपचार गर्न आएको डाक्टर गोदत्तप्रसाद उसको रूप र यौवनमा लट्ठ भएर विभिन्न बाहानामा उसको घर आई मीठा र चिप्ला कुरा गरेर उसलाई आफूतिर आकृष्ट गर्छ । गाउँकी सोझीनानीथकुं डाक्टरको असली रूप पहिचान गर्न सक्तिन र उसको वासनात्मक प्रेमजालमा फस्छे । उनीहरूको प्रेमका बारेमा दाजु शिवनारांले थाहा पाएर उसलाई सम्झाएको छ अनि उसलाई नभेट्न भनेको छ । तर डाक्टरको नक्कली प्रेमजालमा परेकी नानीथकुंले उसलाई लुकीलुकी भेट्ने कुरा गरेकी छे । यस सन्दर्भमा नानीथकुं र गोदत्तप्रसादबीच भएको संवादलाई  प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> "सोधेर र थाहा दिएर किन मैले आइरहनुपरेको छ ?"
> "एक दिन, दुई दिन पो थाहा पनि नभइरहन सक्ला, सधैं पनि कसरी थाहा नभइरहला ? के तिमीले एक-दुईचोटि आकलझुकल मात्र दर्शन दिएर मलाई पुग्ला ? मैले सन्तोष गरिरहन सकुँला ?" "दिनहुँ नै आएर तपाईंको दर्शन गरिरहुँला । यसमा के ?""अवश्यमेव चाँडै नै थाहा हुन जान्छ नानीथकुं !"
> "थाहा भए के त !"
> "आउन रोकिदेलान् ।"
> "म पशु त होइन, बाँधिराख्न सक्लान् ?" (पृ. ९८-९९)

यो उपन्यास वि.सं. २०१७ सालभन्दा अघिको समयमा लेखिएको देखिन्छ । उपन्यास लेखिएको समयको प्रतिनिधित्वलाई हेर्दा महिलाहरूलाई पुरुषसत्ता र सत्ताको सामन्ती संरचनाद्वारा सीमान्तीकृत बनाइएको अवस्था प्रस्ट हुन्छ  । पुरुषहरू नै सामाजिक, आर्थिक तथा राजनीतिक मूलधारमा विराजमान थिए । शैक्षिक दृष्टिले पनि महिलाहरू पुरुषहरूभन्दा

पिछडिएका थिए भन्ने कुरा नानीथकुंको अवस्थाले देखाइरहेको छ । अशिक्षित भएकै कारण नानीथकुंले डा. गोदत्तप्रसादको गलत नियत बुझ्न र उसप्रति आकृष्ट हुँदै गई । दाजु शिवनारांले सम्झाउँदा सम्झाउँदै पनि ऊ डाक्टरलाई लुकीछिपी भेट्छे र उसको प्रेमजालमा फस्छे । शिक्षित सचेत श्रीमती र छोराछोरी भएको डाक्टरले नानीथकुंजस्ता अन्य महिलालाई पनि प्रेमको नाटक गरी फसाएको देखिन्छ। अज्ञानताका कारण नानीथकुं गोदत्तजस्ता कामपिपासुको सिकार हुनपुग्छे । ज्ञान नै शक्तिको स्रोत हो भन्ने उत्तरसंरचनावादी फुकोको विचारलाई आधार बनाएर हेर्ने हो भने ज्ञानबाट बञ्चित नानीथकुंजस्ता महिलाहरू दुष्ट गोदत्तप्रसादहरू जस्ताबाट ठगिनु अस्वाभाविक होइन । ज्ञानका अभावमा ऊ शक्तिहीन बनेकी छे र डाक्टरजस्ता दुष्ट कामपिपासुबाट सजिलै ठगिएकी छ । यसरी सीमान्तीकृत समुदायका महिलाको शक्तिहीनताको अवस्था र त्यस्तो अवस्था भोग्न विवश युवतीलाई उपन्यासमा प्रमुख नारी पात्रका रूपमा उपस्थित गराएर हृदयचन्द्रसिंह प्रधानले शक्तिहीन र आवाजविहीनहरूलाई शक्ति र आवाज दिने प्रयास गरेको देखिन्छ ।

नानीथकुंलाई लोग्नेले आफ्ना वशमा पार्दै छ भन्ने थाहा पाएकी रञ्जनादेवीले त्यस सम्भावित दुर्घटनाबाट आफू बाँच्न र नानीथकुंलाई पनि बचाउन उसलाई आफ्नै घरमा बोलाएर नारी अस्मिताका सम्बन्धमा सम्झाउँछे। त्यसबाट नानीथकुं सचेत भएर डा. गोदत्तप्रसादलाई अस्वीकार गर्न पुगेकी छ । नानीथकुं सचेत भएको कुरा यी साक्ष्यबाट पुष्टि हुन्छ : "म स्वास्नीमान्छेकी कलङ्किनी हुन चाहन्नँ, म मासु बेच्न चाहन्नँ, जिन्दगी बेच्न चाहन्नँ । मलाई अब आफ्नो नारीत्वको महत्त्व थाहा भएर आयो । अब म नारीत्व गिराउन चाहन्नँ ।" (पृ. १७८)

नानीथकुंको उक्त भनाइमा स्वअस्तित्वको बोध भएको स्पष्ट हुन्छ । अज्ञानताका कारण डाक्टर गोदत्तप्रसादका प्रेमजालमा फसेकी नानीथकुं रञ्जनादेवीबाट नारीअस्तित्व र स्वच्छ प्रेमका बारेमा थाहा पाएपछि भने उसलाई (डा. गोदत्तप्रसादलाई) घृणा गर्न पुगेकी छ । उसले गोदत्तको कालो कर्तुत थाहा पाएकी छ र नआउन आग्रह गरेकी छ । विपन्न परिवारमा जन्मेकी नानीथकुंले डाक्टरको वासनात्मक प्रेमलाई महत्त्व नदिनु उसको अस्तित्वको बोध नै हो, जसका कारण ऊ स्व-पहिचान निर्माण गर्न सफल भएको देखिन्छ । सुरुमा कमजोर देखिएकी नानीथकुं यस अवस्थामा आइपुग्दा नारी चेतना र अस्तित्वको बोध भएकी चेतनशील नारी बन्न पुगेकी छ ।

नानीथकुंलाई डाक्टर गोदत्तप्रसादले जति फकाउदा पनि नमानेपछि षड्यन्त्रपूर्वक हैजा र टाइफाइडको इन्जेक्सन भनी बेहोस हुने इन्जेक्सन लगाएर अपहरण गरेको छ । होसमा आएपछि उसले त्यहाँबाट उम्कने प्रयत्न गरेकी छ । डाक्टरसँग विन्ती गरेकी छे, चिच्याएकी छे । तर डाक्टरले उसको मुखमा रुमाल कोचेर आवाज बन्द गरिदिएको छ । आफूसँग कुनै विकल्प नभएपछि नानीथकुं बाध्य भएर डाक्टरकी पत्नी बनेकी छे । ऊ डाक्टरद्वारा पीडित देखिन्छे । नानीथकुं डाक्टरद्वारा लैङ्गिक उत्पीडनमा परेको कुरालाई तलका साक्ष्यले प्रष्ट पारेका छन् :

> करिब दुई घण्टापछि होशमा आएर नानीथकुंले आँखा खोल्दा उनले आफ्नो अगाडि डाक्टर गोदत्तप्रसादले हाँसिरहेका पाइन् । नानीथकुं एकदम आत्तिइन् । उनी भाग्न खोजिन् तर डाक्टर गोदत्तप्रसादले समाएर अँगालोले बाँधिदिए । अनि उनी कराउन खोजिन । डाक्टर गोदत्तप्रसादले खल्तीबाट रुमाल झिकी उनको मुखमा ठोसिदिए । नानीथकुंले शरीरमा भए भरको बल झिकिन्, तर कोशिशै गर्नु मात्र भयो । डाक्टर गोदत्तप्रसादले अँगालोले कसिनै राखे । तैपनि नानीथकुं छटपटाइकन चलि नै रहिन् अनि आखिरमा हैरान भएर डाक्टर गोदत्तप्रसादले बत्ती निभाइदिए र भने "नानीथकुं ! अब तिमी मेरी भएरै रहनेछ्यौ ।" केही नलागेर अनि नानीथकुं धुरुधुरु रुन थालिन् । कपडा ठोसिराखेको हुनाले उनको मुखबाट आवाज निस्कन सकेन तर उनका दुवै आँखाबाट गङ्गाजमुना बगिरहेको छ, छ । तर पनि दुष्ट डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई छाडिदिने दया गरेनन् । अँगालो बाँधेर डाक्टर गोदत्तप्रसादले रात बिताइदिए । (पृ. २०६-२०८)

पितृसत्तात्मक सामन्ती संरचना विद्यमान् रहेको समाजमा पुरुषले विभिन्न बाहानामा नारीलाई शारीरिक, मानसिक एवम् यौनिक शोषण गरी लैङ्गिक हिंसाको सिकार बनाएको देखिन्छ । यस उपन्यासमा नानीथकुं पनि डाक्टरद्वारा यौनिक शोषणमा परेको कुरा माथिको साक्ष्यबाट स्पस्ट भएको छ । यहाँ लैङ्गिक दृष्टिले पुरुषप्रधान संस्कृतिलाई नै निरन्तरता दिइएको बुझिन्छ । पितृप्रधान समाजमा पुरुष केन्द्रमा र महिला किनारामा रहेका हुन्छन् । जहिले पनि केन्द्रले किनारामाथि आफ्नो वर्चस्व कायम गरिरहेको हुन्छ । यहाँ डाक्टर गोदत्तप्रसादले पनि

नानीथकुंमाथि आफ्नो प्रभुत्व कायम गर्न सफल भएको देखिन्छ। नानीथकुं पितृसत्ताको सिकार भएकी छ। लैङ्गिक हिसाबले उसले उत्पीडित नारी समुदायको प्रतिनिधित्व गरेको देखिन्छ।

रञ्जनादेवीको सहयोगमा नानीथकुंलाई पत्ता लगाएपछि शिवनारांका दाजुभाइ उसलाई लिन गएका छन्। गर्भवती भएकाले आफू घर फर्कन नसक्ने आशय नानीथकुंको भएपछि शिवनारांले विभिन्न उदाहरण दिँदै उसलाई सम्झाएका छन्। दाजुको अभिव्यक्तिबाट ऊ प्रभावित भई घर फर्केकी छ र उनीहरूको सहयोगमा उसको विवाह कुर्मी युवक रामखेलावन राउतसँग भएको देखिन्छ। यस कुरालाई तलका साक्ष्यबाट प्रस्ट पारिएको छ : दाजुहरूको प्रभावमा परी आखिरमा नानीथकुं गइहालिन्। (पृ. २१६)

> सबैलाई ढोकभेट गरी नानीथकुं घरका सबै मानिसबाट पाएका आशिष्-शुभेच्छा शिरोपर गरेर एउटा साथीको साथमा सरासर गइन्। रामखेलावन राउत पुतलीसडकमा बसिरहेका थिए। बेलुकी आठ बजे बल्ल उनको प्रतिक्षा पूर्ण भयो। नानीथकुंलाई उनले ढोकैसम्म आएर स्वागत गरेर लगे। (पृ. २२४)

पितृसत्तात्मक सामन्ती समाजमा गर्भपतनलाई अपराध मानिन्छ। कसैले बलपूर्वक नारीलाई गर्भवती बनाए पनि उसले त्यसलाई संरक्षण गरेर बच्चालाई जन्म दिनुपर्छ अनि उसले जीवनभरि वेश्याका रूपमा चिनिनु पर्छ। उसको जीवनको कुनै मुल्य र अर्थ हुँदैन। तर यस उपन्यासमा नानीथकुंले त्यसो गरेकी छैन। उसले जबर्जस्ती गर्ने डाक्टरलाई न श्रीमान् मानेकी छ न उसको गर्भलाई संरक्षण गरेर बच्चालाई जन्म दिएकी छ। उसले त जबर्जजस्तीमा बसेको गर्भलाई नस्ट गरी अर्कै केटासँग विवाह गरी नयाँ जीवन सुरु गरेकी छे। यस कार्यमा उसलाई उसका दाजुहरूले सहयोग गरेका छन्। यस्तो कार्य उसमाथि भएको दमनको प्रतिरोध हो। नानीथकुं अन्यायलाई सहेर चुप लागेकी छैन। त्यसको प्रतिकारमा उत्रेकी छे। नानीथकुंको यो आँटिलो निर्णयले डाक्टर गोदत्तका सामु विजय प्राप्त गरेको देखिन्छ। ऊ आफूलाई बर्बाद हुँनबाट जोगाउदै नयाँ जीवन सुरु गर्न सफल भएकी छ। यसरी सुरुमा सोझी, अशिक्षित, ग्राम्य, नेवारजातकी, विपन्न तथा लैङ्गिक सीमान्त नारी समुदायको प्रतिनिधित्व गरेकी नानीथकुंले अन्त्यमा विद्रोही, सचेत, स्वअस्तित्व बोध भएका तथा आँटिला नारीका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ।

### २.४.१.२ सहायक नारी पात्रको प्रतिनिधित्व र पहिचान

*एक चिहान* उपन्यासका नारी पात्रहरूमध्ये रञ्जनादेवी उल्लेखनीय सहायक नारी पात्र हो । बनारस विश्वविद्यालयमा आई.ए. सेकेन्ड इयरसम्म अध्ययन गरेकी रञ्जनादेवीले उपन्यासमा शिक्षित नारी वर्गको प्रतिनिधित्व गरेकी छे । प्रोफेसर निरञ्जनराजकी छोरी र डा. गोदत्तप्रसादकी पत्नी रञ्जनादेवी सम्पन्न परिवारकी सदस्य हो । उसले उपन्यासकी प्रमुख नारी पात्र नानीथकुंलाई नारी अस्तित्वको बोध गराउन महत्त्वपूर्ण भूमिका खेलेकी छे । नानीथकुंलाई लोग्ने (डा. गोदत्तप्रसाद) ले आफ्नो कब्जामा पार्दै छ भन्ने थाहा पाएपछि रञ्जनादेवीले त्यसबाट बच्न र बचाउन उसलाई (नानीथकुंलाई) सचेत गराएकी छे । उसकै सचेतताका कारण नानीथकुंले डाक्टरको असली रूप पहिचान गर्न सकेकी छे। नारी अस्तित्वको अवगत गराउन रञ्जनादेवीले नानीथकुंसँग भनिएका कुरा तल प्रस्तुत गरिएको छ :

> “हाम्रो चेहेरामा मुस्कान छ, हाम्रो वाणीमा माधुरी छ, हाम्रो हेराइमा लालित्य छ, हाम्रो प्रत्येक अङ्ग-प्रत्यङ्गमा हिसी छ त के लोग्नेमान्छेलाई चढाउनका निम्ति हामीले पाएका हौँ ? के उनीहरूलाई भोगाउनका लागि ती सबै गुण हामीमा सुम्पिएका हुन् ? कदापि होइनन् ।” (पृ. ११३)

माथिको साक्ष्यमा रञ्जनादेवीले नारीको रूप, यौवन, मुस्कान आदि आफ्नै लागि हुन्, पुरुषलाई भोगाउनका लागि होइनन्, आफूलाई आफैले चिन्नुपर्छ, म को हुँ भन्ने आफैले बोध गर्नुपर्छ भन्दै नारी कमजोर छैनन् भन्ने सङ्केत गरेकी छ। विपन्न वर्गका युवतीहरूलाई प्रलोभनमा पारी उनीहरूको अस्मिता लुट्दै आएको देहपिपासु डा. गोदत्तप्रसादको कामवासनात्मक आक्रमणबाट उनीहरूलाई बचाउन रञ्जनादेवी चनाखो भएकी छे । शिक्षित नारी समुदायको प्रतिनिधित्व गरेकी रञ्जनादेवीले चेतनशील नारीका रूपमा आफ्नो पहिचान कायम गरेकी छे ।

प्रोफेसरकी छोरी, डाक्टरकी पत्नीका रूपमा परिचित रञ्जनादेवी स्वयम् पनि पढालेखा नारी हो । ऊ शिक्षित तथा सचेत नारी समुदायकी प्रतिनिधि भएकाले स्वाभाविक रूपमा उसमा स्वपहिचानको बोध भएको छ । त्यसैले ऊ नारीमाथि हुने गरेका उत्पीडनका विरुद्ध खुलेरै लागि परेकी छ । शोषण गर्ने पुरुष आफ्नै श्रीमान् भए पनि उसले त्यसका विरुद्ध आवाज

उठाएकी छ र उत्पीडित नारीलाई सचेत गराएकी छ । यसैक्रममा पति डा. गोदत्तको नक्कली प्रेममा फसेकी नानीथकुंलाई छुटकारा दिलाउन रञ्जनादेवीले यसो भनेकी छे :

> "त्यस्तो चौसट्ठी कला र बत्तीस गुणले युक्त भएको शरीर र आत्मा तिमी जसलाई पायो उसलाई लुटाएर बर्बाद गराउन चाहन्छ्यौ ? लोग्नेमानिसहरूले त हामी स्वास्नीमानिसलाई मनोरञ्जनको साधन, भोगको सामान सम्झन्छन् । तिमी जस्ती गौरवको हत्या गर्ने आत्मालाई लात मार्ने र जातिमा कलङ्क लगाउने आइमाइहरू चाकरी गर्न आउने हुन्छन् भने भोगको सामान नसम्झून् पनि किन ? सित्तै पाएको मोज कसले छोड्छ । तर यो याद गर नानीथकुं ! हाम्रो गालामा पानी छउन्जेल, हाम्रो यौवनमा मस्ती छउन्जेल मात्र हामी लोग्नेमानिसहरूलाई राम्रा लाग्छौँ, मीठा हुन्छौँ, गालामा पानी कम हुनासाथ अनि यौवनमा मस्तानी सकिनासाथै हामी उनीहरूलाई खल्लो लाग्न थाल्छौँ, अनि दूध नदिने गाई धपाएझैँ धपाइदिन्छन् ।" (पृ. ११४)

पितृप्रधान सामन्ती संरचना भएको समाजमा महिलालाई केवल भोगका लागि प्रयोग गरेको देखिन्छ । उसको रूप र यौवन छउनजेल प्रेम गरेको नाटक गरिन्छ । यौवन रितिने वितिकै दूध नदिने गाई धपाएझैं धपाइन्छ । तर त्यसमा कसैले प्रश्न गर्न सक्दैनन् । यदि गरिहाले भने पनि महिलानै गलत भएको झुट्टो प्रमाण पेस गरेर समाजका अगाडि मुख देखाइनसक्नु बनाइन्छ । उपन्यासमा गोदत्तप्रसादले नानीथकुंलाई गरेको प्रेम पनि वास्तविक प्रेम होइन, यो त वासनात्मक हो । त्यस्तो प्रेम केवल शरीरमा ताकत छउनजेल मात्र गरिन्छ । ताकत सकिएपछि उसलाई तिरस्कार गरिन्छ । त्यसैले नारीले स्वयम् म को हुँ र मेरो कर्तव्य के हो भन्ने कुराको बोध गर्नुपर्छ अनि वेलैमा डाक्टरजस्ता कामपिपासु व्यक्तिलाई चिनेर उसबाट टाढा रहनुपर्छ भन्दै रञ्जनादेवीले नानीथकुंलाई सम्झाएकी छे । लैङ्गिक दृष्टिले शरीर राजनीतिका विषयमा तर्क गर्न सकिने उक्त कथनलाई प्रधानले रञ्जनादेवीको माध्यमबाट झण्डै ६०/६१ वर्ष अगाडि उठाउनुले पनि उनलाई (लेखक) दूरद्रष्टा चिन्तकका रूपमा प्रमाणित गर्छ । रञ्जनादेवीको उक्त भनाईमा नानीथकुंले डा. गोदत्तजस्ता षड्यन्त्रकारीलाई आफ्नो शरीर सुम्पन नहुने, आफ्नो अतित्वको बोध गरी ऊबाट टाढा रहनुपर्ने सङ्केत मिल्छ ।

महिला र पुरुष बराबर हुन् भन्ने मान्यता राख्ने रञ्जनादेवीले दुवैलाई समान दृष्टिले हेरेकी छ अनि समतामूलक समाजको अपेक्षा गरेकी छ। लैङ्गिक समानताको पक्षमा बोल्ने रञ्जनादेवीले भनेका कुरालाई तलको साक्ष्यमा उल्लेख गरिएको छ :

> "लोग्नेमानिस हाम्रो कोही होइन, उनीहरूसित हाम्रो केही मतलव छैन; सम्बन्ध छैन भन्ने मेरो भनाई होइन, उनीहरूसित हाम्रो घनिष्ठ सम्बन्ध छ, त्यस्तै हामीहरूसित पनि उनीहरूको पूरा सम्बन्ध छ। हामी लोग्नेमानिस र स्वास्नीमानिसको यही परस्परको सम्बन्ध, सहयोग, मेल र समन्वयले नै सृष्टि अगाडि बढिरहेको छ र संसारमा प्रगति आइरहेको छ। हामीलाई उनीहरू चाहिन्छन् र उनीहरूलाई हामीहरू चाहिन्छौँ, यो होइन भनी कसैले भन्न सक्तैन। अझ चाहिन्छ मात्र होइन, अनिवार्य छ र एकबिना अर्को एकदम अपूर्ण छ। तर माने यो पनि होइन, हामीहरू उनीहरूको भोगको निम्ति र उनीहरू हाम्रो मोजका लागि हुन्। भोग र मोजका हामी एकअर्काको पात्र बिलकुल होइनौँ, बरु सुख र सृष्टि हसाउनका निम्ति हामी एकअर्काका परम तत्त्व छौँ र एकमात्र सञ्चार। त्यसैले हामी दुईको सम्बन्ध एकअर्काका अकेला-अकेला मालिक हौँ। यस हिसाबमा डाक्टरसाहेब मेरो मालिक हुनुहुन्छ, त्यस्तै म पनि उहाँकी मालिक हुँ।" (पृ. ११५)

उपन्यासकारको मुखपात्र रञ्जनादेवीको उक्त भनाइबाट लैङ्गिक समानताको आभास मिल्छ। लोग्नेमानिस र स्वास्नीमानिस एकअर्काका पूरक भएकाले जिउँनका लागि दुवैलाई दुवै चाहिने, एकविना अर्को अपूर्ण हुने भाव व्यक्त भएको छ। महिला पुरुषको भोगको निम्ति र पुरुष महिलाको मोजको निम्ति नभएर सुख र सृष्टि हँसाउनका लागि नभइ नहुने आवश्यक तत्त्व हुन्। पुरुषको मालिक महिला र महिलाको मालिक पुरुष भएकाले दुवैले एकअर्कालाई समान दृष्टिले हेर्नुपर्छ भन्ने आशय रञ्जनादेवीको देखिन्छ। नारीलाई कमजोर ठान्ने पितृसत्ताका समर्थकहरूलाई रञ्जनादेवीको उपर्युक्त भनाइले राम्ररी नै जबाफ दिएको छ। रञ्जनादेवी लैङ्गिक समानताको प्रवक्ताको रूपमा उपन्यासमा परिचित छे। यही नै उसको पहिचान हो।

नारी स्वयम् चेतनशील नभई समाज अघि बढ्न सक्तैन भन्ने हेक्का भएकी रञ्जनादेवीले भनेका कुरा उपन्यासमा यसरी प्रसतुत गरिएको छ :

> "स्वास्नीमान्छेको इज्जत स्वास्नीमान्छेले नै राख्न जान्नुपर्छ ।" नारीको मूल्य रूप र यौवनमा होइन, तिनमा कसैको हमला गर्न नदिनमा र जीवनमा कुनै दाग आउन नदिने चरित्रमा छ । "हामी स्वास्नीमान्छेले आफ्नो जीवन भोगको निम्ति अर्पनु हुँदैन, हामी कुनै लोग्नेमानिसको भोगका निम्ति जन्मेका वा सिर्जेका जीव होइनौँ ।" (पृ. ११२-११७)

रञ्जनादेवीका उपर्युक्त भनाइमा नारीका मूल्य र महत्त्वका बारेमा अवगत भएको छ । जसलाई समस्या परेको छ, उसले नै प्रतिकार गर्नुपर्छ, नत्र समस्याको निराकरण हुँदैन । अरू त केवल शुभचिन्तक वा सहयोगी मात्र हुन्छन् । महिला नै महिलाको मित्र बन्न सक्नुपर्छ भन्ने सङ्केत गरिएको छ । नारी कसैको भोग्या हुनका लागि जन्मेकी होइन तर सृष्टिको सञ्चालनका क्रममा ऊ पुरुषसँग हातेमालो गरेर अघि बढ्छे भने पुरुष पनि त्यसमा सहभागी हुन्छ । अर्थात् दुवै एकअर्काका पूरक हुन् । एकविना अर्काको अस्तित्व रहँदैन । नारी अस्तित्वको बोध गर्न नारीमा वर्गीय चेतना हुनु पनि उत्तिकै जरुरी हुन्छ । पुरुषको नक्कली प्रेममा फसेर महिला नै महिलाको शत्रु बन्ने परिस्थितिको तब मात्र अन्त्य हुन्छ, जब महिलाहरूमा वर्गीय प्रेम र सद्भाव जस्ता सद्गुणहरू विकसित भएर जान्छन् । नारीको मूल्य रूप र यौवनमा नभएर उसको चरित्रमा हुने भएकाले कामपिपासु पुरुषहरूबाट जोगिन नारीवर्ग सधैं सचेत रहनुपर्छ भन्ने रञ्जनादेवीले पितृसत्ताले निर्माण गरेको उत्पीडनकारी संस्कृतिप्रति असन्तुष्ट व्यक्त गरेकी छ ।

नारी अस्तित्वको बोध भएकी रञ्जनादेवी आफू भने परम्परागत संस्कृतिलाई नै आवलम्बन गर्न पुगेकी छ । पतिले आफूमाथि मानसिक हिंसा गरे पनि समाज र परम्पराका डरले उसबाट अलग भएर छुट्टै बस्न सकेकी छैन । उसलाई सम्झाई-बुझाई सँगै बसेकी छ । ऊ पढेलेखेकी महिला भएर पनि चुलोचौकामै सीमित भएको देखिन्छ। उसले कुनै आयआर्जनको भूमिका निर्वाह गरेको देखिँदैन । यसर्थ, यस उपन्यासमा शिक्षित तथा सचेत नारी समुदायको प्रतिनिधित्व गर्ने सहायक पात्र रञ्जनादेवीको पहिचान शिक्षित, सचेत, विद्रोही र लैङ्गिक विभेदको अन्त्य हुनुपर्छ भन्ने चेतनशील नारीका रूपमा हुँदाहुँदै पनि अन्तत : पुरुषअधीनस्थ नारीका रूपमानै भएको देखिन्छ ।

उपन्यासकी अर्की सहायक नारी पात्रका रूपमा लतमायालाई उपस्थित गराइएको छ । उसले विपन्न तथा धर्मभिरु नारी समुदायको प्रतिनिधित्व गरेकी छ । पतिव्रता धर्ममा विश्वास

गर्ने लतमायाले रुढिवादी अन्धविश्वासलाई आत्मसात गरेकी देखिन्छे । उसको श्रीमान् अष्नारांले पनि लतमायाको धार्मिक विश्वासप्रतिको सोचलाई परिर्वतन गर्न सकेको छैन । यस कुरालाई पुष्टि गर्न निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> लतमायाको बज्रजस्तो भइ जमिसकेको रुढिवादी पारम्परिक संस्कारलाई अष्टनारांले केही गरे पनि हल्लाउन सकेका थिएनन् । आफू लतमाया चरम सीमाकी पतिव्रता आइमाई थिइन् । छोराहरूले बाबुको नाममा दान दक्षिणा दिने र भातभत्यार ख्वाउने कुनै पनि गरेका थिएनन् । त्यति नगरेपछि आफ्ना लोग्ने सोझै नरकमै जालान् भन्ने लतमायालाई विश्वास थियो । त्यसैले उनले आफ्ना लोग्नेको उद्धारको निम्ति रोइकराई गरेर पनि क्रिया पुऱ्याउन छोराहरूलाई जोड गरेकी थिइन् । (पृ. ४३)

उपर्युक्त साक्ष्यमा मृतक पतिका नाममा दान दक्षिणा नदिँदा, भोज भत्यार नख्वाउँदा र पुरै १३ दिनसम्म झोक्रिएर नबस्दा लोग्ने सोझै नरकमै जान्छन् भन्ने भ्रमपूर्ण सत्यलाई लतमायाले आत्मसात गरेको पाइन्छ । उसका विचारमा यी सबै कर्म नगर्दा आफ्ना पतिका लागि स्वर्गको ढोका बन्द हुनेछ । त्यसैले लतमाया आफ्ना छोराहरूसँग रोइकराई गरेर पनि ती सबै विधि पुऱ्याउन चाहन्छे । यसरी प्रभुत्वशाली वर्गले धार्मिक विश्वासका माध्यमबाट अधीनस्थ वर्गमाथि भ्रमपूर्ण सत्य स्थापित गरिरहेको देखिन्छ । लतमायालाई सामन्तवादी पितृसत्तात्मक संस्कारलाई आँखा चिम्लेर आवलम्बन गर्ने रुढिवादी महिलाका रूपमा चिनाइएको छ । शिक्षा र ज्ञानको शक्तिबाट बन्चित भए पनि परिवारमा उसको हैसियत मूल धारको नेपाली समाजका नारीहरूभन्दा केही फरक रहेको पाइन्छ । ज्ञानको शक्तिले हीन भए पनि आर्थिक दृष्टिले कामको जिम्मेवारी लिने र परिवारलाई सहयोग गर्ने कुरामा ऊ तल्लिन रहेको कुरा बुढी भएर पनि घरमै बसी बसी तानमा कपडा बुन्ने काम गरेबाट स्पष्ट हुन्छ । यसरी विपन्न तथा धर्मभिरु नारीहरूको प्रतिनिधित्व गर्ने लतमायाले अशिक्षित भए पनि आत्मनिर्भर महिलाका रूपमा आफ्नो पहिचान निर्माण गरेको देखिन्छ ।

## २.४.२ पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

यसमा लैङ्गिक दृष्टिले प्रभुत्वशाली र सीमान्तीकृत बनेका पुरुष पात्रहरूलाई मुख्य र सहायक पुरुष पात्रका रूपमा विभाजन गरी विभिन्न उपशीर्षकमा तिनीहरूको प्रतिनिधित्व र पहिचानको अध्ययन गरिएको छ ।

## २.४.२.१ मुख्य पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

*एक चिहान* उपन्यासमा मुख्य पुरुष पात्रको रूपमा शिवनारां देखापरेको छ । गरीब अष्टनारांको छोरो शिवनारांले विपन्न वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । आर्थिक रूपमा कमजोर भए पनि आफूमाथि भएको अन्यायका विरुद्धमा आवाज उठाएर उसले चेतनशील पुरुष पात्रका रूपमा आफ्नो पहिचान निर्माण गरेको छ । आफ्नी बहिनी नानीथकुंलाई तल्सिङ, सूरमान सुब्बाले कान्छी श्रीमतीका रूपमा विवाह गर्ने प्रस्ताव राखेपछि उसले त्यसको विरोध गरेको छ । शिवनारांले सूरमान सुब्बाको प्रस्तावलाई अस्वीकार गरेको प्रसङ्गललाई उसकै अभिव्यक्तिमा यसरी प्रसतुत गरिएको छ :

> "ज्यान थापेर अर्काकी छोरीबेटी पाइन्छ, तरुनी स्वास्नी पाइन्छ भने म पनि ज्यान थापुँला । सूरमान सुब्बा तपाईंलाई हुन्छ भने नानीथकुं आफैले पनि मन पराएर रोजेकी डाक्टर गोदत्तप्रसाद कति कुराले चित्त बुझ्झेन त ? मैले हेर्दा त डाक्टर गोदत्तप्रसाद सूरमानभन्दा सयगुना बेस छन् । त्यही धन दौलत मान मर्यादाको आँच, चहकमहक, रवाफरौनक देखेर भन्नु भएको होला, त्यस्ता बुढासुढा, कसैका पोइ, बाबु र वासनाका निम्ति बिहे गर्न खोज्ने बेवकूफलाई दिने कुरा मसँग गर्दै नगर्नोस् आमा ! म त्यस्तो अवैधानिक विवाहको समर्थन कहिले गर्दिनँ ।" (पृ. १५२-१५३)

माथिको अभिव्यक्तिबाट शिवनारां शक्ति, सत्ता र अभिजात वर्गीय पुरुषसत्तात्मक संस्कृतिका सामु झुक्न नचाहेको आभास हुन्छ । धनदौलत, मानमर्यादाको रवाफरौनक देखेर सूरमान सुब्बाजस्तो बूढो, कसैको पोइ, बाबु र वासनातृप्तिका लागि विवाह गर्न चाहने बेवकूफलाई आफ्नी बहिनी दिन नसक्ने धारणा शिवनारांको देखिन्छ । उमेर मिल्ने, कसैको बाबु, पति नभएको शुद्ध मानिससँग उसको विवाह हुनुपर्छ अनि मात्र बहिनीले सुख पाउँछे भन्ने आशय शिवनारांले व्यक्त गरेको छ । गरीब किसान परिवारमा जन्मेको शिवनारां ज्ञान र शक्तिको पहुँचभन्दा टाढा रहेको भए पनि बहिनीको विवाहका लागि उमेर मिल्ने केटो हुनुपर्छ

भन्ने उसको मान्यता रहेको छ । त्यसैले उसले सूरमान सुब्बा र डा. गोदत्तप्रसाद दुवैलाई अस्वीकार गरेको छ । विपन्न वर्गकी महिला भएकै कारण नानीथकुंले उमेर नमिल्ने बूढो मानिससँग विवाह गर्न बाध्य हुनुपर्ने सामन्तवादी संस्कृतिप्रति उसले असहमति प्रकट गरेको छ ।

*एक चिहान* उपन्यासमा उपन्यासकारले पितृसत्तात्मक सामाजिक व्यवस्था भएको नेपाली समाजमा महिलाहरूप्रतिको दृष्टिकोणलाई अनावृत गर्ने काम गरेका छन् । आर्थिक दृष्टिले हेर्दा शिवनारांले निम्न वर्गको प्रतिनिधित्व गरेको छ । पिंढीगत दृष्टिले हेर्दा उदयमान पिंढीको प्रतिनिधित्व गरेको छ भने लैङ्गिक दृष्टिले लैङ्गिकताको प्रतिनिधित्व गरेको छ । पितृसत्तात्मक सोचले ग्रस्त भएकी आफ्नी आमा लतमायालेझैं शिवनारांले बहिनीको विवाहका लागि सूरमान सुब्बा र डा. गोदत्तप्रसादजस्ता कामपिपासु दुवैलाई स्वीकार गरेको छैन । बालविवाह, अनमेल विवाह, बहुविवाह समेत हुने गरेको तत्कालीन समयमा शिवनारांको विचार फरक हुनु पक्कै उसमा नारी अस्तित्वको बोध भएको सङ्केत पाइन्छ ।

परम्परादेखि चलिआएका अन्धसंस्कृतिप्रति विरोध गर्ने र त्यसलाई सुधारेर अघि बढ्ने चाहना भएको शिवनारां चेतनशील पुरुष समुदायको प्रतिनिधिको रूपमा उपन्यासमा देखापरेको छ । ऊ परिवर्तनकारी भएको कुरालाई पुष्टि गर्न तलका साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> शिवनारां र उनका भाइहरूले पनि बाबुको नाममा दानदक्षिणा दिने र भातभत्यार ख्वाउने कुनै पनि काम गरेनन् । त्यति नगरेपछि आफ्ना लोग्ने सोझै नरकमै जालान् भन्ने लतमायालाई विश्वास थियो । त्यसैले उनले आफ्ना लोग्नेको उद्धारको निम्ति रोइ-कराई गरेर पनि क्रिया पुऱ्याउने छोराहरूलाई जोड गरेकी थिइन । तर छोराहरूले केही गरे पनि आमाको भनाइ सुनेनन् । यही बाबुप्रतिको हाम्रो परमश्रद्धा हो भन्ने उनीहरूको भनाइ थियो ।
>
> पितृशोकको केवल पीडा, वेदनाविह्वल भएर केही काम गर्न नसकी दुई दिनसम्म झोक्रिरहे । तर बडो धैर्य गरेर तेस्रो दिनदेखि त शिवनारां आफ्नो खेतको कामधन्दामा हिँडे । 'बाबुको सिद्धान्त पनि हमेसा आफ्नो काम कर्तव्यमा रुजु हाजिर भएर पूर्णत्व प्राप्त गर्नु हो, यसैले बाबुको मरण भनेर हामीले

अकर्मण्य भएर बस्नु ठीक छैन' भन्ने बोध गराई शिवनारांले भाइहरूलाई पनि आ-आफ्ना कामधन्दामा हाजिर गराउन पठाए । यसमा पनि उनीहरूको आफ्नी आमा लतमायासँग निकै ठूलो सङ्घर्ष भएको थियो । अष्टनारांको विचार र सिद्धान्तबाट .... सङ्कल्पमा सफल नै भए । (पृ. ४३)

समाजमा विभिन्न जातजातिका आआफ्नै धर्मसस्कृति, रीतिरिवाज तथा रहनसहन हुन्छन् । तिनलाई हामीले सदियौँदेखि मान्दै पनि आएका छौं । कतिपयलाई हामीले समयानुसार परिवर्तन पनि गर्नुपर्ने हुन्छ तर यसलाई पुर्खाका पालादेखि मान्दै आएको भनेर हामीले परिवर्तन गर्न सकिरहेका छैनौं । कतिपय संस्कृति त गरिब तथा निम्न वर्गका लागि बोझिला बनेका देखिन्छन् । मृत्यु हुँदा दानदक्षिणा दिनुपर्ने, आफन्तलाई भोजभत्यार ख्वाउनुपर्ने तथा मृतकका नाममा १३ दिनसम्म केही नगरी झोक्रिएर बस्नुपर्नेजस्ता कार्यले निम्न आय भएका तथा दैनिक ज्यालादारीमा गुजारा गर्ने मानिसहरूलाई समास्यामा पारेको देखिन्छ । त्यसैले यस्ता संस्कृतिका नाममा भएका विकृतलाई अपनाउनु हुँदैन । त्यसलाई सुधारेर जानुपर्छ भन्ने मान्यता शिवनारांको देखिन्छ । उसले आफ्ना बाबुको मृत्यु हुँदा मृतकको नाममा भोज भत्यार ख्वाउने अनि दानदक्षिणा दिने कुनै पनि काम गरेको छैन । त्यतिमात्र नभई १२-१३ दिनसम्म केही काम नगरी झोक्रिएर बस्ने परम्परालाई समेत चुनौती दिँदै तेस्रो दिनदेखि आफू खेतमा काम गर्न गएको छ भने भाइहरूलाई पनि आ-आफ्ना काममा पठाएको छ । मृतकका नाममा दानदक्षिणा दिनुपर्दा, भातभत्यार ख्वाउनु पर्दा निम्न आर्थिक भएका मानिसलाई समस्या हुने भएकाले यसलाई समाप्त गरेर अघि बढ्नुपर्छ भन्ने उसको बाबु अष्टनारांको विचारमा शिवनारां सहमत भएको छ । समाज परिवर्तनका बाधक रहेका कतिपय गलत संस्कृतिको अन्त्य गर्न आफै अघि बढेको शिवनारां प्रगती चाहने व्यक्तिका रूपमा उपन्यासमा परिचित भएको छ । आफ्ना मृत्यु भएका श्रीमान्का नाममा दानदक्षिणा नदिँदा, भोजभतेर नख्वाउँदा र पूरै समय झोक्रिएर नबस्दा उनी नरक जान्छन् भन्ने पितृसत्तात्मक सोचले ग्रस्त भएकी आमा लतमायाको विचारमा पनि शिवनारांको असहमति देखिन्छ । सदियौँदेखि समाजमा स्थापित सामन्तवादी संस्कृतिलाई निर्मुल गर्न आँट गर्ने शिवनारांले विद्रोही, सक्षम र चेतनशील पुरुषहरूका रूपमा आफ्नो पहिचान कायम गरेको छ ।

उपन्यासमा शिवनारांको उपस्थितिले निम्न वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । आफ्ना पिता अष्टनारांको मृत्यु हुँदा उसँग कात्रो किन्नेसम्म पैसा नभएर डा. गोदत्तप्रसादसँग रु. २५

ऋण लिएर दाहसंस्कारका सामग्री किनेको प्रसङ्ग उपन्यासमा उल्लेख भएको छ । गरिबीकै कारण छोराछोरीलाई अघाउन्जेल भात ख्वाउन र एकजोडी नयाँ लुगा किन्न समेत सकेको छैन । उसको आर्थिक अवस्था एकदम कमजोर र दयनीय रहेको प्रसङ्गलाई तलका साक्ष्यहरूमा प्रस्तुत गरिएको छ :

साक्ष्य १ :

> घरमा भने फुटेको पैसा थिएन । यहाँसम्म कि कात्रोसम्म पनि किन्नलाई पैसा थिएन । भएका दुई चार रुपियाँ र एकाध मुरी अन्न पनि अष्टनारांको औषधि खर्चमा सिद्धिसकेको थियो । भण्डारमा अन्नको नाउँमा दुई तीन पाथी चामल र पाँच छ पाथी पिठो अनि बीस पच्चीस धार्नी आलु बाँकी थिए । (पृ. ३३)

साक्ष्य २ :

> "बा ! यसपालि तल्सिङलाई कुत तिर्न जाँदा तल्सिङका छोराको एउटा जडाउरी लुगा मागेर ल्याइदिनुहोला है बा ! लाउन लुगै छैन ।" शिवनारांको छोराले भन्यो ।

> "बा ! यसपालि धान काटेपछि हामीले सधै दुई छाक भात खान पाउनेछौं ? मलाई त कोदो, गहुँ, मकैको रोटी, उसिनेको .... मन लागिरहन्छ बा ।" छोरा चाहिँले भन्यो । (पृ. २२८-२२९)

उल्लिखित साक्ष्यबाट शिवनारांको अवस्था दयनीय थियो भन्ने प्रमाणित भएको छ । बाबुको निधन हुँदा उससँग कात्रोसम्म किन्ने पैसा नभएर अरुसँग सापट माग्न गएको छ । छोराछोरीलाई पेटभरि खान र शरीर छोप्ने लुगा दिन सकेको छैन । मेहनती र परिश्रमी हुँदाहुँदै पनि आफ्ना परिवारको लाज छोप्न र भोक टार्न उसले तल्सिङको सहारा लिनु परेकाले उसको पहिचान सीमान्तीकृत वर्गको रूपमा भएको छ ।

नारी शोषणका विरुद्धमा आवाज उठाउने शिवनारांले डा. गोदत्तप्रसादद्वारा गर्भवती बनाइएकी बहिनी नानीथकुंलाई गर्भपतन गरी नयाँ जीवन सुरु गर्ने सल्लाह दिएको छ । जबर्जस्तीमा बसेको गर्भको सुरक्षा गरी जबर्जस्ती गर्ने डाकुलाई अपनाउनु धर्म होइन, बरु पाप हो । यसले नारीत्वलाई कदर गर्दैन । उल्टै सतीत्व र नारीत्वलाई फोहर बनाइदिन्छ ।

जबर्जस्तीमा परेकी स्वास्नीमान्छे स्त्रीत्वहीन कदापि ठहरिन्न भन्दै नारीका पक्षमा आवाज उठाएको छ । नानीथकुंलाई सम्झाउने क्रममा आफ्नी श्रीमती हाकुमायाले कसैलाई कुदृष्टिले हेरी भने पनि उसलाई गलत सम्झी त्याग्ने तर जबर्जस्ती गरेर उसलाई कसैले हरण गऱ्यो भने फर्काइ स्वीकार्ने भन्दै तिमी पनि डाक्टरद्वारा जबर्जस्तीमा गर्भवती बनाइएकी हौ । त्यसैले यो गर्भपतन गरी घर फर्क भनेर सम्झाएको छ । यस सन्दर्भमा निम्नलिखित उदाहरण प्रस्तुत गर्नु उपयुक्त देखिन्छ :

> नानीथकुंको यो कुरा सुनेपछि शिवनारांले खुब सम्झाउँदै भने "यसमा केही चिन्ता र धर्मको कुरा छैन नानीथकुं ! किनभने तिमी दोजिया भएको खुशीले होइन, जबर्जस्तीले मात्र हो । जबर्जस्तीबाट गर्ने डाँकुलाई अपनाउनु धर्म होइन बरु पाप हो । त्यस कुपदार्थबाट संसारलाई अपमान गर्नु हो, जबर्जस्तीबाट जन्माएको र जन्मेको जीव कदापि असल हुन सक्तैन । त्यसैले त्यस्तो कुतत्त्वलाई फ्याँकेर पवित्र बन्नुपर्छ । यसमा धर्मपतनको कुनै कुरै छैन । नारी भएर तिमी सतीत्व-मर्यादाको कुरो गर्छ्यौ भने पनि तिमी भूलमा छ्यौ किनभने तिमीलाई जबर्जस्ती गरेर ल्याएको हो, जबर्जस्ती र बदमासीलाई नै तिमी 'वरण' सम्झन्छौ भने तिमीले सतीत्व र नारीत्वलाई कदर गरेको ठहरिन्न, उल्टो बदमासको ....सुपात्र छानेर जाऊ ।" (पृ. २१५-२१६)

उपन्यासको प्रमुख पुरुष पात्र शिवनारांको उक्त भनाइबाट लैङ्गिक विभेदका विरुद्धमा आवाज उठेको सङ्केत मिल्छ । लैङ्गिक दृष्टिले शरीर राजनीतिका विषयमा तर्क गर्न सकिने उक्त कथनलाई लेखकले शिवनारांका माध्यमबाट प्रस्तुत गरेका छन् । शिवनारांको उक्त भनाइमा नानीथकुंको शरीरमाथि निर्णय गर्ने अधिकार उसैमा निहित हुनुपर्छ । जबर्जस्तीमा बसेको गर्भलाई उसले सुरक्षा दिनुपर्छ भन्ने हुँदैन । त्यसलाई समाप्त गरेर नयाँ जीवन जिउँन पाउनुपर्छ भन्ने तर्क उसको देखिन्छ । गर्भ पतनले कानुनी मान्यता नपाएको र यस्ता कार्यलाई धर्मपतनको संज्ञा दिइने सामन्ती मान्यताका विरुद्ध ऊ डटेर लागेको देखिन्छ । बलात्कार गर्ने पुरुष चाहिँ सजायको भागिदार हुँनुनपर्ने तर बलात्कृत महिलाले चाहिँ अपवित्र भई जीवनभरि कलङ्कित भएर बाँच्नुपर्ने सामन्तवादी संस्कृति विरुद्ध प्रतिरोध गरेको देखिन्छ । त्यसैले उसले समाजको कुनै पर्वाह नगरी गर्भवती बहिनी नानीथकुंलाई आफ्नै घर लगी अर्कै केटासँग विवाह गरिदिएको छ । उपन्यासमा शिवनारां वैचारिक मात्र नभई व्यावहारिक रूपमा नै नारीका

हकअधिकारका पक्षमा उभिएको देखिन्छ। उसकै कारणले पितृसत्ताको प्रतिनिधि डा. गोदत्तप्रसादका सामु नारीवादकी प्रतिनिधि नानीथकुंको विजय भएको छ। यसरी पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा देखिएका लैङ्गिक उत्पीडनका विरुद्ध सशक्त आवाज उठाउने मात्र होइन, त्यसलाई व्यवहारमा नै लागु गर्ने कार्यमा शिवनारांको महत्त्वपूर्ण भूमिका देखिन्छ। यस अर्थमा शिवनारांको पहिचान लैङ्गिकताको पक्षधरका रूपमा भएको छ। उपन्यासमा विपन्न समुदायको प्रतिनिधित्व गर्ने शिवनारां विद्रोही, चेतनशील, प्रगतिशील तथा लैङ्गिकताको पक्षधरका रूपमा आफ्नो पहिचान कायम गर्न सफल भएको देखिन्छ।

## २.४.२.२ सहायक पुरुष पात्रको प्रतिनिधित्व र पहिचान

*एक चिहान* उपन्यासका पुरुष पात्रहरूमध्ये डा. गोदत्तप्रसादलाई महत्त्वपूर्ण सहायक पात्रको रूपमा उपस्थित गराइएको छ। प्रख्यात डाक्टरका रूपमा परिचित गोदत्तप्रसादले शिक्षित तथा सम्पन्नशाली वर्गको प्रतिनिधित्व गरेको छ। आफ्नी पढालेखा श्रीमती र दुई-तीनजना छोराछोरी हुँदाहुँदै पनि घरकी नोकर्नी र नानीथकुंलाई आफ्ना कब्जामा पार्न चाहने डा. गोदत्तप्रसाद उपन्यासमा कामपिपासु व्यक्तित्वका रूपमा चिनिन्छ। उसले नानीथकुंलाई प्रभावित पार्न नानीथकुंको बाबा अष्टनारां विरामी भएका बेला उसको राम्रो हेरविचार गरेको छ। उसले नानीथकुंको दाजु शिवनारांलाई पटक-पटक आर्थिक सहयोग गर्दै उसको रोपाईंमा पान-सुपाडी पनि बाँडेको छ। विभिन्न प्रयत्न गर्दा पनि नानीथकुं आफ्नी नहुने भएपछि जाल गरेर हैजा र टाइफाइडको इन्जेक्सन भनी बेहोस हुने इजेक्सन लगाएर उसलाई अपहरण गरेको छ। नानीथकुं होसमा आएपछि त्यहाँबाट उम्कने प्रयत्न गरेकी छे। उसलाई अनुनय-विनय गर्दा पनि नमानेपछि रोएकी छे। चिच्याएकी छे तर उसको मुखमा रुमाल ठोसी डा. गोदत्तप्रसादले आवाज बन्द गरिदिएको छ र उसलाई श्रीमती बन्न बाध्य गराई गर्भवती तुल्याएको छ। यस सन्दर्भलाई निम्नलिखित साक्ष्यहरूबाट पुष्टि गर्न सकिन्छ :

साक्ष्य १ :

> करिब दुई घन्टापछि होशमा आएर नानीथकुंले आँखा खोल्दा उनले आफ्नो अगाडि डाक्टर गोदत्तप्रसादले हाँसिरहेको पाइन्। नानीथकुंलाई बडो नमीठो लाग्यो, दु:ख लाग्यो र चिन्ता लाग्यो। होशमा आउनासाथ आज भएका सारा घटना र कुरा पनि उनलाई तुरुन्तै थाहा भएर आयो। तत्क्षणात् अनि उनलाई

> मारिहालूँ जस्तो रिस उठेर आयो । किन्तु विचरीले गरून् के ? फन्दामा परिरहेकी छन् । झन निस्सहाय छन् । रिसलाई सहेर, पचाएर नानीथकुंले विनीत स्वरमा डाक्टर गोदत्तप्रसादलाई भनिन्- "डाक्टरसाहेब ! के गर्नुभएको यो ?" दुवै हातले नानीथकुंलाई बेस्करी समाई डाक्टर गोदत्तपसादले भने "तिमीलाई म मर्न परे पनि गुमाउनेछैनँ, तिमीलाई पाएरै छाड्छु !" (पृ. २०६)

साक्ष्य २ :

> नानीथकुं एकदम आत्तिइन् । उनी भाग्न खोजिन् तर डाक्टर गोदत्तप्रसादले समाएर अँगालोले बाँधिदिए । अनि उनी कराउन खोजिन् । डाक्टर गोदत्तप्रसादले खल्तीबाट रुमाल झिकी उनको मुखमा ठोसिदिए । नानीथकुंले शरीरमा भएभरको बल झिकिन्, तर कोशिशै गर्नु मात्र भयो । डाक्टर गोदत्तप्रसादले अँगालोले कसि नै राखे । तैपनि नानीथकुं छटपटाइन् चलि नै रहिन् अनि आखिरमा हैरान भएर डाक्टर गोदत्तप्रसादले बत्ती निभाइदिए .... रात बिताइदिए । (पृ. २०८)

यहाँ लैङ्गिक दृष्टिले पितृसत्तात्मक संस्कृतिलाई नै निरन्तरता दिएको बुझिन्छ । पुरुषप्रधान समाजमा काम राजनीतिले भूमिका खेलेको देखिन्छ । केट मिलेटले सन् १९६९ मा *sexual politics (काम राजनीति)* नामक पुस्तकमा प्रचलित सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी उसमाथि आधिपत्य जमाएको छ भन्ने भाव व्यक्त गरेकी छिन् (शर्मा र लुइटेल, २०७२, पृ. ३७४) । यहाँ डाक्टर गोदत्तप्रसादले गरेका क्रियाकलाप पनि यसकै (काम-राजनीतिको) उपज मान्न सकिन्छ । शिक्षा र पदको रवाफमा ऊ नानीथकुंजस्ता थुप्रै युवतीहरूमाथि काम-राजनीति गर्न उद्यत छ । नानीथकुंलाई अपहरण गरी कालिका स्थानमा कोठा खोजेर राखी आफ्नो चाहना पूरा गर्न सफल डा. गोदत्तप्रसाद काम-राजनीतिको कुशल खेलाडीका रूपमा उपन्यासमा चिनिएको छ । यसरी सामाजिक शक्ति संरचनाका कारण डा. गोदत्तप्रसादजस्ता अनेकौं दुष्ट कामपिपासु व्यक्तिहरूले समाजमा नानीथकुंजस्ता सोझा-सिधा महिलाहरूको शोषण र दोहन गरी आफ्नो आधिपात्य कायम गरिरहेका छन् । डाक्टर गोदत्तप्रसादको क्रियाकलापका आधारमा ऊ शिक्षित, सचेत व्यक्ति हुँदाहुँदै पनि कामपिपासु व्यक्तिका रूपमा उसको पहिचान निर्माण भएको देखिन्छ । यसरी उपन्यासमा शिक्षित तथा सम्पन्न पुरुष समुदायको प्रतिनिधित्व गर्ने डाक्टर गोदत्तप्रसादले पितृसत्तात्मक सामन्ती

संस्कृतिका आडमा महिलामाथि हिंसा गर्ने देहपिपासुका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ ।

*एक चिहान* उपन्यासको अर्को उल्लेखनीय सहायक पुरुष पात्रको रूपमा सूरमान सुब्बा देखा परेको छ । उसले प्रभुत्वशाली सामन्त वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । उसले शिवनारांको परिवारप्रति गरेको व्यवहारले पनि ऊ सामन्त नै हो भन्ने स्पष्ट भएको छ । यस प्रसङ्गलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "यहाँसम्मको साहस गरे त अष्टनारां पाजीका छाउराहरूले ? हिँड, म स्वयम् पनि आउँछु, अरू तीन-चारजना नोकरहरूलाई पनि बोलाऊ, आज म ती ज्यापूहरूलाई टाँडेजात्रा नदेखाइकन छोड्दिनँ ।"
>
> "क्या हो अष्टेको छोरा शिवचा ज्यापू ! तेरो यत्रो साहस भइसक्यो होइन ? मलाई पनि नगन्ने तेरो यत्रो हिम्मत भइसक्यो होइन ? ले, मलाई पोहोर सालको बाँकी बाली अहिल्यै चाहियो । नत्र म जग्गा पजनीसमेत गर्नेछु । चिनेको छैन ज्यापू ! अझै मलाई ? सूरमान सुब्बा हुँ म, सूरमान सुब्बा !"
>
> "मुर्दा मानिससित साँज गर्नु त होइन हामीसित शेखी गर्नु ज्यापूहो । म अहिल्यै तिमीहरूको घरखेत गराएर लिन्छु । चिनिस् सूरमान सुब्बा हो कि अरू को हो ?" बडो धाक छोडेर सूरमान सुब्बाले भने । (पृ. १६३-१६५)

माथिको साक्ष्यमा सूरमान सुब्बाले शिवनारांसँग प्रयोग गरेको संवादको भाषाले पनि ऊ सामन्त नै हो भन्ने कुराको पुष्टि गर्दछ । धन सम्पति र पदको रवाफ देखाएर ५७ वर्षे सूरमान सुब्बाले १७ वर्षकी कलिली नानीथकुंलाई कान्छी पत्नीका रूपमा भित्र्याउने योजना बनाए पनि ऊ सफल भएको छैन, जसले गर्दा आफ्ना नोकर चाकर लगाई शिवनारांमाथि दुर्व्यवहार गर्न पुगेको छ । शक्तिका भरमा हरेक माग पुरा हुनुपर्ने नत्र त्यसको नतिजा नराम्रो हुने सङ्केत गरेको कुरा उक्त साक्ष्यबाट प्रमाणित भएको छ । उसले भनेको नमाने विभिन्न षड्यन्त्र गरेर भए पनि गरीब किसान शिवनारांको परिवारलाई उठिबास लगाउने धम्की दिएको छ । आफ्नो बोली नै कानुनका रूपमा लागु हुनुपर्छ भन्ने मान्यता सूरमानको देखिन्छ । स्वार्थ पूर्ति गर्न ऊ जुनसुकै कदम चाल्न पनि पछि परेको छैन । त्यसका लागि उसले शिवनारांकी आमा लतमायालाई देसी तान किन्दिनु, स्वार्थपूर्ति नहुने भएपछि त्यसलाई फिर्ता माग्नु, सुक्खा

लागेर अष्टनारांको परिवारले बाली तिर्न नसक्दा सयकडा २५ ले बढाएर तिर्ने गरी तमसुक लेखाउनु, नानीथकुंलाई नदिने भनेपछि शिवनारांलाई अश्लिल शब्द प्रयोग गरी गाली वेइजती गर्नु आदि जस्ता क्रियाकलापले पनि ऊ एक क्रूर सामन्त हो भन्ने पुष्टि भएको छ । सरकारी जागिर र प्रशस्त जमिन भएको विधुर सूरमान सुब्बा बूढो भए पनि शक्तिका भरमा कलिली नानीथकुंमाथि गिद्धेनजर लगाएकाले ऊ कामुक व्यक्तिका रूपमा उपन्यासमा चिनिएको छ । यसरी प्रभुत्वशाली सामन्त समुदायको प्रतिनिधित्व गर्ने सूरमान सुब्बाले कामपिपासु व्यक्तिहरूका रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ ।

अष्टनारांलाई यस उपन्यासमा एक महत्त्वपूर्ण सहायक पुरुष पात्र मानिन्छ । ऊ उपन्यासको त्यस्तो व्यक्ति हो, जसको परिवारको सेरोफेरोमा कथावस्तु घुमेको देखिन्छ । उसले विपन्न वर्गको प्रतिनिधित्व गरेको छ । यसलाई पुष्टि गर्न निम्नलिखित सन्दर्भ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> "बाबु हो ! मैले तिमीहरूको निम्ति केही गर्न सकिनँ । पछिल्लो दुई वर्षदेखि म मरे भने कात्रोसम्मको पनि बन्दोबस्त हुने नदेखेर तिमीहरूको इज्जत जाला भन्ने डर भयो र आफ्ना अन्त्येष्टिको काम जिन्दगीको सबभन्दा पवित्र पसिनाको कमाइबाट हुनु राम्रो पनि देखेर दुई वर्षदेखि दुई पैसा, चार पैसा जति सक्यो नखाएर पनि केही केही पैसाको दरले दिनहुँ जम्मा गर्न थालेको थिएँ, त्यो जम्मा कुल पच्चीस रूपियाँ मोहर हुन आएको छ । ती रूपियाँ मैले तल छिँडीमा ढिकीनेर उत्तर भित्तातिर खाल्टो खनी गाडिराखेको छु । म मरेँ भने त्यसबाट मेरो काजक्रिया गरिदिनु, त्यतिभन्दा बढता खर्च ऋण लिने काम नगर ।" (पृ. ३)

माथिको साक्ष्यबाट अष्टनारां एक आत्मनिर्भर तथा विपन्न वर्गको व्यक्ति भएको प्रमाणित हुन्छ । उसले आफ्नो दाहसंस्कारका लागि समेत नखाएर भए पनि दुई पैसा चार पैसा गर्दै आफै पैसा भेला गरेर रु २५ बनाएको र छोराहरूलाई त्योभन्दा बढी ऋण लिएर खर्च नगर्न आग्रह गरेको देखिन्छ । यसबाट उसको आर्थिक अवस्था कमजोर भएको प्रस्ट भएको छ । जातीय विभेदको अन्त्य भए मात्र समाज विकासतिर लम्कन्छ भन्ने सोच भएको अष्टनारांले अन्तरजातीय विवाहलाई प्राथमिकता दिएको छ । त्यसैले आफू ज्यापु भएर पनि

उसले पर्वतेकी छोरी लतमायासँग विवाह गरेको छ र आफ्ना सन्तानलाई पनि अन्तरजातीय विवाह गराउनतिर नै बल गरेको देखिन्छ ।

संस्कृतिका नाममा विकृतिलाई अपनाउनु हुँदैन भन्ने विचार प्रवाह गर्ने अष्टनारांले जो मर्दा पनि 'देव' नामको एउटै कात्रो प्रयोग गर्ने नेवार जातिको संस्कृतिलाई त्याग्ने प्रण गरेको छ किनभने विभिन्न रोगले ग्रसित मरेका मान्छेका रोग कात्रोमा सर्ने हुँदा अर्को व्यक्तिलाई त्यस्तो दुषित वस्तु प्रयोग गर्न हुँदैन भन्ने उसको मान्यता छ । त्यस्तै मृतकका नाममा दान-दक्षिणा दिने, भोज-भत्तेर गर्ने कुरालाई पनि उसले विरोध गरेको देखिन्छ । यस कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "दान-सान गर्ने मुर्ख भावुकतामा नबगिदेओ । मेरो शरीरबाट प्राण उडेर गइसकेपछि पनि एउटा दाहसंस्कारको अन्त्येष्टि क्रियाबाहेक अरू कुनै पनि खर्चालु काम नगर्नु । ऋण काढेर बाबु आमाको काजक्रिया गरेर कुल तर्न सक्तैन, बरु ऋणको धरापमा सन्तान, दरसन्तान परेर कुल रसातलमा चाँडै पुग्न जान्छ । त्यो कुनै कामको कुरा होइन, खालि मानिसहरूलाई धाक रवाफको प्रतिस्पर्धाको साथ मगज खोक्रिने अन्धविश्वासमा झोसेर हामीमाथि सनातनदेखि रजाई गरेर आउने पुरोहितहरूको जेब भर्ने काम मात्र हो ।" (पृ. ३०)

उपर्युक्त साक्ष्यबाट अष्टनारां विकृतिलाई त्यागेर अघि बढ्नुपर्छ भन्ने चेतनशील व्यक्ति भएको सङ्केत पाइन्छ । उसले आफ्नो मृत्युमा कुनै दान-दक्षिणा दिने, भोज-भत्यार खुवाउने काम नगर्नु भनेको छ किनभने त्यस्ता कार्यले समाजमा धाकरवाफको होडबाजी गराई पीडितलाई झन पीडा नै थप्ने कार्य गर्छ । पुरोहितको गोजी भरेर आफ्ना सन्तानलाई ऋणमा डुबाउँछ । ऋणको बोझले सन्तान उठ्नै सक्दैनन् । त्यस्ता कार्य गर्नु भनेको धर्म नभएर पाप हो । त्यसैले यस्ता प्रथालाई निर्मुल पारेर अघि बढ्नुपर्छ भन्ने उसको आशय  छ । समाज विकासका बाधक कतिपय अन्धसंस्कृतिलाई समाप्त गरेर मात्र अघि बढ्ने अष्टनारां चुनौतीलाई सामना गर्ने क्रान्तिकारी व्यक्तिका रूपमा चिनिएको छ ।

अष्टनारां सचेत, क्रान्तिकारी व्यक्ति हुँदाहुँदै पनि उसले पितृसत्ताकै प्रतिनिधित्व गरेको देखिन्छ । उसले पितृसत्तात्मक सामन्ती संरचनालाई नै आत्मसात गरेको कुरा तलका साक्ष्यबाट प्रस्ट भएका छन् :

> "यो बुढिया तिमीहरू सबकी आमा र बहिनी एक जनालाई अन्यथा नगर । जे दुःख सहेर पनि यी अबला दुई जनालाई खुवाइ राख । यिनीहरूको आँखामा कहिल्यै आँसु हेर्ने काम नगर । मैले बन्दोबस्त गर्न नसकेकोमा यिनीहरूलाई रुवाउने जरिमाना नगरिकन मैले जन्माएकोमा कृतज्ञता मानी यिनीहरूलाई सधैं हँसाउन खोज्यौ भने मैले पुरस्कार पाएको सम्झने छु । बाबु हो ! तिमीहरू जे भए पनि छोराहरू हौ, कर्तव्य नछाड ।" (पृ. १)

पितृसत्तात्मक सामन्ती संरचना विद्यमान् रहेको समाजमा महिलालाई अनाथ, अबला र बेसहाराका रूपमा लिई उनीहरू पुरुषबिना बाँच्न सक्तैनन् भन्ने धारणा रहेको हुन्छ । महिलाको रेखदेख पुरुषले नै गर्नुपर्ने हुन्छ । त्यसैले माथिका साक्ष्यमा अष्टनारांले आफ्नो मृत्युपछि श्रीमती र छोरीको हेरविचार गर्ने जिम्मा छोराहरूलाई दिएको छ । प्रगतिशील हुँदाहुँदै पनि अष्टनारांलाई पितृसत्तात्मक सामन्ती संस्कृतिले प्रभाव पारेको देखिन्छ । अशिक्षित भए तापनि पर्याप्त व्यावहारिक ज्ञान भएको अष्टनारां एक दुरदर्शी पात्रको रूपमा उपन्यासमा चिनिन्छ । त्यसैले आफू मर्दा छोराहरूसँग कात्रो किन्ने समेत पैसा नहोला भनेर एक पैसा दुई पैसा गर्दै उसले जम्मा २५ रुपैयाँ जोगाएर राखेको छ र त्यसले नै आफ्नो क्रिया गर्नु भनेर छोराहरूलाई भनेको छ । उसले डा. गोदत्तप्रसादको सहयोगी भावनाभित्र लुकेको कालो कर्तुतलाई पहिले नै पहिचान गरेर आफ्ना छोराहरूलाई उसको नियतिप्रति सचेत रहन सङ्केत गरेको छ । उसले उपन्यासमा दान दक्षिणा गर्ने कार्यको विरोध, ऋणमा फसाउने साहुहरूको विरोध, खराब रीतिरिवाजको विरोध गरेको देखिन्छ । संस्कृतिको नाममा समाजमा सदियौँदेखि जरा गाडेर बसेको विकृतिलाई उन्मुलन गर्ने आँट गर्ने अष्टनारां क्रान्तिकारी व्यक्तिका रूपमा चिनिएको छ । यसरी विपन्न र अशिक्षित समुदायको प्रतिनिधित्व गर्ने अष्टनारां क्रान्तिकारी, प्रगतिशील, दूरदर्शी, अन्तर्जातीयतावादी, सकारात्मक सोच भएको, परिश्रमी र विद्रोही हुँदाहुँदै पनि नारीका मामिलामा चाहिँ पितृसत्तालाई नै आवलम्वन गर्ने पुरुषहरूका रूपमा आफ्नो पहिचान निर्माण गरेको देखिन्छ ।

सूरमान सुब्बाको कारिन्दाको रूपमा देखापरेको रामबहादुरले उपन्यासमा सामन्त समुदायको प्रतिनिधित्व गरेको देखिन्छ । ऊ स्वयम् सामन्त नभए पनि शोषक सामन्तका पछि लागेर निम्न वर्गका मानिसलाई सहमति र दमन दुवै नीति आवलम्बन गरेर ठगेको हुँनाले ऊ सामन्त वर्गकै प्रतिनिधित्व हो भन्न सकिन्छ । सूरमान सुब्बासँगै अदालतमा जागिर खाने उसले सुब्बाको घरायसी काममा पनि सहयोग गरेको छ । उसले बूढो सूरमान सुब्बासँग कलिली नानीथकुंको विवाह गराउन अनेक उपाय रचेको देखिन्छ । कहिले लतमायालाई देसी तान किनेर प्रभावित पारेको छ भने कहिले गत सालको बाँकी रहेको कुत सुब्बा साहेबले मिनाह गरिसक्नुभयो भनी भ्रम फैलाएको छ त कहिले स्वर्गीय अष्टनारांले मर्नुभन्दा अगाडि सुब्बा साहेबसँग नानीथकुंको विवाह गर्ने वचन दिएको भनी भ्रुट बोलेको छ । तर लतमायाले उमेर धेरै फरक भएकाले उहाँले वचन दिनुभएको होइन होला भन्ने शङ्का गरेपछि रामबहादुरले धर्मको आड लिएर सत्य हो भनी प्रमाणित गर्न खोजेको छ । यस प्रसङ्गलाई रामबहादुरकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "तर जे भए पनि लोग्ने हुन् 'मलाई बताएनन्' भनेर रिसले लोग्नेको विरोधमा जानु स्वास्नीमानिसको धर्म होइन, यसलाई सम्झी-बुझी तिमीले लोग्नेको वचन खेर नजाने गरी कर्तव्यपालन गर्नुपर्छ ।" रामबहादुरले भने । "होला र उहाँले वचन दिनुभएको ? त्यतिको उमेर फरक छ ।" लतमायाले अलि अविश्वासको भावमा भनिन् ।

> "सत्ते हो हेर ! आज एकादशीको दिन, त्यसमाथि निधारमा पशुपतिको चन्दन र टाउकामा गुह्येश्वरीको फूल लाइराखेको छु, हिन्दूको छोराले भुटो बोलेर नरकमा जाने साहस गर्न सक्ला र ? म त मामुली कारिन्दा भनुँला, त्यत्रो दर्जामा पुगिरहेका सुब्बा साहेब जस्ताले यस्तो कुरामा भ्रूटो बोल्नुहोला ? उहाँले चाहनुभएमा कत्रा कत्राका कस्ता कस्ता राम्रा छोरीहरू लहरै सातओटी भने पनि बिहे गर्न सक्नुहुन्छ आजको दिनमा ।" (पृ. ७०)

माथिका साक्ष्यमा रामबहादुरद्वारा लतमाया र नानीथकुं उत्पीडित भएका छन् । रामबहादुले नानीथकुंलाई सूरमान सुब्बाकी दोस्री पत्नीका रूपमा विवाह गर्ने प्रस्ताव राखेपछि लतमायाले उमेर नमिल्ने भन्दै अस्वीकार गरेकी छ । अष्टनारांले मर्नुभन्दा अगाडि नै नानीथकुं सुब्बा साहेबलाई दिने वचन दिइसकेकाले अब लोग्नेका वचन खेर फाल्नु भनेको धर्मका

विरुद्धमा जानु हो भन्दै त्यसो नगर्न सङ्केत गरेको देखिन्छ । धर्मको आड लिएर रामबहादुरले उनीहरूको अपमान गरेको प्रष्ट भएको छ । उसले सुब्बा साहेबले चाहनु भएमा कत्रा कत्राका कस्ता कस्ता राम्रा छोरीहरू लहरै सात ओटी पनि पाउन सक्ने भन्दै नारी अस्मिताको खिल्ली उडाएको छ । पितृसत्तात्मक सोचले ग्रस्त रामबहादुर महिलालाई पशुजत्तिको पनि गन्दैन । उनीहरूका इच्छा, चाहनाको महत्त्व राख्दैन । नारीलाई पुरुषको खेलौना सम्झी जसले जतिखेर जति पनि प्रयोग गर्न सक्ने भन्दै नारीको अपमान गर्न पुगेको रामबहादुरले आफूलाई लैङ्गिकताको विपक्षमा उभ्याएको छ ।

नानीथकुं १७ वर्षकी कलिली भए पनि ५७ वर्षको बूढो सूरमानसँग विवाह गर्न सुहाउने भन्दै सूरमान भरखरको हो भनेर प्रमाणित गर्न अनेकौँ उदाहरण प्रस्तुत गरेको छ । पुरुषप्रधान समाजमा महिलाको भावनाको कदर गरिँदैन । विवाहजस्तो जीवनको महत्त्वपूर्ण कुराको निर्णयमा पनि उसलाई सहभागी गराईंदैन । उमेरको पनि ख्याल गरिँदैन । स्वास्नी मरेको बूढो मानिससँग कलिला बालिकाको पनि विवाह गरिन्छ । त्यसैले पितृसत्ताको प्रतिनिधि रामबहादुरले पनि यस उपन्यासमा नानीथकुंको विवाह बूढो विधुर सुब्बासँग गराउन जोड दिइरहेको देखिन्छ । ऊ जुनसुकै उपाय अपनाएर पनि विवाह गराउन खोजिरहेको देखिन्छ । जसरी भए पनि सुब्बालाई रिझाएर बक्सिस पाउने दाउमा रहेको रामबहादुर सूरमानको असली कामदारका रूपमा परिचित छ । भगवान्लाई साक्षी राखेर बोलेका कुरा सत्य हुन्छन् भन्ने भनाइ धार्मिक मान्यताका आडमा निर्माण गरिएको भ्रमपूर्ण सत्यलाई रामबहादुरको चरित्रले प्रतिनिधित्व गरेको देखिन्छ । उपन्यासमा प्रभुत्वशाली समुदायको प्रतिनिधित्व गर्ने रामबहादुरले शोषक, सामन्त, पितृसत्तात्मक सामन्ती सोच भएको उत्पीडकको रूपमा आफ्नो पहिचान कायम गरेको देखिन्छ ।

## २.५ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधानद्वारा रचित *स्वास्नीमान्छे* र *एक चिहान* दुवै उपन्यासमा लैङ्गिक रूपमा उत्पीडित भई सीमान्तीकृत बन्न पुगेका नारी तथा उत्पीडक पुरुष पात्रहरूको प्रतिनिधित्व गराइएको छ । तत्कालीन समाजको स्वरूप पितृसत्तात्मक सामाजिक संरचनामा आधारित भएकाले सुरुमा नारीहरूको पहिचान कमजोर भए पनि अन्त्यमा उत्पीडित महिला र पुरुष एकजुट भई उत्पीडनका विरुद्ध प्रतिरोध गरेर सीमान्तीकृत नारी समुदायको विजय गराइएकाले नारीको पहिचान शक्तिशाली भएको देखिन्छ । *स्वास्नीमान्छे* उपन्यासका कमला,

हीराज्यान र मिस्रीदिदीजस्ता सहायक नारी पात्रहरू लैङ्गिक चेतनाको अभावका कारण तत्कालीन विमर्शात्मक संरचनामा मूलधारको विचारधारालाई संवहन गरी नारीमाथिकै शोषण र दमनमा केन्द्रित हुँदा नारीको पहिचान शक्तिहीन र अधीनस्थ बन्न पुगेको छ ।

पितृसत्तात्मक सामन्ती संस्कारको प्रतिनिधित्व गर्ने पुरुषहरू नारीमाथिको दमन र शोषणमा केन्द्रित भएकाले केही समय उनीहरूको पहिचान प्रभुत्वशाली बन्न पुगे पनि लैङ्गिक सीमान्तीकृत नारीहरूलाई पुरुषले सहयोग गरी उनीहरूको शोषणका विरुद्ध सशक्त भएर आवाज उठाएपछि पुरुषहरूको पहिचान कमजोर बन्न पुगेको देखिन्छ । उपन्यासहरूमा सम्पूर्ण नारी र पुरुष पात्रहरूले नारी र पुरुषसम्बन्धी एउटै मान्यताको प्रतिनिधित्व गरेका छैनन् । त्यसैले उनीहरूको पहिचान पनि भिन्न-भिन्न छ । अधीनस्थ समुदायको प्रतिनिधित्व गर्ने *स्वास्नीमान्छे* उपन्यासका सहायक नारी पात्रहरू मैयाँनानी, जुईनानी, वासन्ती अनि त्यस्तै सहायक पुरुष पात्र विनोद र *एक चिहान* उपन्यासका मुख्य नारी पात्र नानीथकुं तथा सहायक पुरुष पात्रहरू शिवनारां, पुननारां र हर्षनारांले पितृसत्तात्मक सामन्ती संरचनाको अनुसरण नगरेर त्यहाँ भएका अन्याय अत्याचारका विरुद्ध प्रतिकार गरेका छन् । त्यसैले उनीहरूको पहिचान परम्पराभन्दा भिन्न र प्रतिरोधी किसिमको बन्न पुगेको छ ।

*स्वास्नीमान्छे* उपन्यासकी मुख्य नारी पात्र मोतीमाया त्यस्तै *एक चिहान* उपन्यासकी सहायक नारी पात्र रञ्जनादेवीको उपस्थितिले सामन्ती परिवारभित्र हुने लैङ्गिक उत्पीडनको प्रतिनिधित्व गरेको छ । रञ्जनादेवीको चरित्रले नारी पहिचान वा स्व-पहिचानको बोध गरे पनि त्यसका निम्ति विद्रोह गर्न सकेको देखिँदैन । त्यसैले उसको पहिचान परम्परागत संस्कृति अनुकूलकै बन्न पुगेको छ । यसले नारीहरू निरीह, कमजोर, पुरुषअधीनस्थ र धैर्यवान् हुन्छन् भन्ने परम्परागत पहिचानकै प्रतिनिधित्व भएको छ । पितृसत्ताले नारीको पहिचान परम्परागत लैङ्गिक संस्कृतिलाई जगेर्ना गर्नु हो भन्ने विमर्शको निर्माण गरेर नारीको पहिचान शक्तिहीन र अधीनस्थ बनाइएको लैङ्गिक सन्दर्भलाई *स्वास्नीमान्छे* उपन्यासका मोतीमाया, कमला, हीराज्यान, मिस्रीदिदी र *एक चिहान* उपन्यासका रञ्जनादेवी र लतमायाको माध्यमबाट प्रस्तुत गरिएको छ ।

पितृसत्तात्मक सांस्कृतिक मान्यतालाई अन्तरीकरण गरेका नारीहरू अन्य नारीमाथि शोषण, उत्पीडन र दमनमा उत्रेकाले नारीको पहिचान अझ विद्रूप र संवेदनशील बन्न पुगेको अवस्थालाई पनि *स्वास्नीमान्छे* उपन्यासका कमला, हीराज्यान र अञ्जनाकुमारीको माध्यमबाट

प्रस्तुत गरिएको छ। प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* दुवै उपन्यासमा तत्कालीन विमर्शात्मक सन्दर्भमा मूलधारको पुरुषप्रधान सामन्ती समाजको बहुविवाह, अनमेल विवाह तथा पितृसत्तात्मक समाजमा नारीलाई उपभोग्याका रूपमा हेर्ने संस्कृतिका कारण नारीको प्रतिनिधित्व शक्तिहीन र पुरुष अधीनस्थ हुन पुगेकाले त्यसका विरुद्धमा आवाज मात्र उठाइएको छैन समाधान पनि खोजिएको छ। प्रधानका दुवै उपन्यासमा लैङ्गिक रूपमा अधीनस्थ हुन पुगेका नारीका पक्षमा अन्य अधीनस्थ पुरुष र महिला एकजुट भई उत्पीडनका विरुद्ध प्रतिकार गरेर विजय गराइएको छ। त्यसैले नारीको पहिचान शक्तिशाली बन्न पुगेको देखिन्छ। हृदयचन्द्रसिंह प्रधानका दुवै उपन्यासको मूल प्राप्ति पनि यही हो।

पितृसत्तात्मक सामन्ती संस्कृतिको प्रतिनिधित्व गर्ने *स्वास्नीमान्छे* उपन्यासका प्रमोद, मोहनबहादुर, मैयाँनानीको लोग्ने, नानीप्राणको बाबु, जोगीको रूप धारण गर्ने गुन्डाहरू तथा *एक चिहान* उपन्यासका डाक्टर गोदत्तप्रसाद, सूरमान सुब्बाजस्ता पुरुषहरू नारीमाथिको शोषण र प्रपीडनमा केन्द्रित भएकाले उनीहरूको पहिचान नारी अस्तित्व र समानतालाई स्वीकार गर्न नसक्ने, नारी शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गर्ने अत्यन्त क्रूर देहपिपासु व्यक्तिहरूका रूपमा भएको देखिन्छ। प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* दुवै उपन्यासमा लैङ्गिक सीमान्तीकृत समुदायको प्रतिनिधित्व गर्ने नारी तथा पुरुष पात्रहरूलाई नियाल्दा केही मुख्य नारी तथा पुरुष पात्रको पहिचान निर्भीक, स्व-अस्तित्व बोध भएका तथा विद्रोही रूपमा भएको, केही सहायक नारी तथा पुरुष पात्रको पहिचान साहसी, निर्भीक तथा लैङ्गिकताको पक्षधरका रूपमा भएको छ भने केही सहायक नारी पात्रको पहिचान पितृसत्ताद्वारा शासित निरीह पात्रको रूपमा भएको छ।

तेस्रो परिच्छेद

# हृयचन्द्रसिंह  प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

## ३.१ विषयप्रवेश

प्रस्तुत शोधको यो परिच्छेद हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको स्थिति विश्लेषणमा केन्द्रित छ। यसमा लैङ्गिक उत्पीडन र प्रतिरोध सम्वन्धी सैद्धान्तिक मान्यताको परिचय दिनुका साथै प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा प्रयुक्त पात्रहरूमाथि भएको लैङ्गिक उत्पीडन र त्यसका विरूद्ध उनीहरूले गरेको प्रतिकारको स्थितिको अध्ययन गरिएको छ ।

## ३.२ लैङ्गिक उत्पीडन र प्रतिरोधको सैद्धान्तिक स्वरूप

कुनै व्यक्ति महिला वा पुरुष वा तेस्रो लिङ्ग भएकै कारण उसलाई शारीरिक वा मानसिक रूपमा आघात पुग्ने गरी गरिएको जस्तोसुकै हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ (पोखेल, २०७१, पृ. २८)। लैङ्गिक उत्पीडनको सिकार महिला वा पुरुष वा तेस्रो  लिङ्ग जो पनि हुनसक्छ। लैङ्गिक उत्पीडनमा पुरुषका तुलनामा महिला बढी परेका देखिन्छन्। नेपाली समाजमा महिलाहरूलाई अछुतको रूपमा गरिने व्यवहार, पितृसत्तात्मक नियन्त्रण, हिंडडुलमा नियन्त्रण, श्रम तथा आयआर्जनमा नियन्त्रण, शरीर तथा प्रजननमा नियन्त्रण, पारिवारिक सम्पति, आर्थिक स्रोत तथा प्राकृतिक संशाधनमा नियन्त्रण, विचारधारा तथा विवेकमा नियन्त्रणजस्ता कारणले महिला सदियौँदेखि उत्पीडनमा पर्दै आएका छन् (भद्रा, २०६७, पृ. ३४-३७)। चेतनाको वर्तमान युगमा पनि नारीमाथिको उत्पीडन विभिन्न स्वरूपमा विद्यमान् छ। परिवारदेखि लिइएर राज्यका हरेक निकायमा महिलालाई पुरुषसरह व्यवहार गरेको देखिँदैन। समाजले महिलालाई हेर्ने दृष्टिकोणमा परिर्वतन गर्न सकेकोछैन जसले गर्दा घरभित्र र बाहिर जताततै महिला उत्पीडनमा परेका छन् ।

पुरुषहरू पनि उत्पीडनमा परेका देखिन्छन्। कतिपय समाजमा पुरुष कमजोर र महिलाद्वारा दबाइएर उत्पीडनमा परेका छन् (पौडेल, २०५९, पृ. ३२)। पूँजीवादी समाजमा महिलाहरूले मात्र नभई पुरुषहरूले पनि विभिन्न समस्या भोगेर पीडित भइरहेका छन् (बार्कर, २००१, पृ. ११५)। तर पितृसत्तामक सामन्ती सोचका कारणले उनीहरू आफूमाथि भएका

हिंसाका बारेमा बोल्न सकिरहेका छैनन् । आफ्ना समस्या बाहिर ल्याए पुरुसार्थमा धक्का लाग्ने डरले भित्रभित्रै पिल्सिरहेका छन् । पुरुष भएकाले महिलामाथि र महिला भएकाले पुरुषमाथि तथा पृथक लिङ्गी यौनिकता भएका व्यक्तिले समलिङ्गी यौनिकता भएका व्यक्तिमाथि र समलिङ्गी यौनिकता भएका व्यक्तिले पृथक लिङ्गी व्यक्तिमाथि गर्ने अमर्यादित व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ (खनाल, २०७५, पृ. ३०) । यसबाट लैङ्गिक हिंसा भनेको महिलामाथि हुने हिंसा मात्र नभएर पुरुषमाथि हुने हिंसा पनि लैङ्गिक हिंसा नै हो भन्ने बुझिन्छ । बलात्कार यौनाङ्गमा गरिने जबर्जस्ती मात्र नभई गुदद्वार वा मुखमा गरिने जबर्जस्ती पनि हो (पिपमिर, सन् २००७, पृ. २७०) । पिपमिरका अनुसार विषमलिङ्गी मात्र होइन, समलिङ्गी पनि बलात्कारजन्य हिंसाको सिकार भई पीडित बन्ने देखिन्छ ।

हिंसाअन्तर्गत यौनजन्य हिंसा मात्र नभई भौतिक र मानसिक यातनाजस्ता विषय पनि पर्छन् जसअन्तर्गत कुटपिट, खानपिनमा बन्देज लगायतका हिंसाजन्य विषयहरूलाई समावेश गरिएको देखिन्छ । समाजमा पुरुषले मात्र होइन, महिलाले पुरुषमाथिसमेत हिंसा र अधीनस्थता कायम गरेका हुन्छन् (भट्टराई, २०७७, पृ. १३८) । समाजमा महिलाहरू पुरुषद्वारा मात्र होइन स्वयम् महिलाद्वारा नै उत्पीडनमा परेका छन् । यसलाई लैङ्गिक अध्ययनमा समलिङ्गी उत्पीडन भनिन्छ ( गुरागाईं, २०७०, पृ. ६४) । यसका सामाजिक, आर्थिक, यौनिक लगायतका अनेकौं कारण हुन सक्छन् । पितृसत्तात्मक सामाजिक संरचनामा कयौं नारीले पितृसत्ताका मान्यतालाई आन्तरीकरण गरी त्यसैअनुरूप बाँच्दै र बोल्दै आएका छन् । कयौं सासू र आमाहरूले आफ्ना छोरीबुहारीहरूलाई पिताकै कानुन मान्ने सल्लाह दिएका छन् । उक्त कानुनविपरीत गए चरित्रहीन कहलाउँछेस् भनिरहेका छन् (उप्रेती, २०६९, पृ. १७५) । यसले महिला महिलाद्वारा नै उत्पीडनमा परेको प्रस्ट भएको छ । यसरी समाजमा महिला वा पुरुष जो कोही पनि लैङ्गिक हिंसामा परेका देखिन्छन् । प्रधानका उपन्यासमा पनि नारी वा पुरुषमा हुने यस किसिमका लैङ्गिक उत्पीडनको अभिव्यक्ति पाइन्छ ।

लैङ्गिक अध्ययनमा साहित्यिक कृति विश्लेषणका लागि आवलम्वन गर्ने एक महत्त्वपूर्ण मापदण्ड प्रतिरोधसम्बन्धी मान्यता हो । सामान्य अर्थमा कुनै किसिमको आक्रमण वा बल प्रयोगलाई रोक्ने कामलाई प्रतिरोध भनिन्छ । सांस्कृतिक अध्ययनको सन्दर्भमा अन्याय, अत्याचार, दमन, उत्पीडनबाट सीमान्तीकृत बनाइएका वर्ग वा समुदायले त्यसको प्रतिकार गर्नु प्रतिरोध चेतना हो (गुरागाईं, २०७०, पृ. २८) । कुनै पनि समाजको प्रभुत्वशाली

संस्कृतिमाथि कुनै समूह, वर्ग वा लेखक वा चिन्तकले जब प्रश्न गर्छन् त्यहीबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ. १३०) । फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँबाट त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) । शासक वर्गका विरुद्धमा विशिष्ट ढङ्गले उभिएको चेतना नै प्रतिरोध हो । जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ । दुई शक्तिको द्वन्द्वमा प्रतिरोध पछि नै नयाँ शक्तिले जन्म लिन्छ ।

प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग आधारभूत रूपले सम्बन्धित छ । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ (बार्कर, २०१२, पृ. ४५४) । समाजमा शक्तिशाली वर्गले आफ्नो शक्ति कायम गर्नका लागि अधीनस्थ वर्गमाथि दमनका प्रक्रियाहरू चालु राख्छ । यस्तो अवस्थामा अधीनस्थ वर्गले दमनविरुद्ध आवाज उठाउने प्रक्रिया नै प्रतिरोध हो । सीमान्त र परिधीयतामा रहेका वर्ग, जाति, लिङ्ग आदिले प्रभुत्वशाली र शक्तिमा रहेका वर्ग, जाति, लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरेको सङ्घर्ष वा शक्ति प्राप्तिका लागि गरिएको प्रयास नै प्रतिरोध हो (गुरुङ, २०७०, पृ. १०७) । लैङ्गिक अध्ययनमा पितृसत्ता र सामन्तवादी सामाजिक, आर्थिक संरचनाद्वारा उत्पीडनमा परेका नारी, पुरुष र तेस्रो लिङ्गीको प्रतिरोध चेतनाको अवस्था कस्तो रहेको छ, त्यसलाई उनीहरूले सहज स्वीकार गरेका छन् वा प्रतिकार गरेका छन् वा बौद्धिक वर्गले उनीहरूको आवाज उठाएका छन् भन्ने कुराको अध्ययन गरिन्छ । हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा तेस्रो लिङ्गीको उपस्थिति नरहेकाले उत्पीडनमा परेका महिला र पुरुषबीच निर्माण भएको प्रतिरोध चेतना र त्यसले पारेको प्रभावको अध्ययन गरिएको छ ।

## ३.३ *स्वास्नीमान्छे* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा प्रयुक्त नारी तथा पुरुष पात्रहरूमाथि भएको लैङ्गिक उत्पीडन र त्यसका विरूद्ध उनीहरूले गरेको प्रतिकारको अवस्था अध्ययन गरिएको छ ।

### ३.३.१ पुरुषद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

*स्वास्नीमान्छे* उपन्यासमा पुरुषवादी हैकम चरमचुलीमा पुगेको देखिन्छ । यसकी प्रमुख नारी पात्र मोतीमाया प्रमुख पुरुष पात्र प्रमोदद्वारा लैङ्गिक उत्पीडनको सिकार भएकी छ । उपन्यासको आरम्भदेखि नै ऊ पति प्रमोदद्वारा मानसिक र शारीरिक हिंसामा परेकी देखिन्छ । एउटा छोराकी आमासमेत भइसकेकी मोतीमायामाथि प्रमोदले सौता हालेर उसलाई पीडा

दिएको देखिन्छ । कान्छी श्रीमती कमलाको रूप र यौवनमा अन्धो भएको प्रमोदले उसमाथि शारीरिक र मानसिक दुर्व्यवहार गर्न पुगेको छ । पति प्रमोदले आफू र नाबालक छोरो विनोदलाई समेत भात-भान्साबाटै अलग गरेपछि मोतीमाया बाध्य भएर विनोद (छोरो) को भोक टार्नकै लागि ऊ छिमेकी हीराज्यानकहाँ सापट माग्न गएकी छ । तर त्यस कार्यले प्रमोदलाई असह्य भएको र उसले आफ्नो इज्जत फालेको ठानी श्रीमतीलाई अपशब्द प्रयोग गर्दै कुटपिट गरेको देखिन्छ । मोतीमायाले त्यस कार्यको प्रतिकार गर्न सकेकी छैन । ऊ प्रमोदद्वारा उत्पीडनमा परेको कुरा तलका साक्ष्यले बताउँछन् :

> "हीराज्यानकहाँ गएकी यही बन्धक राख्नालाई होइन ? लौ उसैकहाँ गएर मर्, उसैकहाँ गएर खा ।" भन्दै प्रमोदले मोतीमायालाई फेरि जोड-जोडसँग बाघपन्जा ख्वाउन थाले । मोतीमायाले रुन थाम्न खोज्दा पनि सकिनन्, उनको कण्ठबाट रुवाइको आवाज फुटिहाल्यो, उनी ढुनमुनिएर लोटिन् पनि । मोतीमायाको रोदन सुनेर विनोद चिच्याएर माथिबाट तल ओहर्ल्यो । आमाछोरा दुवै अँगालो हाल्दै रोइरहे । (पृ. ३४)

माथिको साक्ष्यमा पुरुष(पति) प्रमोदद्वारा नारी(पत्नी) मोतीमाया मानसिक र शारीरिक हिंसामा परेको प्रस्ट भएको छ । उपन्यासमा प्रमोदले मोतीमायामाथि गरेको लैङ्गिक उत्पीडन मुख्य समस्याका रूपमा देखापरेको छ । लोग्ने अनि बाबु भएर स्वास्नी र छोरोलाई भात-भान्साबाटै बन्चित गर्दा चाहिं उसलाई आफूले गल्ती गरेको महसुस नहुने तर नाबालक छोरालाई खुवाउनका लागि मोतीमायाले छिमेकीसँग सहयोग माग्दा चाहिं आफ्नो इज्जत गएको ठान्ने प्रमोद पितृसत्तात्मक सामन्ती समाजको प्रतिनिधि हो । पुरुषसत्ताकै आडमा उसले मोतीमायामाथि त्यस्तो व्यवहार गर्न सकेको हो । ऊ स्वयम् दोषी भएर पनि पुरुष भएकाले उसलाई समाजले कुनै प्रश्न गर्न सकेको छैन तर मोतीमाया नारी भएकैले कुनै गल्ती नगर्दा पनि आफ्नै घरभित्र लोग्नेद्वारा प्रताडित भएर नारकीय जीवन भोग्न बाध्य छ । उसले आफूमाथि अन्याय गर्ने पुरुषका विरुद्ध प्रतिकार गरेकी छैन । लैङ्गिक चेतनाको अभावले उसले अन्याय भएको बोधसम्म गर्न सकेकी छैन । चेतनशून्य जीवन बाँच्न बाध्य देखिन्छे ।

प्रमोदको यातना खप्न नसकेर मोतीमाया नाबालक छोरो विनोदलाई समेत त्यागेर घर छोड्न विवश भएकी छ । आत्महत्या गर्ने अठोटमा पुगेकी मोतीमाया छोराप्रतिको स्नेह र मोहनबहादुरको सम्झाईबुझाई र आश्वासनले गलत काम गर्न सक्तिन । सौताका आडमा

लोग्नेद्वारा फालिएकी मोतीमायालाई मोहनबहादुरले प्रेमको जाल विछ्याएर स्वास्नी बन्न बाध्य पारेको देखिन्छ। केही वर्ष भोगिसकेपछि मोहनबहादुरले पनि अनेकौँ लान्छना लगाई जगल्ट्याएर उसलाई घरबाट निकालेको प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : यत्तिकैमा मोहनबहादुरले आगो भएर कुकुर चुटेझैं चुटी मोतीमायालाई घिसार्दै, पछार्दै घरबाहिर निकालिदिए। कोही मानिसले पनि रोक्न सकेनन्। ढोकाबाहिर पुऱ्याएर पनि मोहनबहादुर अझ कुट्दै थिए। मोतीमाया क्वाँ-क्वाँ रुँदै थिइन् । (पृ. ८८)

पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् भएको समाजमा पुरुषले नारीलाई नारी भएकै आधारमा मानसिक र शारीरिक हिंसा गर्न पछि पर्दैनन्। त्यतिमात्र होइन विनाकारण घरबाट निकाल्दा पनि कसैले रोक्न सक्दैनन्। पुरुषलाई शक्तिशाली र महिलालाई कमजोर बनाउने परिपाटीका कारण महिलामाथि अन्याय भइरहन्छ। माथिको साक्ष्यमा मोतीमाया मोहनबहादुरद्वारा पनि हिंसामा परेको देखिन्छ। विनाकारण उसले मोतीमायालाई घिसार्दै, पछार्दै घरबाट निकाल्दा पनि कसैले रोक्न सकेका छैनन्। यसरी एकपछि अर्को पुरुषद्वारा मोतीमाया पीडित हुन पुग्नुलाई लैङ्गिक उत्पीडनको चरम नमुना मान्न सकिन्छ। यहाँ तत्कालीन पितृसत्तावादी संरचनाले महिला हिंसालाई नै प्रश्रय दिएको स्पष्ट हुन्छ। यसरी मोतीमाया एकपछि अर्को पुरुषद्वारा उत्पीडनाको सिकार भएकी छ।

मोहनबहादुरको ज्यादतीको विरुद्ध मोतीमायाले झिनै भए पनि प्रतिकार गरेकी छ। यसलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "मैले के भनेकी छु तपाईंलाई ? जथाभावी भन्न किन परेको छ ? तपाईंलाई कसले नामर्दको छोरा भनेको छ ? मर्दको छोरा भएरै त अर्काकी छोरीलाई ल्याइ त्यसतरी मनपरी भन्न सक्नु भएको। ल्याइरहनुस् न लाख स्वास्नी नै ! अर्काकी छोरी फसाइ जिन्दगी बरबाद गर्नु नै त तपाईले मर्दानगी सम्झिरहनुभएको छ ! धन्य तपाईंको मर्दानगी !" (पृ. ८८)

माथिको साक्ष्यमा आफूमाथि भएका लैङ्गिक हिंसाका विरुद्ध मोतीमायाले आवाज उठाएकी छ। मर्दको छोरालाई नारीमाथि जथाभावी बोल्न, कुटपिट गर्न अनि जतीवटी स्वास्नी बटुल्न छुट दिएकाले नै तपाईले ममाथि नराम्रो व्यवहार गर्न सकेको हो नभए मेरो कुनै गल्ती नै नभई किन त्यस्तो गर्न सक्नु हुन्थ्यो भन्दै मोहनबहादुरसँग प्रश्न गरेकी छ। यहाँ

पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषलाई मर्द (शक्तिशाली) र नारीलाई नामर्द (कमजोर) पात्रका रूपमा हेरिने सन्दर्भलाई प्रस्तुत गरेर पितृसत्तामा देखिएका कमजोर पक्षलाई औल्याउन खोजेको बुझिन्छ । पितृसत्तात्मक सामन्ती संस्कारले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण मोतीमाया लैङ्गिक हिंसा सहन विवश भएकी छ । उसले प्रतिरोध गरेपनि त्यो केन्द्रसम्म पुग्न सकेको छैन ।

यसरी एकपछि अर्को पुरुषबाट तिरस्कृत भएपछि मोतीमाया सडकमा पुऱ्याइन्छे । त्यहाँबाट ऊ पहिलो चोटि अनजानमा मिस्रीदिदीको कोठीमा र दोस्रो चोटि जानीजानी मैयाँनानीको कोठीमा पुग्न विवश भएकी छ । तर त्यहाँ उसले वेश्यावृति गर्न मानेकी छैन  र ऊ गायन क्षेत्रमा समलग्न भएकी छ। उसको छोरो विनोद जवान भएपछि मैयाँनानीको सहयोगमा सबै कुरा बुझेर उसले आमालाई घर लिइएर आएको छ। बाबु प्रमोदले मोतीमायालाई अपशब्द प्रयोग गर्दै भित्र छिर्न रोक लगाउँछ  । तर विनोद “मेरी आमा द्यौता हुनुहुन्छ, सती हुनुहुन्छ, देवी हुनुहुन्छ । मोहनसित मेरी आमा पोइल जानुभएको होइन, बरु तपाइँलई रण्डी अँगाल्नुपरेकाले मेरी आमालाई तपाईंले अनेक निहुँ, बहान झिकी चुटेर, पिटेर लत्याएर निकाल्नुभो । ....त्यसको जवाफदेही तपाईं हुनुहुन्छ (पृ. १३७) ।” भन्दै आमा गलत नभएको तर्क गर्छ । बाबुछोराका बीचमा केही समय वैचारिक द्वन्द्व चलिरहन्छ । विनोद आमा गलत नभएकाले घरमा पस्न पाउँनुपर्ने तर्क गरिरहन्छ । ऊ प्रतिरोधका बीच पनि आमालाई लिएर भित्र छिर्न खोज्दा प्रमोदले उसका खुट्टामा गोली चलाउँछ । विनोद लड्छ । त्यहीक्रममा मोतीमायासँगै गएकी मैयाँनानीले प्रमोद र कमलामाथि गोली चलाएर उनीहरूलाई समाप्त गरेपछि विनोद आमालाई घरभित्र प्रवेश गराउन सफल भएको देखिन्छ । त्यसपछि विनोदले आफ्नो घरलाई ‘मैयाँ-मन्दिर’ का नाममा रूपान्तरण गरी त्यसको अध्यक्ष मोतीमायालाई बनाएपछि भने उसले आफ्नो हकअधिकार प्राप्त गर्न सफल भएको देखिन्छ। यसरी मोतीमायाले छोरो विनोद र मैयाँनानीको सहयोगमा आफूमाथि भएको उत्पीडनका विरुद्ध प्रतिकार गरेर आफ्ना घर फर्कन पाउनु भनेको  प्रतिरोध चेतनाको बलियो उदाहरण हो ।

गायत्री चक्रवती स्पिभाकले सीमान्तीकृत वर्गले आफ्नो हकअधिकारका कुराहरू सम्भ्रान्त वर्ग वा शक्तिमा रहेका व्यक्ति वा राज्यसत्ताका अगाडि बोल्न सक्दैनन् । त्यसैले बौद्धिक वर्गले लेखेर उनीहरूको प्रतिनिधित्व गराउनुपर्छ (उप्रेती, २०६९, पृ. २८७)  भन्ने मत राखेकी छन् । त्यसै अनुसार यहाँ सीमान्तीकृत नारी पात्र मोतीमायाको पक्षमा छोरो विनोद र

मैयाँनानीले आवाज उठाएका छन् । त्यसैले पितृप्रधान संस्कृतिको प्रतिनिधि पुरुष प्रमोदको अन्त्य भई लैङ्गिक सीमान्तीकृत नारी समुदायको प्रतिनिधि मोतीमायाको विजय भएको छ । अन्तत : लैङ्गिक सीमान्तीकृत नारी समुदायका पक्षमा अन्य सीमान्तीकृत पुरुष तथा महिला एकजुट भई मूलधारको संस्कृति विरुद्ध प्रतिवाद गर्दा विजय भएकाले प्रतिरोध चेतनाका दृष्टिले उपन्यास बलियो देखिन्छ ।

उन्पन्यासमा मैयाँनानी पनि लैङ्गिक उत्पीडनको सिकार भएकी छ । ऊ आफ्नै लोग्नेद्वारा गलहत्याइएपछि जोगिनी भएकी र त्यहाँ पनि पुरुषद्वारा यौनहिंसाको सिकार भएको देखिन्छ । भिक्षाटनका क्रममा गुण्डाद्वारा बलात्कृत भएपछि एउटी छोरी पनि जन्मेकी र केही वर्ष त्यसले भोगिसकेपछि अर्की पठ्ठी भेट्टाएको र उसलाई त्यसले बुढी गाई धपाएझैँ धपाइदिएपछि ऊ वेश्या बन्न बाध्य भएको कुरा उसले मोतीमायासँग भनेकोबाट थाहा भएको छ । मैयाँनानी उत्पीडित भएको प्रसङ्गलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "तिमीलाई जस्तै मलाई पनि मेरा पोइले ममाथि दानवहरूले पनि नगर्ने अत्याचार गरे । सबभन्दा सजिलो उपाय परपुरुषसित हाँसिरही भन्ने शङ्काको निहुँ थापी चुट्दै उनले मलाई कुकुर निकालेझैँ निकालिदिए । पोइबाट पर भएर पनि उनको धर्ममा बस्ने मैले निकै कोशिश गरेँ । 'फलाना ठाउँ एउटी चरी छ' भन्दै गुण्डाहरू वैरिन लागे । 'धर्म त म केही गरेर पनि नष्ट गर्न दिन्नँ' भन्ने ह्याउ गरी मेरो पालि जोगिनी भएर पशुपतिको एउटा पाटीमा बसेर भिक्षाटन गरेर जिन्दगीको .... सतीत्व भङ्ग गरिदिए ।"

> "भिक्षाटनको वृत्ति थियो । एक दिन म द्यौपाटन शहरमा भिक्षा माग्न गएकी थिएँ । मलाई थाहा थिएन, म एउटा गुण्डाको घरमा पसिछु । जबर्जस्ती गरी उसले त मलाई माथि लगी आफ्नै बनाइदियो । मलाई कराउनसम्म पनि लाज भयो, डर भयो, बस् उसलाई सत्र परिहाल्यो । त्यस बेलादेखि मेरो जोगिनी भेषले पनि गृहस्थीको.. काँचुली फेऱ्यो ।"
> "४-५ वर्ष म उसकी जोडी भएर बसैँ । गुण्डालाई के घर, अघाइसकेको र अर्की एउटी सिकार भेटिएको, बस् मलाई बुढी गाई धपाएझैँ धपाइदियो । त्यसको तर्फबाट मेरी एउटी छोरी पनि छ ।" (पृ. १०८)

माथिको साक्ष्यमा पुरुषले नारीमाथि गरेको दुर्व्यवहार प्रस्ट भएको छ । मैयाँनानी पनि मोतीमायाजस्तै पीडित भएको कुरा मैयाँनानी र मोतीमायाको संवादबाट स्पष्ट भएको छ । लोग्नेबाट त्यागिएकी मैयाँनानी बाँच्ने उपाए खोज्ने क्रममा जोगिनी भएकी तर त्यहाँ पनि जोगीकै भेष धारण गर्ने पुरुषले उसमाथि हिंसा गरेको, भिक्षाटनका क्रममा त्यही घरको पुरुषबाट बलात्कृत भएपछि एउटी छोरी पनि जन्मेकी र उसले पनि पाँच वर्षसम्म यौनशोषण गरेपछि घरबाट निकालेको घटनाले तत्कालीन समयमा महिलाको अवस्था कति नाजुक थियो भन्ने प्रस्ट भएको छ । पुरुषप्रधान समाजले नारीलाई घरभित्र मात्र होइन, घर बाहिर जोगिनी भएर हिँड्दा समेत सुरक्षित भएर बाँच्न दिएको छैन । मैयाँनानी पुरुषप्रधान समाजका पुरुषहरूको लैङ्गिक तथा यौनिक हिंसाको सिकार भएकी छ । यसबाट नेपाली समाजमा अधिकांश पुरुषहरूले नारीलाई यौनसाधन र उपभोग्य वस्तुका रूपमा मात्र सीमित गर्दै उनीलाई निरीह जीवन बाँच्न बाध्य पार्छन् भन्ने कुराको उजागर भएको छ ।

उपन्यासमा मैयाँनानी आफ्ना बाबुको व्यवहारले पनि पीडित देखिन्छे । उसका बाबु प्रतिष्ठित भएर पनि उसलाई भन्दा बढी विश्वास उसका श्रीमान्लाई गरेकाले लोग्नेले घरबाट निकालेपछि बाबुले पनि उसलाई माइती घरभित्र छिर्न दिएनन् । ज्वाइले छोरीमाथि गरेको शङ्का सही हो कि गलत हो भन्ने पत्ता नलगाई छोरी नै उस्ती भएको ठहर गरेका छन् । ऊ बाबुबाट पनि उत्पीडनमा परेको कुरा तलको साक्ष्यले बताउँछन् :

> “एउटा प्रसिद्ध सुब्बाकी छोरी हुँ, अहिले त मेरा बा मीर सुब्बा पनि भइसक्नु भएछ । गुण्डा जुवाईंको शङ्का नै उहाँलाई सही भो, मेरो यत्रो इज्जतमा बात लगाइदिई भन्ने मेरा बालाई भयो । कलङ्किनी भनेर माइतीले पनि मलाई आश्रय नदिन मात्र होइन, दैलैमा टेक्न दिनुभएन ।” (पृ. १०९)

माथिको साक्ष्यमा मैयाँनानी आफ्नै बाबुद्वारा प्रताडित भएकी छ । परपुरुषसँग हाँसी भन्ने बहानामा मैयाँनानीलाई लोग्नेले घरबाट निकालेको छ । ज्वाइले लगाएको आरोप सत्य हो कि होइन भन्ने कुरा नबुझी बाबुले पनि मेरो इज्जतमा बात लगाइदिई भनेर छोरीलाई नै गलत देखेको छ र उसैलाई दोषी भन्दै आफ्ना घरमा पनि आश्रय दिइएको छैन । यस घटनाबाट पुरुषहरूको मानसिकता र मनोविज्ञान नारी उपेक्षित भएको पुष्टि हुन्छ । महिलाहरू सर्वप्रथमतः आफ्नै जन्मघरकै पुरुषहरूबाट प्रताडित भएका छन् । घरभित्रैबाट लैङ्गिक हिंसा सुरु भएको देखिन्छ । मैयाँनानी छोरी भएकै कारण लोग्ने र बाबुजस्ता पुरुषहरूबाट तिरस्कृत

भएकी छे। हाम्रो समाजमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण नै फरक छ। पितृसत्तात्मक सामन्ती संस्कारले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण माथिको साक्ष्यमा ऊ आफ्नै बाबुद्वारा उत्पीडनमा परेको देखिन्छ। तर उसले प्रतिकार गर्न भने सकेकी छैन।

पितृसत्ताको उत्पीडनकारी संस्कृतिका कारण मैयाँनानीले पुरुषहरूबाट धैरै पीडा सहनुपरे पनि अन्तत : उसले त्यही पीडालाई हतियार बनाई त्यसका विरुद्ध आवाज उठाएकी छे। यही क्रममा लैङ्गिक र यौनिक व्यभिचारको अन्त्य गर्न आफू यौनकर्मी भएको र आफूजस्तै अरुलाई पनि यसमा समलग्न गराएको विचार मैयाँनानीले व्यक्त गरेकी छे। यसलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "मलाई फसाउन खोज्ने र मञ्जुर गर्ने गुण्डाहरू अझै लागेका थिए। अनि त तै बिग्रिसकेँ, परीधान भएर गुण्डाहरूको पाउ मली लात खाई किन बसिरहने विचार गरी स्वतन्त्र पेशामा लागेर स्वतन्त्र भइरहेकी छु। मेरो सङ्गमा बस्ने यी चारै जनाको यस्तै इतिहास रहेछ। म त अहिले बूढी भइसकेँ। अहिले म नेपालका ठूलठूला ५-७ कोठीकी नाइकिनी भएर बसिरहेकी छु।" (पृ. १०९)

माथिको साक्ष्यका आधारमा मैयाँनानीको प्रतिरोध चेतना उच्च रहेको देखिन्छ। पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीलाई के गर्न हुने, के गर्न नहुने भन्ने कुरा समाजले नै तोकिदिएको हुन्छ। अर्थात्, उसको आत्मनिर्णयको अधिकार हुँदैन। समाजले तोकिदिएको बन्धनभित्र बाँधिएर बाँच्न विवश हुनुपर्छ। तर त्यसका विपरीत मैयाँनानी समाजले गलत ठऱ्याएको वेश्यावृतिजस्तो निकृष्ट पेसा अँगालेर बसेकी छे। यस्तो कार्य पक्कै पनि मूलधारको संस्कृति विरुद्धको प्रतिरोध हो। आफूलाई उत्पीडनको सिकार बनाउँने पितृसत्तात्मक सामाजिक संस्कृतिप्रतिको तिब्र आक्रोश पनि हो। ऊ पटकपटक पुरुषहरूको यौनहिंसाको सिकार भएपछि यौनकर्मी हुन बाध्य भएकी छे। सधैंभरि बन्धनमा बाँधिएर पुरुषहरूको पाउ मली, लात खाई उनीहरूकै शरण पर्नुभन्दा समाजका दृष्टिमा निकृष्ट ठानिएको वेश्यावृति नै सही ठानी त्यसैलाई अपनाएकी छे। अहिले उसका पाँचसात वटा कोठी पनि रहेका र ती सबैको नाइकिनी पनि उही भएकीले हिजोजस्तो मानसिक र शारीरिक हिंसा सहनुनपेको अभिव्यक्ति दिइएकी छे। अहिले उसका कोठीमा सहयोग गर्ने ती चारैजनाको इतिहास पनि उसकोजस्तै भएकाले सबै मिलेर यो व्यावसाय चलाएको बताउने मैयाँनानीमा प्रतिरोध चेतना

उच्च रहेको प्रस्ट भएको छ । ऊ कसैको बन्धनभित्र बसेर निरीह जीवन बिताउन चाँहन्न । त्यसैले चुनौतीलाई सामना गर्न तयार भएकी छे ।

मैयाँनानीजस्तै धेरै पीडित महिलाहरूमध्येकी एउटी पीडित मोतीमाया पनि उसैका शरणमा परेकी छे । उसको इतिहास नि मैयाँनानीको जस्तै देखिन्छ । उसलाई उसकै छोरो विनोद मैयाँनानी कै कोठीमा लिन आएको देखिन्छ । मोतीमाया घर फर्किदा मैयाँनानी पनि सँगै गएकी छे । मोतीमायालाई उसको लोग्ने प्रमोदले घरभित्र छिर्न रोक लगाउँछ । छोरो विनोद आफ्नी आमा निर्दोष भएकाले घरमा आउन पाउनुपर्ने तर्क राख्छ । यसैबीचमा प्रमोदले विनोदमाथि गोली चलाउछ । यसरी आफ्ना अगाडि निर्दोष मोतीमायालाई अपशब्द प्रयोग गर्ने अनि उसको रक्षक विनोदलाई पनि गोली हान्नेलाई मैयाँनानीले तत्क्षणात् पेस्तोल झिकी "समाज खाने कीरालाई जिउँदो राख्नु पाप हो" बोल्दै मैयाँनानीले प्रमोदलाई ताकेर हानिदिइन् । छातीमै लागेर प्रमोद ढलिहाले, ढल्नासाथै खतम । कमलाले चिच्याउनसम्म पनि पाएकी थिइनन् "यो काण्डकी नायिका, समाजकी कलङ्किनी तिमी हौ" भनेर मैयाँनानीले कमलालाई पनि पेस्तोल छाडेर खतम गरिदिइन् (पृ. १४०) । यसरी मोतीमाया र उसको छोरो विनोदसमेतलाई अन्याय गर्नेका विरुद्ध मैयाँनानी उत्रेकी छे । यी दुवै समाजका कलङ्क भएकाले बाँच्ने अधिकार नभएको भन्दै गोली हानी हत्या गर्ने मैयाँनानीमा प्रतिरोध चेतना उच्च रहेको देखिन्छ ।

मैयाँनानीले प्रमोद र कमलाको हत्या गरेपछि विनोदले उसलाई "तपाईं यहाँबाट भागेर बेपता भइहाल्नुस् (पृ. १४१)" भनेको छ । तर ऊ मान्दिन । "म भागेपछि तपाईं फेला पर्नुहुन्छ, यो म ठीक ठान्दिनँ (पृ. १४१)" भन्दै ऊ भाग्न चाँहन्न । त्यसपछि पुलिस आएर उसलाई गिरफ्तार गरी न्यायालय पुऱ्याइन्छ । न्यायालयमा मैयाँनानीलाई ज्यानमाराका रूपमा उपस्थित गराएपछि यायाधीशले आश्चार्य प्रकट गर्दै भन्छ- "स्वास्नीमान्छे पनि ज्यानमारा, उही पनि पेस्तोलजस्तो घातक हतियार चलाएर, यो हाम्रो देशको लागि नयाँ कुरा हो (पृ. १४२) " । कोमलताको प्रतीक नारीबाट यस्तो कठोर कार्य कसरी भयो भनेर न्यायाधीश छक्क परेको छ । मेयाँनानीले मान्छे मारेको भन्दा उसलाई विश्वास भइरहेको छैन । जेभए नि अपराध त अपराध नै हो तर "स्वास्नीमान्छे भएकाले ज्यान सजायबाट मुक्त छयौ, यसको माने हो स्वास्नीमान्छे ज्यानमारा भएर निस्कने कल्पनै कसैलाई थिएन । तसर्थ, स्वास्नीमान्छे भएकी हुनाले तिमी ज्यानमारा भए पनि मलाई माया लाग्छ (पृ. १४३)" भन्ने न्यायाधीशको

अभिव्यक्तिप्रति मयाँनानीले प्रतिरोध गरेकी छ । यस प्रसङ्गलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> मैयाँनानीले पनि हाँस्दै जवाफ दिइन्, "तपाईं लोग्नेमान्छेहरूको यही दया र माया नै हाम्रो निम्ति अभिशाप सिद्ध भइरहेको छ । यस्ता दया र मायालाई हामीले पूजा सम्झेका छैनौं, बरु यिनलाई हामीले अपमान सम्झेका छौं, त्यसैले मानवीय दया र माया गरेर हामी र हाम्रो उन्नतिलाई नगिराउनुहोला । मेरो निवेदन छ मेरो अनुसारको अभियोग कोही लोग्नेमान्छेबाट हुँदा अहिले पनि काट्ने वा मार्ने सजाय दिनुभए म खुशी हुनेछु, किनभने समान हकको निम्ति बरु समान सजाय पाउन आजका स्वास्नीमान्छे नचाहने हुँदैनन् ।" ( पृ. १४३)

पितृसत्तात्मक सामन्ती संस्कृति विद्यमान् रहेको समाजमा नारीलाई कोमल, सहनशील, मायालु, कमजोर, काँतरजस्ता उपाधि दिइन्छ । त्यही उपाधि अनुकूलको व्यवहार उसले गर्नुपर्छ यदि गरिन भने पनि समाजले पत्याउन सक्दैन । माथिको साक्ष्यमा पनि मैयाँनानीले स्वास्नीमान्छे भएर मान्छे मारेको न्यायाधीशलाई पत्याउन गारो भइरहेको छ । किनभने मैयाँनानी आइमाई भएकीले यस्तो कठोर कार्य गर्न कसरी सक्छे भनेर उसलाई विश्वास भइरहेको छैन । तर मान्छे मारेको प्रमाणितै भइसकेपछि उसले मैयाँनानीलाई स्वास्नीमान्छे भएकाले ज्यान सजायबाट मुक्त भएको अभिव्यक्ति दिएको छ । तर उसले त्यस कार्यको विरोध गरेकी छे । लोग्नेमान्छेले हामीलाई दया र माया गरेको नाटक गरी शोषण गरिरहेका छन् । हामीलाई कमजोर ठानी उनीहरू हामीमाथि जस्तोसुकै निकृष्ट व्यवहार गर्न पनि पछि पर्दैनन् । तर अब हामी काँतर छैनौं । उनीहरूभन्दा कुनै कुरामा पनि कमजोर नभएकाले दया र मायाको आवश्यकता  छैन । हामी लोग्नेमान्छे समानका भएकाले समान कामका लागि समान ज्याला भएजस्तै समान अपराधका लागि पनि समान सजााय होओस् भनेकी छे । उसकोजस्तो अपराध पुरुषले गर्दा उसलाई जुन प्रकृतिको सजाय हुन्छ आफूलाई नि त्यस्तै होओस् भनेर न्यायाधीशसँग माग राखेकी छे । नारीलाई कमजोर ठानी होच्याउने, अपमान गर्ने पितृसत्तात्मक सामन्ती संस्कृतिप्रति उसले असहमति जनाएकी छे । यो पक्कै पनि उत्पीडनका विरुद्ध उसमा आएको प्रतिरोध चेतना हो ।

मैयाँनानीले नारी उत्पीडनमा सम्लग्न पुरुषको मात्र हत्या गरेकी छैन, नारीलाई कमजोर ठान्ने पितृसत्तात्मक सामन्ती समाजमा विद्यमान् विभेदकारी कानुनको समेत उपेक्षा गरेकी छे । प्रमोद र कमलाको हत्या गरी निर्धकताकासात जेल बस्न तयार भएको अभिव्यक्ति दिने मैयाँनानीमा प्रतिरोध चेतना उच्च रहेको प्रस्ट भएको छ । यसर्थ, सुरुमा लैङ्गिक हिंसाका कारण सीमान्तीकृत हुन पुगेकी मैयाँनानी अन्तत : त्यही पीडालाई हत्यार बनाई जीवनमा सशक्त ढङ्गले अघि बढेकी देखिन्छ । मूलधारको उत्पीडनकारी संस्कृतिका विरुद्ध सशक्त रूपमा प्रतिवाद गर्ने मैयाँनानीमा प्रतिरोध चेतना उच्च रहेको देखिन्छ ।

*स्वास्नीमान्छे* उपन्यासमा नानीप्राण र उसकी आमा पनि बाबुद्वारा पीडित देखिन्छन् । नानीप्राणका बाबुले आमा छँदाछँदै दोस्री पत्नी ल्याएकाले उनीहरू बाबुद्वारा हेला गरिएका छन् । उसकी आमा विरामी हुँदा बाबुले उपचार गर्न त परैजाओस् उल्टै कुटपिट गरी झन पीडित बनाएको छ । उसमाथि पनि बाबुले दुर्व्यवहार गरेको छ । कान्छी श्रीमती ल्याएपछि जेठी र उसका बालबच्चालाई बेवास्ता गर्ने सामाजिक परिपाटीका कारण उनीहरू तिरस्कृत हुन् पुगेको देखिन्छ । नानीप्राण र उसकी आमा पनि बाबुद्वारा उत्पीडनमा परेको कुरा तलका पंक्तिले स्पष्ट पारेका छन् :

> "आमा छँदै रूपयौवनको मोहमा फसेर पिताजी एउटी अर्की आइमाईसँग भुल्नुभो । त्यसबेलादेखि आमालाई माया मार्दै ल्याउनुभो । ममाथिको मायाको तौल पनि घट्तै आयो । हुँदाहुँदा आमा पिताजीका आँखामा धूलो हुन गयो । अहिले त आमालाई पिताजीले विष देखिसक्नुभइसक्यो, पिटपाट सुरु गर्नुसमेत नहिच्काइसक्नुभो । मलाई पनि अचेल फुटेको आँखाले पनि हेर्न छोड्नुभइसक्यो ।" (पृ. ९५)

माथिको साक्ष्यबाट नानीप्राण र उसकी आमा पनि बाबुद्वारा उत्पीडनमा परेको प्रस्ट भएको छ । महिलालाई केवल वासनापूर्तिको साधन मान्ने पितृसत्तात्मक सामाजिक संस्कारका कारण नानीप्राणकी आमाको यौवन रितिएपछि उसका बाबुबाट तिरस्कृत भएकी हो । उसकी आमा छँदै रूपयौवनको मोहमा फसेर बाबु अर्की आइमाईसँग भुलेपछि उसका लागि आमा-छोरी नै आँखाका कसिङ्गर भएका छन् । त्यसैले उसले नानीप्राणकी आमालाई शारीरिक हिंसा गर्न सुरु गरेको देखिन्छ । नानीप्राणलाई पनि बेवास्ता गर्न थालेको छ । यसबाट नानीप्राण र उसकी आमा पनि पुरुषद्वारा उत्पीडनमा परेका पात्र हुन् भन्ने पुष्टि भएको छ । तर उनीहरूले

आफूमाथि भएको उत्पीडनका विरुद्ध आवाज उठाउन सकेका छैनन् । उनीहरू निरीह भएर बाँचेका छन् ।

*स्वास्नीमान्छे* उपन्यासमा अर्की स्त्री पनि उत्पीडनमा परेको देखिन्छ । ऊ मिस्रीको कोठीमा काम गर्ने स्वास्नीमान्छे भएको पुष्टि भएको छ । ऊ पनि पुरुषद्वारा हिंसामा परेको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

> "मरेँ बाबा ! मरेँ । पोल्यो नि पोल्यो । कसरी चहरिएर आयो नि ! लौन नि ! पङ्खा एकबाजि हम्किदेऊ !" कराउन थालिन् ।
>
> "बसी नसक्नु भो मिस्री दिदी, भतभती पोलेर आयो !"
>
> "सहनै सकिनँ मिस्री दिदी ! ऐया बाबा, मरेँ नि, मरेँ । लौन, लौन एक चोटि पङ्खा हम्किदेऊ ।" (पृ. ९१-९२)

माथिको साक्ष्यमा मिस्रीको कोठीभित्र गुण्डाहरूको यौन ताडना खप्न नसकी वेदनाले चिच्याउने केटीको अवस्था अत्यन्त दर्दनाक देखिन्छ । उसप्रति कसैको साहनुभूति देखिँदैन । पितृसत्तात्मक सामन्ती व्यवस्थाले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण ऊ यौनजन्य शोषण सहन बाध्य भएकी छ । नारीलाई केवल वासनापूर्तिको साधन ठान्दै उसप्रति निर्जीव व्यवहार गरिएको छ । यहाँ नारीको शरीरको कुनै अर्थ र मूल्य छैन । कसैले तिरेको पैसामा उसको शरीर बन्धक भएको देखिन्छ । ऊ यस अवस्थासम्म आइपुग्दा साँच्चि कै शक्तिहीन भएकी छ ।

मिस्रीको कोठीमा काम गर्ने अर्की यौनकर्मी चुलीको अवस्था पनि दयनीय देखिन्छ । एकै समयमा दुईजना गुण्डा भएर उसलाई अपशब्द प्रयोग गर्दै लछारपछार पारेको दृश्य अत्यन्त पीडदायी देखिन्छ । चुली उत्पीडनमा परेको कुरा तलका साक्ष्यबाट थाहा हुन्छ :

> आखिरमा चुली नै त्यहाँबाट उम्कन खोजी । गुण्डाले पहिलो गुण्डालाई छोडी उम्कन लागेकी चुलीलाई फरियामा समाएर तान्यो । तुरुन्तै फरिया फुकाई चुलीलाई नङ्गा पनि गरिदियो । 'त्यत्रो काण्ड मच्चाउने तै रण्डीँ होइनस् ! लौ चोलो पनि फुकाएर नाङ्गो उभिएस् । फुकाल् ।'

'फुकाल् फुँडी ! चोलो पनि यै भन् चित्त बुभ्दो छ ।'

चुली बेस्करी चिच्याइदिई । (पृ. १०२-१०३)

माथिको साक्ष्यमा चुली गुण्डाद्वारा प्रताडित भएकी छ । तिनीहरूले फोहरी शब्द प्रयोग गर्दै चुलीलाई नङ्ग्याएका छन् । उनीहरूको पञ्जाबाट उम्कने प्रयत्न गर्दा पनि चुली सफल भएकी छैन । अन्तत : केही नचलेर ऊ चिच्याएकी छ । यस अवस्थामा आइपुग्दा ऊ वास्तवमै शक्तिहीन भएकी छ । उसले प्रतिकार गर्दा पनि उसको आवाज शक्तिशाली बन्न सकेको छैन । यो सब पितृसत्तात्मक सामन्ती संस्कार कै परिणाम हो । तसर्थ, चुली पनि पुरुषद्वारा उत्पीडित देखिन्छे । त्यसैगरी मिस्रीको कोठीमा काम गर्ने अर्की यौनकर्मी दालचिनीको अवस्था पनि उस्तै छ । यिनीहरू लैङ्गिक हिंसाको सिकार भई वेश्या बन्न बाध्य भएका नारीहरू हुन् । उनीहरूले जीवन निर्वाहका क्रममा कुनै उपाय नभएर यौन व्यवसाय अप्नाएको देखिन्छ । उनीहरू आफ्नो इच्छानुसारको काम गर्न सकिरहेका छैनन् । उनीहरूको जीवनको कुनै अर्थ र मूल्य छैन । कसैले तिरेको पैसावापत उसको वासनातृप्तिको साधन बन्न विवश भएका उनीहरू यन्त्रमानव जस्तै निर्जीव बनेका देखिन्छन् । यस परिवेशसम्म आइपुग्दा वास्तवमा तिनीहरू शक्तिहीन भएका छन् । आफूमाथि भएको अन्याय-अत्याचारको प्रतिकार गर्न सकेका छैनन् । पितृसत्तात्मक सामन्ती आर्थिक आधारले निर्माण गरेको उत्पीडनकारी संस्कृतिका कारण नारीहरू लैङ्गिक हिंसा सहन विवश देखिन्छन् । पुरुषसत्तात्मक सामाजिक संरचनामा नारीले भोग्नुपरेको उत्पीडनको संवेदनापूर्ण अभिव्यक्ति नै यस उपन्यासको महत्त्वपूर्ण पक्ष भएको देखिन्छ ।

मैयाँनानीको कोठीमा काम गर्ने लीला, वासन्ती, जुईनानी पनि यौनकर्मी नै हुन् । उनीहरूको कथा पनि चुली, दालचिनीको जस्तै छ । तर उनीहरू वेश्यावृतिमा आवद्ध भए पनि आफूलाई निरीह ठान्दैनन् । मैयाँनानीसँगै बसेर उसैलाई सहयोग गरिरहेका छन् । वेश्यावृतिबाट कमाएको पैसा आफूजस्तै पीडितका लागि खर्चेका छन् । नारीलाई अपमान गर्ने पुरुषलाई मार्न पनि पछिपरेका छैनन् । केटी बेच्ने दलाल सूरप्रसादलाई र अञ्जना कुमारीलाई वासन्तीले गोली हानेर मारेको देखिन्छ । आफूमाथि भएको अन्यायका विरुद्ध प्रतिकार गर्ने उनीहरूमा प्रतिरोध चेतना उच्च रहेको देखिन्छ ।

*स्वास्नीमान्छे* उपन्यासमा सूरप्रसादद्वारा पनि नेपाली चेलीहरू उत्पीडनमा परेका देखिन्छन् । उनीहरू उत्पीडनमा परेका कुरालाई यसरी प्रस्तुत गरिएको छ :

१७ माघ, ०७, नेपाल ।

'महोदय,

सादर प्रणाम । मुझे २०० रुपिये की सख्त जरुरत है, इसलिये आप को कष्ट दे रहा हूँ, कृपया फौरन इस पत्र लानेवाले मेरे आदमी के हाथ २०० रुपिये भेज दीजिएगा । अगर आप कृपा न करें तो मै बडी मुसीबत में फस जाऊँगा ।

आज रात के ७ बजे आपकी सेवा में एक १८ वर्षीया कुमारी लडकी भेज देने की व्यवस्था कर रहा हूँ । आ जायेगी । इन्तजार में रहिएगा । उस लडकी को ५० से भी कुछ ज्यादा दे दीजिएगा तो अच्छा होगा, क्यांकि,....बडी मुश्किल से हाथ लगी हुइ है । विशेष पीछे ।

कृपाकांक्षी

सूरप्रसाद ।'(पृ. ११७)

व्यक्तिगत स्वार्थपूर्तिका लागि सूरप्रसादले नेपाली चेलीहरूलाई विदेशी दलालकहाँ पठाएको देखिन्छ । त्यहाँ उनीहरूले वेश्यावृत्ति जस्तो घृणित काम गर्न बाध्य हुनुपरेको छ । उसका यस्ता कार्यबाट बेचिएका दिदी-बहिनी उत्पीडनमा परेको बुझिन्छ ।

उपन्यासमा शक्तिको केन्द्रमा रहने व्यक्ति वा पात्रले परिधिमा रहेको शक्तिमाथि दमनात्मक नीति अँगाल्दा परिधीय शक्तिहरू लैङ्गिक उत्पीडनको सिकार भएको देखिन्छ । *स्वास्नीमान्छे* उपन्यासमा पनि पीडित अधिकांश नारीहरू (मोतीमाया, मैयाँनानी, नानीप्राण, जुईनानी, लीला, दालचिनी आदि) महिला भएकै कारण लैङ्गिक हिंसामा परेर निरीह जीवन बाँच्न बाध्य भएका देखिन्छन् भने प्रमोद, मोहनबहादुर, मैयाँनानीको लोग्ने, नानीप्राणको बाबु, जोगीको रूप धारण गर्ने गुण्डाहरू अनि मिस्रीको कोठीमा आउने गुण्डाहरू पुरुष भएकै कारण नारीहरूमाथि मानसिक र शारीरिक रूपमा यातना दिने कार्यमा संलग्न भएका देखिन्छन् । यसरी समग्र रूपमा *स्वास्नीमान्छे* उपन्यासका आधारमा रहेर पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडनलाई अध्ययन गर्दा पितृसत्तात्मक सामन्ती सोचका कारण पुरुषहरू समाजमा उत्पीडक र महिलाहरू उत्पीडित भएको स्पष्ट हुन्छ । तर महिलाले उत्पीडनलाई सहेर बसेको

अवस्था छैन । त्यसका विरुद्ध सङ्गठित भई आवाज उठाएर शक्तिको केन्द्रमा पुग्न सफल भएकाले उपन्यासको अन्त्यमा महिला शक्तिशाली भएका छन् । त्यस कार्यमा सीमान्तीकृत पुरुषले पनि साथ दिएको अवस्था छ ।

### ३.३.२ नारीद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

*स्वास्नीमान्छे* उपन्यासको लैङ्गिक विश्लेषण गर्दा नारीद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन पनि उत्तिकै महत्त्वपूर्ण विषयका रूपमा देखापरेको छ । उपन्यासकी प्रमुख स्त्री पात्र मोतीमाया स्वयम् सौता (कमला) द्वारा पीडित देखिन्छे । आफू छँदाछँदै पतिले अर्की आइमाईलाई कान्छी स्वास्नी बनाएपछि उसलाई पीडा भएको छ । सौता कमलाले प्रमोदलाई मोतीमायाका विरुद्ध हुँदै नभएका कुरा लगाएर उसलाई असह्य मानसिक पीडा दिएकी छ । उसलाई वेश्या भनाउन कमल भन्ने व्यक्तिका नाममा कमला आफैले प्रेमपत्र लेखेर प्रमोदलाई दिएकी र त्यसलाई प्रमाणका रूपमा भेटेपछि प्रमोदले मोतीमायामाथि झन हिंसा बढाएको देखिन्छ । कमलाले प्रमोदको उक्त कार्यलाई निरन्तरता दिँदै मोतीमायालाई मानसिक पीडा दिएकी छ । कमलाद्वारा मोतीमाया उत्पीडनमा परेको कुरा तलका साक्ष्यले पुष्टि गर्छन् :

> "त्यस्तै गुण्डाहरूबाट मनग्गी भरथेग पाएर नै फुर्ती पनि बढ्न सकेको" प्रमोदको रिसको आगोमा कमलाले घिउ हालिदिइन् । तर कमलालको यो वाक्य मोतीमायाको घाउमा नूनचूक हालिदिएको जस्तो भयो । प्रमोदले त्यस्तरी पिट्दा पनि मोतीमायालाई त्यति असह्य भएको थिएन । तर के लाग्छ, त्यस्तो अचाक्ली पनि मोतीमायाले आँसुमा थापरेर मुटुमा खन्याइरहेकी थिइन् । एक शब्द पनि मोतीमाया बोलिनन् खालि सुँक-सुँक रोइरहिन् त्यत्तिकै । (पृ. १३)

पितृसत्तात्मक सामन्ती संरचना विद्यमान् रहेको समाजमा पुरुषमा मात्र होइन, स्वयम् नारीमा पनि पितृसत्तात्मक विचारधारा निर्माण भएको हुन्छ ( भट्टराई, २०७७, पृ. १३०) । त्यसैले उनीहरू आफू स्वयम् एउटी नारी भएर अर्की नारीमाथि मानसिक एवम् शारीरिक हिंसा गरिरहेका हुन्छन् । लैङ्गिक चेतनाको अभावमा एउटी नारी अर्की नारीको सौता बनिरहेको देख्न सकिन्छ । सौता बनिसकेपछि कान्छी श्रीमान्को प्यारी हुने परम्परका कारण जेठीमाथि दुर्व्यवहार हुने गरको देखिन्छ । माथिको साक्ष्यमा पनि मोतीमाया प्रमोदभन्दा सौता कमलाबाट

बढी प्रताडित भएको बुझिन्छ । उसका उद्गारले मोतीमायाको घाउमा नुनचुक छर्ने काम गरेको देखिन्छ । उसले मोतीमायालाई झुट्टा आरोप लगाएर फसाएकी छे । पितृसत्तात्मक सामन्ती सोच भएकी कमलाका कारण मोतीमाया आँसुको सागर बगाउँदै घर छोड्न विवश भएकी छ । यसरी एउटी नारी (मोतीमाया) अर्की नारी (कमला) द्वारा उत्पीडित भएको देखिन्छ । तर मोतीमायाले त्यसका विरुद्ध आवाज उठाउन सकेकी छैन ।

सौताका कारणले घर छोड्न बाध्य मोतीमाया मिस्रीको कोठीमा पुऱ्याइन्छे । त्यहाँ गुण्डाहरूको यौन ताडना सहन नसकेर वेदनाले छट्पटाएका यौनकर्मीहरूको अवस्था देखेर ऊ पीडित भएको कुरा यसरी प्रस्तुत गरिएको छ : यो सब खलबल र त्यस घरको दृश्य सुनेर, देखेर मोतीमाया थरहरी भइरहेकी थिइन् । (पृ. १०३)

माथि उल्लिखित साक्ष्यले लैङ्गिक उत्पीडनको वास्तविक तस्विरलाई प्रस्तुत गरेको छ । एकातिर सौताका कारणले घर छोड्न विवश मोतीमाया पीडाले दुःखी भएकी छ भने अर्कातिर मिस्रीको वेश्यालयमा यौनपीडाले चिच्याएका नारीको रोदनले उसलाई झन पीडित तुल्याएको छ । मिस्रीले यौनकर्मीहरूसँग गरेको व्यवहार अत्यन्त निकृष्टको देखिन्छ । ऊ स्वयम् एउटी नारी भएर अन्य नारीको मर्म बुझ्न सक्तिन । बरु पुरुषकै पक्षमा आफ्ना विचार प्रवाह गर्छे । मिस्रीका यस्ता कार्यले मोतीमाया पीडित भएको देखिन्छे ।

मिस्रीले नानाथरीका कुरा गरेर मोतीमायालाई वेश्यावृत्तिमा संलग्न गराउन खोजे पनि मानेकी छैन । उसले मिस्रीको प्रस्तावलाई यसरी अस्वीकार गरेकी छ : "मबाट यस्तो काम हुन सक्तैन, प्राणलाई बरु मैले केही सम्झेकी छैन, तर स्त्रीत्वको मर्यादा गुमाउन सक्तिनँ ।" (पृ. ९७)

स्त्रीत्वको बोध भएकी मोतीमायाले यौनकर्मी बन्नुपर्ने मिस्रीको प्रस्तावलाई स्वीकार गरेकी छैन । उसले वेश्यावृत्ति गरेर जिउँनुभन्दा त बरु मर्न तयार भएको अभिव्यक्ति दिएकी छ । यो उसमाथि भएको अन्यायको प्रतिकार हो भन्न सकिन्छ ।

उपन्यासमा मोतीमाया हीराज्यानद्वारा पनि पीडित भएकी छ । उसले मोतीमायाको लोग्ने प्रमोदसँग उसका बारेमा झुट्टा कुरा गरेर प्रमोदको हिंस्रक व्यवहारमा ईंटा थप्ने काम गरेकी छ । हीराज्यानले मोतीमायाविरुद्ध प्रमोदसँग गरेको कुरालाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

"अँ, कस्ती अज्ञानी मूर्ख, नालेस ठोक्छु पो भनी । लोग्नेलाई स्वास्नीले नालेस दिने सुन्दै पनि अपराधको कुरा, उही पनि सीताकै मुलुककी स्वास्नीमान्छेले । त्यही सल्लाह गर्न पो मकहाँ आएकी, तर प्रमोदकाजी धन्दा मान्नु पर्दैन । बेस्करी झाटेर पठाइदिएकी छु मैले ।" (पृ. ३१)

पितृप्रधान सामन्ती संरचना विद्यमान् भएको समाजमा नारी पुरुषबाट मात्र पीडित हुने होइनन् । पितृसत्तात्मक सामाजिक सोच भएका नारीबाट नै बढी पीडित भएका देखिन्छन् । माथिको साक्ष्यमा पनि मोतीमाया हीराज्यान(नारी) बाट नै उत्पीडनको सिकार भएकी छे । उसले प्रमोदलाई भए नभएका कुरा लगाएर मोतीमायाका विरुद्धमा उकासेको देखिन्छ । उसको कार्यले नारी भएर पनि पितृसत्तात्मक संस्कार र चिन्तनलाई नै आत्मसात गरी लैङ्गिक हिंसामा संलग्न भएको प्रमाणित हुन्छ । पितृसत्तात्मक सामन्ती समाजमा लैङ्गिक चेतनाका अभावमा नारीहरू नारीमाथि नै हिंसा गर्न तत्पर देखिन्छन् । यो उनीहरूको व्यक्तिगत चारित्रिक दोष नभएर पितृसत्ताकै दोष हो भन्न सकिन्छ ।

उपन्यासमा मिस्रीको कोठीमा काम गर्ने यौनकर्मी महिला पनि मिस्रीद्वारा उत्पीडित देखिन्छे । गुण्डाको यौन ताडना सहन नसकेर वेदनाले छटपटाएकी त्यस महिलालाई मिस्रीले अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ : "के कराएकी राँडी चुप लाग ।" "पोल्छ त, सहन सक्नुपर्छ । बेसोमती !" (पृ. ९१-९२)

मिस्रीका उद्गारले त्यो यौनकर्मी उत्पीडित भएकी छ । वेदनाले छटपटाएकी उसलाई मिस्रीले साहनुभूति दिनुको सट्टा गाली गरेकी छ । यसरी एउटी नारी भएर अर्की नारीको पीडामा मलम लगाउन नसक्नु उत्पीडनको ज्वलन्त उदाहरण हो । मिस्रीको उक्त अभिव्यक्तिमा आइमाईले जस्तोसुकै दुःख पनि सहन सक्नुपर्छ । नसहने आइमाई छाडा (बेसोमती) हुन्छे भन्ने सामाजिक विचारधाराले प्रभाव पारेको देखिन्छ । लुइस आल्थुसरको अवधारणा अनुसार विचारधारा शब्दले चलिआएका सामाजिक मान्यतालाई जनाउँछ जसलाई हामी सत्य ठानेर स्वीकार गरिरहेका छौं । विचारधारा अवचेतन मनमा जरा गाडेर बसेको हुन्छ र त्यसले हाम्रो दैनिक जीवनका सोच र व्यवहारलाई प्रभाव पारिरहेको हुन्छ । माथिको साक्ष्यमा पनि समाजमा प्रचलित त्यही मान्यताले मिस्रीलाई प्रभाव पारेकाले उसले त्यस यौनकर्मीमाथि त्यस्तो व्यवहार गरेकी हो । उसको व्यवहारले त्यो यौनकर्मी मर्माहत भएकीले ऊ मिस्रीद्वारा पीडित भएको

स्पष्ट हुन्छ । यसरी पितृसत्तालाई नै महिलाले आत्मसात गर्दा महिलाद्वारा नै महिला उत्पीडनमा परेका देखिन्छन् ।

*स्वास्नीमान्छे* उपन्यासमा नानीप्राण पनि मिस्रीद्वारा दुःखी भएकी छ । जिउँने कुनै उपाय नभएर वेश्यावृत्ति गर्न गएकी नानीप्राणलाई मिस्रीले बच्चा नहुने औषधि गर्न प्रस्ताव गरेपछि थप पीडित बनेकी छ । उसले त्यस्तो कार्यको विरोध गरे पनि सफल भएकी छैन र अन्त्यमा केही नचलेपछि उसको प्रस्ताव स्वीकारेकी छ । ऊ मिस्रीद्वारा उत्पीडनमा परेको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ : गहभरि आँसु गरेर नानीप्राणले भनिन् "मेरो केही लागेन मिस्री दिदी ! हुन्छ, मैले तपाईंको आखिरी शर्त पनि मन्जुर गरेँ । म भोलिदेखि हाजीर हुन्छु, अब जान्छु त म ।" (पृ. ९७)

*स्वास्नीमान्छे* उपन्यासको यस प्रसङ्गबाट नानीप्राण थप उत्पीडनमा परेको पुष्टि हुन्छ । मिस्रीले नानीप्राण र अर्की यौनकर्मीमाथि गरेका व्यवहारहरू नारीले नारीमाथि गरेको उत्पीडन वा शोषणको नमुना हो भन्न सकिन्छ ।

उपन्यासमा अञ्जनाकुमारीको कार्यले पनि दिदी-बहिनीहरू उत्पीडित भएका देखिन्छन् । अञ्जनाकुमारीद्वारा उनीहरू उत्पीडनमा परेको कुरालाई यसरी प्रस्तुत गरिएको छ :

'प्राणेश्वर,

१०, माघ ०७ ।

तपाईंको चिट्ठी पाएँ । साथै १०० रूपियाँ पनि । निगाहको निम्ति धन्यबाद । नेपालीमा पनि तपाइँ लेख्न जान्ने हुनुहुँदो रहेछ । अरु दुई जना केटीलाई पनि कुरा मिलाइराखेकी छु । कुमारी नै हुन् । तर प्रार्थना छ, कत्ति पनि चुहन नजाओस् । म सच्चा दिलले भन्छु, मेरो तपाइँमाथि मुहब्बत पनि बढ्दै आएको छ । तपाइँले निगाह राख्नुभए म त तपाइँकै दासी बन्न चाहान्छु । हेरुँ, मेरो भाग्य कस्तो होला । ....निगाह होइन ।

कृपाकांक्षिणी

अञ्जनाकुमारी ।' (पृ. ११६)

माथिको साक्ष्यमा अञ्जनाकुमारी केटी बेच्ने दलाल भएको प्रस्ट भएको छ । सोझासिधा चेलीबेटीलाई विभिन्न प्रलोभन देखाई वेश्यावृत्तिमा संलग्न गराउने अञ्जनाकुमारी एक उत्पीडक भएको प्रमाणित हुन्छ । उसका कार्यले ती बेचिएका केटीहरू पीडित भएका छन् ।

उपन्यासमा कमला र चम्पा पनि एकअर्काबाट उत्पीडित भएका देखिन्छन् । यसलाई प्रस्ट पार्न निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ : मुसुक्क हाँसेर प्रमोदले भने, " कमला भात खान लागेकी बेला एक चोटि आइजन है, तँलाई भनेर मैले एउटा फरिया ल्याइराखेको छ ।" प्रमोद गइसकेपछि अग्नि शर्मा भएर कमलाले भन्नु नभन्नु भनेर चम्पाको जगल्टा लुछ्न थालिन् । "मालिकलाई चिया टक्र्याउन आएकी कि मुलुकभरका हावभाव कटाक्ष गरेर मालिकको अगाडि मेनका बन्न आएकी ?" भन्दै कमलाले चम्पाको गालै गालामा ठटाइन् । (पृ. ७५)

माथिको साक्ष्यमा चम्पा र कमला एकअर्काद्वारा पीडित भएका छन् । चम्पा र प्रमोदका बीचको वार्तालाव कमलाले लुकेर सुनेकी छे। त्यसबाट सशङ्कित भई कमला भित्रभित्र तनावमा परेकी छ र उसले त्यसको प्रतिकार स्वरूप चम्पालाई कुटेको देखिन्छ । चम्पाको यौवनसँग डराएकी कमला कतै श्रीमान्लाई नै पो आफ्नो बनाउने हो कि भनेर सशङ्कित भएको बुझिन्छ । कमलाका अभिव्यक्तिमा लैङ्गिक र वर्गीय विभेद देखिन्छ । पितृसत्तात्मक मानसिकता भएको समाजमा पुरुषसँग महिला एक्लै गफ गरेर बस्न नहुने किसिमको नियन्त्रण कायम भएको पाइन्छ । लोग्नेलाई एक्लौटी बनाउने मनोविज्ञान भएकी कमला आफ्नो पतिसँग चम्पा गफ गरेर बसेको सहन सक्तिन र उसमाथि दुर्व्यवहार गर्न पुग्छे । पितृसत्तात्मक समाजमा पुरुषले जे गरे पनि गल्ती नहुने तर महिलाले केही नगरे पनि दोषी ठहरिन्छ भन्ने मानसिकता कमलाको भएको बुझिन्छ । किनभने निर्दोष मोतीमायालाई प्रमोदले हुँदै नभएको आरोप लगाएर घरबाट निकालेको आफ्नै आँखाले देखेकी छ । यस कार्यमा कमलाको पनि हात नभएको होइन तर प्रमोदले चाहेको भए कमलाले मात्र मोतीमायालाई घरबाट निकाल्न सक्तिन थिई । त्यसैले भोलि के थाह आफूलाई पनि लोग्ने प्रमोदले चम्पासँग मिलेर गलहत्याउँन सक्छन् भन्ने मानसिकता कमलाको हुन सक्छ । त्यसैले बेलैमा आफ्नो बाटो साफ गर्नका लागि उसले चम्पामाथि दुर्व्यवहार गरेको बुझिन्छ । कमलाको कारणले चम्पा शारीरिक र मानसिक दुवै हिंसा सहन बाध्य छे भने चम्पाको व्यवहारले कमला पनि मानसिक हिंसाको सिकार भएकी छे । यहाँ चम्पा र कमला दुवै एकअर्काबाट पीडित भएको पाइन्छ ।

*स्वास्नीमान्छे* उपन्यासमा मोतीमाया, नानीप्राण, यौनकर्मी महिलाहरू, अञ्जनाकुमारीद्वारा बेचिएका चेलीहरू नारीद्वारा नै उत्पीडनमा परेका देखिन्छन् । लैङ्गिक अध्ययनमा यसलाई समलैङ्गिक नारी उत्पीडन भनिन्छ । यसका सामाजिक, आर्थिक लगायतका अनेकौँ कारण हुन सक्छन् । "पितृसत्तात्मक सामाजिक संरचनामा कैयौँ नारीले पितृसत्ताकै मान्यतालाई आत्मसात गरी त्यसै अनुरूप बाँच्दै र बोल्दै आएका छन् " भन्ने नारीवादीहरूको भनाई छ (उप्रेती, २०६९, पृ. १७५) । *स्वास्नीमान्छे* उपन्यासमा कमला, मिस्री, हीराज्यानजस्ता नारीले मोतीमाया, चम्पाजस्ता नारीमाथि गरिएका व्यवहारहरू नारीले नारीमाथि नै गरेका पितृसत्तात्मक उत्पीडनका प्रमाणहरू हुन् भन्ने प्रस्ट भएको छ ।

## ३.३.४ नारीद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

*स्वास्नीमान्छे* उपन्यासको लैङ्गिक विश्लेषण गर्दा नारीद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन पनि एउटा महत्त्वपूर्ण पक्षका रूपमा देख्न सकिन्छ । पुरुषवादी लैङ्गिक अध्ययनसम्बन्धी मान्यताको आधारमा हेर्दा यस उपन्यासका विनोद र मिस्रीको कोठीमा आउने नवयुवक महिलाद्वारा पीडित भएको बुझिन्छ । उपन्यासको उल्लेखनीय सहायक पुरुष पात्र विनोद सौतेनी आमा कमलाद्वारा उत्पीडित देखिन्छ । आफ्नी आमा छँदै बाबु प्रमोदले दोस्री स्वास्नीका रूपमा कमलालाई घरमा ल्याएपछि उसले विनोदलाई बाबुको मायाबाट बन्चित गराएकी छ । कमलाले सौता मोतीमायालाई दोषी ठहऱ्याउन अनेक प्रपञ्च रचेपछि त्यसको सिकार विनोद भएको पाइन्छ । कमलाले मोतीमायाको चरित्रमा खोट देखाउन उसलाई कोही भेट्न आउँदो रहेछ भनेर प्रमोदलाई झुट्टो समाचार सुनाएकी छ । त्यस कुरालाई प्रमाणित गर्न कमलाले आफै मूल ढोका खोलेकी छ अनि विनोदलाई प्रमोदकै अगाडि "तिम्री आमालाई को भेट्न आएको (पृ. ११) ?" भन्दै प्रश्न गरेकी छ । तर विनोदले "कोही पनि आएन (पृ. १२)" भनेपछि उसलाई हप्काउँदै कुट्न खोजेकी देखिन्छ । कमलाको व्यवहारले विनोद उत्पीडनमा परेको कुरालाई यसरी प्रस्तुत गरिएको छ :

> कमलाले सोधिन, "भन बा, तिमीलाई म हिजो अस्ति जस्तो फेरि पापा दिउँला अस्ति पनि मैले पापा दिएको थिएँ हकि ? लौ भन त । फेरि म धेरै पापा दिउँला, बिस्कुट दिउँला । आजराति तिम्री आमासँग को भेट्न आएको थियो ?" खालि डरले आँखाभरि आँसु गरी नीलो-पहेंलो मुख गरी उभिरहेको थियो । अनि कमलाले दराज खोली एउटा स्याउ, दुइटा बिस्कुट र अलिकति पिपलमेन्ट

दिँदै भनिन्, "भन त विनोद ! को आएको थियो ? (दराजतिर देखाएर) 'उ : हेर, ती सबै तिमीलाई दिउँला, भन त को आएको थियो ?" विनोद 'कोही पनि आएन' सिवाय अरू एक शब्द पनि बोलेन । अनि, कमलाले भुईबाट नली उठाई विनोदका हातका स्याउ, बिस्कुट र पिपलमेन्ट सब खोसेर रिसाउँदै भनिन्, "लौ भन्ने भए भन्, नत्र तँलाई यही नलीले ठोक्छु । तेरो बङ्गारो झार्छु ।" (पृ. ११-१२)

माथिको साक्ष्यमा सौतेनी आमा कमलाले दयामाया गरेजस्तो गरी अनेक खानेकुरा देखाई प्रलोभनमा पारेर विनोदलाई आफ्नो पक्षमा बोल्न लगाउने प्रयत्न गरेकी छे । आफ्नो वर्चस्व कायम गर्न कमला अन्तिम समयसम्म पनि वार्ता र सहमतिकै पक्षमा उभिएकी छ । तर केही नचलेपछि ऊ दमनात्मक शैलीमा उत्रिएकी देख्न सकिन्छ । ग्राम्चीका अनुसार शक्तिशाली समूहले कमजोर र निमुखामाथि आफ्नो शासन सत्ताको प्रभुत्व कायमै राख्न बलको मात्र प्रयोग गर्दैन, सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छ (श्रेष्ठ, २०६८, पृ. ४०) भन्ने मान्यतालाई कमलाले पनि आत्मसात गरेको देखिन्छ । उसका यस्ता क्रियाकलापले विनोद उत्पीडनमा परेको बुझिन्छ ।

उपन्यासमा अर्को पुरुष पात्र पनि महिलाद्वारा उत्पीडनमा परेको छ । ऊ मिस्रीको कोठीमा साथीको लैलैमा लागेर आउने युवक भएको बुझिन्छ । त्यहाँ आएको त्यो नवयुवक यौनक्रीडामा सामेल हुन नमानेपछि दालचिनीले अनेक नखरा पार्दै त्यसलाई संलग्न गराउने प्रयत्न गरेको देखिन्छ । दालचिनीबाट युवक पीडित भएको र उसले त्यसका विरुद्ध प्रतिरोध गरेको कुरा यसरी प्रस्तुत गरिएको छ : केही नलागेर युवकले विनीतभावमा भने, "दिदी ! बिन्ती छ मलाई छोडिदिनुस् । मैले यस्तो काम कहिल्यै गरेको छैन बरु म तपाईलाई मसित भएभरका १० रुपियाँ दाम पनि टक्र्याउँछु ।" (पृ. १००)

माथिको साक्ष्यमा दालचिनीद्वारा नवयुवक पीडित भएको पुष्टि भएको छ । साथीको लैलैमा लागेर आएको युवक कोठीमा दालचिनीले जबर्जस्ती यौनक्रीडामा सामेल गराउँन खोज्दा मानेको देखिँदैन । उसले त्यस ठाउँबाट उम्कने प्रयत्न गरेको बुझिन्छ । त्यसैले आफूसँग भएको सबै पैसा दालचिनीलाई दिएर त्यहाँबाट छोडिदिन अनुरोध गरेको छ । यसरी आफूसँग भएको १० रुपियाँ दिएर उम्कने प्रयत्न गर्नु भनेको उसमाथि भएको उत्पीडनको प्रतिकार हो भन्न सकिन्छ ।

## ३.४ एक चिहान उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध चेतना

हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासमा पुरुषद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध उनीहरूले गरेको प्रतिकारको अवस्थालाई पनि प्रस्तुत गरिएको छ । *एक चिहान* उपन्यासको निर्माण लैङ्गिक उत्पीडन र पितृसत्तात्मक समाजले निर्माण गरेको सामाजिक संरचनाको जगमा भएको देखिन्छ। सामाजिक, आर्थिक तथा लैङ्गिक दृष्टिले महिलाहरूको अवस्था दयनीय थियो। उनीहरू लैङ्गिक हिसाबले पुरुषप्रधान सामन्ती संस्कृतिबाट पीडित नै थिए भन्ने कुरा डा. गोदत्तप्रसादले पत्नी रञ्जनादेवी र प्रेमिका नानीथकुंप्रति गरेको व्यवहारबाट स्पष्ट हुन्छ। घरमा पढेलेखेकी शिक्षित र सचेत श्रीमती हुँदाहुँदै पनि डा. गोदत्तप्रसादले नानीथकुंलाई प्रेमजालमा फसाउन सफल भएको छ । अशिक्षित र ज्ञानबाट वञ्चित नानीथकुंले दुष्ट डाक्टर गोदत्तप्रसादको नक्कली प्रेम थाहा पाउदिन र उसलाई सच्चाप्रेम गर्न पुग्छे। पछि डाक्टरकी पत्नी रञ्जनादेवी र आफ्नो दाजु शिवनारांको सचेतताको कारण आफ्नो (महिला) अस्तित्वको बोध गरी उसलाई अस्वीकार गरेकी छ । तर डाक्टर गोदत्तप्रसादले जाल गरेर हैजा र टाइफाइडको इन्जेक्सन भनी बेहोस हुने इन्जेक्सन लगाएर अपहरण गरी उसलाई बलात्कार गरेको देखिन्छ। नानीथकुंले दुष्ट पापीबाट उम्कने प्रयत्न गरेकी छ। सफल भने भएकी छैन। यहाँ उसको इच्छाको कुनै अर्थ र मूल्य छैन। डाक्टरको इच्छा अनुसार उसले आफूलाई समर्पित गराउनु परेको छ। उसको अवस्था कति दयनीय थियो भन्ने कुरा उपन्यासका यी साक्ष्यले प्रस्ट पारेका छन् :

> करिब दुई घण्टापछि होशमा आएर नानीथकुंले आँखा खोल्दा उनले आफ्नो अगाडि डाक्टर गोदत्तप्रसादले हाँसिरहेको पाइन्। नानीथकुंलाई बडो नमीठो लाग्यो, दुःख लाग्यो र चिन्ता लाग्यो । होशमा आउनासाथ आज भएका सारा घटना र कुरा पनि उनलाई तुरुन्तै थाह भएर आयो । तत्क्षणत् अनि उनलाई मारिहालूँजस्तो रिस उठेर आयो । किन्तु विचरीले गरुन् के ? फन्दामा परिरहेकी छन् । झन् निस्सहाय छन् । रिसलाई सहेर, पचाएर नानीथकुंले विनीत स्वरमा भनिन् "डाक्टरसाहेब ! के गर्नु भएको यो ?" नानीथकुं एकदम आत्तिइन् । उनी भाग्न खोजिन् तर डाक्टर गोदत्तप्रसादले खल्तीबाट रुमाल झिकी उनको मुखमा ठोसिदिए। नानीथकुंले शरीरमा भएभरको बल झिकिन् तर कोशिशै गर्नु मात्र भयो। डाक्टर गोदत्तप्रसादले अँगालोले कसि नै राखे। तैपनि

> नानीथकुं छटपटाइन् चलि नै रहिन् अनि आखिरमा हैरान भएर डाक्टर गोदत्तप्रसादले बत्ती निभाइदिए र भने "नानीथकुं ! अब तिमी मेरी भएरै रहनेछ्यौ ।"
>
> केही नलागेर अनि नानीथकुं धुरुधुरु रुन थालिन् । कपडा ठोसिराखेको ....रात बिताइदिए । (पृ. २०६-२०८)

नानीथकुंको अवस्था साच्ची नै पीडादायक देखिन्छ । पितृसत्तात्मक सामन्ती संस्कारका कारण ऊ डा. गोदत्तप्रसादको प्रतिकारमा उत्रिदा पनि सफल भएकी छैन । ऊ यस परिस्थिति (अवस्था) मा आइपुग्दा वास्तवमै शक्तिहीन बन्न पुगेकी छे। ऊ निरीह निरुपाय भएर डाक्टरलाई अपनाउन बाध्य भएकी छे। उपन्यासमा ऊ डाक्टरद्वारा पीडित पात्र हो। ऊ शारीरिक र मानसिक दुवै रूपमा उत्पीडनको सिकार भएकी छ । ऊ पुरुष पात्रद्वारा उत्पीडित नारी पात्रको रूपमा देखिएकी छ ।

नानीथकुं हराएपछि शिवनारांको परिवारले उसको खोजी गरेको देखिन्छ । डाक्टरकी पत्नी रञ्जनादेवीको सहयोगमा उनीहरूले बहिनी नानीथकुंलाई भेटेका छन् । दाजुहरूले आफ्नी बहिनीलाई घर लैजान खोज्दा नानीथकुंले आफू गर्भवती भएकाले घर जान नसक्ने अभिव्यक्ति दिएकी छे। तर दाजु शिवनारांले तिमी आफ्ना इच्छाले गर्भवती भएकी होइनौ, डाक्टर गोदत्तप्रसादले बलात्कार गरेर गर्भवती बनाएकाले त्यस्तो गर्भलाई जोगाएर बलात्कारीसँग बस्नु उचित नहुने अभिव्यक्ति दिएपछि ऊ घर फर्केकी छे र दाजुहरूको सहयोगमा कुर्मी युवक रामखेलावन राउतसँग विवाह गरेकी छे । दाजु शिवनारांले सम्झाएपछि ऊ आफ्ना घर फर्की अर्को केटासँग विवाह गरी नयाँ जीवन सुरु गरेको प्रसङ्गलाई निम्नलिखित साक्ष्यहरूले प्रस्ट पारेका छन् :

साक्ष्य १ :

> नानीथकुंको यो कुरा सुनेपछि शिवनारांले खूब सम्झाउँदै भने-"यसमा केही चिन्ता र धर्मको कुरा छैन नानीथकुं ! किनभने तिमी दोजिया भएकी खुशीले होइन, जबर्जस्तीले मात्र हो । जबर्जस्तीबाट रहेको गर्भलाई झन सुरक्षा गरी जबर्जस्ती गर्ने डाकूलाइ अपनाउनु धर्म होइन बरु पाप हो । त्यसैले त्यस्तो कुतत्त्वलाई फ्याकेर पवित्र बन्नुपर्छ । यसमा धर्मपतनको कुनै कुरै छैन । नारी

भएर  तिमी सतीत्व-मर्यादाको कुरा गर्छ्यौ भने पनि तिमी भूलमा छ्यौ किनभने  तिमीलाई जबर्जस्ती गरेर ल्याएको हो, जबर्जस्त र बदमासीलाई नै तिमी 'वरण' सम्झन्छ्यौ भने तिमीले सतीत्त्व र नारीत्त्वलाई कद गरेको ठहरिन्न, उल्टो....  गर्छौं । दाजुहरूको प्रभावमा परी आखिरमा नानीथकुं गइहालिन् ।  (पृ. ११५-१६)

साक्ष्य २ :

सबैलाई ढोगभेट गरी नानीथकुं घरका सबै मानिससँगबाट पाएका आशिष्-शुभेच्छा शिरोपर गरेर एउटा साथीको साथमा सरासर गइन् । रामखेलावन राउत पुतलीसडकमा बसिरहेका थिए । बेलुकी आठ बजे बल्ल उनको प्रतिक्षा पूर्ण भयो । नानीथकुंलाई उनले ढोकैसम्म आएर स्वागत गरेर लगे । (पृ. २२४)

पितृप्रधान समाजमा पुरुषहरूले महिलालाई विभिन्न तरिकाले शोषितपीडित बनाइरहेका हुन्छन् । महिलाको इच्छा विपरीत अपहरण गर्ने, बलात्कार गर्ने अनि गर्भवती बनाउनेजस्ता कार्य समाजमा सामान्य नै मानिन्छन् । त्यस्ता कार्यमा समलग्न हुने पुरुष दोषी ठहरिँदैनन् । तर पीडित महिला नै दोषी ठहरिन्छन् । बलात्कारबाट बसेको गर्भलाई समेत महिलाले सुरक्षा गरेर जीवनभरि वेश्या कहलिनु पर्छ । यही नै समाजको धर्म मानिन्छ । तर माथिको साक्ष्यमा डाक्टर गोदत्तद्वारा जबर्जस्तीमा बसेको गर्भलाई नानीथकुंले सुरक्षा होइन, नष्ट गरेर अर्को केटासँग विवाह गर्नुपर्ने तर्क दाजु शिवनारांको देखिन्छ । नानीथकुंले पनि दाजुको सल्लाहलाई मानी घर फर्केकी अनि परिवारको सहयोगमा तराइबासी कुर्मी युवक रामखेलावन राउतसँग विवाह गरी आनन्दले जीवन बिताएको देखिन्छ । यसरी मूलधारको सामाजिक संरचना विपरीत जानु पक्कै पनि प्रतिरोध चेतना हो भन्न सकिन्छ । यहाँ नानीथकुं त्यही बलात्कारी डाक्टरसँगै बसेकी छैन । बरु उसलाई छाडेर अर्कै केटासँग विवाह गरेकी छे । यस्तो कार्य पितृसत्तात्मक सामाजिक संरचना विरुद्धको प्रतिरोध हो । तसर्थ, *एक चिहान* उपन्यासकी प्रमुख नारी पात्र नानीथकुंमा प्रतिरोध चेतना उच्च रहेको देख्न सकिन्छ । उपन्यासमा पितृसत्ताका विरुद्ध वैचारिक रूपमा आवाज मात्र उठाइएको छैन, त्यसलाई व्यावहारिक रूपमा नै कार्यान्वयन गरिएकाले प्रतिरोध चेतनाका दृष्टिले उपन्यास शक्तिशाली भएको छ ।

नानीथकुं डा. गोदत्तप्रसादबाट मात्र होइन, तल्सिङ सूरमान सुब्बा र रामबहादुरबाट पनि उत्पीडनमा परेकी छ । कसैको पति, कसैको पिता अनि उमेरले पनि डाँडा काटिसकेको सूरमान सुब्बाले कलिली नानीथकुंमाथि गिद्धे नजर लगाएको छ । उसले आफ्नो कामदार रामबहादुरमार्फत् स्वर्गीय अष्टनारांले आफू जीवित छँदै छोरी नानीथकुं सुब्बा साहेबलाई दिने वचन दिइसकेको छ भन्ने झुटो समाचार प्रवाह गरी उसलाई हत्याउने प्रयास गरेको देखिन्छ । तर लतमायाले त्यो कुरामा विश्वास नगरी छोरी कलिली भएकाले दिन नसक्ने आशय व्यक्त गर्दा रामबहादुरले यसो भनेको छ :

> सुब्बा साहेब पनि त बुढै भइसक्नुभएको छैन, सत्तरी होइन, साठी होइन सन्ताउन वर्षको भनेको त लोग्नेमानिसको लागि जवानीकै अवस्था छ । आजसम्म एउटा रौं कपाल फुलेको छैन, आँखाको शक्ति अलग्गै अनौठाको छ - कौसीबाट हेरेर साँझ-साँझमा पनि थानकोटको डाँडाबाट उक्लिरहेका मानिसहरूमा यो लोग्नेमानिस, यो स्वास्नीमानिस भनेर छुट्याउन सक्नुहुन्छ । कान पनि यति तीखो छ कि मुखबाट शब्दको आवाज छुट्न नपाउँदैमा मनमा बोलेको कुरासम्म पनि टिप्न सक्ने जस्तो छ । दाँत बलियोको त बयानै छैन, लौ त भनूँ भने ढुङ्गा चपाउन सक्नुहुन्छ । जस्तोसुकै साह्रो सुपारी पनि मुखमा राख्ना साथै धुलो हुने हुनाले उहाँ सुपारीको सट्टा नरिवल-दरिवल खाने गर्नुहुन्छ । मानिसको उमेरमा पच्चीस र पचासको कुरा छैन, जो बलियो हुन्छ उही जवान हो । बल फुर्ति छैन भने बीस वर्षकै पनि बूढो हुन्छ । म त भन्छु बरु तिम्री छोरी चाँडै बूढी होली तर सुब्बासाहेब अझ बीस वर्षपछि पनि त्यस्तै लायक हुनुहोला ।  साधारण भावमा रामबहादुरले भने । (पृ. ७०-७१)

रामबहादुरको उक्त भनाइमा लैङ्गिक विभेदको सङ्केत पाइन्छ । लैङ्गिक विभेदका कारण नै नानीथकुंमाथि अन्याय भएको देखिन्छ । लोग्नेमानिस भएकाले सूरमान सुब्बा चाहिँ बूढो नहुने तर स्वास्नीमान्छे भएकाले नै नानीथकुं चाहिँ चाँडै बुढी हुने कुरा रामबहादुरले व्यक्त गरेको छ । त्यसैले ५७ वर्षको सूरमानसित १७ वर्षकी नानीथकुंको विवाह गर्न ठिकै हुने आशय रामबहादुरको देखिन्छ । यहाँ नारी भएकै कारणले नानीथकुंको इच्छा, चाहना र उमेरलाई महत्त्व दिइएको छैन । उसले सुब्बासँग विवाह गर्न मान्छे कि मान्दिन त्यो विषयमा कुरा उठाइएको छैन । नानीथकुंको जिन्दगीमा निर्णय गर्ने अधिकार उसैलाई हुनुपर्छ तर यहाँ त

रामबहादुरले गरिदिएको छ । तसर्थ, लैङ्गिक दृष्टिले पुरुषप्रधान संस्कृतिलाई नै निरन्तरता दिइएको पाइन्छ । पितृसत्तात्मक सामन्ती समाजमा हरेक कुराको निर्णय पुरुष वर्गको हातमा रहने भएकाले धन सम्पतिको आडमा बूढो सूरमानले रामबहादुरमार्फत कलिली नानीथकुंलाई प्राप्त गर्न अनेक प्रपञ्च रचेको देखिन्छ । रामबहादुरले सुब्बा सूरमान भर्खरकै हुन् भनेर पुष्टि गर्न अनेकन उदाहरण दिएको छ । उनको उमेर ६० होइन, ७० होइन ५७ वर्ष त हो नि भन्दै जवान भएको किटान गरेको छ । रामबहादुरको उक्त भनाइले नानीथकुंमाथि अन्याय भएको छ । उसको मनमा चोट पुगेको छ । यसरी एकपछि अर्को घटनाका कारण नानीथकुं पीडित भएकी छ ।

विवाह भनेको उमेर, विचार र स्तर मिल्ने मानिससँग हुनुपर्छ अनि मात्र दामपत्य जीवन सुखी हुन्छ तर यहाँ त नानीथकुंको विवाहका लागि उसको इच्छा, चाहना के छ भनेर नसोधी रामबहादुर आफैले सूरमान सुब्बा ठीक हुने भनी निर्णय गरेको छ जसले गर्दा नानीथकुंको स्वाभिमानमा चोट पुगेको देखिन्छ । पितृसत्तात्मक सामन्ती संरचनामा महिलालाई स्वनिर्णयको अधिकारबाट बन्चित गरिएको हुन्छ । उनीहरूले पुरुषको चाहना अनुसार चल्नुपर्ने भएकाले नारी समाजमा उत्पीडनमा पर्छन् । यहाँ पनि त्यस्तै भएको छ । नानीथकुंको इच्छा विपरीत रामबहादुरले उसको विवाहका लागि सुब्बा साहेब ठीक छन् भन्दै उसैसँग विवाह गराउन खोजेकाले नानीथकुं लैङ्गिक हिंसाको सिकार भएकी छे ।

*एक चिहान* उपन्यासमा रञ्जनादेवी पनि उत्पीडनमा परेकी अर्की नारी पात्र हो । ऊ आफ्नै पति डा. गोदत्तप्रसादद्वारा पीडित भएको देखिन्छ । आफ्नी पढेलेखेकी पत्नी र ३-३ जना कलकलाउँदा छोराछोरी हुँदाहुँदै पनि डा. गोदत्तप्रसाद कहिले घरकी नोकर्नीसित त कहिले नानीथकुंसित उठबस गर्न पुगेको छ । श्रीमान्को यस्तो क्रियाकलापले ऊ पीडित भएको कुरालाई तलका साक्ष्यबाट प्रस्ट पारिएको छ :

साक्ष्य १ :

> डाक्टर गोदत्तप्रसादले भात खाइरहेको बेलामा कोही नभएको मौका छोपी रञ्जनादेवीले भनिन् "होइन, तपाईंको कस्तो बानी यो, के खुड्किलैपिच्छे तपाईंलाई स्वास्नी चाहिन्छ कि ?"

"चुप लाग्नोस् धेरै चिप्लो कुरा नगर्नोस्, मुख मीठो भएर के गर्ने, करनीले अर्काको कलेजा कटकट काटिसकेको छ। यसरी मीठो कुरा गरेर ढिलो मार्नुभन्दा बस, खुकुरीले एक चोटि छिनालिदिनु धेरै जाती देख्छु।" अलि अफसोसको भावमा रञ्जनादेवीले भनिन् । (पृ. १०५-१०६)

साक्ष्य २ :

"मेरो कुरालाई त्यसै लच्याकलुरुक पारी हँसिमा उडाएर जान पाइन्न, सफा जवाफ दिनुहोस् तपाईंको के विचार छ ? तपाईं के हुन खोज्नुभएको छ ? घरमा कामधन्दा गर्ने चाकरनी पनि नभन्ने, रोग जँचाउन आउने विरामी पनि बाँकी नराख्ने । अब त ज्यान गए पनि सहन्नँ म तपाईंको यस्तो अचाक्ली ? फेरि मैले यस्तै देखेँ र सुनेँ भने केही गरे पनि म बाँकी राख्ने छैनँ ।" गोदत्तप्रसादलाई राम्ररी सुनाएर रञ्जनादेवीले भनिन् । (पृ. १०९-११०)

माथिको साक्ष्यले रञ्जनादेवी साच्चि नै पीडामा परेकी छ भन्ने कुरा पुष्टि भएको छ । श्रीमान्का उच्छृङ्खल क्रियाकलापले ऊ दुःखी भएकी छ। भौतिक सुखलाई तुच्छ ठान्ने रञ्जनादेवी पतिले आफूलाई भौतिक सुखले परिपूर्ण गराए पनि मानसिक सुख दिन नसकेको सङ्केत गरेकी छ । कुनै पनि स्वास्नीमानिसले आफ्ना पतिलाई एकलौटी बनाउन चाहन्छन् । उसले अरूसँग ख्यालठट्टा गरेको त परैजाओस् कुदृष्टिले मुसुमुसु हाँसेको पनि हेर्न, देख्न र सुन्न चाहँदैनन् । यस्ता कार्यले आफ्नो जीवनमा मात्र होइन आफ्ना सन्तानको जीवनमा पनि काँडो बिझेको सम्झन्छन् । तर आफ्ना पति गोदत्तप्रसादले त कहिले घरकै नोकर्नीलाई त कहिले नानीथकुंलाई वासनापूर्तिको साधन बनाएको देख्दा उसलाई पीडा भएको छ । श्रीमान्को कार्यबाट दुःखी भएको भाव व्यक्त गरेकी छ । बरु खुकुरीले एकैचोटि छिनाल्दा कम पीडा हुने तर श्रीमान्को व्यवहारले बढी पीडा हुने भन्दै आफू उत्पीडनमा परेको सङ्केत गरेकी छ ।

रञ्जनादेवीले डा. गोदत्तप्रसादलाई पटक-पटक सम्झाएकी छ । उसको व्यवहारले कुनै ठूलो विघ्नबाधा पो आउने हो कि भनेर चिन्तित् भएकी छ । श्रीमान्का त्यस्ता कार्यको विरोध गरेकी छ । पतिको व्यवहारले दिक्क भए पनि पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसले पतिलाई त्यागेर छुट्टै बस्ने आँट गर्न भने सकेको देखिँदैन । ऊ पीडा सहेर पनि समाजका अगाडि सधुवा नारीका रूपमा उभ्याएर आफूलाई भाग्यमानी ठान्न विवश तत्कालीन

परिस्थितिका कारण ऊ पति डा. गोदत्तप्रसादसँगै बसेकी छे । तसर्थ, रञ्जनादेवी पनि पुरुषबाट पीडित पात्र हो । ऊ मानसिक रूपमा उत्पीडनको सिकार भएकी छ ।

*एक चिहान* उपन्यासमा रामबहादुरद्वारा लतमाया पनि उत्पीडित भएर उसले त्यसको प्रतिकार गरेको देखिन्छ । यस प्रसङ्गलाई तलका साक्ष्यले पुष्टि गर्छन् :

> "तिमीलाई थाहै होला नि, अष्टनारांले नानीथकुं हाम्रा सुब्बा साहेबलाई कन्यादान दिने वचन दिइसकेको छ ।"
>
> "अहँ मलाई त यो कुरा बिलकुलै थाहा छैन, उहाँले पनि कहिल्यै केही भन्नु भएको थिएन । " आश्चर्य मिश्रित भावमा लतमायाले भनिन् । "तर जे भए पनि लोग्ने हुन्, मलाई बताएनन् भनेर रिसले लोग्नेको विरोधमा जानु स्थास्नीमानिसको धर्म होइन, यसलाई सम्झी-बुझी तिमीले लोग्नेको वचन खेर नजाने गरी कर्तव्यपालन गर्नुपर्छ ।" रामबहादुरले भने । "होला र उहाँले वचन दिनु भएको ? त्यत्तिको उमेर फरक छ ।" लतमायाले अलि अविश्वासको भावमा भनिन् । "सत्ते हो हेर ! आज एकादशीको दिन, त्यसमाथि निधारमा पशुपतिको चन्दन र टाउकोमा गुह्येश्वरीको फूल लाइराखेको छु हिन्दूको छोराले झुटो बोलेर नरकमा जाने साहस गर्न सक्ला र ? (पृ. ६९-७०)

माथिका साक्ष्यमा रामबहादुरले झुटो समाचार प्रवाह गरी नानीथकुंसँग सूरमान सुब्बाको विवाह गराउन खोजेको देखिन्छ । लतमायाले त्यस विषयमा आफूलाई थाहा नभएको अभिव्यक्ति दिएपछि स्वास्नी भएर लोग्नेको वचन पालना गर्नु पर्ने नत्र पाप लाग्ने भन्दै रामबहादुरले पतिको अपमान गर्न नहुने सङ्केत गरेको देखिन्छ । उसले आफूले गलत कुरा नगरेको भन्ने पुष्टि गर्न पाप र धर्मसम्बन्धी परम्परागत विचारधारालाई अघि सारेको छ । तर पनि लतमायालाई चित्त नबुझेर उसले आफ्नी छोरी र सूरमानको उमेरबीच धेरै फरक हुने भएकाले छोरी साह्रै कलिली छ भन्दै दिन अस्वीकार गरेकी छ । तसर्थ, रामबहादुरको बोली र व्यवहारले लतमायालाई चोट पुऱ्याएको छ र उसले त्यसको प्रतिकार गरेकी छ ।

*स्वास्नीमान्छे* उपन्यासमा शक्ति केन्द्रमा रहने व्यक्तिले परिधिमा रहने शक्तिमाथि दमनात्मक नीति अपनाउदा उनीहरू लैङ्गिक उत्पीडनको सिकार भएको पाइन्छ । केन्द्रमा रहने शक्ति पुरुषले परिधिमा रहने शक्ति नारीमाथि आफ्नो वर्चस्व कायम गर्न खोजेको देखिन्छ ।

अन्तत : परिधिमा रहेका नारी र पुरुष एकजुट भई केन्द्रीय शक्ति संरचनाका विरुद्ध प्रतिरोध गर्दा परिधीय शक्तिको विजय भएकाले प्रतिरोध चेतनाका दृष्टिले उपन्यास शक्तिशाली भएको देखिन्छ ।

## ३.५ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा लैङ्गिक रूपमा किनारीकृत हुन बाध्य भएका नारी पात्रहरूले नवीन पहिचान प्राप्तिका लागि मूलधारको सांस्कृतिक स्वरूपअन्तर्गतको उत्पीडनकारी शक्तिका विरुद्धमा वैचारिक तथा क्रियात्मक रूपमा प्रतिरोध गरेका छन् । त्यो प्रतिरोध पितृसत्तात्मक सामाजिक संस्कृतिका विरुद्धमा केन्द्रित छ । प्रधानका उपन्यासमा लैङ्गिक सीमान्तीयताको बोध गरेका नारी तथा पुरुष पात्रहरूले मूलधारको पितृसत्तात्मक सामन्ती संस्कृतिप्रति असन्तुष्टि मात्र व्यक्त गरेका छैनन् कि त्यसका विरुद्धमा आवाज उठाएर नवीन संस्कृतिको निर्माण गर्न पनि सफल भएका छन् । यही नै उपन्यासको मूल प्राप्ति पनि हो ।

परम्परागत पुरुष केन्द्रित सामन्ती संस्कृतिप्रतिको प्रतिरोध सङ्गठित रूपमा भएकाले सीमान्तीकृत नारी तथा पुरुष पात्रहरूको लैङ्गिक प्रतिरोध प्रधानका उपन्यासमा सशक्त बन्न पुगेको छ । नारीलाई वासनापूर्तिको साधन ठानेर निरीह जीवन जिउँन बाध्य पार्ने पितृसत्तात्मक सामाजिक संरचनाप्रति उपन्यासमा सचेत रूपमा प्रहार गरिएको छ । यसरी प्रधानले आफ्ना उपन्यासमा तत्कालीन विमर्शात्मक संरचनामा लैङ्गिक रूपमा सीमान्तीकृत बन्न पुगेका नारी समुदायको प्रतिनिधित्व गराएर पितृसत्तात्मक सामाजिक संरचना र त्यसले निर्माण गरेको विभेदकारी आर्थिक तथा वर्गीय संस्कृतिका विरुद्ध प्रकट भएको प्रतिरोध चेतनालाई सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

## चौथो परिच्छेद

# हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

## ४.१ विषयप्रवेश

प्रस्तुत शोधप्रबन्धको यो परिच्छेद हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासका प्रात्रहरूको शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा लैङ्गिक शक्तिसम्बन्धसँग सम्बन्धित सैद्धान्तिक मान्यताको परिचय दिनुका साथै प्रधानका उपन्यासमा उपस्थित पात्रहरूको लैङ्गिक शक्तिसम्बन्धको अवस्थाको अध्ययन गरिएको छ । परिवारमा महिला वा पुरुषमा शक्ति केन्द्र को बनेको छ, पारिवारिक निर्णयमा कसको महत्त्वपूर्ण भूमिका छ, परिवारको आर्थिक शक्ति कसमा केन्द्रित छ भन्ने विषयको अध्ययन यसमा गरिएको छ । त्यस्तै परिधि र मूलधारमा रहेका वर्ग वा समुदायबीचमा शक्तिसम्बन्ध कसरी निर्माण भएको छ र परिधिको शक्ति केन्द्रमा कसरी आएको छ भन्ने कुराको विश्लेषण पनि यस अध्ययनमा गरिएको छ ।

## ४.२ लैङ्गिक प्रभुत्व र शक्तिसम्बन्धी सैद्धान्तिक स्वरूप

फ्रान्सेली चिन्तक मिसेल फुको (सन् १९२६-१९८४)ले गरेको शक्तिको व्याख्यालाई आधार बनाउँदै सांस्कृतिक अध्ययनमा त्यसको उपयोग गरिन्छ । लैङ्गिक अध्ययन पनि सांस्कृतिक अध्ययनकै एउटा पाटो भएकाले सांस्कृतिक अध्ययनमा जस्तै लैङ्गिक अध्ययनमा पनि शक्तिको व्याख्या गर्न सकिन्छ । सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै उसको शक्ति हो । कुनै पनि व्यक्तिले समाजमा आफ्नो अस्तित्व कतिको कायम गर्न सक्छ त्यसकै आधारमा उसको शक्तिको मापन गरिन्छ । फुकोका अनुसार भाषिक सङ्कथनका तीनवटा पक्ष (शक्ति, सत्य र प्रतिनिधित्व) मध्ये शक्ति एक हो (उप्रेती, २०६९, पृ. ३९) । शक्ति दमनकारी मात्र नभएर सृजनात्मक पनि हुन्छ । ज्ञान र सत्ताद्वारा शक्तिको निर्माण हुन्छ । शक्तिकै माध्यमबाट परिवर्तनशील सामाजिक सत्यहरू निर्माण हुन्छन्, जसको प्रयोग प्रभुत्वशाली वर्गले समाजमा आफ्नो वर्चस्व कायम राख्नका लागि गर्दछ । संसारमा शक्तिकै कारण अनेक घटनाहरू घटिरहेका छन् । परिवारदेखि समाज, राष्ट्र, अन्तराष्ट्रमा समेत यसको प्रभाव पर्दछ । शक्ति जसमा केन्द्रित हुन्छ, उसैमा निर्णय गर्ने क्षमता हुन्छ । त्यसैले शक्तिको केन्द्र व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग तथा राष्ट्रसमेत हुने गर्दछ । एउट शक्तिशाली व्यक्ति,

जाति, लिङ्ग, समुदाय, वर्ग, राष्ट्र आदिले अर्को व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग वा राष्ट्रलाई समाप्त पार्न अनेक षड्यन्त्र रचेका हुन्छन् । घात प्रतिघात गरेका हुन्छन् । शक्तिको अभ्यास युद्ध वा राजनीतिमा मात्र हुँदैन । अफिस ,स्कूल वा पारिवारिक एकाइभित्र पनि हुन्छ । पुरुषप्रधान समाजमा पिता अर्थ आर्जन गर्ने शक्ति भएकाले परिवारभित्रको आर्थिक र राजनीतिक शक्तिको बाघडोर पनि प्रायगरी घरको मुली अर्थात, पितासँगै हुन्छ (उप्रेती, २०६९, पृ. ४२) । यसले गर्दा समाजमा महिलाको स्थान कमजोर र पुरुषको स्थान शक्तिशाली भएको देखिन्छ । शक्तिले नै सत्यको निर्माण गर्छ र ज्ञान नै शक्ति बन्दछ । तसर्थ, शक्तिको प्रभुत्वभन्दा टाढा कोही पनि जान सक्दैन । शक्ति आवश्यक छ । शक्ति समय, स्थान र परिस्थिति अनुसार परिवर्तन हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुने गर्छ । शक्ति कठोर र निष्ठुर पनि हुन्छ । शक्तिको प्रवाह र प्रभाव देखिने नदेखिने विभिन्न आयमबाट परिचालित हुन्छ ( श्रेष्ठ, २०६८, पृ. ३८) । यसकारण शक्तिशाली शासक र त्यसको विरोधीबीच बेमेलको अवस्था सृजना हुन्छ । फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ३८) । यसकारण नयाँ-नयाँ शक्तिको जन्म हुन्छ । हाम्रो समाजमा पनि विभिन्न प्रकारका शक्तिहरू रहेका छन् । तीमध्ये शक्तिलाई व्यक्तिगत, जातिगत, वर्गगत, लिङ्गगत आदिका आधारमा विश्लेषण गर्न सकिन्छ । यही शक्तिकै आधारमा समाजमा पुरुषले महिलालाई, महिलाले पुरुषलाई, ठूलो जात भनिएकाले सानो जातलाई, शक्तिशाली वर्गले कमजोरलाई अपहेलना गरेको देखिन्छ ।

प्रस्तुत शोधमा लिङ्गगत अन्तरसम्बन्धमा शक्तिको भूमिका बारे अध्ययन गरिएको छ । लैङ्गिकशक्ति भन्नाले लिङ्गका आधारमा निर्माण भएको शक्तिलाई बुझिन्छ । पितृसत्तात्मक विचारधारामा अगाडि बढेको हाम्रो समाजमा महिलाभन्दा पुरुष शक्तिशाली छन् । समाजले नै पुरुषलाई शक्तिशाली महिलालाई शक्तिहीन वर्गका रूपमा स्थापित गरेको छ । लैङ्गिक दृष्टिले पुरुषका तुलनामा महिला सीमान्तीकृत रहेका देखिन्छन् । लिङ्गगत सम्बन्धअन्तर्गत एकातिर सहकार्य, निकटता र पारस्परिक सहयोगको अवस्था रहन्छ भने अर्कातिर द्वन्द्व, विच्छेद, प्रतिस्पर्धा, भिन्नता र असमानताको अवस्था रहन्छ (भट्टराई, २०६८, पृ. २६७) । त्यसैले लैङ्गिक अध्ययनमा शक्तिको वितरण दुई विपरीत लिङ्गका बीचमा कसरी भएको छ भन्ने कुराको खोजी गरिन्छ । प्रधानका उपन्यासमा पनि दुई विपरीत लिङ्गका बीचमा शक्तिको वितरण कसरी भएको छ भन्ने कुराको अध्ययन गरिएको छ ।

ग्रिकको हेगेमोन बाट व्युत्पति भएको शब्द हेजेमोनीको नेपाली रुपान्तर प्रभुत्व हो । यस शब्दको अर्थ नेता, निर्देशक वा शासक भन्ने हुन्छ (भट्टराई, २०७०, पृ. ३४३(४४) । हिजोआज यस शब्दलाई एक समूहले अर्को समूहमाथि गर्ने नियन्त्रण वा शासनलाई बुझाउन प्रयोग गरेको देखिन्छ। प्रभुत्वसम्बन्धी मान्यताको विकास इटालियन कम्युनिष्ट पार्टीका संस्थापक अन्तोनियो ग्राम्चीले गरेका हुन् (पाण्डे, २०७३, पृ. ६४)। उनले शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण कायम गर्छ भन्ने सन्दर्भको व्याख्याका क्रममा उक्त अवधारणा ल्याएको देखिन्छ । उनका दृष्टिमा शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र विशेष गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन । त्यसका लागि उसले सहमतिका आधार तयार पार्छ र सहमतिबाटै वर्गीय दमनलाई स्थिर र प्रभावकारी बनाउँछ । यसका लागि उसले सञ्चार, धर्मगुरु, विद्यालय र परिवारका माध्यमहरूको उपयोग गर्छ । यसैलाई ग्राम्चीले प्रभुत्व भनेका छन् ( भट्टराई, २०७०, पृ. ३४४)। प्रभुत्वको सम्बन्धमा ग्राम्चीले गरेको व्याख्यालाई सांस्कृतिक अध्ययनका सबै क्षेत्रमा उपयोग गरिन्छ । ग्राम्चीका अनुसार जुनसुकै व्यक्ति, समुदाय वा निकायले आफ्नो प्रभुत्व कायम गर्न दमन वा सहमतिकै उपायको प्रयोग गर्छन् । फलस्वरूप प्रभुत्वशाली र प्रभुत्वमा आउन चाहनेका बीचमा सङ्घर्ष हुने गर्छ ।

ग्राम्चीले प्रभुत्वलाई स्थायी नमानी अस्थिर मानेका छन् । त्यसैले कुनै पनि समाजका व्यक्ति, वर्ग वा समूह सधैँभरि प्रभुत्वशाली हुन सक्दैनन् । जो प्रभुत्वशाली छ, उसको प्रभुत्व पनि सधैँभरि प्रभावशाली भइरहन सक्दैन। समाज विकासको क्रममा सामाजिक मूल्य, मान्यताहरू परिवर्तन हुँदै जान्छन् । त्यसकारण समाजमा एकै किसिमको प्रभुत्व स्थायी रूपमा रहन सक्दैन, यो अस्थायी नै हुन्छ। लैङ्गिक दृष्टिले नेपाली समाजको धार्मिक, सांस्कृतिक परम्परालाई सामान्य अवलोकन गर्ने हो भने पनि समाजमा लैङ्गिक प्रभुत्वको अवस्था स्थायी देखिँदैन । हाम्रा प्राचीन ग्रन्थहरूमा उल्लेख गरिएका शिव पार्वतीका कथा हुन् या सीता र रामका अनि राधा र कृष्णका, ती सबैले पुरुष प्रभुत्वको गाथा गाइरहेको देखिन्छ। पुरुष प्रभुत्वलाई शक्तिशाली बनाइराख्न पाप र धर्मका आडमा फैलाइएका यस्ता कथाहरू सहमतिद्वारा पुरुष प्रभुत्वलाई स्थापित गराउन प्रयोग गरिएका औजारहरू हुन् (गुरागाईं, २०७०, पृ. २९ )। यिनीहरूले समाजमा लैङ्गिक समानता नभएर लैङ्गिक विभेद सिर्जना गर्न मद्दत पुऱ्याएका छन् । तर अब विश्व समाजमा पुरुष प्रभुत्वलाई शक्तिशाली बनाइराख्न फैलाइएका यस्ता भ्रामक प्रचारवाजीप्रति प्रश्न चिन्ह खडा भइसकेका छन् । तिनीहरूको वास्तविक्तालाई पत्ता लगाउन नारीवादी र लैङ्गिक आन्दोलनहरू अघि बढिसकेका छन् ।

ग्राम्चीका अनुसार शक्तिशाली समूहले कम्जोर र निमुखामाथि आफ्नो शासनसत्ताको प्रभुत्व कायमै राख्नको लागि बलको मात्र प्रयोग गर्दैनन् , सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छन् । हैकम अर्थात्, प्रभुत्वलाई बल र सहमति दुवैको प्रयोगबाट सन्तुलित गरिन्छ । बल प्रयोगद्वारा मात्र नभएर नागरिक अभिव्यक्तिद्वारा छापा र सञ्चारमार्फत बल प्रयोग नगरी पनि नागरिकको सहमति बटुल्ने लगायत सहमतिको विविध उपाय अपनाएर शक्तिशाली समूहले सबाल्टर्न वर्गमाथि आफ्नो वर्चस्व कायम गरिरहन्छ (श्रेष्ठ, २०६८, पृ. ४० ) । शासक वर्गले पछाडि परेका समूदायको दमनका लागि कसरी नियम निर्माण गर्छन् र धार्मिक तथा सांस्कृतिक मूल्यमान्यताले कसरी शासक वर्गको हितको रक्षा गर्छन् भन्ने विषयमा प्रभुत्व केन्द्रित रहेको देखिन्छ । यसले साहित्यका वर्गीय, लैङ्गिक, जातीय आदि प्रभुत्वको अवस्थाका बारेमा अध्ययन गर्न सकिन्छ भन्ने कुरालाई स्पष्ट पार्दछ । त्यसैले *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको शोधप्रबन्धको अध्ययन गर्ने सन्दर्भमा प्रभुत्वलाई पनि विश्लेषणको आधार बनाइएको छ ।

## ४.३ ***स्वास्नीमान्छे*** **उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध**

प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा प्रयुक्त नारी तथा पुरुष पात्रहरूबीचको लैङ्गिक शक्तिसम्बन्धलाई विभिन्न उपशीर्षकमा अध्ययन गरिएको छ ।

### ४.३.१ नारी-पुरुषबीचको शक्तिसम्बन्ध

*स्वास्नीमान्छे* उपन्यासमा नारी र पुरुषबीचको शक्तिसम्बन्धको अध्ययन गर्ने क्रममा मोतीमाया र प्रमोद, कमला र प्रमोद, मोतीमाया र मोहनबहादुर, विनोद र कमला, मैयाँनानी, उसको बूढो र अन्य पुरुषहरू, नानीप्राणका आमा र बा आदि बीचको शक्तिसम्बन्धको अध्ययन गरिएको छ ।

सामान्यतः नेपाली समाज पुरुषसत्तात्मक संरचनामा निर्माण भएका कारण निर्णय प्रक्रिया, आर्थिक स्रोतमाथिको नियन्त्रण, स्वतन्त्रताजस्ता कुरामा पुरुषको वर्चस्व कायम रहेको देखिन्छ । समाजमा पुरुष घरको मूली हुने भएकाले ऊ कसैको पिता, पति, छोरो, नाति आदि भएकै आधारमा परिवारको सम्पति र सत्ता स्वतः उसमा हस्तान्तरण हुँदै जान्छ । घरमा उसैको नेतृत्वमा अरूले चल्नुपर्ने हुन्छ । त्यसैले पितृसत्तात्मक समाजमा पुरुष शक्तिशाली र महिला शक्तिहीन देखिन्छन् । शक्ति हस्तान्तरणको क्रम पनि पुरुषबाट पुरुषमै रहेको पाइन्छ । सबैतिर

एकै किसिमको शक्तिसम्बन्ध हुन्छ भन्ने छैन । लैङ्गिक अध्ययन अन्तर्गत शक्तिसम्बन्धको अध्ययन गर्दा कृतिमा प्रयुक्त पुरुष पात्र र महिला पात्रमध्ये को कसरी शक्तिको केन्द्रमा छ र को कसरी परिधिमा छ भन्ने कुराको अध्ययन गरिन्छ । यसै क्रममा यहाँ नारी र पुरुष बीचको शक्तिसम्बन्धको अध्ययन गरिएको छ ।

*स्वास्नीमान्छे* उपन्यासकी प्रमुख स्त्री पात्र मोतीमाया उपन्यासको प्रारम्भमा नै निरीह अवस्थामा देखापरेकी  छ । उसको लोग्ने प्रमोदले उसमाथि सौता हालेपछि ऊ लोग्ने प्रमोदद्वारा पीडित भएको बुझिन्छ । घरमा नोकर चाकरसहित सम्पन्न परिवारकी सदस्य भएर पनि ऊ विपन्न भएको देखिन्छ । कति दिनदेखि कपालमा तेल हाल्न नपाएर उसको कपाल जिङ्ग्रिङ्ग भइरहेको अवस्थाको वर्णन कथामा गरिएको छ । लगाउने लुगा पनि गतिला देखिँदैनन् । उसको गरिबी देखेर नाता कुटुम्ब र छरछिमेकीहरू समेत हाँसिरहेको कुरा उपन्यासमा यसरी उल्लेख भएको छ :

> धेरै दिनदेखि तेल हाल्न नपाएकोले मोतीमायाको कपाल जिङ्ग्रिङ्ग भइरहेको थियो । उनको गरीबीलाई देखेर उनका नाताकुटुम्ब र छरछिमेकीहरूका साथसाथै उनका आफ्ना शरीरका लुगाहरू पनि हाँसिरहेका थिए । झुत्रो लुगा र खोल नभएको दोलाई सिवाय मोतीमायाको आङमा अरू न्यानो कपडालत्ता केही थिएन । (पृ. १)

माथिको साक्ष्यमा मोतीमायाको अवस्था अत्यन्त दयनीय भएको पुष्टि भएको छ । सम्पन्न परिवारको सदस्य भएर पनि उसले निरीह जीवन बाँच्नु परेको छ । पितृसत्तात्मक सामन्ती समाजमा आर्थिक स्रोतमाथिको नियन्त्रणमा पुरुषको वर्चस्व हुँने भएकाले महिला आर्थिक रूपमा कमजोर हुन्छन् । पुरुषकै नेतृत्वमा परिवार चल्ने भएकाले आर्थिक, सामाजिक लगायतका सबै अधिकारमा उनीहरूकै नियन्त्रण हुने गरेको देखिन्छ । त्यसैले माथिको साक्ष्यमा प्रमोद आर्थिक रूपमा सम्पन्न भए पनि मोतीमाया विपन्न देखिन्छे । उत्तिकैमा लोग्ने प्रमोद सम्पतिको मालिक भएर मोजमस्ती गरेर हिँडेको छ तर उसकै स्वास्नी मोतीमायाले कपालमा तेलसम्म हाल्न पाएकी छैन, जाडामा न्याना कपडा लगाउन पाएकी छैन, खोल नभएको दोलाई ओढेर जाडो काट्नुपरेको छ । तर मोतीमायाले त्यसका विरुद्ध आवाज उठाउन सकेकी छैन । ऊ निरीह भएर बाँचेकी छे । यसबाट पनि महिलाभन्दा पुरुष शक्तिशाली भएको प्रमाणित हुन्छ ।

प्रमोदले मोतीमाया छँदै कान्छी पत्नीका रूपमा कमलालाई ल्याएर मोतीमायालाई मानसिक र शारीरिक यातना दिएको देखिन्छ। उसलाई हुँदै नभएको आरोप लगाउदै घरबाट निस्कन आदेश दिएको छ। प्रमोदले मोतीमायामाथि शक्ति प्रदर्शन गरेको प्रसङ्ग उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> "तँलाई म एकछिन पनि मेरो घरमा राख्न चाहन्नँ, अब घण्टाभित्रमा पनि मेरो घरबाट निस्किनस् भने तेरो जात्रा नदेखाई छोड्दिनँ, त्यसबेला अनि थाहा पाउलिस् घर डुलेर र नाठो खेलाएर खाएको नतिजा कस्तो हुँदो रहेछ !" (पृ. १९)

माथिको साक्ष्यमा मोतीमाया प्रमोदद्वारा प्रताडित भएकी छे। कथा अनुसार प्रमोदले मोतीमाया र छोरो विनोदलाई खानबाट बन्चित गरेपछि छोराको भोक टार्न मोतीमाया छिमेकी हीराज्यानकहाँ सापट माग्न गएकी छे। त्यही निहुँमा किन त्यहाँ गएकी भन्दै प्रमोदले उसमाथि दुर्व्यवहार गरेको देखिन्छ। उसले मोतीमायालाई तुरुन्त घरबाट निस्कन आदेश दिएको छ। तँलाई म एकछिन पनि मेरो घरमा राख्न चाहन्नँ भन्दै घण्टाभित्रमा घर खाली गर्न भनेको छ। आफ्नै स्वास्नीलाई तुरुन्त घर छोड भन्न प्रमोदले कसरी सकेको, यो मेरो घर भन्दै उसले मोतीलाई घरबाट ननिस्के जात्रा देखाउने भनेको छ। उसले हुँदै नभएको आरोप लगाएको छ तर मोतीमाया उसको कुरालाई खण्डन गर्न सक्तिन। आफू खुशी श्रीमती र छोरो हुँदाहुँदै दोस्री पत्नी भित्रयाउने प्रमोदले विनासिती मोतीमायालाई नाठो खेलाउने भनेर आरोप लगाएको छ तर मोतीमायाले उसले कान्छी स्वास्नी ल्याउँदा किन ल्याएको भनेर प्रश्न गर्न सकेकी छैन। उसलाई समाजले नै जति वटी पनि स्वास्नी ल्याउने छुट दिएको छ। त्यसमा उसलाई कसैले प्रश्न गर्न सकेको छैन। पितृसत्तात्मक सामन्ती संरचनामा निर्णायक प्रक्रिया, आर्थिक स्रोतमाथिको नियन्त्रण, स्वतन्त्रताजस्ता कुरामा पुरुषको वर्चस्व कायम हुने हुनाले प्रमोदले मोतीमायालाई तुरुन्त घर छोड् भन्ने आदेश दिन सकेको हो। प्रमोदको उक्त अभिव्यक्तिबाट पुरुष नै शक्तिको केन्द्रमा र महिला किनारांमा भएको प्रस्ट हुन्छ।

प्रमोदको यातना सहन नसकेर घर छोडेर हिँडेकी मोतीमाया मोहनबहादुरजस्तो गुण्डाको हातमा परेकी छे। उसले पनि मोतीमायालाई केही समय भोगेपछि अपशब्द बोल्दै घरबाट निकालेको देखिन्छ। मोहनबहादुरबाट पनि मोतीमाया पीडित भएको कुरा तलको साक्ष्यले बताउँछन् :

"म तेरो आवाजसम्म पनि सुन्न चाहन्नँ रण्डी । जोसँग पनि तँ पोइल जान सक्छेस् । तँ आजदेखि मेरी स्वास्नी होइनस् । तँलाई यो घरमा एक हुल्याउँदिनँ, दुई हुल्याउँदिनँ, तीन हुल्याउँदिनँ । दुई बाबुको छोरो भए हुल्याउँला !" (पृ. ८९)

माथिको साक्ष्यमा मोहनबहादुरले मोतीमायामाथि शक्ति प्रदर्शन गरेको देख्न सकिन्छ । उसले मोतीमायालाई भोग्नुसम्म भोगिसकेपछि अन्तत : घरबाट कुट्दै चुट्दै निकालेको देखिन्छ । मोतीले रुँदै त्यसो नगर्न विन्ती गर्दा तेरो आवाजसम्म सुन्न चाहन्नँ रण्डी भन्दै घरभित्र छिर्न दिएको छैन । उसले नारीलाई एउटा शरीरबाहेक अरू केही पनि देखेको छैन । अर्की नयाँ पत्नी भेट्ने वित्तिकै मोतीमायालाई घरबाट निकालेको छ । आफू स्वयम् व्यभिचारी चरित्रको भएर पनि उल्टै मोतीमायाको चरित्रमा प्रश्‍न गरेको देख्दा ऊ पुरुषहरूले महिलालाई जे गरे पनि हुन्छ भन्ने पितृसत्तात्मक सोचले ग्रस्त भएको बुझिन्छ । मोहनबहादुरले मोतीमायामाथि त्यस्तो निकृष्ट व्यवहार गर्दा पनि उसलाई समाजले केही भन्न सकेको छैन । उल्टै मोतीमाया नै गलत ठहरिँदै त्यहाँबाट निस्कन बाध्य भएकी छ । पितृसत्तात्मक सामन्ती समाजमा महिलाको अवस्था कति दयनीय छ भन्ने कुरा मोतीमायालाई हेरेर बोध गर्न सकिन्छ । तसर्थ, यहाँ पनि मोतीमाया (महिला) कमजोर र मोहनबहादुर (पुरुष) शक्तिशाली सावित भएको छ ।

उपन्यासमा मैयाँनानी र उससँग सम्बन्धित पुरुषहरू बीचको शक्तिसम्बन्धलाई पनि हेर्न सकिन्छ । मैयाँनानीलाई उसको लोग्नेले केही समय भोगिसकेपछि परपुरुषसँग हाँसी भन्ने बहानामा घरबाट निकालेको, त्यसपछि ऊ जोगिनी भएकी, त्यहाँ पनि जोगीकै रूप धारण गर्ने पुरुषहरूबाट बलात्कृत भएकी, भिक्षाटनका क्रममा गुण्डाकै घरमा पुगेकी, त्यहाँ उसैबाट बलात्कृत भएपछि एउटी छोरी पनि जन्मेकी र उसले पनि अर्की चरी भेटेपछि उसलाई धपाइदिएको देखिन्छ । मैयाँनानी पनि शक्तिशाली पुरुषहरूबाट प्रताडित भएर शक्तिहीन भएको अवस्थालाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

"म पनि आफ्ना जमानामा सतीत्व र स्त्रीत्वको निकै घमण्ड भएकी आइमाई थिएँ, तिमीलाई जस्तै मलाई पनि मेरा पोइले ममाथि दानवहरूले पनि नगर्ने अत्याचार गरे । सबभन्दा सजिलो उपाय परपुरुषसित हाँसिरही भन्ने शङ्काको निहुँ थापी चुट्दै उनले मलाई कुकुर निकालेझैँ निकालिदिए । पोइबाट पर

भएर पनि उनको धर्ममा बस्न मैले निकै कोशिश गरेँ, फलाना ठाउँमा एउटी चरी छ भन्दै गुण्डाहरू वैरिन लागे । धर्म त म केही गरेर पनि नष्ट गर्न दिन्नँ भन्ने ह्याउ गरी मेरो पालि जोगिनी भएर पशुपतिको एउटा पाटीमा बसेर भिक्षाटन गरेर जिन्दगीको दिन गन्न लागेँ । म बसेको ठाउँमा जोगी र जोगिनीहरूकै बस्ती थियो । गुण्डा लोग्नेमानिसहरू जोगीको भेषमा लुकेर पनि शिकार ताकिरहँदा रहेछन् । आँखा नलाग्नु पर्ने वैरागी भेषले छोपेर बस्दा गुण्डाहरूले मेरो गालामा रगत देखिहाले । अनि फसाउन खोजिहाले । तैपनि धेरैबाट त बचिरहेकी थिएँ, एक बदमाशले त मौका छोपेर जबर्जस्तीको व्यवहार गरिहाल्यो । के लाग्यो ? कहाँ जाने ? सहेर बसिरहेकै थिएँ । जोगिनी नै बनिरहेकी थिएँ । हुँदाहुँदा त्यो एक जनाले मात्र होइन अरू २-४ जनाले पनि मेरो सतीत्व भङ्ग गरिदिए ।" (पृ. १०९)

माथिको साक्ष्यमा मैयाँनानी साच्चि नै शक्तिहीन भएकी छ । उसको जीवनको कुनै अर्थ छैन । ऊ पुरुषको वासनातृप्तिको साधन भएको देखिन्छ । पितृसत्ताले उसलाई निरीह जीवन जिउँन विवश बनाएको छ । महिलाहरू न घरभित्र, न घरबाहिर, न गृहस्थी गरेर बस्ता न त सन्यासिनी रूप धारण गर्दा कहीँ पनि सुरक्षित भएर बाँच्न सकेका छैनन् । मैयाँनानीको माध्यमबाट तत्कालीन समयमा नारीहरूको अवस्था कस्तो थियो भन्ने कुरा थाहा हुन्छ । उसलाई पुरुषप्रधान समाजले एकपछि अर्को सिकारीको जिम्मा लगाएको देखिन्छ । उसले आफूमाथि भएको अन्यायका विरुद्धमा आवाज उठाउन सकेकी छैन । यहाँ मैयाँनानी पुरुषहरूद्वारा उत्पीडित भएकी छ । तसर्थ, मैयाँनानी शक्तिहीन देखिन्छे भने उसलाई हिंसाको सिकार बनाउने सबै पुरुषहरू शक्तिशाली भएका छन् ।

उपन्यासमा वर्णित कथाअनुसार मोतीमाया र मैयाँनानी दुवै उच्च परिवारकै सदस्य भएर पनि आर्थिक रूपमा उनीहरू कमजोर देखिन्छन् । दुवैलाई आ-आफ्ना श्रीमान्ले गलहत्याएपछि नारकीय जीवन भोग्न बाध्य देखिन्छन् । उनीहरूको कुनै आर्थिक हैसियत देखिँदैन । दुवैलाई उनीहरूका श्रीमान्ले केवल वासनातृप्तिको साधन मानेका छन् । अघाउन्जी भोगिसकेपछि अरू नयाँ चरी भेट्टाएका र उनीहरूलाई फालिदिएका छन् । यो उच्च वर्गीय आर्थिक स्थितिको सामन्ती मनोवृत्तिको परिणाम हो । बाँच्नका लागि भिक्षाटन, देहव्यापार गर्न बाध्य छे मैयाँनानी भने मोतीमाया माइतीले विवाहमा दिएको कपडा बेच्न बाध्य देखिन्छे । यो

सबै पितृसत्ताकै प्रभाव हो भन्न सकिन्छ । आर्थिक अवस्थामाथि पुरुषकै वर्चस्व भएकाले महिलाहरू पुरुषभन्दा शक्तिहीन भएका देखिन्छन् ।

उपन्यासमा पुरुषप्रधान सामाजिक संरचनाका कारण आफूले धेरै शारीरिक र मानसिक पीडा भोग्नु परेको भए तापनि अन्तत : त्यही पीडालाई मुख्य हतियार बनाई मैयाँनानीले जीवनमा विद्रोहको पाइला चालेको देखिन्छ । आफू सती हुँदाहुँदै पनि वेश्या बनाइएपछि त्यसलाई नै पेसाका रूपमा अपनाई ऊ जीवनमा अघि बढेकी छे । ऊ वेश्यालय खोलेर बसे पनि उसले जबर्जस्ती कसैलाई यौनकर्मी बनाएकी छैन र त्यस पेसाबाट कमाएको पैसा पनि वेश्या न्यूनीकरणमै खर्चेकी छ । ऊ जस्तै अप्ठ्यारोमा परेका दिदी बहिनीहरू वासन्ती, जुइनानी, लीला जस्तै मोतीमाया पनि एक देखिन्छे । ऊ एकपछि अर्को पुरुषको हिंसाको सिकार भएपछि मैयाँनानीको कोठीमा आइपुगेकी छ । उसले त्यहाँ गायनका क्षेत्रमा काम गरेकी छे । यसैक्रममा उसको छोरो विनोदलाई सानिमा कमला र बाबु प्रमोदले मोतीमायाका बारेमा गलत समाचार सम्प्रेषण गरेपछि वास्तविकता पत्ता नलगाई आमामाथि खुकुरी लिएर जाइलागेको छ । त्यहाँ मैयाँनानीले सबै बेली विस्तार लाएपछि ऊ सचेत भई आफ्नी आमालाई घर लिई गएको, उसलाई पुऱ्याउन मैयाँनानी पनि गएकी, प्रमोदले मोतीमायालाई घरभित्र छिर्न नदिएको, त्यस विषयमा बाबु छोराबीच भनाभन भएको, छोराले आमाका पक्षमा वकालत गरेको सहन नसकी बाबु प्रमोदले छोरो विनोदमाथि गोली प्रहार गरेपछि मैयाँनानीले तुरुन्त "समाज खाने कीरालाई जिउँदो राख्नु पाप हो (पृ. १४०)" भन्दै उसमाथि गोली चलाई ठाउँका ठाउँ ठहरै पारेकी छे । यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> प्रमोदबाट धैर्य रहनै सकेन । बन्दुकको घोडा तानिहाले । "ए... !" भन्दै कमलाले अतासिएर चिच्याउँदै प्रमोदको हात तान्न खोजेकी थिइन् । "लौ वेदीमा बलिहोस् पशु" भन्दै प्रमोदले विनोदको खुट्टामा ताकेर फायर छोडिहाले । "आमा !" भन्दै विनोद भुइँमा व्याङ्ग लडिहाले । मोतीमाया अतालिएर रुँदै चिच्याइन् । तत्क्षणात् पेस्तोल झिकी "समाज खाने कीरालाई जिउँदो राख्नु पाप हो" बोल्दै मैयाँनानीले प्रमोदलाई ताकेर हानिदिइन् । छातीमै लागेर प्रमोद ढलिहाले, ढल्नासाथै खत्तम । (पृ. १४०)

माथिको साक्ष्यमा पितृसत्ताको प्रतिनिधि प्रमोदको अन्त्य भएको देखिन्छ । उसले मोतीमायालाई नारकीय जीवन भोग्न बाध्य पारे पनि आफूलाई दोषी ठहऱ्याएको देखिँदैन ।

आफ्नै आँखा अगाडि एउटी महिला (मोतीमाया) माथि पुरुष (प्रमोद) ले लोग्ने भएका नाताले अत्याचार गरेको र उसलाई बचाउन खोज्ने आफ्नै छोरोलाई समेत मार्न खोजेको घटना दृश्यलाई मैयाँनानीले सहन सकिन। त्यसैले प्रमोदलाई तुरुन्तै गोली हानी हत्या गरेर मोतीमायालाई त्यस घरमा प्रवेश गर्ने वातावरण तयार गरेकी छे। परिवन्दले कानुनका नजरमा मैयाँनानी दोषी ठहर भए पनि वास्तवमा ऊ शक्तिशाली भएकी छे। यस अवस्थामा प्रमोदको पराजय र मोतीमायाको विजय भएको छ। मैयाँनानीले मोतीमायाको अधिकार फिर्ता गर्न सहयोग गरेकीले मोतीमायाले त्यस घरमा प्रवेश पाएको देखिन्छ। सुरुमा प्रमोद शक्तिशाली भए पनि यस अवस्थामा मैयाँनानीका सहयोगमा मोतीमाया  शक्तिशाली भएकी देखिन्छे। अन्तत : एउटी किनाराकृत नारी मोतीमायालाई अर्की किनाराकृत नारी मैयाँनानीले सहयोग गरी शक्तिको केन्द्रमा पुऱ्याउन सफल भएकाले  दुवै नारी शक्तिशाली भएको प्रस्ट भएको छ। मोतीमाया शक्तिशाली हुनु भनेको नारी शक्तिशाली हुनु हो। शक्ति सधै एकै ठाउँमा रहँदैन, यो परिवर्तनशील हुन्छ (उप्रेती, २०६९, पृ. ४१) भन्ने फुकोको मान्यता अनुसार यस पटक शक्तिको केन्द्रमा नारी र परिधिमा पुरुष देखिन्छन्।

उपन्यासलाई अन्य महिला र पुरुषका बीचको शक्तिसम्बन्धको आधारमा पनि अध्ययन गरिएको छ। यसक्रममा मिस्रीको कोठीमा काम गर्ने यौनकर्मीहरू र त्यहाँ आउने गुण्डाहरू बीचको शक्तिसम्बन्धलाई हेर्दा यौनकर्मीहरू नै शक्तिहीन देखिन्छन्। गुण्डाले दिएको यौनताडना सहन नसकेर पीडाले छटपटाएका यौनकर्मीको दुरदशाले जो कोहीको हृदय पगाल्छ। यौनकर्मी शक्तिहीन भएको अवस्थाई उसकै अभिव्यक्तिमा तल प्रस्तुत गरिएको छ :

> “मरेँ बाबा ! मरेँ ! पोल्यो नि पोल्यो। कसरी चहरिएर आयो नि ! लौन नि ! पङ्खा एक बाजि हम्किदेऊ ! बसी नसक्नुभो मिस्री दिदी, भतभती पोलेर आयो ! सहनै सकिनाँ मिस्री दिदी ! ऐया बाबा, मरेँ नि, मरेँ। लौन, लौन एक चोटि पङ्खा हम्किदेऊ।” (पृ. ९२)

माथिको साक्ष्यमा गुण्डाको यौनताडना खप्न नसकेर वेदनाले छटपटाएकी यौनकर्मी यो अवस्थामा आइपुग्दा साँच्चिकै शक्तिहीन बन्न पुगेकी छ। उसले आफूमाथि भएको अत्याचारको विरुद्धमा गुण्डासामु प्रतिकार गर्न सकेकी छैन। उसको रुवाइमा कसैको सहानुभूति देखिँदैन।

मिस्रीको कोठीमा काम गर्ने अर्की यौनकर्मी चुलीको पनि त्यस्तै दुर्दशा देखिन्छ। उसलाई पनि पुरुषहरूले यौन दुर्व्यवहार गरेर कमजोर बनाएको प्रसङ्गलाई तलका साक्ष्यमा प्रस्ट पारिएको छ :

> 'यत्रो काण्ड मच्चाउने तैँ रन्डी होइनस् ! एक समयमा दुई-दुई जनालाई निम्तो ! लौ चोलो पनि फुकाएर नाङ्गो उभिएस् ! फुकाल् ।' 'फुकाल् फुँडी ! चोलो पनि यै झन् चित्त बुझ्दो छ ।' चुली हात जोडेर बिन्ती गरिरहेकी थिई, 'मेरो इज्जत राखिदिनोस्, यसो नगरिदिनुहोला, राजा !' दोस्रो गुण्डाले, 'तँ रण्डीको पनि इज्जत !' भन्दै यताबाट उता र उताबाट यता घिसारिरहेको थियो । (पृ. १०२)

माथिको साक्ष्यमा चुलीको अवस्था अत्यन्त दयनीय देखिन्छ । दुईटा गुण्डाले एकै चोटी उसमाथि दुर्व्यवहार गरेका छन् । आफ्नो इज्जत बचाइदिन चुलीले आग्रह गरे पनि ती पाषण हृदय भएका मानवरूपी दानवले सुनेका छैनन् । तिनीहरूले चुलीलाई एउटा शरीर मात्र देखेका छन् । ऊ पनि मानव हो भन्ने बिर्सेका छन् । मिस्रीका कोठीमा काम गर्ने यौनकर्मीहरूको अवस्था अत्यन्त नाजुक देखिन्छ । उनीहरूनो इच्छाअनुसार जिउँन सकेका छैनन् । उनीहरूले कसैले तिरेको पैसावापत उसको वासना तृप्तिको साधन बन्नु परेको छ । यस परिवेशमा आइपुग्दा उनीहरू साँच्चिकै शक्तिहीन भएका छन् । पितृसत्तात्मक समाजमा नारीको अस्तित्वमाथि हुने र हुँदै आएको यस प्रकारको प्रपीडनको सूक्ष्म र संवेदनापूर्ण अभिव्यक्ति नै यस उपन्यासको महत्त्वपूर्ण पक्ष मानिन्छ । यहाँ पनि शक्तिको केन्द्रमा पुरुष र परिधिमा महिला रहेका देखिन्छन् ।

*स्वास्नीमान्छे* उपन्यासमा नानीप्राणका बा-आमा बीचको शक्तिसम्बन्धलाई पनि अध्ययन गरिएको छ । नानीप्राणका बाले पनि आमा छँदै अर्की आइमाईलाई ल्याएपछि उनीहरू बाबुद्वारा तिरस्कृत भएका देखिन्छन् । बाबुले आमालाई बेवास्ता मात्र गरेको छैन विनासित्ती कुटेको पनि छ । विर्तावालका परिवार भएर पनि नानीप्राणका आमाछोरी कमजोर भएको अवस्थालाई तलका साक्ष्यले बताउँछन् :

> "म एउटा विर्तावालकी छोरी हुँ, मेरा पिताजी २-३ मौजाका जिमीदार पनि हुनुहुन्छ । मेरो उमेर अहिले १८ पुगिरहेको छ । पिताजीका धेरै सन्तान भए

पनि मेरी आमाको म एक्ली छोरी छु । आमा छँदै रूपयौवनको मोहमा फसेर पिताजी एउटी अर्की आइमाईसित भुल्नुभो । त्यस बेलादेखि आमालाई माया मार्दै ल्याउनुभो । म माथिको मायाको तौल पनि घट्दै आयो । हुँदाहुँदा आमा पिताजीको आँखामा धूलो हुन गयो । अहिले त आमालाई पिताजीले विष देखिसक्नुभइसक्यो, पिटपाट सुरु गर्नुसमेत नहच्काइसक्नुभो । मलाई पनि अचेल फुटेको आँखाले पनि हेर्न छोड्नुभइसक्यो ।" (पृ. ९४-९५)

माथिको साक्ष्यमा नानीप्राणका आमा-छोरी बाबुद्वारा प्रताडित देखिन्छन् । उनीहरू सम्पन्न परिवारका सदस्य भएर पनि विपन्न देखिन्छन् । उसकी आमा छँदै बाबुले अर्की आमा ल्याएपछि बाबुले उनीहरूलाई बेवास्ता गरेको देखिन्छ । उसकी आमा विरामी हुँदा पनि बाबुले उपचार गरेको देखिँदैन । उल्टै आमालाई कुटेको देखिन्छ । आमाको उपचार गर्ने पैसा नभएर नानीप्राणलाई अप्ठ्यारो परेको बुझिन्छ । बाबु विर्तावाल हुँदा पनि उनीहरू चाहिँ कङ्गाल देखिएका छन् । पितृप्रधान समाजमा आर्थिक स्रोतमाथि पुरुषको नियन्त्रण हुने हुनाले उनीहरू कमजोर देखिएका हुन् । यसरी उपन्यासमा नानीप्राण र उसकी आमा कमजोर छन् भने बाबु शक्तिशाली देखिन्छ । पितृसत्तात्मक सामन्ती संस्कृतिका कारण उपन्यासमा नारीहरू शक्तिहीन र पुरुष शक्तिशाली भएका देखिन्छन् ।

## ४.३.२ पुरुष-पुरुषबीचको शक्तिसम्बन्ध

*स्वास्नीमान्छे* उपन्यासलाई पुरुष-पुरुषबीचको शक्तिसम्बन्धका आधारमा पनि अध्ययन गरिएको छ । पुरुष-पुरुषबीचको शक्तिसम्बन्धको चर्चा गर्ने क्रममा केन्द्र र परिधिको बीचको शक्तिसम्बन्धलाई केलाउँदै परिधिमा रहेको शक्तिको प्रतिरोधको स्थितिसमेत अध्ययन गरिएको छ ।

यस उपन्यासमा बाबु प्रमोद र छोरो विनोद बीचको शक्तिसम्बन्धलाई नै पुरुष-पुरुषबीचको शक्तिसम्बन्धका रूपमा हेरिएको छ । उपन्यासमा वर्णित कथाअनुसार बाबु प्रमोद शक्तिको केन्द्र बने पनि अन्त्यमा छोरो विनोद शक्तिको केन्द्र बनेको देखिन्छ । भौतिक सुख सुविधा सम्पन्न परिवार तथा पुरुषसत्तात्मक सामाजिक संरचनाको कारण प्रमोदले जन्मजात शक्ति प्राप्त गरेको पाइन्छ । उसले पाएको शक्ति सत्ता र परम्पराबाट हस्तान्तरण भएको बुझिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा बहुपत्नी राख्ने प्रचलन रहेकाले जेठीबाट

जन्मेका सन्तान बाबुद्वारा पीडित बन्नुपर्ने तीतो यथार्थ टड्कारै देखिन्छ । प्रमोदको परिवारमा पनि यही संस्कृति कायम रहेको पाइन्छ । बाबु प्रमोदले विनोद सानै छँदा कान्छी स्वास्नी ल्याएको र जेठी र उसको सन्तानलाई हेला गरेको देखिन्छ । प्रमोदको अत्याचारबाट आजित भई मोतीमायाले घर छोडेपछि विनोद झन एक्लै भएर निरीह भएको बुझिन्छ । बाबुको मायाबाट बन्चित विनोदलाई आमाले पनि छाडेपछि वास्तवमै बेसाहारा भएको देखिन्छ । ऊ बाबु प्रमोदसँगै बसे पनि उसको सम्पूर्ण रेखदेख नोकर्नी चम्पाले गरेकी छे । ऊ बाबुको व्यवहारबाट डराएको कुरा यसरी प्रस्तुत गरिएको : विनोद डरले थरहरी भयो । प्रमोद जागेको देखेर विनोदले रुन पनि डरायो डरले । भित्र अटेसमटेस गर्दा गर्दा विनोदको हंस उड्यो, आँसुले गहभित्रै लुक्नपर्‍यो । (पृ. ४८)

माथिको साक्ष्यमा प्रमोदको व्यवहारले विनोद डराएको देखिन्छ । आफ्नै आँखा अगाडि बाबुले आमामाथि गरेको दुर्व्यवहारले विनोद त्रसित भएको बुझिन्छ । त्यसैले ऊ बाबुको छेउमा पनि जान चाहँदैन । प्रमोदले छोरो सानो छँदा मात्र होइन, जवान भइसकेपछि पनि उत्तिकै नराम्रो व्यवहार गरेको देखिन्छ । विनोदले मोतीमायालाई भेट्न गएको थाहा पाएर उसलाई आमाबाट विमुख बनाउन कहिले विवाह गरिदिने, कहिले अंशबाट बन्चित गरिदिने त कहिले पढ्न कलकत्ता पठाइदिने भन्दै बेलाबेला धम्क्याइरहन्छ । तर केही गर्दा पनि विनोद आमाबाट टाढिन सक्दैन । ऊ पैतृक सम्पतिको पनि पर्वाह नगरी आमा भेट्न गइरहन्छ । भेट्ने मात्र होइन, एकदिन उसले आमालाई कोठीबाट निकालेर घर ल्याउने साहस गरेको देखिन्छ । प्रमोदले उनीहरूलाई भित्र पस्न नदिन नोकरहरूको प्रयोग गरेको छ । तर विनोदले दापबाट खुकुरी झिकी अवरोध गर्नेलाई रोकेको छ। यसलाई प्रस्ट पार्न निम्नलिखित साक्ष्यहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

साक्ष्य १ :

> विनोद, मोतीमाया र मैयाँनानी तीनैजना भित्र पसे । विनोदको पछि-पछि अर्की दुईजना स्वास्नी मानिसलाई देखेर प्रमोदले तत्क्षणात् सोधे, “तिनीहरू को हुन् ?” विनोदले तुरुन्त जवाफ दिए, “आमा र उहाँकी साथी ।” प्रमोदले भने “त्यो रण्डीलाई किन मेरो घरमा ल्याइस् ?” दह्रो भएर विनोदले जवाफ दिए, “आमा भएकी हुनाले आमालाई आमाको घरमा ल्याएँ ।” (पृ. १३६)

साक्ष्य २ :

> प्रमोद नोकरहरूलाई अह्राएर भन्छन्, “लौ यिनीहरूलाई गर्दन्याउँदै निकालिदे यहाँबाट ।” नोकरहरू प्रमोदको हुकुम शिरोपर गर्न तम्सन्छन् । दापबाट खुकुरी झिकेर विनादले उनीहरूपटि हेरी भने, “तिमीहरूलाई ज्यानको माया छैन भने मात्रै मेरो अगाडि आओ, नत्र म हामीलाई छुन आउने एक-एकलाई टुक्रा-टुक्रा पारिदिन्छु ।” (  पृ. १३६)

साक्ष्य ३ :

> “लौ वेदीमा बलि होस् पशु” भन्दै प्रमोदले विनोदको खुट्टामा ताकेर फायर छाडिहाले । ठीक गोडामा लागेर “आमा !” भन्दै विनोद भुईंमा ब्याङ्ग लडिहाले मोतीमाया अतालिएर रुदै चिच्च्याइन् । तत्क्षाणात् पेस्तोल झिकी “समाज खाने कीरालाई जिउदो राख्नु पाप हो” बोल्दै मैयाँनानीले प्रमोदलाई ताकेर हानिदिइन् । छातीमै लागेर प्रमोद ढलिहाले, ढल्नासाथै खतम । (पृ. १४०)

माथिको साक्ष्यमा बाबु प्रमोद र कुख्यात व्यक्ति मोहनबहादुरका कारण आमा वेश्या बनाइएकी हो, आफै कदापि वेश्या भएकी होइन भन्ने अटल विश्वास भएको विनोदले अवरोधका बाबजुद पनि आमालाई वेश्यालयबाट घर ल्याउने प्रयत्न गरेको छ । त्यसैले ऊ रोक्न आउने नोकरहरूसँग खुकुरी लिएर जाइलागेको छ । जहाँ शक्तिको अभ्यास देखापर्दछ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) भन्ने फुकोको मान्यता अनुसार विनोदले आफूमाथि अन्याय गर्नेका विरुद्ध प्रतिकार गरी आमा मोतीमायालाई घर लगी छाडेको देखिन्छ । उसलाई यस कार्यमा मैयाँनानीले सघाएकी छे । प्रमोदले विनोदमाथि गोली चलाए पनि ऊ मर्दैन तर मैयाँनानीले चलाएको गोलीले प्रमोदको निधन भएको देखिन्छ । त्यसपछि विनोदले आफ्नो घरलाई ‘मैयाँ-मन्दिर’ का नाममा परिणत गर्दै आफ्नी आमा मोतीमायाको अध्यक्षतामा ‘मैयाँ-महिला संघ’ स्थापना गराई आफ्नो घर त्यही सङ्घलाई अर्पण गरिदिएको देखिन्छ । यसरी सुरुमा प्रमोद शक्तिशाली भए पनि अन्तिममा विनोद शक्तिशाली भएको पाइन्छ । शक्ति सधैं एकै ठाउँमा रहँदैन परिवर्तनशील हुन्छ (उप्रेती, २०६९, पृ. ४१) भन्ने फुकोको मान्यताअनुसार यस पटक शक्तिको केन्द्रमा विनोद र परिधिमा प्रमोद रहन पुगेका छन् ।

### ४.३.३ नारी-नारीबीचको शक्तिसम्बन्ध

*स्वास्नीमान्छे* उपन्यासलाई नारी-नारीबीचको शक्तिसम्बन्धका आधारमा पनि अध्ययन गरिएको छ । यिनीहरू बीचको शक्तिसम्बन्धको चर्चा गर्दा केन्द्रमा रहेको र परिधिमा रहेको शक्तिको अध्ययन गरिएको छ ।

उपन्यासमा वर्णित कथानुसार मोतीमाया र कमला सौता-सौता हुन् । मोतीमायाकी सौताका रूपमा प्रवेश गरेकी कमलाले मोतीमायामाथि अत्यन्त निकृष्ट व्यवहार गरेको देखिन्छ । उसले हुँदै नभएको आरोप लगाएर लोग्ने प्रमोदलाई मोतीमायामाथि हिंस्रक व्यवहार गर्न प्रेरित गरेकी छ । लोग्नेलाई एकलौटी बनाउने मनोविज्ञान भएकी कमला जसरी भए पनि मोतीमायालाई त्यस घरबाट निकालेर लोग्ने प्रमोदसँग बस्न चाहन्छे । त्यसका लागि उसले मोतीमायाको चरित्रमा खोट लगाउन कमल भन्ने व्यक्तिका नाममा आफै प्रेमपत्र लेखेर प्रमोदलाई दिएकी, रातमा मोतीलाई कोही भेट्न आउँदोरहेछ भन्ने बनाउन आफै घरको मुल ढोका खोलेकी अनि मान्छेको खास-खास, खुस-खुसको आवाज आउँछ भनी लोग्नेलाई पोल लगाई मोतीमायाका विरुद्ध उकासेको देखिन्छ। त्यस कुरालाई प्रमाणित गर्न उसले छोरो विनोदलाई खाने कुरा दिई फकाएर तिम्री आमालाई भेट्न को आउँछ विनोद भनेर प्रश्न गरेकी छ । तर उसले पटक-पटक कोही पनि आएको छैन भने पछि लट्ठीको सहारा लिएर कबुल गराउन खोजेकी छ । त्यो दृश्य मोतीमायाका लागि सह्य हुँदैन र ऊ त्यसको प्रतिकार गर्नपुग्छे तर श्रीमान्को आड पाएकी सौतासँग उसको केही लाग्दैन । लोग्ने प्रमोदले त्यही विषयलाई लिएर उसमाथि कुटपिट गरेको देखिन्छ । कमलाकै कारण मोतीमायाले कुटाइ खाएकी छे । यस प्रसङ्गलाई उपन्यासमा निम्नानुसार प्रस्तुत गरिएको छ :

> एकदम झम्टेर प्रमोदले भने, 'के भनिस्, च्यातिदिऊँ तेरो मुख । लाज छैन बेस्से तँलाई बोल्न ? (तकिया मुनिबाट चिट्ठी झिकी देखाएर) कसले लेखेको यो चिट्ठी लौ भन्, रण्डी (चुल्ठो समातेर भकाभक लत्याउँदै) कसले लेखेको यो चिट्ठी ?' त्यस्तै गुण्डाबाट मनग्गे भरथेग पाएर नै फुर्ती पनि बढ्न सकेको । प्रमोदको रिसको आगोमा कमलाले घिउ हीलदिइन् । तर कमलाको यो वाक्य मोतीमायाको घाउमा नूनचूक हालिदिएको जस्तो भयो । प्रमोदले त्यस्तरी पिट्दा पनि मोतीमायालाई त्यति असह्य भएको थिएन । तर के लाग्छ, त्यस्तो अचाक्ली पनि मोतीमायाले आँसुमा थापेर मुटुमा खन्याइरहेकी थिइन् । एक

शब्द पनि मोतीमायाले बोलिनन् खालि सुँक- सुँक रोइरहिन् त्यत्तिकै । अनि कमलाले एक्कासि बोलिन्, 'मूल ढोका कसरी खुलै रह्यो नि, रातभरिजसो माथि बुइँगल्मा खास खुस-खास खुस आवाज कसको नि ? हामीले सुनेनौं भन्ठान्यौ ? अझ उसैको झस्सी, फुर्ती धरहरे नाक ! लाज पनि लाग्दैन थुक्क तँलाई !' केही दह्रो भएर मोतीमायाले भनिन्, 'मनपरी नबोल, आगोले नछोला मुख ! अजम्मरी लिएर आएको छैन !' (पृ. १३)

माथिको साक्ष्यमा लोग्नेको आडमा कमलाले मोतीमायामाथि शक्ति प्रदर्शन गरेको देखिन्छ। कमलाका कुरा सही हो कि होइन भन्ने कुरा प्रमाणित नै नगरी प्रमोदले मोतीमायामाथि दुर्व्यवहार गरेको बुझिन्छ । आफूमाथि भएको आरोपको मोतीमायाले प्रतिवाद गरे पनि लोग्नेले कमलालाई नै साथ दिएपछि उसको केही लाग्दैन र ऊ रुँदै कोठाबाट निस्केकी छे। मोतीमायाले सौताका विरुद्ध कुनै षड्यन्त्र नगर्दा पनि ऊ आफू भने सौताका षड्यन्त्रबाट बच्न सकेकी छैन। कमलाले मोतीमायाका विरुद्ध थोरै मात्र न्यू भेट्दा पनि त्यसलाई चरम रूप दिएर लोग्नेलाई पोल लगाउछे । ऊ एकपछि अर्को आरोप लगाउँदै सौताका विरुद्ध लोग्नेलाई उकासी रहन्छे। यसरी कमलाका कारण मोतीमाया नाबालख छोरो विनोदलाई छाडेर घर छोड्न बाध्य भएको देखिन्छ। यसबखत कमला शक्तिशाली र मोतीमाया कमजोर भएको देखिन्छ। पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा कान्छी स्वास्नी नै लोग्नेकी प्यारी हुने भएकाले ऊ नै शक्तिशाली भएकी छ। कमला प्रमोदकी प्यारी भएकाले ऊ मोतीमायाभन्दा नजिक छे । प्रमोदले कमलाले भनेका सबै कुरा मानेको छ । त्यसैले मोतीमायाभन्दा कमला शक्तिशाली भएको देखिन्छ।

मोतीमायाले घर छोडेपछि उसलाई मोहनबहादुर, मिस्री दिदी हुँदै मैयाँनानीको कोठीमा पुऱ्यान्छ। त्यहाँ उसले गायन क्षेत्रमा आफूलाई संलग्न गराएकी छे। उता उसको छोरो विनोद जवान भएपछि आमालाई खोज्दै मैयाँनानीकहाँ पुगेको देखिन्छ। त्यहाँ मैयाँनानीमार्फत् आमाका बारेमा सबै वृतान्त थाहा पाएपछि आमालाई सही ठान्दै घर लगेको छ। मोतीमायासँग मैयाँनानी पनि गएकी छे। बाबु प्रमोदले मोतीमायालाई घरभित्र छिर्नबाट बन्चित गरेको छ। तर विनोद अवरोधका बाबजुद पनि आमालाई आफ्नो अधिकार दिलाउन प्रयत्नरत देखिन्छ। बन्दुक निकालेर बाबुले धम्की दिँदा पनि त्यसको प्रवाह नगरी आमालाई तान्दै विनोद अगाडि बढेपछि स्थिति भयावह हुन पुग्छ। यसैक्रममा प्रमोदले विनोदको खुट्टामा फायर गर्छ। विनोद

भुइँमा ब्वाङ्ग लड्छ तर मर्दैन । ठिक त्यसैबेला मोतीमायालाई पुऱ्याउन विनोदसँग आएकी मैयाँनानीको पेस्तोलले प्रमोद र कमला दुवैलाई खत्तम पारी मोतीमायालाई घरभित्र छिराउन सफल हुन्छे । यसरी उपन्यासको अन्त्यतिर कमलाको पराजय र मोतीमायाको विजय भएको देखिन्छ । मोतीमायालाई आफ्नै छोरो विनोद र मैयाँनानीले साथ दिएका छन् । अन्तत : आफ्नो घरलाई विनोदले 'मैयाँ मन्दिर' का नाममा रूपान्तरित गरी 'मैयाँ- महिला संघ' को स्थापना गरेर त्यसको अध्यक्ष मोतीमायालाई बनाएको देखिन्छ र ऊ सामुदायिक भुमिकामा देखिएकी छ । पहिले कमला शक्तिशाली थिई भने अहिले मोतीमाया शक्तिशाली भएकी छे । यसरी शक्ति सधैं एकै ठाउँमा रहँदैन यो परिवर्तनशील हुन्छ (उप्रेती, २०६९, पृ. ४१) भन्ने फुकोको मान्यताअनुसार यस पटक शक्तिको केन्द्रमा मोतीमाया र परिधिमा कमला हुन पुगेकी छ ।

उपन्यासमा अन्य नारी-नारीबीचको शक्तिसम्बन्धको पनि अध्ययन गरिएको छ । यसै क्रममा कमला र उसकी नोकर्नी चम्पा बीचको शक्तिसम्बन्धलाई विश्लेषण गर्दा मालिक्नी कमला शक्तिको केन्द्रमा र चम्पा परिधिमा देखिन्छे । मोतीमायाकी सौताकी रूपमा परिचित कमला नोकर्नी चम्पालाई पनि गलत नजरले हेर्छे । ऊ आफूजस्तै सबैलाई सम्झन्छे र चम्पालाई आफ्नो लोग्नेसँग नजिक भएको ठानी विभिन्न वाहनामा उसमाथि दुर्व्यवहार गर्न पुग्छे । यसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "मालिकलाई चिया टक्र्याउन आएकी होस् कि मुलुकभरका हावभाव-कटाक्ष गरेर मालिकको अगाडि मेनका बन्न आएकी ?" भन्दै कमलाले चम्पाको गालैगालामा ठटाइन् । (पृ. ७५)

माथिको साक्ष्यमा कमलाले चम्पामाथि शक्तिप्रदर्शन गरेको देखिन्छ । उसका कार्यबाट चम्पा पीडित भएकी छ । लोग्ने प्रमोदसँग नोकर्नी चम्पा गफ गरी भन्ने आरोपमा कमलाद्वारा चम्पा कुटिएको देखिन्छ । चम्पा प्रमोदसँग नजिकिन थालेको अनुभव गरेपछि कमलामा यौनवैज्ञानिक चिन्ता बढ्न थालेको छ र सोही मनोविज्ञानका कारण चम्पालाई गाली गर्दै उसका गालैगालामा कमलाले ठटाएर शारीरिक र मानसिक यातना दिएकी छ । तर चम्पाले प्रतिकार गर्न सकेको देखिँदैन । चम्पा नोकर्नी भएकाले मालिक प्रमोदले भनेको कुरा मान्नु पर्ने हुन्छ र उसले त्यही गर्दै पनि आएकी छ । यहाँ निर्दोष चम्पा मालिक्नी कमलाद्वारा हिंसामा परेको देख्न सकिन्छ । यस अवस्थामा  कमला शक्तिका केन्द्रमा र चम्पा परिधिमा देखिन्छे ।

उपन्यासमा मिस्री दिदी र उसका कोठीमा काम गर्ने यौनकर्मी बीचको शक्ति सम्बन्धलाई पनि अध्ययन गरिएको छ । मिस्रीको कोठीमा काम गर्ने यौनकर्मी पुरुषको

यौनताडना खप्न नसकेर वेदनाले छटपटाउदा पनि मिस्रीले सहानुभूति देखाएकी छैन । उल्टै गाली गरेकी छ । यस कुरालाई तलका साक्ष्यले बताउँछन् :

> 'मरेँ बाबा ! मरेँ ! पोल्यो नि पोल्यो !' कसरी चहरिएर आयो नि ! लौन नि ! पङ्खा एकबाजि हम्किदेऊ !' मिस्री रिसाइन् र भनिन्, "के कराएकी राँडी, चूप लाग् !" "बसी नसक्नु भो मिस्री दिदी, भतभती पोलेर आयो !" "पोल्छ त, सहन सक्नुपर्छ । बेसोमती !" (पृ. ९१-९२)

माथिको साक्ष्यमा यौनकर्मी पीडित भएको देखिन्छ । पुरुषको यौनताडना खप्न नसकेर वेदनाले छटपटाउने यौनकर्मीको पीडामा मिस्रीले सहानुभूति समेत दर्शाउँदिन । उल्टै सहनुपर्छ, कस्ती वेसोमती भन्दै गाली गर्न पुग्छे । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा नारीले जस्तोसुकै पीडालाई पनि सहनुपर्छ भन्ने सामाजिक विचारधाराले प्रभाव पारेको देखिन्छ । लुइस आल्थुसारको अवधारणा अनुसार विचारधारा शब्दले चलिआएका सामाजिक मान्यतालाई जनाउँछ, जसलाई हामी सत्य ठानेर स्वीकार गरिरहेका हुन्छौं । विचारधारा अवचेतन मनमा जरा गाडेर बसेको हुन्छ र त्यसले हाम्रो दैनिक जीवनमा सोच र व्यवहारलाई प्रभाव पारिरहेको हुन्छ । माथिको साक्ष्यमा पनि समाजमा प्रचलित यही सामाजिक मान्यताले गर्दा मिस्रीले यौनकर्मीमाथि दुर्व्यवहार गरी मानसिक हिंसा गरेको देखिन्छ । वास्तवमा यो उसको व्यक्तिगत चारित्रिक दोष नभएर पितृसत्तात्मक सोचले पारेको प्रभाव हो । यही सोचले गर्दा मिस्री आफू एक नारी भएर पनि अर्की नारीमाथि शक्ति प्रदर्शन गरिरहेकी े । तसर्थ, ऊ शक्तिको केन्द्रमा र अन्य यौनकर्मीहरू परिधिमा देखिन्छन् ।

## ४.४ एक चिहान उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासमा प्रयुक्त नारी तथा पुरुष पात्रहरूबीचको लैङ्गिक शक्तिसम्बन्धको अध्ययन विभिन्न उपशीर्षकमा गरिएको छ ।

### ४.४.१ नारी र पुरुषबीचको शक्तिसम्बन्ध

*एक चिहान* उपन्यासमा नारी र पुरुषबीचको शक्तिसम्बन्धको अध्ययन गर्ने क्रममा अष्टनारां-लतमाया, शिवनारां-हाकुमाया, पुननारां-शिन्तली, हर्षनारां-पुतली, शिवनारां र

लतमाया, डाक्टर गोदत्तप्रसाद-रञ्जनादेवी र नानीथकुं र रामखेलावन राउत उसकी आमा बीचको शक्ति सम्बन्धको अध्ययन गरिएको छ ।

*एक चिहान* उपन्यासमा ज्यापु परिवारभित्र शक्तिको लागि खासै सङ्घर्ष भएको देखिँदैन । एक-अर्काप्रति आदर, मानसम्मानका साथ परिवार चलेको पाइन्छ । परिवारका मूल सदस्य अष्टनारां निम्नवर्गीय, अशिक्षित किसान भए पनि प्रगतिशील विचारधाराको देखिन्छ । उसले समाजमा विद्यमान् कुरीति, कुसंस्कारप्रति असहमति जनाउँदै त्यसलाई सुधारेर समाज अगाडि बढाउनुपर्छ भन्ने मान्यता राखेको छ । परिवारभित्र माया, प्रेम, आपसी सद्भावका साथ परिवार चलाएको देखिन्छ । एकले अर्कालाई होच्याउने, आफै ठूलो हुन खोज्ने प्रवृत्ति उपन्यासमा कहीँ कतै देखिँदैन । तर पनि निर्णय प्रक्रिया, आर्थिक स्रोतमाथिको नियन्त्रण, स्वतन्त्रता जस्ता कुरामा भने पुरुषको वर्चस्व रहेको पाइन्छ । नेपाली समाजमा पुरुष घरको मुली हुन्छ । ऊ कसैको पिता, लोग्ने, छोरो, नाति आदि भएकै आधारमा परिवारको सम्पति र सत्ता स्वतः उसमा हस्तान्तरण हुन्छ । त्यसैले घरमा उसैको नेतृत्वमा अरूले चल्नु पर्ने हुन्छ । निर्णय प्रक्रियामा उसैको अधिकार हुन्छ अथवा घरका हरेक क्रियाकलापमा उसैको निर्णय सर्वोपरि मानिन्छ । यही समाजको नियम अनुसार *एक चिहान* उपन्यासमा पनि पुरुषहरू निर्णय प्रक्रियामा देखिन्छन् । अष्टनारां विरामी भएर अशक्त भएको अवस्थामा उसले श्रीमती लतमाया र छोरी नानीथकुंलाई कमजोर ठानी आफू मरेपछि दुवैको रेखदेख छोराहरूलाई गर्न अनुरोध गरेको छ । यस प्रसङ्गलाई उसकै अभिव्यक्तिमा यसरी प्रस्तुत गरिएको छ :

> “यो बुढिया तिमीहरू सबकी आमा र बहिनी एकजनालाई अन्यथा नगर । जे दुःख सहेर पनि यी अबला दुई जनालाई खुवाई राख । यिनीहरूको आँखामा कहिल्यै आँसु हेर्ने काम नगर । मैले बन्दोबस्त गर्न नसकेकोमा यिनीहरूलाई रुवाउने जरिमाना नगरीकन मैले जन्माएकोमा कृतज्ञता मानी यिनीहरूलाई सधै हँसाउन खोज्यौ भने मैले पुरस्कार पाएको सम्झने छु । बाबु हो ! तिमीहरू जे भए पनि छोराहरू हौ, कर्तव्य नछाड ;” (पृ. १)

माथिको साक्ष्यमा महिलाहरूलाई अशक्त, अबला र कमजोर ठानी उनीहरूको रेखदेख गर्ने जिम्मा पुरुषले लिनुपर्ने भाव व्यक्त भएको छ । पितृसत्तात्मक समाजमा पुरुषहरू शक्तिशाली हुने भएकाले उनीहरूले आफ्नो मात्र नभएर परिवारका महिला सदस्यहरूको पनि हेरविचार गर्नु पर्ने अवधारणा समाजको देखिन्छ । त्यसैले अष्टनारांले आफ्ना छोराहरूसँग

आमा र बहिनीलाई कहिल्यै दुःख नदिनु, उनीहरूलाई नरुवाउनु भन्दै उनीहरूको पालनपोषण गर्ने जिम्मा लिन आग्रह गरेको देखिन्छ । यसबाट पनि नारीभन्दा पुरुष नै शक्तिशाली भएको स्पष्ट हुन्छ ।

अष्टनारांको मृत्युपछि लतमाया र नानीथकुंको हेरविचार गर्ने जिम्मा शिवनारांका दाजुभाइको देखिन्छ । नानीथकुंको विवाह गर्ने उमेर भए पनि आर्थिक अवस्था कमजोर भएकाले बहिनीको समयमा विवाह गरिदिन सकेका छैनन् । गाउँकै डाक्टर गोदत्तप्रसादले नानीथकुंमाथि कुदृष्टि राखेको छ । ऊ अष्टनारां विरामी हुँदा उपचारमा संलग्न भएको छ । नानीथकुंको रूप र यौवनसँग मोहित भएको डाक्टर अष्टनारांको मृत्युपछि पनि निरन्तर आउन थाल्छ । डाक्टर र नानीथकुं बीचमा प्रेम भएको हल्ला गाउँमा चलेपछि गाउँलेले हाकुमायालाई जानकारी गराएका छन् । हाकुमायाले त्यो कुरा श्रीमान् शिवनारांलाई भने पछि उनले “भरेदेखि नानीथकुंलाई भात पकाउन दिएर तपाईं कपडा बुन्ने काममा लाग्नुहोला” भनी आदेश जाहेर गरेजस्तो गरी आमालाई भने (पृ. ६५) । डाक्टर गोदत्तप्रसाद र नानीथकुंबीच भएका क्रियाकलापले आफ्नो बेइज्जत भएको ठानी शिवनारांले आमालाई हप्काएको छ र बहिनीको हेरविचारमा कडा हुन आदेश दिएको छ । पितृसत्तात्मक सामन्ती संस्कारमा पुरुष नै निर्णय प्रक्रियामा हुने हुनाले नै शिवनारांले आमामाथि शक्ति प्रदर्शन गर्न सकेको हो । यस घटनाबाट पनि उपन्यासको शक्ति केन्द्रमा पुरुष र किनारामा महिला भएको प्रस्ट हुन्छ ।

शिवनारां र हाकुमाया बीचमा शक्तिका लागि सङ्घर्ष भएको देखिँदैन । दुवैजना हरेक काममा बराबर नै संलग्न देखिन्छन् । घरभित्र र बाहिरका सबै काममा दुवैको समान सहभागिता देखिए पनि निर्णय प्रक्रियामा शिवनारांकै प्रभुत्व कायम भएको पाइन्छ । यसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ - “चुप लाग, एक शब्द नबोल, म जोइटिङ्ग्रे होइन कि जे पनि तिमीले भनेको मानिरहूँ र सहिरहूँ । म फेरि भन्छु, फेरि एक शब्द नबोल ।” आँखा रातो-रातो गरेर शिवनारांले भने । (पृ. ८९)

माथिको साक्ष्यमा घरमा निरन्तर डाक्टर गोदत्तप्रसाद आई नानीथकुंसँग ठट्टा गर्दै बसेको प्रसङ्गलाई लिएर शिवनारां रिसाएको देखिन्छ । उसले डाक्टरलाई आउने वातावरण तयार गरेकोमा नानीथकुंलाई गाली गरिनै रह्यो । शिवनारांको गालीले परिवारका सबै सदस्य दिक्क भएको ठानी हाकुमायाले नबोल्न आग्रह गरेकी छ । तर शिवनारां आफूले सही कुरा बोलेकाले त्यसमा अवरोध नगर्न भन्दै श्रीमतीलाई हप्काउन पुगेको छ । त्यसपछि हाकुमाया

डरले चुप लागेको प्रसङ्ग उपन्यासमा वर्णित छ । यसबाट पनि शिवनारां नै शक्तिको केन्द्रमा रहेको पुष्टि हुन्छ । शिवनारांको परिवारमा नारी र पुरुषबीचमा विभेद भएको देखिँदैन । उनीहरू हरेक काम मिलेरै गर्छन् तर पनि निर्णय प्रक्रियामा भने पुरुषकै वर्चस्व रहेको देखिन्छ । यो पक्कै पनि पितृसत्ताकै प्रभाव हो भन्न सकिन्छ ।

उपन्यासमा पुननारां र शिन्तली, हर्षनारां र पुतलीका बीचमा शक्तिका लागि तँछाड मछाडको स्थिति नदेखिए पनि निर्णय प्रक्रियामा भने पुरुषकै प्रभुत्व कायम भएको देखिन्छ ।

डाक्टर गोदत्तप्रसाद र रञ्जनादेवीका बीचमा भने शक्तिका लागि सङ्घर्ष भएको देखिन्छ । पितृसत्तात्मक सामन्ती सोचले ग्रस्त डाक्टर गोदत्तप्रसाद घरमा श्रीमती र छोराछोरी हुँदाहुँदै पनि बाहिर केटीहरूसँग उठबस गर्न पुगेको छ । रञ्जनादेवीले त्यस्तो कार्यका विरुद्धमा आवाज उठाए पनि डाक्टर उसका कुरालाई बेवास्ता गर्छ । श्रीमतीले सचेत गराउँदा गराउँदै पनि डाक्टरले नानीथकुंलाई अपहरण गरी गर्भवती बनाएर समाजका अगाडि लज्जित तुल्याउँछ । डाक्टरको यो कार्यले नानीथकुंकोमात्र होइन, रञ्जनादेवीको पनि अपमान हुन पुगेको छ । डाक्टरले पटक-पटक गल्ती गर्दा पनि रञ्जनादेवीले उसलाई माफ गरी सँगै बसेकी छ । उसले डाक्टरलाई त्याग्न सकेकी छैन । रञ्जनादेवी डाक्टरलाई छाडेर एक्लै बसी भने ऊ समाजको नजरमा गलत ठहरिन्छे । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाले कुनै गलत काम नगरे पनि महिला नै गलत ठहरिन्छन् । समाजले उनीहरूमाथि नै प्रश्न चिन्ह खडा गर्छ । त्यसैले डाक्टरका हरेक कमजोरीलाई सहेर पनि रञ्जनादेवी उसैसँगै बस्न बाध्य छे । यस घटनाले पनि डाक्टर गोदत्तप्रसाद नै शक्तिशाली भएको प्रमाणित हुन्छ ।

उपन्यासमा डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई प्रेमको नाटक गरी वासनापूर्तिको साधन बनाउन खोजिरहेको देखिन्छ । सोझी नानीथकुंले डाक्टरको असली रूप थाहा पाउदिन र उसको जालमा फस्छे । पछि रञ्जनादेवीले सम्झाएपछि भने उसले डाक्टरलाई नभेट्न भनेकी छे । तर डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई बेहोस हुने इन्जेक्सन हानी अपहरण गरेको छ । होसमा आएपछि नानीथकुं एकदम आत्तिइन् । उनी भाग्न खोजिन् तर डाक्टरले समाएर अँगालाले बाँधिदिए । डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई छाडिदिने दया गरेनन् । अँगालो बाँधेर डाक्टर गोदत्तप्रसादले रात बिताइदिए (पृ. २०८) । यसरी जबर्जस्तीमा डाक्टरले उसलाई गर्भवती बनाएको छ । यस अवस्थामा ऊ निरीह भएर डाक्टरलाई अपनाउन बाध्य भएकी छे । यसवेला ऊ शक्तिहीन भएकी छ भने डाक्टर गोदत्तप्रसाद शक्तिशाली भएको देखिन्छ ।

पितृसत्तात्मक सामन्ती संरचना विद्यमान् रहेको समाजमा पुरुष शक्तिशाली र नारी कमजोर भएका हुन्छन् । विभिन्न उपाय अपनाएर पनि पुरुषले नारीलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गरेको देख्न सकिन्छ । माथिको साक्ष्यमा पनि गोदत्तप्रसादले नानीथकुंलाई वासनापूर्तिको लागि अपहरण गरेर बलात्कार गरेको देखिन्छ । यस अवस्थामा नानीथकुं शक्तिहीन हुँन पुगेकी छे । शिवनारांका दाजुभाइले डाक्टरकी पत्नीको सहयोगमा नानीथकुंलाई भेटेपछि आफ्ना घर लगेर अर्को केटासँग विवाह गरिदिएका छन् । यस सन्दर्भमा निम्नलिखित उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ : नानीथकुंको विवाह भएको आज तीन दिन भयो (पृ. २२४) । जबर्जस्तीमा गोदत्तप्रसादकी पत्नी भएकी नानीथकुं दाजुहरूको सहयोगमा उसलाई छाडी अर्कै केटासँग विवाह गर्न सफल भएकीले अहिले ऊ शक्तिशाली भई भने डाक्टर गोदत्तप्रसाद कमजोर भएको देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान् रहेको समाजमा पुरुष शक्तिशाली र नारी कमजोर भएका हुन्छन् । त्यसैले विभिन्न बाहानामा नारीमाथि आफ्नो वर्चस्व कायम गरिरहेको देखिन्छ । यो पितृसत्ताको विशेषता नै हो । तर यहाँ नारीको विजय भएको देखिन्छ । यो पक्कै पनि पितृसत्तात्मक सामन्ती संस्कृतिको पराजय हो भने लैङ्गिकताको पक्षधरको विजय हो । मूलत : उपन्यासको प्राप्ति पनि यही हो ।

रामखेलावनको परिवारमा पनि ऊ नै निर्णायक भूमिकामा देखिन्छ । ऊ शक्तिको केन्द्रमा रहेको कुरा यसरी प्रस्तुत गरिएको छ : रामखेलावन राउतको घरमा उनी नै मालिक हुन् किनभने उनको बाबु, दाजु आदि जेठाबाठा अरू कोही छैनन् । दुईजना भाइ, एउटी बहिनी र आमा बस परिवारको नाममा यत्तिकै । (पृ. २१८)

माथिको साक्ष्यमा रामखेलावन राउतका बा, दाजु आदि कोही जेठा-बाठा नभएकाले उनी नै घरका मालिक हुन् भनिएको छ तर आमाको पनि उपस्थिति देखिन्छ । यसरी आमा हुँदाहुँदै पनि छोरो नै घरको मालिक हुनुपर्ने पितृसत्तात्मक सामन्ती संरचनाका कारण रामखेलावन नै त्यस घरको हर्ताकर्ता भएको हो । यहाँ पनि शक्तिमा आमा नभएर छोरो रामखेलावन भएकाले पुरुष नै शक्तिको केन्द्रमा भएको स्पष्ट हुन्छ ।

### ४.४.२ पुरुष-पुरुषबीचको शक्तिसम्बन्ध

*एक चिहान* उपन्यासलाई पुरुष-पुरुषबीचको शक्तिसम्बन्धका आधारमा पनि अध्ययन गरिएको छ । पुरुष-पुरुषबीचको शक्तिसम्बन्धमा आर्थिक रूपमा सम्पन्न तल्सिङ सूरमान

सुब्बा, उसको कारिन्दा रामबहादुर र डाक्टर गोदत्तप्रसाद र विपन्न शिवनारांका दाजुभाइको उपस्थिति मुख्य रूपमा देखिन्छ। यिनीहरूबीचको शक्तिसम्बन्धको चर्चा गर्दा केन्द्रमा रहेको र परिधिमा रहेको शक्तिको चर्चा गरिएको छ।

मार्क्सवादी मान्यतानुसार शक्तिको मुख्य स्रोत आर्थिक मानिन्छ। डाक्टर गोदत्तप्रसाद तल्सिङ सूरमान सुब्बाले पनि शिवनारांको दाजुभाइमाथि दमन गर्ने मुख्य कारण आर्थिक नै देखिन्छ। धनसम्पतिको आडमा तल्सिङ सूरमान सुब्बा आफू बूढो विधुर भएर पनि कलिली नानीथकुंलाई हत्याउनका लागि आफ्नो कारिन्दा रामबहादुरमार्फत् शिवनारांको परिवारलाई आर्थिक प्रलोभनमा पार्ने प्रयत्न गरेको छ। यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> "सुब्बा साहेबबाट अनेक मद्दत पाएर तिमीहरूको दुःख पनि हट्छ, जसले जिन्दगीमा कहिल्यै पनि मिठास पाउँदैन। त्यसैले हरेक अक्कल पुऱ्याएर पनि सुख भोग्ने र सन्तानको उन्नति हुने काम मानिसले सोच्नुपर्छ। कति यसरी तिमीहरूले दुःख पाइरहने ? यो सम्बन्धले त तिमीहरूका कति पुस्तासम्मले सुख पाउन सक्छन् किनभने अहिलेको हकमा सुब्बा साहेब पूरा समर्थशाली हुनुहुन्छ।" (पृ. ७२)

माथिका साक्ष्यमा आर्थिक रूपमा सम्पन्न भएकाले नै सूरमान सुब्बाले जबर्जस्ती शिवनारांकी कलिली बहिनी नानीथकुंलाई कान्छी श्रीमती बनाउन खोजेको देखिन्छ। शिवनारांको परिवार गरीब भएकाले धनी सूरमान सुब्बासँग वैवाहिक सम्बन्ध गाँसे सन्तानदर सन्तानले सुख पाउने छन्। संसारमा उनीहरूले दुःखी, गरिब भएर बाँच्नु पर्ने छैन। पुस्तौँ-पुस्तादेखिको गरिबी हटेर जानेछ। पछिल्ला पुस्ताले समेत पसिना चुहाई काम गर्नुपर्ने छैन भन्दै रामबहादुरले आर्थिक प्रलोभनमा पारेर उनीहरूमाथि शक्ति प्रदर्शन गरेको छ। तर शिवनारां रामबहादुरका जाली कुरामा विश्वास गरेर आफ्नी कलिली बहिनी बूढो सूरमान सुब्बालाई दिन तयार हुँदैन। रामबहादुरको प्रस्तावलाई शिवनारांले अस्वीकार गरेपछि "सानो मुख ठूलो कुरा नहुनुपर्ने (पृ. १५७) !" भन्दै रामबहादुरले शिवनारांलाई धम्क्याएको देखिन्छ। पितृसत्तात्मक सामन्ती समाजमा ठूलाबडाले जे भने पनि गरिब दुःखीले मान्नु पर्ने हुन्थ्यो। यही सामाजिक परम्परालाई शिवनारांले पनि स्वीकार्नु पर्छ भन्ने मान्यता रामबहादुरको देखिन्छ। तर शिवनारां आफूमाथि भएको अन्याय अत्याचार सहने पक्षमा देखिँदैन।

रामबहादुरले पटक-पटक त्यही कुरालाई दोहोऱ्याएर शिवनारांलाई धम्क्याएपछि ऊ त्यसको प्रतिकारमा उत्रेको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ -शिवनारां रिसले आगो भई जुरुक्क उठेर रामबहादुरको गर्दन समाउन पुगे। दुवै हातले बेस्करी रामबहादुरको गर्दन ड्याँच्च समाउँदै शिवनारांले भने "भन् साले ! अब के चाहन्छस् त ?" (पृ. १५९)

उपर्युक्त साक्ष्यमा सम्पन्नशाली सामन्तको कारिन्दा भए पनि शिवनारां रामबहादुरमाथि जाइलागेको छ। जहाँ शक्तिको अभ्यास देखा पर्दछ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) भन्ने फुकोको मान्यताझैँ शिवनारांले आफूमाथि अन्याय गर्नेका विरुद्ध प्रतिकार गरेको छ। रामबहादुर शिवनारांसँग पराजित भएपछि सूरमान सुब्बा भएको ठाउँमा गएर भएनभएको पोल लगाउँछ। सूरमान सुब्बाले अन्य नोकरसहित फेरि शिवनारांमाथि आक्रमण गर्नपुग्छ। तर शिवनारांका दाजुभाइ मिलेर उनीहरूलाई त्यहाँबाट धपाएका छन्। यसलाई प्रष्ट पार्न निम्नलिखित साक्ष्य प्रस्तुत गरिएको छ -हमला गर्न आएका रामबहादुरलाई हर्षनारांले समाएर धोबीले लुगा पछारेझैं पछारिदिए। शिवनारांले सूरमान सुब्बालाई समाई माटो ख्वाइदिए। नोकरहरू त डराएर त्यसै जिल्ल परिरहे। सूरमान सुब्बा छिटो-छिटो लम्कन थाले। सूरमान जानासाथ रामबहादुर र नोकरहरू पनि लम्कदै पछिपछि लागे (पृ. १६६)। यस अवस्थामा भने पितृसत्तावादी सामन्ती संरचनाको नेतृत्व गर्ने सूरमान सुब्बा र रामबहादुर पराजित भएका छन्। सुरुमा उनीहरू शक्तिशाली भए पनि अन्तिममा शिवनारांका दाजुभाइ शक्तिशाली भएका छन्। शक्ति सधैं एकै ठाउँमा रहँदैन परिवर्तनशील हुन्छ (उप्रेती, २०६९, पृ. ४१) भन्ने फुकोको मान्यता अनुसार यसपटक शक्तिको केन्द्रमा शिवनारांका दाजुभाइ र परिधिमा सूरमान सुब्बा र उसको कारिन्दा रामबहादुर रहन पुगेका छन्।

*एक चिहान* उपन्यासमा पुरुष-पुरुषबीचको शक्तिसम्बन्धको अध्ययन गर्दा डाक्टर गोदत्तप्रसाद र शिवनारांका दाजुभाइबीचको शक्तिसम्बन्धलाई पनि अध्ययनको आधार बनाइएको छ। छोराछोरीको बाबु भइसकेको डाक्टर गोदत्तप्रसादले शिवनारांकी कलिली बहिनी नानीथकुंलाई प्रेमको नाटक गरी फसाएको छ। उसले अपहरण गरी लुकाएपछि शिवनारांकां दाजुभाइ चिन्तित भएका छन्। अब नानीथकुंलाई नखोजेको ठाउँ बाँकी छैन। आज खोजे, भोलि खोजे, गर्दागर्दै शिवनारांले डेढ महिनाभन्दा बढी खोजिसके, दुई-चार दिनसम्म त उनीहरू आफ्ना काममा समेत नगईकन खोजिरहेका थिए। आखिरमा निराश

हुनुपऱ्यो (पृ. २०९)। यसरी उनीहरूले कति खोज्दा पनि पत्ता लगाउन सकेनन्। यस अवस्थामा उनीहरू कमजोर भएका छन् भने डाक्टर गोदत्तप्रसाद शक्तिशाली भएको देखिन्छ।

शिवनारांका दाजुभाइले रञ्जनादेवीको सहयोगमा बहिनी नानीथकुंलाई भेटेका छन्। त्यसपछि उनीहरू बहिनी भएको ठाउँमा गई डाक्टरलाई लछारपछार पार्दै उसको घाँटी निमोठ्न पुगेको देखिन्छ। डरले काँप्तै हात जोडेर डाक्टर गोदत्तप्रसादले भने- "माफ गर्नुहोला, तपाईंहरूको बाको मैले धेरै सेवा गरिसकेको छु (पृ. २१३)।" यसरी डाक्टर गोदत्तप्रसादले आफूले गल्ती गरेकोमा माफी मागेको छ। त्यसपछि उनीहरूले बहिनीलाई डाक्टरबाट खोसेर घर लगी अर्कै केटासँग विवाह गरिदिएका छन्। यस अवस्थामा शिवनारांका दाजुभाइ शक्तिशाली भएका छन् भने डाक्टर गोदत्तप्रसाद कमजोर भएको देखिन्छ। सुरुमा डाक्टर गोदत्तप्रसाद शक्तिशाली थियो भने अहिले शिवनारांका दाजुभाइ शक्तिशाली भएका छन्।

## ४.५ निष्कर्ष

हृदयचन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा प्रयुक्त पात्रहरूको शक्तिसम्बन्धको अध्ययन गर्दा पितृसत्तात्मक सामाजिक संरचनाका कारण परिवारको शक्ति केन्द्रको रूपमा पुरुषको वर्चस्व रहेको देखिन्छ। उपन्यासमा पति, दाजु र छोरो शक्तिको केन्द्रमा रहेका छन् भने पत्नी, बहिनी र आमा शक्तिको परिधिमा देखिन्छन्। पुरुष शक्तिको केन्द्रमा रहेका र त्यसकै आडमा महिलामाथि दमन गरेको अवस्था उपन्यासमा देख्न सकिन्छ। *स्वास्नीमान्छे* उपन्यासमा प्रमोद र मोहनबहादुरले मोतीमायामाथि, मैयाँनानीको लोग्ने र जोगीको भेस धारण गर्ने पुरुषहरूले उसमाथि, नानीप्राणको बाबुले ऊ र उसकी आमामाथि, गुण्डाहरूले मिस्रीको कोठीमा काम गर्ने यौनकर्मीमाथि गरेको व्यवहार, त्यस्तै *एक चिहान* उपन्यासमा डाक्टर गोदत्तप्रसादले पत्नी रञ्जनादेवी र प्रेमिका नानीथकुंमाथि गरेको शक्तिप्रदर्शन त्यसकै उदाहरण मान्न सकिन्छ। यस परिवेशमा पुरुष शक्तिशाली र महिला कमजोर देखिएका छन्।

आर्थिक शक्ति र निर्णय प्रक्रियामा पुरुषको वर्चस्व हुने सामाजिक संरचनाका कारण पुरुषले महिलामाथि दमन गरेको देखिन्छ। तर सबै ठाउँमा यही नियम लागु नभएको पनि देख्न सकिन्छ। आर्थिक आधार मात्र शक्तिको स्रोत नभएर उत्पीडित वर्गले आफूमाथि भएको अन्यायका विरुद्ध आवाज उठाउँदा नि शक्तिको निर्माण हुन्छ भन्ने फुकोको मान्यतानुसार यी

उपन्यासमा पनि उत्पीडित वर्गले आफूमाथि भएको अन्यायका विरुद्ध प्रतिकार गरेर शक्तिको केन्द्रमा पुगेका छन् । *स्वास्नीमान्छे* उपन्यासमा मैयाँनानी, वासन्ती र अन्त्यतिर मोतीमाया त्यस्तै *एक चिहान* उपन्यासकी नानीथकुं त्यसकै उदाहरण हुन् । लैङ्गिक चेतनाका अभावमा महिलाले महिलामाथि नै शक्ति प्रदर्शन गरेको अवस्था पनि देख्न सकिन्छ ।

उपन्यासहरूमा पुरुष-पुरुषबीचमा पनि शक्तिका लागि सङंघर्ष भएको देख्न सकिन्छ । पितृसत्तात्मक सामाजिक संरचनाका आडमा नारीमाथि दमन गर्ने पुरुषहरू र नारी अस्तित्त्व र समानतालाई आत्मसात् गर्ने पुरुषहरूबीच पनि द्वन्द्व भएको देखिन्छ । *स्वास्नीमान्छे* उपन्यासमा प्रमोद र विनोदबीच र *एक चिहान* उपन्यासमा शिवनारांका दाजुभाइ र सूरमान सुब्बा, उसको कारिन्दा रामबहादुर र डाक्टर गोदत्तप्रसाद बीचको सङ्घर्ष यसकै उदाहरण हुन् । यसरी उपन्यासमा शक्तिको केन्द्रमा कहिले पितृसत्ताको प्रतिनिधित्व गर्ने पुरुष र महिला त कहिले नारी अस्तित्वलाई स्वीकार गर्ने पुरुष र महिला देखिए पनि अन्तत : लैङ्गिकताको पक्षधरकै विजय भएको देखिन्छ । यसरी उपन्यासको मुख्य भूमिकामा उपस्थित सीमान्तीकृत नारीका पक्षमा अन्य सीमान्तीकृत पुरुष र महिला एकजुट भएर केन्द्रीय शक्ति संरचनाका विरुद्धमा गरिएको शक्तिको अभ्यासलाई प्रस्तुत गर्नु नै यी दुवै उपन्यासको महत्त्वपूर्ण पक्ष हो । उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका दृष्टिकोणले हेर्दा केन्द्रीय शक्ति मानिने पुरुषमा मात्र होइन, परिधिमा रहेका नारीमा पनि शक्ति परिर्वतन हुन्छ भन्ने तथ्यलाई यी दुवै उपन्यासले प्रस्तुत गरेका छन् ।

## पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ विषयप्रवेश

*हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको यस शोधकार्यको अघिल्ला परिच्छेदमा उल्लेख गरिएका कुराहरूको सारांश र निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ । शोधकार्यको सारांश खण्डमा प्रत्येक परिच्छेदको मुख्य विवेच्य विषयको चर्चा गरिएको छ भने निष्कर्ष खण्डमा शोधको मुख्य प्राप्तिहरूको चर्चा गरिएको छ ।

## ५.२ सारांश

*हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको शोधकार्यलाई जम्मा पाँच परिच्छेदमा विभाजित गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधि र यसअन्तर्गत सामग्री सङ्कलनविधि, सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा तथा शोधको रूपरेखा प्रस्तुत गरिएको छ ।

यस शोधकार्यको दोस्रो परिच्छेदमा *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचान* शीर्षक प्रस्तुत गरिएको छ। यसमा प्रतिनिधित्व, पहिचान र पितृसत्तासम्बन्धी सैद्धान्तिक स्वरूपको परिचय प्रस्तुत गरी त्यसकै आधारमा प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा उल्लेख भएका पुरुष र नारी पात्रको प्रतिनिधित्व र पहिचानको अध्ययन गरिएको छ। यसमा खासगरी नारी र पुरुषको पहिचान निर्माणमा सामाजिक विचारधारा, धर्म, संस्कृति, परम्परा र पितृसत्ताको प्रभावको अध्ययन गरिएको छ ।

यस शोधकार्यको तेस्रो परिच्छेदमा *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध* शीर्षक प्रस्तुत गरिएको छ । यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधसम्बन्धी सैद्धान्तिक स्वरूपको परिचय दिई प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासलाई लैङ्गिक उत्पीडन र प्रतिरोध चेतनाका आधारमा अध्ययन गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा नारी र पुरुषले भोग्नुपरेको मानसिक र शारीरिक पीडालाई प्रस्तुत गरिएको छ । यसक्रममा समलैङ्गिक उत्पीडन र विषमलैङ्गिक उत्पीडनको अवस्थाको पनि अध्ययन गरिएको छ । आर्थिक

शक्ति र सत्ताको आडमा पुरुषले नारीप्रति गर्ने शारीरिक र मानसिक उत्पीडन, नारीले पुरुषप्रति, नारीले नारीप्रति नै गर्ने मानसिक उत्पीडन र त्यसबाट उत्पन्न प्रतिरोध चेतनाको पनि अध्ययन गरिएको छ ।

यस शोधको चौथो परिच्छेदमा *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध* शीर्षक प्रस्तुत गरिएको छ । यसमा शक्तिसम्बन्ध र प्रभुत्वसम्बन्धी सैद्धान्तिक स्वरूपको परिचय प्रस्तुत गरी प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा अध्ययन गरिएको छ। यसमा फुकोको शक्तिसम्बन्धी मान्यताका आधारमा उपन्यासको शक्तिसम्बन्धको अवस्थाबारे चर्चा गरिएको छ । आर्थिक शक्ति, निर्णयप्रक्रिया र सामाजिक संरचनाका आडमा आफूलाई शक्ति केन्द्र ठान्ने र त्यसैका आधारमा नारीमाथि शासन गर्ने सामन्ती संस्कृतिको अध्ययन गरिएको छ । यसक्रममा आर्थिक आधारमात्र शक्तिको स्रोत होइन, उत्पीडित वर्गले आफूमाथि भएको अन्यायका विरुद्धमा प्रतिकार गर्दा पनि शक्तिको निर्माण हुन्छ । त्यसैले मूलधारमा रहेको शक्ति संरचनाका विरुद्ध परिधिमा रहेको वर्गले पनि शक्तिको अभ्यास गरेर केन्द्रीय शक्ति संरचनामा रूपान्तरित हुन सक्छ भन्ने कुराको पनि यसमा अध्ययन गरिएको छ ।

शोधको पाँचौं परिच्छेदमा अध्ययनगत सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

*हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिकता* शीर्षकको यस शोधप्रबन्धमा प्रस्तुत गरिएका प्राज्ञिक जिज्ञासामूलक शोध्य प्रश्नहरूको समाधान पाश्चात्य समालोचनामा प्रचलित सांस्कृतिक अध्ययन पद्धतिलाई आधार मानेर गरिएको छ । लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययन पद्धतिकै एक पाटोको रूपमा विकसित सैद्धान्तिक मान्यता भएकाले सांस्कृतिक अध्ययनमा प्रचलित प्रतिनिधित्व, पहिचान, प्रतिरोध, शक्तिसम्बन्ध तथा नारीवादमा प्रचलित पितृसत्ता र नारी उत्पीडनलाई यस अध्ययनको सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । लैङ्गिक अध्ययनले मिसेल फुकोको शक्ति, ग्राम्चीको प्रभुत्व र फ्रान्सेली दार्शनिक लुइस आल्थुसरको विचारहरूलाई पनि कृति विश्लेषणको निम्ति उपयोग गरेको देखिन्छ । यस शोधकार्यमा पनि तिनैलाई आधार मानी कृतिको विश्लेषण गरिएको छ । यसरी विभिन्न सैद्धान्तिक मान्यतालाई

आधार बनाई समस्याकथनमा प्रस्तुत तीनवटा समस्याको प्राज्ञिक समाधान खोज्दा प्राप्त भएका कुराहरूलाई निष्कर्षका रूपमा तल प्रस्तुत गरिएको छ :

१. हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक प्रतिनिधित्व र पहिचानको अवस्था केकस्तो रहेको छ भन्ने प्रश्न यस अध्ययनको पहिलो समस्याका रूपमा रहेको छ । दोस्रो परिच्छेदमा यस समस्याको समाधान पहिल्याइएको छ । शोधसमस्याको समाधानका रूपमा निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

(क) हृदयचन्द्रसिंह प्रधानद्वारा रचित *स्वास्नीमान्छे* र *एक चिहान* दुवै उपन्यासमा लैङ्गिक रूपमा उत्पीडित भई सीमान्तीकृत बन्न पुगेका नारी समुदायको प्रतिनिधित्व गराइएको छ। पितृसत्तात्मक सामन्ती संरचनाको आडमा पुरुषहरूले महिलामाथि दमन गर्दा नारीहरूको पहिचान कमजोर र पुरुषको पहिचान शक्तिशाली भएको देखिन्छ। परम्परागत मूलधारको लैङ्गिक संस्कृतिलाई नै महिलाले आपनाउनुपर्छ भन्ने सोच भएका पुरुषबाटै महिला उत्पीडित भई सीमान्तीकृत बन्न पुगेका छन्। *स्वास्नीमान्छे* उपन्यासका कमला, हीराज्यान, अञ्जनाकुमारी र मिस्रीजस्ता नारीपात्रहरू तत्कालीन विमर्शात्मक संरचनामा मूलधारको विचारधारालाई संवहन गरी नारीमाथिकै शोषण र दमनमा केन्द्रित हुँदा नारीको पहिचान शक्तिहीन र अधीनस्थ बन्न पुगेको लैङ्गिक सन्दर्भलाई पनि उपन्यासमा सशक्त रूपमा उठाइएको छ ।

(ख) प्रधानका *स्वास्नीमान्छे* र *एक चिहान* दुवै उपन्यासमा सम्पूर्ण नारी र पुरुष पात्रहरूले नारी र पुरुषसम्बन्धी एउटै मान्यताको प्रतिनिधित्व गरेका छैनन् । त्यसैले उनीहरूको पहिचान पनि भिन्न-भिन्न हुन पुगेको छ। अधीनस्थ समुदायको प्रतिनिधित्व गर्ने *स्वास्नीमान्छे* उपन्यासका सहायक नारी पात्रहरू मैयाँनानी, जुईनानी, लीला, वासन्ती अनि सहायक पुरुष पात्र विनोद र *एक चिहान* उपन्यासकी मुख्य नारी पात्र नानीथकुं तथा सहायक पुरुष पात्रहरू अष्टनारां, शिवनारां, पुननारां र हर्षनारांले पितृसत्तात्मक सामन्ती संरचनाको अनुसरण नगरेर त्यहाँ भएका अन्याय अत्याचारका विरुद्ध प्रतिकार गरेका छन् । त्यसमा उनीहरू सफल पनि भएका छन् । त्यसैले उनीहरूको पहिचान परम्पराभन्दा भिन्न र प्रतिरोधी किसिमको बन्न पुगेको छ ।

(ग) *स्वास्नीमान्छे* उपन्यासकी मुख्य नारी पात्र मोतीमाया *एक चिहान* उपन्यासकी सहायक नारी पात्र रञ्जनादेवीको उपस्थितिले प्रभुत्वशाली वर्गभित्र हुने लैङ्गिक उत्पीडनको प्रतिनिधित्व गरेको छ । रञ्जनादेवीको चरित्रले नारी पहिचान वा स्व-पहिचानको बोध गरे पनि त्यसका निम्ति विद्रोह गर्न सकेको देखिँदैन । शिक्षित तथा सचेत नारी समुदायको प्रतिनिधित्व गर्ने रञ्जनादेवीको उपन्यासमा कुनै रचनात्मक भूमिका नभएकाले उसको पहिचान पुरुषअधीनस्थ नारीका रूपमा भएको देखिन्छ । यसले नारीहरू निरीह, कमजोर र धैर्यवान् हुन्छन् भन्ने निष्कर्ष निस्केको छ ।

(घ) उपन्यासहरूले ग्रहण गरेको ऐतिहासिक कालखण्डको केन्द्रीय सत्ता सामन्ती ढाँचाको पुरुष केन्द्रित भएकाले समाजमा अनमेल विवाह, बहु विवाह तथा नारी शरीरको पण्यीकरण गर्ने संस्कृति मौलाएको, जसले गर्दा नारीको पहिचान लैङ्गिक दृष्टिले कमजोर बन्न पुगेको यथार्थतालाई दुवै उपन्यासमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक सामन्ती समाजका पुरुषहरूले सत्ता र शक्तिको आडमा नारीहरूको लैङ्गिक पहिचान कसरी विद्रूप बनाउँछन् भन्ने कुरालाई प्रधानले बडो सचेतताका साथ उजागर गरेका छन् । लैङ्गिक विभेदमा परेका महिला पात्रहरू पितृसत्तात्मक सामाजिक संरचना र सामन्ती अर्थव्यवस्थाको दोहारो मारमा परेकाले उनीहरूको पहिचान सङ्कटमा परेको लैङ्गिक यथार्थलाई पनि दुवै उपन्यासले प्रस्तुत गरेका छन् ।

(ङ) प्रधानका उपन्यासमा लैङ्गिक सीमान्तीयताको बोध गरेका नारी पात्रले मूलधारको पितृसत्तात्मक सामन्ती संस्कृतिप्रति असन्तुष्ट मात्र व्यक्त गरेका छैनन् कि त्यसका विरुद्धमा सङ्गठित भएर आवाज उठाएका छन् । उनीहरू नवीन संस्कृतिको निर्माण गर्न सफल पनि भएका छन् । यसले उनीहरूको पहिचान परम्पराभन्दा भिन्न र प्रतिरोधी किसिमको बन्न पुगेको छ । प्रधानका उपन्यासको मूल प्राप्ति पनि यहीँ नै हो । उपन्यासका नारी तथा पुरुष पात्रहरूलाई नियाल्दा *एक चिहान* उपन्यासका मुख्य नारी तथा पुरुष पात्र नानीथकुं र शिवनारां त्यसैगरी *स्वास्नीमान्छे* उपन्यासका सहायक नारी तथा पुरुष पात्रहरू मैयाँनानी, लीला, वासन्ती, जुईनानी र विनोदको पहिचान

निर्भीक, स्व-अस्तित्व बोध भएका, लैङ्गिकताका पक्षधर तथा विद्रोही रूपमा भएको, *स्वास्नीमान्छे* उपन्यासका प्रमोद, मोहनबहादुर, मैयाँनानीको श्रीमान्, अन्य गुण्डा पुरुषहरू र *एक चिहान* उपन्यासका डाक्टर गोदत्तप्रसाद, सूरमान सुब्बा र उसको कारिन्दा रामबहादुरको पहिचान नारी अस्तित्व र समानतालाई स्वीकार गर्न नसक्ने, नारी शरीरलाई पण्य वस्तुका रूपमा उपभोग गर्ने कामपिपासु व्यक्तिहरूका रूपमा भएको छ भने *स्वास्नीमान्छे* उपन्यासका कमला, मिस्री दिदी, नानीप्राणजस्ता सहायक नारी पात्रको पहिचान पितृसत्ताद्वारा शासित निरीह पात्रको रूपमा भएको छ ।

२. हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था केकस्तो देखिन्छ भन्ने प्रश्न प्रस्तुत अध्ययनको दोस्रो समस्याका रूपमा रहेको छ । यस समस्याको प्राज्ञिक समाधान शोधपत्रको तेस्रो परिच्छेदमा गरिएको छ । शोधसमस्याको समाधानका रूपमा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(क) हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा अधिकांश स्त्री तथा पुरुष पात्रहरू पितृसत्तात्मक सामाजिक संरचनाका कारण लैङ्गिक रूपमा उत्पीडनमा परेका देखिन्छन् । तिनै उत्पीडित हुन बाध्य भएका नारी तथा पुरुष पात्रहरूले नवीन पहिचान प्राप्तिका लागि मूलधारको सांस्कृतिक स्वरूपअन्तर्गतको उत्पीडनकारी शक्तिका विरुद्धमा सङ्गठित भएर वैचारिक तथा व्यावहारिक रूपमा प्रतिकार गरेका छन् । उनीहरूको प्रतिरोध उत्पीडनकारी पितृसत्तात्मक सामन्ती संस्कृतिका विरुद्धमा केन्द्रित छ । परम्परागत पुरुष केन्द्रित सामन्ती संस्कृतिप्रतिको प्रतिरोध सङ्गठित रूपमा भएकाले सीमान्तीकृत नारी तथा पुरुष पात्रहरूको लैङ्गिक प्रतिरोधले पूर्णता प्राप्त गरेको छ ।

(ख) नारीलाई वासनापूर्तिको साधन ठानेर निरीह जीवन जिउँन बाध्य पार्ने पितृसत्तात्मक सामाजिक संरचनाप्रति उपन्यासमा सचेत रूपमा प्रहार गरिएको छ । लैङ्गिक चेतनाको अभावमा *स्वास्नीमान्छे* उपन्यासमा कमला, हीराज्यान, मिस्री दिदीजस्ता नारीहरू तत्कालीन विमर्शात्मक संरचनामा मूलधारको विचारधारालाई नै संवहन गरी आफ्नै वर्गमाथिकै शोषण र दमनमा केन्द्रित भएका छन् । *स्वास्नीमान्छे* उपन्यासकी कमला र *एक चिहान* उपन्यासकी

लतमायाले उत्पीडनको बोधसम्म पनि गर्न सकेका छैनन् । प्रधानले आफ्ना उपन्यासमा तत्कालीन विमर्शात्मक संरचनामा लैङ्गिक रूपमा सीमान्तीकृत बन्न पुगेका नारी समुदायको प्रतिनिधित्व गराएर पितृसत्तात्मक सामाजिक संरचना र त्यसले निर्माण गरेको विभेदकारी आर्थिक तथा वर्गीय संस्कृतिका विरुद्ध प्रकट भएको प्रतिरोध चेतनालाई सशक्त रूपमा उजागर गरेका छन् ।

(ग) उपन्यासकार प्रधानले *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा विविध संस्कृति बोकेका नारी पात्रहरूलाई उपस्थित गराएर शासन र सत्ताको पहुँच भएकाहरूद्वारा नै नारीमाथि गरिने उत्पीडनलाई प्रस्तुत गरेका छन् । नारीहरूको आर्थिक हैसियतहीनता, लैङ्गिक चेतनाको अभावका कारणले नारीहरू उत्पीडनमा परेका तथ्य पनि प्रस्तुत भएका छन् । नारी समुदाय विस्तारै लैङ्गिक ढङ्गले सचेत हुँदै गएको देखिन्छ । समाज र राष्ट्रको सोच उक्त सचेतताप्रति संवेदनशील हुन सकेन भने त्यसले विध्वंसात्मक रूप लिन पनि सक्छ भन्ने विषयलाई पनि उपन्यासकारले सचेतताका साथ उठान गरेका छन् । उपन्यासमा समलैङ्गिक उत्पीडन र विषमलैङ्गिक उत्पीडनका घटनाहरू प्रशस्त घटेका छन् ।

(घ) दुवै उपन्यासको उत्तरार्धमा आफूमाथि भएका लैङ्गिक हिंसाका विरुद्ध नारीहरूले सशक्त रूपमा प्रतिरोध गरेको देखिन्छ । लैङ्गिक सीमान्त समुदायको प्रतिनिधित्व गर्ने *स्वास्नीमान्छे* उपन्यासका मैयाँनानी र वासन्ती अनि *एक चिहान* उपन्यासकी नानीथकुंमा प्रतिरोध चेतना उच्च भएकै कारण पितृसत्ताले निर्धारण गरेको सामाजिक बन्धनलाई तोडेर बाहिर निस्कन सफल भएका छन् । त्यसैले प्रतिरोध चेतनाका दृष्टिले दुवै उपन्यास शक्तिशाली देखिन्छन् ।

३. हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको अवस्था केकस्तो रहेको छ भन्ने प्रश्न प्रस्तुत अध्ययनको तेस्रो समस्याका रूपमा रहेको छ। चौथो पच्छिेदमा यस शोध्य समस्याको समाधान गरिएको छ । प्रस्तुत शोधसमस्याको समाधानको रूपमा निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(क) सामान्यत : नेपाली समाज पितृसत्तात्मक सामाजिक संरचनामा निर्माण भएको कारण परिवारको शक्ति केन्द्रको रूपमा पुरुषको प्रभुत्व रहेको देखिन्छ । यही नियम *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा पनि लागु भएको देखिन्छ । यी उपन्यासहरूमा पति, दाजु र छोरो शक्तिको केन्द्रमा देखिएका छन् । पुरुष (पति) शक्ति केन्द्रमा रहेको र त्यसकै बलमा नारीमाथि शोषण गरेको कुरा पनि उल्लेख गरिएको छ । *स्वास्नीमान्छे* उपन्यासमा पुरुष (पति) प्रमोदले महिला (पत्नी) मोतीमायामाथि, मैयाँनानीको पतिले उसमाथि, नानीप्राणको बाबुले ऊ र उसकी आमामाथि, मिस्रीको कोठीमा काम गर्ने यौनकर्मीमाथि गुण्डाहरूले गरेको व्यवहार, त्यस्तै *एक चिहान* उपन्यासमा पनि डाक्टर गोदत्तप्रसादले पत्नी रञ्जनादेवी र प्रेमिका नानीथकुंमाथि गरेको शक्तिप्रदर्शन त्यसकै उदाहरण मान्न सकिन्छ । यस परिवेशमा पुरुष शक्तिशाली र महिला कमजोर सावित भएका छन् ।

(ख) आर्थिक शक्ति र निर्णय प्रक्रियामा पुरुषको वर्चस्व हुने सामाजिक संरचनाका कारण पुरुषले महिलामाथि दमन गरेको देखिन्छ । तर सबै ठाउँमा यही नियम लागु भएको देखिँदैन । आर्थिक आधार मात्र शक्तिको स्रोत होइन, उत्पीडित वर्गले आफूमाथि भएको अन्यायका विरुद्ध आवाज उठाउदा पनि शक्तिको निर्माण हुन्छ भन्ने फुकोको मान्यतालाई आत्मसात् गरेकी *स्वास्नीमान्छे* उपन्यासकी पीडित मैयाँनानी पीडालाई सहेर चुप लागेकी छैन । त्यसका विरुद्ध प्रतिकार गरेर शक्तिको केन्द्रमा पुगेकी छ । त्यस्तै उसकी सहकर्मी वासन्ती पनि उत्पीडनका विरुद्धमा उत्रेकी छ भने *एक चिहान* उपन्यासकी नायिका नानीथकुं पनि उत्पीडनलाई प्रतिकार गरेर नै शक्तिको केन्द्रमा पुगेकी छे । उसलाई यस कार्यमा दाजुहरूले सहयोग गरेको देखिन्छ । *स्वास्नीमान्छे* उपन्यासकी मोतीमायालाई पनि मैयाँनानी र छोरो विनोदले साथ दिएर शक्ति केन्द्रमा पुऱ्याइएको छ । यसरी प्रधानका दुवै उपन्यासमा उत्पीडित नारीले आफूमाथि भएका अन्यायको प्रतिकार गरी आफ्नो वर्चस्व कायम गर्न सफल भएकाले नारीहरू शक्तिशाली भएका देखिन्छन् । लैङ्गिक चेतनाका अभावमा महिलाद्वारा महिला नै दमनमा परेको देख्न सकिन्छ । मोतीमाया र चम्पामाथि कमलाले गरेको दुर्व्यवहार त्यसकै उदाहरण हो ।

(ग) उपन्यासमा पुरुष-पुरुषबीच पनि शक्तिसम्बन्धका लागि सङ्घर्ष भएको देख्न सकिन्छ । पितृसत्ताका आडमा महिलामाथि दमन गर्ने पुरुषहरू र नारी अस्तित्व र समानतालाई आत्मसात् गर्ने पुरुषहरूबीच पनि सङ्घर्ष भएका छन् । *स्वास्नीमान्छे* उपन्यासमा प्रमोद र विनोदबीच र *एक चिहान* उपन्यासमा शिवनारांका दाजु-भाइ र सूरमान सुब्बा, डाक्टर गोदत्तप्रसाद, रामबहादुरबीच भएको द्वन्द्व त्यसकै उदाहरण हुन् । यसरी शक्तिको केन्द्रमा कहिले पितृसत्ताका प्रतिनिधि पुरुष र महिला त कहिले लैङ्गिकताका पक्षधर पुरुष र महिला देखिए पनि अन्तत : लैङ्गिकताका पक्षधरकै विजय भएको छ । यसरी उपन्यासको मुख्य भूमिकामा उपस्थित सीमान्तीकृत नारीका पक्षमा अन्य सीमान्तीकृत पुरुष र महिला एकजुट भएर केन्द्रीय शक्ति संरचनाका विरुद्धमा गरिएको शक्तिको अभ्यासलाई प्रस्तुत गर्नु नै दुवै उपन्यासको महत्त्वपूर्ण पक्ष हो । यी उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका दृष्टिकोणले हेर्दा केन्द्रीय शक्ति मानिने पुरुषमा मात्र होइन, परिधिमा रहेका नारी वर्गमा पनि शक्ति रहेको हुन्छ भन्ने तथ्यलाई *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासले प्रस्तुत गरेका छन् ।

समग्रमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासको अध्ययन गर्दा उनका *स्वास्नीमान्छे* र *एक चिहान* उपन्यासमा लैङ्गिक रूपमा किनारीकृत हुन बाध्य भएका नारी समुदायको प्रतिनिधित्व सशक्त रूपमा भएको देखिन्छ । उनका उपन्यासमा उत्पीडनकारी सामाजिक संरचना र सामन्ती अर्थव्यवस्थाका आडमा पुरुषले विभिन्न बहानामा महिलालाई अन्याय, अत्याचार तथा दमन गरी लैङ्गिक रूपमा सीमान्तकृत बनाएका छन् । पितृसत्तात्मक समाजका पुरुषबाट मात्र होइन, सोही मानसिकताका महिलाबाट नै पनि नारी लैङ्गिक हिंसामा परेका देखिन्छन् । ती सीमान्त समुदायका नारी नवीन पहिचान निर्माणका लागि प्रयासरत छन् । ती उपन्यासमा पितृसत्तात्मक सामन्ती संरचनाका आडमा सुरुमा पुरुषले महिलामाथि हिंसा गरी उनीहरूको प्रतिनिधित्व दमित तथा पीडितका रूपमा भई नारीको पहिचान विद्रूप बन्न पुगे पनि अन्तमा ती उपन्यासको मुख्य भूमिकामा उपस्थित सीमान्तीकृत नारीका पक्षमा अन्य सीमान्तीकृत पुरुष र महिला सङ्गठित भएर मूलधारको लैङ्गिक संस्कृतिका विरुद्ध प्रतिकार गरी नवीन संस्कृतिको निर्माण गर्न सफल भएकाले नारीको पहिचान शक्तिशाली बन्न पुगेको छ । यही नै दुवै उपन्यासको महत्त्वपूर्ण उपलब्धि हो ।

प्रधानले दुवै उपन्यासमा लैङ्गिक प्रतिनिधित्व, पहिचान, उत्पीडन, प्रतिरोध र शक्तिसम्बन्धको सन्दर्भलाई प्राथमिकता दिएर लैङ्गिक रूपमा किनारीकृत नारी समुदायको आवाजलाई महत्त्वका साथ प्रस्तुत गरी शक्तिशाली बनाएको देखिन्छ। यसरी पितृसत्तात्मक समाजका पुरुष र सोही मानसिकताका महिलाबाट नारीमाथि भएका लैङ्गिक हिंसा तथा विभेदहरूको चित्रण गर्दै ती समस्याको समाधानका लागि महिला तथा पुरुष मिलेर लैङ्गिक समतामूलक समाजको निर्माण गर्नुपर्छ भन्ने सचेत विचार प्रधानका उपन्यासमा सघन रूपमा प्रस्तुत भएको छ। हृदयचन्द्रसिंह प्रधान लैङ्गिक समस्यालाई औँल्याउने मात्र होइनन् कि त्यसको व्यावहारिक समाधानतर्फ पनि उन्मुख देखिन्छन् । उनका उपन्यासले नेपाली समाजको एउटा कालखण्डमा व्याप्त उत्पीडनकारी सामाजिक संरचना र संस्कृतिलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेका मात्र छैनन् , त्यसको व्यावहारिक समाधानको बाटो देखाउन पनि सक्षम छन् भन्ने कुरा यस अध्ययनबाट प्रस्ट भएको छ ।

# सन्दर्भसामग्री सूची


आचार्य, अमृतप्रसाद (२०६९). आख्यानकार हृदयचन्द्रसिंह प्रधान : लैङ्गिक समानताका प्रवक्ताका रूपमा. *सुकुना सौरभ,* (३/vol.-3), पृ. ३२-४० ।

आचार्य, बलराम (२०७४). *लैङ्गिक समाजसास्त्र* (दोस्रो संस्क.). काठमाडौं : नेशनल बुक सेन्टर ।

उपाध्याय, अचुतराज (२०७४). *त्रिदेवी उपन्यासको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

उप्रेती, कमला (२०६३). *स्वास्नीमान्छे उपन्यासको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). काठमाडौं : अक्षर क्रियसन्स ।

काफ्ले, भीष्म (२०६९). थैले खत्रीको इतिहास कथाको सांस्कृतिक अध्ययन. *प्राज्ञिक संसार,* ( वर्ष १, अङ्क ६), पृ. ९३-९८ ।

कार्की, कर्ण (२०७०). आइमाई साथी निबन्धको सांस्कृतिक अध्ययन. *प्राज्ञिक संसार,* (वर्ष १, अङ्क ८), पृ. ५४-६० ।

खत्री, कमलबहादुर (२०५८). *एक चिहान उपन्यासको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

कार्टर, एरिका (सन् २०००). “जेन्डर”. *कल्चरल एन्ड क्रिटिकल थियोरी* (सम्पा.माइकल प्याने.). मासाचुएटस : ब्ल्याकवेल पब्लिसर्स लिमिटेड ।

खनाल, राजेन्द्र (२०६९). लैङ्गिक चर्चामा तीन घुम्ती. *अन्वेषण,* (वर्ष १, अङ्क १), पृ. ७३-७८ ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी,* ( सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. ११-४६ ।

गुरागाईं, राधिका (२०७०). *प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

गुरुङ, सुशान्त (२०७०). भूमण्डलीकरण र सांस्कृतिक अध्ययन. *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. १०३-१२ ।

गौतम, गुरुप्रसाद (२०६८). *लैङ्गिक अध्ययन.* पुतलीसडक : पैरवी प्रकाशन ।

चैतन्य (२०७०). समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन. *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. १४२-६५ ।

ढकाल, रजनी (२०७०). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. ३२७-३३) ।

त्रिपाठी, सुधा (२०६८). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०१२). *नेपाली उपन्यासमा नारीवाद.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०७०). *नेपाली नारीवादी समालोचना.* काठमाण्डौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०६२). तीन घुम्ती उपन्यासलाई लैङ्गिक दृष्टिले नियाल्दा. *गरिमा,* (वर्ष ३०, अङ्क ७, पूर्णाङ्क ३५५), पृ. ३६५-७३ ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* काठमाडौँ : साझा प्रकाशन ।

पिपमिर, आलिसोन (सन् २००७). "रेप". *दि विमेन्स मुभमेन्ट टुडे : एन इन्साइक्लोपेडिया अफ थर्ड वेभ फेमिनिजम.* भोल्युम वान. सम्पा.लेसिल एल.हे वुड.न्यु दिल्ली. बैङ्गलोर. मुम्बई. हैदराबाद. गुहाटी. जयपुर : रावत पब्लिकेसन्स ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५५). *नेपाली बृहत् शब्दकोश* (चौथो संस्क.). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखेल, दीपककुमार (२०७१) *रुपमती उपन्यासको लैङ्गिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

पौडेल, तुलसीराम (२०५९). *लैङ्गिक अध्ययनको रूपरेखा* (दोस्रो संस्क.). काठमाडौँ : नीमा पुस्तक प्रकाशन ।

पौडेल, वन्दना (२०७५). *पारिजातका कथामा लैङ्गिकता.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५८). *साझा समालोचना* (पाँचौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०७३). *एक चिहान* (बाह्रौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०७४). *स्वास्नीमान्छे* (दसौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०४८). *प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्ति.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

बराल, ऋषिराज (२०६३). *उपन्यासको सौन्दर्यशास्त्र* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४). *साहित्य समाज.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

बार्कर, क्रिस एन्ड डारिउज गालासिन्स्की (सन् २००१). *कल्चरल स्टडिज एन्ड डिस्कोर्स एन एनालिसिस : ए डाइलग अन ल्याङ्ग्वेज एन्ड आइडेन्टिटि.* लन्डन. थाउजेन्ड ओक्स. न्यु दिल्ली : सेज पब्लिकेसन्स ।

बार्कर, क्रिस (सन् २००८). *कल्चरल स्टडिज थियोरी एन्ड प्राक्टिस* (तेस्रो संस्क.). लन्डन : सेज पब्लिकेसन्स ।

बिल्टन, टोनी, केभिन बोनेट, पिप जोनेस, डेभिड स्किनर, मिचेल स्टयानवर्थ र आन्ड्रिउ वेब्सटर (सन् १९९६). *इन्ट्रोडक्टरी सोसियोलोजी* (तेस्रो संस्क.). लन्डन र न्युयोर्क : पाल्ग्रेभ

भट्टराई, रमेशप्रसाद (२०६८). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त. *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ.३३४-४४ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* .काठमाडौँ : भँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, यादवप्रसाद (२०७२). *अलिखित उपन्यासको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

भद्रा, चन्द्रा (सम्पा.) (२०६७). *लैङ्गिक अध्ययन.* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

राई, इन्द्रबहादुर (२०५८). *नेपाली उपन्यासका आधारहरू* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९ ।

शर्मा, पौडेल, हीरामणि (२०६१). *समालोचनाको बाटोमा* (दोस्रो संस्क). ललितपुर : साझा प्रकाशन ।

शर्मा, बालकृष्ण (२०६९). पल्लो खण्डको छत कथाको सांस्कृतिक अध्ययन. *प्राज्ञिक संसार,* ( वर्ष १, अङ्क ६), पृ. २७-३५ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६८). *शोधविधि* (पाँचौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

शर्मा, शोभा (२०७३). *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारीवाद.* अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, वंशी (२०३०). स्वास्नीमान्छे : केही टिप्पणी. *विदेह,* (वर्ष २), पृ. ८९-९४ ।

सुवेदी, अभि (२०६८). सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।